# शिक्षा क्षेत्रको योजना २०८०–२०८९
# Education Sector Plan 2023-2032

## स्थानीय सरकार
## माथागढी गाउँपालिका
## २०२५

# माथागढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

झडेवा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## <u>मन्तव्य</u>

मानव विकासको लागि शिक्षा प्रणाली सिङ्गो सामाजिक प्रणालीको जग हो। व्यक्तिको सर्वाङ्गीण विकास गरी समाज रूपान्तरणमा शिक्षाको अहम् भूमिका हुन्छ । रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक एवम् जीवनोपयोगी शिक्षाको माध्यमबाट सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुर्याइएको हुन्छ । उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँ पालिकाको शैक्षिक उन्ययनको लागि गाउँ शिक्षा योजनाको आवश्यकता महशुस गरिएको हो । माथागढी गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति, आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषता सहितको प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम स्थल हो। गाउँ पालिकाको भूगोल, हावापानी, प्राकृतिक स्रोत र सम्पदा, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय पक्षको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र पूर्ण उपयोग गर्ने नीति गाउँ पालिकाले अवलम्बन गरेको छ । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक उन्नतिसँग जोडी सुन्दर, सभ्य र समृद्ध माथागढी निर्माणका लागि टेवा पुर्याउने उद्देश्यसहित दश वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको छ । स्थानीयस्तरका परम्परागत ज्ञान, सिप, पेशा, व्यवसाय र प्रविधिलाई संरक्षण र संवर्धन गर्न, स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति जागरूक हुन, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न र स्थानीय संस्कृति तथा कला कौशल प्रति सम्मान गर्दै शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाई सिकाइ अनुकुल वातावरण निर्माणसँगै विद्यार्थीलाई न्यूनतम सिकाइ उपलब्धी हासिल गराउने उद्देश्यका साथ यस पालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । योजनाको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित उद्देश्यहरू हासिल हुन सक्दछ । तसर्थ यो योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ । यसका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका क्रममा नवीनतम शैलीहरूको अवलम्बन, शैक्षिक सामाग्रीको प्रयोग, विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी सिकाइ सहजीकरण गर्नु पर्दछ । बालमैत्री सिकाइ वातावरण निर्माणको लागि स्थानीय स्रोत साधनको अधिकतम् परिचालन, आवश्यक वित्तिय व्यवस्थापन, विपद् उत्थानशील, भौतिक पुर्वाधारको व्यवस्थापन, सिकाइ अनुकुल वातावरण निर्माणसँगै मानव पूँजिको निर्माण गर्न यो योजना प्रभावकारी हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त रहेको छु।

निकट भविष्यमा समृद्ध माथागढी बनाउनको लागि कोसेढुङ्गाको रुपमा लिएको यो गाउँ शिक्षा योजना निर्माणको लागि गाउँ शिक्षा समितिको भूमिका र कार्यदलको सुझाव, विज्ञहरूसँगको परामर्श, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक दल, शिक्षक, कर्मचारी र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरूको सकारात्मक सहयोग प्रति गाउँपालिका तर्फबाट हार्दिक आभार सहित विशेष धन्यवाद ज्ञापन गर्दछु। धेरै मिहिनेत, छलफल तथा अन्तरक्रिया गोष्ठी साथै गाउँ शिक्षा योजना निर्माणका निर्धारित चरणहरू पूरा गरी यो दश वर्षे योजना निर्माण गरिएको हो। यो योजना निर्माणको लागि प्राविधिक सहयोग पुर्याउने ब्रिटिश काउन्सिल नेपाल प्रति विशेष धन्यवाद प्रकट गर्दछु । अन्त्यमा यो गाउँ शिक्षा योजनालाई माथागढी गाउँ पालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अर्थपूर्ण नतिजाको लागि शिक्षक, समुदाय लगायत सम्बद्ध सरोकारवाला पक्ष सबैको भूमिका रहने हुँदा निरन्तर सुधारका लागि सबै पक्षबाट रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

यम बहादुर चिदी

अध्यक्ष

माथागढी गाउँपालिका, झडेवा, पाल्या

# विषयसूची

**परिच्छेद १**......................................................................................
**परिचय**......................................................................................
१.१ पृष्ठभूमि......................................................................................
१.२ मुख्य समस्याहरुः......................................................................................
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः......................................................................................
१.४ अवसरहरुः......................................................................................
**परिच्छेद २**......................................................................................
**लक्ष्य निर्धारण**......................................................................................
२.१ दूरदृष्टि......................................................................................
२.२ लक्ष्य......................................................................................
२.३ उद्धेश्य......................................................................................
२.४ रणनीतिहरु......................................................................................
२.४ कार्यनीति......................................................................................
२.६ अपेक्षित उपलब्धि......................................................................................
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण......................................................................................
राष्ट्रिय......................................................................................
**परिच्छेद ३**......................................................................................
**विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु**......................................................................................
३.१ प्रारम्भिक बालविकास र शिक्षाः......................................................................................
३.२ आधारभूत शिक्षाः......................................................................................
३.३ माध्यमिक शिक्षा......................................................................................
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ......................................................................................
**परिच्छेद ४**......................................................................................
**अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु**......................................................................................
४.१ पाठ्यक्रम र मूल्याङ्कन......................................................................................
४.२ शिक्षक व्यवस्थापन र विकास......................................................................................
४.३ शैक्षिक समता र समावेशीकरण......................................................................................
४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम......................................................................................
४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा......................................................................................
४.६ विद्यालय भौतिक पूर्वाधार विकास......................................................................................
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि......................................................................................
**परिच्छेद ५**......................................................................................
**सुशासन तथा व्यवस्थापन**......................................................................................
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध......................................................................................
५.३ अनुगमन तथा मूल्याङ्कन......................................................................................

**परिच्छेद ६**..........................................................................................................................
**लगानी र स्रोत व्यवस्थापन**......................................................................................................
**परिच्छेद ७**..........................................................................................................................
**मुख्य उपलब्धि सूचकहरु**..........................................................................................................

**अनुसूचीहरु**

अनुसूची १ - शैक्षिक संस्थाहरुको नाम र ठेगाना

अनुसूची २ - विद्यार्थी सिकाइ उपलब्धि स्तर

अनुसूची ३ - तहगत शिक्षक दरबन्दी विवरण

अनुसूची ४ - विगत ५ वर्षको विद्यार्थी सङ्ख्याको तुलनात्मक विवरण

अनुसूची ५ - गाउँ शिक्षा समितिको नामावली

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । नेपालको संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । यस ध्येयलाई हासिल गर्ने विभिन्न माध्यमहरू मध्ये शिक्षालाई सबै नागरिकको मौलिक हकको रुपमा स्थापित गरिएको छ । यस अन्तर्गत शिक्षासम्बन्धी आधारभूत र विशिष्ट प्रकारका प्राथमिकताहरू समेत स्थापित गरिएका छन्। नेपालको संविधानले निर्दिष्ट गरेको लोककल्याणकारी राज्यको आकाङ्क्षा, विकास, समृद्धि र सामाजिक न्यायमा आधारित समावेशी र सन्तुलित विकासको पूर्ण प्राप्ति र संवैधानिक हक तथा प्राथमिकताहरूलाई मुर्त रूप दिन तीनै तहका सरकारहरूको समप्रतिबद्धता र विभिन्न कानुनी आधारहरूको निर्माण र सो अनुसारका दीर्घकालीन, मध्यकालीन, आवधिक र वार्षिक, आदि योजनाहरूको विकास र सफल कार्यान्वयन आवश्यक छ ।

युनेस्कोद्वारा सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्चको बैठकद्वारा जारी घोषणापत्रमा शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचामा नेपालले दृढ प्रतिबद्धता जनाएको छ । उक्त प्रतिबद्धतामा संयुक्त राष्ट्र संघद्वारा सन् २०३० सम्ममा हासिल गर्नेगरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमध्ये चौथो लक्ष्यमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) र यससँग सम्बन्धित सात ओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ, भने लक्ष्यहरू प्राप्तिका लागि थप तीन ओटा माध्यम वा तरिकाहरू उल्लेख गरिएको छ । यिनै पृष्ठभूमिहरूलाई दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण, विक्रम सम्वत् २१०० सम्ममा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच वि.स. २०८३ (सन्२०२६) मा नेपाललाई अतिकम विकसित बाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.स. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुर्याउने लक्ष्य सहितको पन्ध्रौं पञ्चबर्षीय योजनको सफल कार्यान्वयन गरी सकेको छ, भने वर्तमान सोहौं पञ्चबर्षीय योजना २०८१/८२–२०८५/८६ ले शिक्षा र शिक्षासँग सम्वन्धित क्षेत्रहरुलाई समेटेर शिक्षा क्षेत्रको विकासका लागि अझ बढी ठोस नीतिगत र कार्यक्रमगत प्राथमिकताहरू निर्धारण गरी कार्यान्वयनमा रहेको छ ।

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेसंगै आधारभूत तहसम्मको शिक्षामा सबैको पहुँच साथै अनिवार्य र निशुल्क शिक्षा पाउने ग्यारेन्टी गरेको छ, भने माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । त्यसैगरी जनसाङ्खिकीय दृष्टिले मुलुकभित्रका विभिन्न लक्षित वर्गहरू अपाङ्गता भएका, सामाजिक आर्थिक रूपले विपन्न, भौगोलिक रूपमा विकटता र अन्य विशेष समुदाय र क्षेत्रका नागरिकहरुलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने आफ्नो मातृभाषामा शिक्षा पाउने हकको प्रत्याभूत गरेको छ । यसका अतिरिक्त शिक्षालाई वैज्ञानिक, प्राविधिक, सिपमूलक तथा रोजगारमूलक बनाउन शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्ने जसमा निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी शिक्षालाई सेवामूलक बनाउने नीति समेत

अवलम्बन गरेको छ ।  राज्यको मूल कानूनको उल्लिखित प्राथमिकताहरूलाई मूर्त रूप दिन नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा ल्याएको छ । यसैसँग अन्तरसम्बन्धित बालबालिका सम्बन्धी ऐन २०७५ को कार्यान्वयनले शिक्षा लगायत बालबालिकाका सबै हकहरूलाई प्रत्याभूत गरेको छ । यसका अतिरिक्त नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई तीनै तहका सरकारलाई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।यी समग्र सन्दर्भहरूलाई समेट्दै संघीय सरकार र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत आ.व. २०८०/८१ देखि १० बर्षे विद्यालय शिक्षा क्षेत्रको  योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ । संबैधानिक प्रावधानहरू र तीनअन्तर्गत जारी भएका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य विभिन्न कानुनी प्रावधानहरूले मुलुकको शिक्षाको विकास, व्यवस्थापन र सञ्चालनमा तीनवटै सरकारको एकल र साझा अधिकारहरू तोकेको अवस्था छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची समावेश गरिएको र माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तह अन्तर्गत रहेको छ। यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षासम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने अधिकार स्थानीय तहलाई तोकेको छ ।

उल्लिखित संबैधानिक प्रावधान र सो अन्तर्गत तोकिएका एकल र साझा अधिकार, कर्तव्य र दायित्वहरूलाई प्रभावकारी रूपमा सम्पादन गर्न लुम्बिनी प्रदेश पाल्पा जिल्ला स्थित यस माथागढी गाउँपालिकाकाको समग्र शैक्षिकस्तरको अभिवद्धि र विकासका लागि १० वर्षे शिक्षा क्षेत्रको योजना तर्जुमा गरिएको छ । यस योजनाको कार्यान्वयनबाट उपलब्ध सबै प्रकारका स्रोत साधन र जनशक्तिलाई अधिकतम सदुपयोग गरी सोको समानुपातिक र न्यायोचित वितरणमा आधारित क्रियाकलापको निर्माण र कार्यान्वयनबाट यस पालिकामा सञ्चालित सबै प्रकार र तहका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

यस पालिकाको समग्र शैक्षिक विकास र उन्नयनका लागि शिक्षासम्बन्धी राष्ट्रिय स्तरका विभिन्न नीति र तिनका सन्दर्भमा आधारित भई विकास र कार्यान्वयनमा रहेका योजनाहरुका दूरदृष्टि, लक्ष्य, उदेश्य, रणनिति र कार्यक्रमहरूसँग यस योजनालाई लम्बिय र क्षितिजीयरूपमा अन्तरसम्बन्ध स्थापित गरिएकोले पालिकाको संबैधानिक दायित्त्व, प्रावधानहरु र आवश्यकताहरूलाई सापेक्ष रूपमा पुरा गर्न यस पालिका तहको शिक्षा क्षेत्रको योजना महत्त्वपूर्ण साधन हुनेछ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई यस पालिकाको शिक्षा विकासमा सान्दर्भिकरण गरी पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि यस योजनाको कार्यान्वयनले योगदान पुर्याउने छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि विगतको कोभिड र बेलाबखत आइपरेका विभिन्न प्राकृतिक विपत र महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहीनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपतविपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्वोधन गर्न यो योजना साधन र साध्यको रूपमा कार्यान्वयनमा रहने छ ।

पालिका तहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा क्षेत्रको विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन सहित तयार गरेको छ ।

यस योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

### १.२.१ ऐतिहासिक पृष्ठभूमि (Historical Background) र वर्तमान अवस्था

#### (क) परिचय

संघीयताको कार्यान्वयनसंगै नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू संविधान कार्यान्वयनमा क्रियाशील छन् । यसै अनुसार यस माथागढ़ी गाउँपालिकाकाको स्थापना वि.सं. २०७३ सालमा भएको हो । यस गाउँपालिकाको नामाकरण पाल्पा जिल्लाको दक्षिण- पूर्वी पहाडी टापुमा रहेको गढ़ीको नामबाट रहेको हो र यो साविकको गोठादी गा.वि.स.को दक्षिणमा पर्ने समुद्री सतहदेखि करिव ५,००० फिट उचाईमा अवस्थित माथागढीको नामले प्रख्यात रहेको छ। यो पालिकाले लुम्विनी प्रदेश को १२ जिल्लाहरुमध्ये पहाडी जिल्ला पाल्पाको साविकका चिदीपानी, कसेनी, रूप्से, झडेवा, गोठादी, रहबास र बहादुरपुर गरी ७ ओटा गा.वि.स.हरुको भौगोलिक क्षेत्रलाई ओगटेको छ र साविकको झडेवा गाविसको कार्यालय यसको केन्द्र रहेको छ । भूगोलको हिसाबले पाल्पा जिल्लाको ठुलो तर अलिक बिकट क्षेत्रहरु भएको र भिरालो धरातलीय अवस्था रहेको गाउँपालिका हो । यसको ठुलो भाग ग्रामिण र वन जङ्गल लगायत क्षेत्रहरुले ओगटेका छन्। यस पालिकाको क्षेत्रफल २१५.४९ वर्ग किलोमिटर (८३.२० वर्ग माइल) रहेको छ, जुन पाल्पा जिल्लाको कुल भूभागको १५.६९ प्रतिशत भूभाग हो। पालिकाको उत्तरी भागमा हिमाली हावाको प्रभावका कारण जाडो हुने र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । समशीतोष्ण हावापानी पाइने यस गाउँपालिकामा अधिकतम तापक्रम ४५.२० डिग्री सेल्सियस र न्यूनतम तापक्रम २.४० डिग्री सेल्सियससम्म पुगेको देखिन्छ भने, औसत वर्षा १४३६.५ मि.मि. सम्म भएको पाइएको छ । यस क्षेत्रमा असोजदेखि चैत्रसम्म जाडो हुने बैशाखदेखि भाद्रसम्म गर्मी हुन्छ। बसोवासका हिसाबले उत्तम रहेको छ।राजनीतिक तथा प्रशासनिक दृष्टिकोणले ८ वडामा विभाजन गरिएको यस गाउँपालिकाको उत्तरमा पूर्वखोला गाउँपालिका, रम्भा गाउँपालिका र बगनासकाली गाउँपालिका, दक्षिणमा देवदह नगरपालिका, सुनवल नगरपालिका र विनय त्रिवेणी गाउँपालिका, पश्चिममा तिनाउ गाउँपालिका, तानसेन नगरपालिका र देवदह नगरपालिका, पूर्वमा पूर्वखोला गाउँपालिका र निस्दी गाउँपालिकाका अवस्थित छन् । पछिल्लो राष्ट्रिय जनगणना २०७८ को रिपोर्ट अनुसार यस पालिकाको ८ वटा वडामा जम्मा १०३ वटा टोल/गाउँ छन् । यस पालिकाले सर्वसाधारण जनतालाई दिने सबै सुविधाहरू ८ वटै वडाको आफ्नै भवनबाट प्रदान गर्दै आएको छ । पाल्पा जिल्लाको समग्र नक्सामा यस पालिकाको राजनैतिक विभाजन सहितको भौगोलिक अवस्था तल प्रस्तुत नक्सा अनुसार रहेको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

यस पालिकाको भुबनोट, विविधतायुक्त प्रकृति, समाजहरूको बनोट, सभ्यता, संस्कृति, भाषा, प्राकृतिक स्रोत/साधन र तिनको उपलब्धता, परिचालन र उपयोग, पालिका भित्रको समग्र क्षेत्रको विकास र क्रियाशील जनशक्ति, संघीय र प्रदेश सरकारका साथै छिमेकी पालिकाहरूसँगको भौगोलिक, सामजिक आर्थिक विकास र राजनीतिक सम्बन्ध, सहकार्य, राजनैतिक अठोट र इच्छाशक्ति आदि यस पालिकाको समग्र शैक्षिक विकास र सुशासनका अवसर र आधार स्तम्भ रहेका छन् ।

## (ख) पर्यटकीय एवम् धार्मिक विशेषता र महत्त्व

पाल्पा जिल्लाको सदरमुकाम तानसेन पर्यटकीय महत्त्वको कारणले गर्दा तानसेन नगरपालिका नमूना सहरको रुपमा मानिएझैं यसै नगरपालिकासँग जोडिएको माथागढ़ी गाउँपालिकामा आफ्नै भाषा र संस्कृतिले धनी मगर जातिको बाहुल्यता रहेको र अन्य प्राकृतिक सौन्दर्यले समेत ग्रामीण पर्यटनको अति सम्भावना देखिन्छ। यहाँको प्रसिद्ध माथागढ़ीबाट चारैतिरको रमणीय दृश्यहरू साथै दक्षिणतिर तराइको समथल भूभाग टाढाटाढा सम्म देख्न सकिन्छ । यस गाउँपालिकामा लखन थापा पार्क, कुडुले घर, महल पोखरी, ओलेसमा र धैरेनीमा सामुदायिक होमस्टे, मौलाथर मन्दिर लगायत अन्यको निर्माण तथा मर्मत सम्भार गरी धार्मिक, पर्यटकीय र संस्कृतिक क्षेत्रको निर्माण, संरक्षण र विकास हुँदै आएका छन् । पाल्पा जिल्लाको सबैभन्दा अग्लो डाँडाको रुपमा रहेको यस पालिकाको कौडेलेक पर्यटकीय स्थलको रुपमा विकास भएको छ । जहाँबाट हिमाल, पहाड र तराई तीनै तहको भूभाग दृश्यावलोकन गर्न सकिन्छ ।

ऐतिहासिक रुपमा सेनकालीन पाल्पाका शासकहरूले मुख्य रूपमा हिन्दु धर्मलाई प्राथमिकता दिएको कुरा तत्कालीन समयमा निर्माण गरिएका देवालय र स्थापना गरिएका देवदेवीका मूर्तिबाट स्पष्ट हुन्छ । त्यसताका राज्यले हिन्दु धर्म अनुसारको रीतिरिवाज वेशभूषा, परम्परा र चाडपर्व मनाउनका लागि सजिलो होस् भन्ने हेतुले सो धर्म अनुसारको कर्मकाण्ड विधि तयार गर्नुले पनि सेनवंशी शासकहरूले

समाजलाई हिन्दुकरण गर्ने कार्यलाई प्राथमिकता दिएको देखिन्छ । तत्कालीन सेनकालीन पाल्पामा विविध जातिको बसोबास भएको र तिनीहरूका आआफ्नै किसिमका संस्कृति भएको भएता पनि राज्यको तर्फबाट हिन्दु देवीदेवताका देवालयहरू निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिइएकोले हिन्दु संस्कृतिलाई नै बढी महत्त्व दिइएको थियो भन्ने कुरा थाहा हुन्छ ।यसै परिप्रेक्ष्यमा वर्तमानको समग्र पाल्पा जिल्ला भित्रको यस पालिकाको ८ वटै वडामा धर्मको हिसाबले जनसङ्ख्याको बसोबास अनुसार मन्दिर, गुम्बा लगायत चर्चहरू रहेका छन् । तलको तालिका १.१. को बिश्लेषण अनुसार पालिकाको कुल जनसङ्ख्यामा लगभग ९२.०% मानिसहरू हिन्दु, ४.९% बौद्ध, १.७% क्रिश्चियन, १.५% प्रकृति र ०.१% मानिसहरू मुस्लिम धर्मावली रहेका छन् ।

तालिकाः१.१ पालिकामा बसोबास गर्ने कुल जनसङ्ख्यामा  धर्मालम्वी

| धर्म | धर्म अनुसारका जनसङ्ख्या | | | जम्मा जनसङ्ख्यामा धर्मगत प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | २४०५३ | ११११८४ | १२८६९ | |
| हिन्दू | २२०८० | १०२६० | ११८२० | ९१.८ |
| बौद्ध | ११८९ | ५४९ | ६४० | ४.९ |
| इस्लाम | २१ | १० | ११ | ०.१ |
| क्रिश्चियन | ४०७ | १९४ | २१३ | १.७ |
| प्रकृति | ३५६ | १७१ | १८५ | १.५ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)**

## ग) प्रमुख जातजाती र सामाजिक विशेषता

तालिकाः१.२ प्रमुख जातजातिगत जनसङ्ख्या र तिनको प्रतिशत

| जातजाती | लिङ्गगत जातजाती जनसङ्ख्या | | | जम्मा जनसङ्ख्यामा जातिगत प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरूष | महिला | | | |
| जम्मा जातजाती | २४०५३ | १११८४ | १२८६९ | जम्मा | पुरूष | महिला |
| विश्वकर्मा | १६०६ | ७२० | ८८६ | ६.७ | ६.४ | ६.९ |
| पहाडी ब्राम्हण | १२६९ | ६०८ | ६६१ | ५.३ | ५.४ | ५.१ |
| भुजेल/घर्ति | १०० | ४६ | ५४ | ०.४ | ०.४ | ०.४ |
| गुरुङ | १७ | ५ | १२ | ०.१ | ० | ०.१ |
| खत्वे | १८ | ६ | १२ | ०.१ | ०.१ | ०.१ |
| क्षेत्री | ६१३ | २७७ | ३३६ | २.५ | २.५ | २.६ |
| कुमाल | ७९४ | ३७० | ४२४ | ३.३ | ३.३ | ३.३ |
| मगर | १८४५३ | ८६१३ | ९८४० | ७६.७ | ७७ | ७६.५ |
| मिजार | ४७४ | २१५ | २५९ | २ | १.९ | २ |
| मुसलमान | २१ | १० | ११ | ०.१ | ०.१ | ०.१ |
| नेवार | १७७ | ८७ | ९० | ०.७ | ०.८ | ०.७ |
| परियार | ३२३ | १३२ | १९१ | १.३ | १.२ | १.५ |
| सन्यासी/दशनामी | २७ | १२ | १५ | ०.१ | ०.१ | ०.१ |
| सुनार | ४६ | २१ | २५ | ०.२ | ०.२ | ०.२ |
| ठाकुर | १४ | ७ | ७ | ०.१ | ०.१ | ०.१ |
| थारु | २६ | १२ | १४ | ०.१ | ०.१ | ०.१ |
| विदेशी | २१ | १५ | ६ | ०.१ | ०.१ | ० |
| अन्य | ५४ | २८ | २६ | ०.२ | ०.३ | ०.२ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)**

मध्यकालमा गण्डकी प्रदेशमा स्थापित चौबिसे राज्यमध्ये पाल्पा पनि एक थियो । यो राज्यमा बिक्रम सम्वत् १५५० देखि १८६१ सम्म सेन वंशका शासकहरुले शासन गरेको हुनाले सो समयको पाल्पा क्षेत्रलाई सेनकालीन पाल्पा भनिन्छ । तत्कालीन पाल्पा राज्यको पहाडी इलाकामा मगर, खस-आर्य, बोटे, कुमाल र मुस्लिम तथा तराई इलाकामा वैदिक-आर्य र थारू जातिका मानिसहरूको बसोबास थियो । यसैले पाल्पा जिल्लाको यस माथागढ़ी गाउँपालिकामा पनि तत्कालीन पाल्पाको प्रभाव रहेको र यहाँ बसोबास गर्ने मानिसहरुको जातिगत हिसाबले विविधता देखिन्छ । माथिको तालिका १.२ अनुसार यस पालिकामा बसोबास गर्ने कुल जनसङ्ख्यामध्ये जातजातिको वितरण लगभग ७७% मगर जातिको छ भने दोस्रो ठुलो जनसङ्ख्या ६.७% बिश्वकर्मा जातिको रहेको छ । यसै गरी १०० भन्दा कम सङ्ख्या भएपनि तराई मूलका जातजातिहरुको बसोबास समेत रहेको छ । समग्रमा बृहत समूहगत जातजातीका हिसाबले हेर्दा लगभग ८१.०% जनजाति, ९.०% ब्राम्हण/क्षेत्री, लगभग १०.०% दलित र बाँकी अन्य समूहका जातजातीहरू रहेको यो पालिकामा मिश्रित जनसङ्ख्याको बसोबास रहेको देखिन्छ ।

### घ) परापूर्व भाषाको अवस्थाः

मध्यकालमा मर्स्याङ्दी देखि पश्चिम प्युठानसम्मको इलाकालाई बाह्र-मगरात भनिन्थ्यो भन्ने कुरा वि.सं. १८९३ को एक अभिलेखबाट थाहा हुन्छ (नेपाली, २०३५:१४४)। हेमिल्टनले मध्यकालमा पाल्पा क्षेत्रमा मगर मुखियाहरूद्वारा शासित बाह्रवटा थुम राज्य भएको र ती राज्यहरूलाई हराएर सेनवंशी शासकले आफ्नो राज्य स्थापना गरेको कुरा उल्लेख गरेका छन् । ऐतिहासिक सेनकालीन पाल्पाको भौगोलिक क्षेत्रभित्र आआफ्नै किसिमको पहिचान भएका अनेकौं जातिका मानिसहरूको बसोबास भएको कुरा माथि चर्चा गरिएबाट थाहा हुन्छ।ती जातिहरूको बसोबास अनुसार तिनले बोल्ने भाषाहरू पनि सोही अनुसार रहेको देखिन्छ।त्यसकारण सेनकालीन पाल्पाका बासिन्दाको बोलीचालीको भाषा मगर ढुट, खसकुरा, भोजपुरी, बोटे, कुमाल, थारु र उर्दु भएको पाइन्छ, तापनि पहाडमा मगर र खस-आर्य तथा तराईमा वैदिक-आर्य र थारु जातिको प्रभाव बढी पाइएकोले पहाडी इलाकामा मगर ढुट र खस कुरा तथा तराई इलाकामा भोजपुरी भाषाको प्रभाव बढी भएको कुरा तलका तालिकाहरु १.३ र १.४ मा दिइएको भाषागत र मातृभाषाको विवरणबाट स्पष्ट हुन्छ । यस पालिकाको कुल जनसङ्ख्यामा परापूर्व भाषागत जनसङ्ख्यालाई विश्लेषण गर्दा ७५.४% मगर ढुट भाषा, २३.०% नेपाली भाषा र १.६% जनसङ्ख्या मैथिली, भोजपुरी, थारू, नेवारी, हिन्दी, कुमाल, संस्कृत, उर्दु, जुम्ली र अन्य भाषाका रहेका छन् ।यसै गरी तलका तालिकाहरु १.२ र १.३ को तुलनात्मक अध्ययन गर्दा यो पालिका मगर ढुट मातृभाषाको बाहुल्यता (७२.८%) भएको देखिन्छ । त्यसैले यस पालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रममा मातृभाषा समावेश गरी पाठ्यपुस्तक समेत विकास भई अध्ययन अध्यापन हुँदै आएको छ ।अन्य मातृ भाषाको अवस्था हेर्दा २६.४% नेपाली मातृभाषा बोल्ने जनसङ्ख्या देखिन्छ। यस विश्लेषणले के इंगित गर्दछ भने तालिका १.३ मा उल्लिखित मगर ढुट भाषा र अन्य भाषाका मानिसहरुले नेपालीलाई मातृभाषाको रूपमा बोल्ने गरेको देखिन्छ । यस्तै तालिका १.४ को विवरण अनुसार तालिका १.३ मा उल्लिखित मैथिली, थारू, कुमाल, संस्कृत, उर्दु, जुम्ली जस्ता भाषाहरूको बोलीचालीमा प्रयोग नभएको अवस्थामा कालन्तारमा ती भाषाहरू लोप हुन् सक्ने हो की भन्ने देखिन्छ ।

तालिकाः१.३ भाषागत अवस्था र कुलजनसङ्ख्यामा तिनको प्रतिशत

| भाषा | भाषागत जनसङ्ख्या | | | जम्मा जनसङ्ख्यामा भाषागत प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| जम्मा जातजाती | २४०५३ | १११८४ | १२८६९ | |
| नेपाली | ५५४२ | २५३९ | ३००३ | २३.० |
| मैथिली | १० | ४ | ६ | ०.० |
| भोजपुरी | ३९ | २१ | १८ | ०.२ |
| थारू | १९ | ८ | ११ | ०.१ |
| नेवारी | १४५ | ७२ | ७३ | ०.६ |
| मगर ढुट | १८१३३ | ८४६४ | ९६६९ | ७५.४ |
| हिन्दी | १४ | ११ | ३ | ०.१ |
| कुमाल | २३ | १० | १३ | ०.१ |
| संस्कृत | ४० | २० | २० | ०.२ |
| उर्दु | १२ | ६ | ६ | ०.० |
| जुम्ली | १७ | ५ | १२ | ०.१ |
| अन्य | ५९ | २४ | ३५ | ०.२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

तालिकाः१.४ पालिकामा बोलिने मातृभाषागत अवस्था र कुलजनसङ्ख्यामा तिनको प्रतिशत

| मातृभाषा | मातृभाषागत जनसङ्ख्या | | | जम्मा जनसङ्ख्यामा मातृभाषागत प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| जम्मा जातजाती | २४०५३ | १११८४ | १२८६९ | |
| नेपाली | ६३४१ | २८८९ | ३४५२ | २६.४ |
| भोजपुरी मैथिली | २८ | १५ | १३ | ०.१ |
| नेवारी | ९० | ४४ | ४६ | ०.४ |
| मगर ढुट | १७५२१ | ८१९३ | ९३२८ | ७२.८ |
| हिन्दी | १० | ८ | २ | ०.० |
| हायू | १८ | ९ | ९ | ०.१ |
| अन्य | ४५ | २६ | १९ | ०.२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## ङ) सामाजिक संस्कृति तथा सांस्कृतिक, कला र चाडपर्व/जात्राहरूः

मानव समुदायका विविध संस्कृति बारे जानकारी दिने अनेकौं प्रतीकहरू हुन्छन् । ती प्रतीकहरूमध्ये भाषा, साहित्य, कला, धर्म, संस्कार र चाडपर्व मुख्य मानिन्छन् । तिनकै आधारमा हेर्दा यस माथागढ़ी गाउँपालिकालाई सांस्कृतिक उत्कृष्टताका रूपमा लिन सकिन्छ । अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको यहाँ दशैं, तिहार, तीज, हरितालिका, श्री कृष्णजन्माष्टमी, छठ पर्व, फागू पूर्णिमा, माघे संक्रान्ती, ईद,श्रीपञ्चमी, चण्डी पूर्णिमा आदि चाडबाडहरु अत्यन्त धार्मिक सहिष्णुताका साथ मनाईन्छन्।ऐतिहासिक सेनवंशी र मगराती पृष्ठभूमि बोकेको पाल्पा जिल्ला साथै माथागढ़ी गाउँपालिकाकालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ। प्राचीनकालमा प्रचलित मगर ढुट, खस भाषा/खस कुरा, भोजपुरी भाषा, संस्कृत भाषा आदि प्रमुख थिए । त्यसताका पाल्पाको पहाडी भेगमा बस्ने बासिन्दाहरूमध्ये खस जातिले भगवतीलाई र मगर जातिले चन्डीलाई तथा सेनवंशले भवानीलाई इष्ट देवी मान्ने भएकाले शैव र वैष्णव सम्प्रदायका मन्दिरहरूमा देवीका मूर्ति राख्ने परम्परा भएको पाइन्छ ।यसको उदाहरणका लागि पाल्पा भईरव मन्दिर, तानसेनको भगवती मन्दिर र रिडीको ऋषिकेश मन्दिरमा राखिएका देवीका मूर्तिलाई लिन सकिन्छ (बानियाँ, २०५३ः६)। यसै गरी यस पालिकामा रहेको सांस्कृती, कला र अन्य हिसाबले धेरै महत्त्व रहेको छ । जसमा काजी रणदल (जैसी) को कास्यपत्र (संवत १८९६) को अनुमान अनुसार तत्कालिक पाल्पा राज्यको सुरक्षाका लागि बनाईएका विभिन्न गढीहरूमध्ये माथागढ़ी एक महत्त्वपूर्ण गढीका रुपमा मुकुन्दसेन प्रथमको पालामा निर्माण भएको हो।यस गढ़ीको विशेषतामध्ये सम्वत् १९४१ को सबभन्दा पुरानो घण्टा र अन्य घण्टाहरू, मध्यकालीन

किल्लाको वास्तुकला, गढीको दक्षिण, उत्तर र पश्चिम तिरको भिर, पूर्व तिरको प्रवेशद्वार भन्दा ५० मिटरको दुरीमा रहेको करिब १५ फिट गहिराई र १६ फिटको चौडाईको ठुलो खाडल, गढीमा रहेको देवीको मन्दिर, मन्दिरमा चडाइएका तरवार, भाला, छुरीहरू जुन मध्यकालमा बनेका हतियारका स्वरुपमा छन् ।

### च) पेसा, व्यवसाय, उत्पादन र उद्योगधन्दा

### च.१) कृषि

यहाँका अधिकांस मानिसहरू कृषि पेसामा संलग्न छन् । माडी फाँट, झडेवा फाँट र मटेरी फाँट धान उत्पादनका लागि प्रख्यात छन्, भने बहादुरपुर, रहवास, हात्तीलुङ्ग र गोठादी लगायतका वडाहरुमा व्यावसायिक बाख्रापालनका लागि उपयुक्त रहेका छन् । वडा नम्बर ७ लाई पालिकाको सहयोगमा बाख्रापालनको पकेट क्षेत्रको रूपमा विकास गरिएको छ र वडा नम्बर ४ लाई खुर्सानी र तरकारी पकेट क्षेत्रको रुपमा विकास गरिएको छ । जनताको समाजिक आर्थिक स्तर अभिवृद्धीका लागि कृषिमा एक गाउँ एक उत्पादन कार्यक्रम लागुगरी बेमौसमी धनियाँ खेती, व्यवसायिक फूल खेती साथै कुरिलो, आलु, खुर्सानी र च्याउ पकेट क्षेत्रहरू सञ्चालनमा रहेका छन् । अति विपन्न वर्गको जीवनस्तर उकास्न उन्नत जातका बाख्रा, कुखुरा र बंगुर वितरण जस्ता सफल कार्यक्रमहरू सञ्चालनमा छन् । पालिकाले ठाउँ विशेष अनुसार अनुकुल हुने आर्थिक क्रियाकलापहरूलाई आधुनिकीकरण, व्यवसायिककरण साथै बजारीकरण गर्न कृषि (कृषि मेसिनरीहरुको वितरणः हाते ट्रयक्टर, मकै छोडाउने मेसिन, धान कुट्ने मेसिन, मोटर पम्प, घाँस काट्ने मेसिन, र कुटानी पिसानी मेसिन, आदि) र पशुपालनमा पकेट क्षेत्रहरू निर्माण गरी मनग्य लगानी गर्दै आएको छ । यी कार्यक्रमहरूमा कृषकको लागत कम र उत्पादनमा वृद्धी हुने गरेको छ । युवा कृषि सञ्जाल निर्माण र सोबाट युवा व्यवसायिक उद्यमशीलताको विकास साथै घरघरमा करेसाबारीको निर्माण र उपयोगबाट पारिवारिक स्वआर्जनको अवसर सृजना भएका छन् । पछिल्लो राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस पालिकाको सबै वडाहरु कृषिमा निर्भर रहेकाले ८ वटै वडामा अन्नबाली उब्जनी हुन्छन् । जसभित्र मुख्य उब्जनीका रूपमा ६ वडामा दलहन, ८ वटा वडामा तेलहन, ६ वडामा मसलाजन्य वस्तुहरु, ८ वडामा तरकारीको खेती र ३ वडामा माहुरी पालन हुने गरेको छ । यसै गरी प्रमुख गैर-कृषि उत्पादनमा ५ वटा वडामा खोलानाल जन्य उत्पादन, ३ वडामा खानीजन्य वस्तुहरुको उत्पादन हुन्छ । पालिकाबाट बाहिर निर्यात हुने मुख्य चिजहरूमा ५ वटा वडाबाट खोलानालाजन्य उत्पादनहरू, ३ वडाबाट खानीजन्यको निर्यात हुने गरेको छ ।

यसै गरी यस पालिकाका बहुसङ्ख्यक जनताहरू कृषि पेसामा संलग्न छन्, भन्ने कुरा तलको तालिका १.५ को विश्लेष्णले देखाउँछ । जसमा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार पाल्पा जिल्ला गाउँपालिका तहमा बसोबास गर्ने जम्मा जनसङ्ख्यामध्ये विभिन्न पेसा तथा व्यवसाय गर्ने गरेको देखिन्छ । ती मध्ये कृषि पेसामा ७७.६% मानिसहरू संलग्न छन्, त्यसभित्र ४९.०% मानिसहरु ६ महिना वा सो भन्दा बढी समय कृषि कार्यमा संलग्न हुँदै आएको देखिन्छ । कृषि पेसामा संलग्न जम्मा मानिसहरूमध्ये पुरुष ६९.९% को तुलनामा ८३.९% महिलाहरु (१४.०% बढी) कृषि पेसामा रहेको पाइन्छ । अन्य पेसा तथा व्यवसायको हकमा धेरै कम मानिसहरू संलग्न देखिन्छन (तालिका १.५) ।

तालिका १:५ पाल्पा जिल्लाको गाउँपालिकाहरुमा १० वर्ष र सो भन्दा माथिल्लो उमेर समुहका जनसङ्ख्यामध्ये वार्षिक समयावधिका आधारमा विभिन्न पेसा तथा व्यवसायमा सम्लग्न जनसङ्ख्याको प्रतिशत

| आर्थिक गतिविधिहरू | गाउँपालिकाका क्षेत्र जम्मा | गाउँपालिकाका क्षेत्र पुरुष | गाउँपालिकाका क्षेत्र महिला |
|---|---|---|---|

| | जम्मा| | ६ महिना र बढी | ३-५ महिना | १-२ महिना | जम्मा| | ६ महिना र बढी | ३-५ महिना | १-२ महिना | जम्मा| | ६ महिना र बढी | ३-५ महिना | १-२ महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १००.० | ६३.८ | २०.६ | १५.७ | १००.० | ६६.४ | १८.४ | १५.३ | १००.० | ६१.७ | २२.३ | १६.० |
| सुरक्षा बलहरू | ०.१ | ०.१ | ०.० | ०.० | ०.२ | ०.२ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| प्रबन्धकहरु | ३.१ | २.८ | ०.२ | ०.१ | ४.१ | ३.८ | ०.२ | ०.१ | २.२ | २.० | ०.२ | ०.१ |
| विशेसज्ञहरू | २.६ | २.४ | ०.१ | ०.० | २.९ | २.८ | ०.१ | ०.० | २.३ | २.२ | ०.१ | ०.० |
| प्राविधिकहरू र सहयोगी पेशेवरहरू | ०.८ | ०.७ | ०.० | ०.० | ०.९ | ०.८ | ०.० | ०.० | ०.७ | ०.६ | ०.० | ०.० |
| कार्यालय सहायकहरू | ०.६ | ०.५ | ०.० | ०.० | ०.७ | ०.६ | ०.० | ०.० | ०.५ | ०.४ | ०.० | ०.० |
| सेवा र बिक्री कामदारहरू | २.४ | २.० | ०.२ | ०.२ | २.९ | २.४ | ०.२ | ०.२ | २.० | १.६ | ०.२ | ०.२ |
| कृषि, वन र व्यवसायिक माछा पालन/कामदारहरू | ७७.६ | ४८.९ | १६.९ | ११.८ | ६९.९ | ४४.१ | १४.३ | ११.४ | ८३.९ | ५२.८ | १८.९ | १२.१ |
| शिल्पकला र व्यापार सम्बन्धि कामदारहरू | ३.२ | २.७ | ०.४ | ०.२ | ६.१ | ५.१ | ०.७ | ०.३ | ०.९ | ०.७ | ०.१ | ०.० |
| बनस्पति र मेशिन अपरेटरहरू र जडान गर्नेहरु | १.७ | १.६ | ०.१ | ०.० | ३.८ | ३.६ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.० | ०.० |
| प्राथमिक कामदारहरू | ७.८ | २.० | २.५ | ३.३ | ८.४ | २.९ | २.४ | ३.१ | ७.३ | १.२ | २.६ | ३.५ |
| आर्थिक गतिविधि नखुलेको | ०.२ | ०.० | ०.२ | ०.० | ०.२ | ०.० | ०.२ | ०.० | ०.२ | ०.० | ०.१ | ०.० |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## च.२) सिंचाइः सिचाई, प्रमुख बाली, बालीचक्र, बाली लगाउने समय सम्वन्धी विवरण

तालिका:१.६ सिंचाई सुविधा र तिनको प्रकार

| उपलब्ध सुविधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | ३५६५.२ |
| सतह सिंचाई | १०६६.४ |
| भूमिगत सिंचाई | २३ |
| कुल सिँचाइ क्षेत्र | १०८९.४ |
| सिँचाइ नभएको क्षेत्र वा वर्षामा निर्भर हुने क्षेत्र | २४७६.४ |

## छ) नदीनाला, तालतलैया, वनजंगल र प्राकृतिक स्रोतहरूः

पाल्पा जिल्लाको प्राकृतिक स्रोत र सम्पदा अन्तर्गत रिडीखोला, तिनाउखोला, निस्दीखोला, आरुणखोला, दोभानखोला, कुसुमखोला, वराङ्गदीखोला, कुरुङखोला, अगाँहाखोला, पूर्वखोला, झुम्साखोला जस्ता साना ठुला अत्यन्तै महत्त्वपूर्ण नदी तथा खोलानालाहरु छन् । यस्तै प्राचीनकालदेखि अति प्रख्यात सत्यवती ताल, सीता कुण्ड र प्रभासताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरु रहेका छन ।पाल्पा जिल्लामा मुख्य वनस्पतिमा साल, सिसौ, सिमल, जामुन, टुनी, चाप, हर्रो, वर्रो आदि वेसी तथा चुरे क्षेत्रमा पाइन्छ, भने काफल, चिलाउने, कटुस, सल्लो, लालीगुराँस आदि लेक तथा महाभारत श्रृङ्खलामा पाइन्छन् । जिल्लामा भएका विभिन्न नदीनाला, तालतलैया, वनजङ्गल र प्राकृतिक स्रोतहरूको विशेषता जस्तै यस पालिकाको प्राकृतिक स्रोत र सम्पदाका रुपमा वनजङ्गल, खोलानाला, ताल पोखरी, खानी तथा खनिजहरू हुन् । तिनाउखोला, अर्जुने खोला, बाहक खोला, अरुण खोला , अगाहा खोला, झुम्सा खोला साथै अन्य सानाठुला खोलानालाहरू छन् । हाल माथागढी गाउँपालिकाका गाउँकार्यपालिका रहेको स्थान बुढापाकाका अनुसार झडेवा प्राचीन मगरात क्षेत्र हो । मगरात क्षेत्रमा मगर जातिको ससाना राज्यहरु थिए । तिनीहरु साना भएकोले भुरे र पहाडका थुम्का टाकुरामा अवस्थित भएकोले टाकुरे अर्थात भुरेटाकुरे राज्यको रुपमा चिनिन्थे । ती भुरेटाकुरे राज्यहरु आपसमा लडिरहन्थे । यसो हुँदा झडेवा शब्दको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा मगर भाषाको नै आधार लिनुपर्ने हुन्छ । अर्कोतर्फ यो भाषिक आधार यस क्षेत्रमा प्रचलित किम्वदन्ती अनुसार फेचेबास भन्दा केही माथितिर खैरेकोटमा झेडी

मगरहरुको राज्य थियो । यहाँ राज्य रहेको स्थान नामहरु अहिले पनि जिवित नै छ । जस्तै दरवार, डाँडा, टुडीखेल, झेडी देवी आदि । परस्परमा लड्ने भुरेटाकुरे राज्यको चरित्र नै भएकोले झेडी मगरको राज्य माथि अर्को मगर राज्यको आक्रमण भयो । दुई यी राज्यको वीच धारागैरा नामक स्थानमा ठुलो लडाँई भयो । अन्त्यमा कतिपय झेडी त्यहाँ काटिए भने कतिपय त्यहाँ वाट हिडे अर्थात भागे । अहिले पनि झेडीहरुले हाम्रो पुर्खाको रगत बगेको ठाउँको पानी भनी धारागैराको पानी नखाने परम्परा छ । किम्वदन्तीमा उल्लिखित यो घटनाको आधारमा मगर भाषामा झडेवा शब्दको उत्पत्ति भएको देखिन्छ । अर्थात झडेवा शब्दलाई मगर भाषामा विग्रह गर्दा झेडी र ह्वा मिलि बनेको देखिन्छ । झेडी जातिवाचक नाम शव्दमा ह्वा प्रत्यय जोडिएर झेडीह्वा हुन गएको छ । जसको अर्थ झेडी हिडे वा झेडी भागे भन्ने हुन्छ । किंवदन्ती अनुसार भागेका झेडीहरु झडेवा फाटभन्दा उत्तर पूर्वको कोट न्युरीकोटतर्फ लागेका थिए भनिन्छ । वडा नम्बर १ को धैरेनीमा फलाम खानी, वडा नम्बर ३ सराईमा बालुवा भण्डारण, वडा नम्बर ४ मर्मरामा कोइला खानी, वडा नम्बर ५ धामिघा, वडा नम्बर ७ रहवास र वडा नं. ८ बहादुरपुरमा चुनढुङ्गा खानीहरू छन् । अरुणखोला लघु जलबिद्युत र नडेखोला लघु जलविद्युत् झुम्सा खोला दोस्रो र तेस्रो जलविद्युत् आयोजना यस पालिकाका गौरवपूर्ण चिनारी हुन् ।

## ज) प्राकृतिक विपत व्यवस्थापन तिनको सम्भावना र सामजिक सुरक्षा

पालिका भित्र घट्दै आएका र आगामी दिनमा घट्न सक्ने विभिन्न प्राकृतिक विपत एवम् दैवी प्रकोपहरूको व्यवस्थापन र न्यूनीकरणका लागि यस पालिकाले विपत व्यवस्थापन कोषको स्थापना गरी विपतमा परेका जनतालाई पुनस्थापना, आर्थिक सयोग, राहत वितरण, आदि कार्यहरू गर्दै आएको छ । विगत वर्षहरुको अनुभवमा भौगोलिक, प्राकृतिक र मानिसहरुको बसोबासको प्रकृतिका दृष्टिले यसपालिका भित्रको प्राकृतिक एवम् दैविक विपत्तिको जोखिमको अवस्थाको बारेमा तलको तालिका १.७ मा उल्लेख गरिएको छ । जसमा ६ वटा वडाहरुमा बाढी, ८ वटै वडामा पहिरो, २ वटा वडामा माटोको क्षयीकरण, ३ वडामा डुवान, २ वडामा चक्रवात, २ वटा वडामा मेघ गर्जन र चट्याङ, ३ वटा वडामा हुरीबतास र असिना, ३ वटा वडामा खडेरी तथा सुख्खा, ३ वटा वडामा बसोबास/बस्तीमा आगजनी र ६ वटा वडामा वनजङ्गलमा आगजनीको सम्भावना रहेका छन् ।

यस पालिकाभित्र सामाजिक, सुरक्षा, मनोञ्जन र अन्य सार्बजनिक सुविधाहरूको उपलब्धताको अवस्था विश्लेषण अनुसार (तालिका १.८) २ वडामा प्रहरी कार्यालय तथा सुरक्षा पोष्ट, ५ वटा वडामा सामुदायिक भवन/हल, सार्वजनिक पार्क, ४ वटा वडामा सार्वजनिक खेलमैदान, १ वडामा सार्वजनिक पार्कको उपलब्धताका साथै २ वटा वडामा सुरक्षा सहायता/प्रहरी पोष्ट उपलब्ध छ ।

तालिका १.७: प्राकृतिक विपद तथा मौसमी जोखिमहरूबाट प्रभावित वडाहरु

| विपत्त तथा मौसमी जोखिमहरूको प्रकार | प्रभावित वडा सङ्ख्या | बिपत्त तथा मौसमी जोखिमहरू | प्रभावित वडा सङ्ख्या |
|---|---|---|---|
| बाढी | ६ | तातो हावा बहने/लु को प्रभाव | ० |
| भू-स्खलन | ८ | चिसो हावा बहने/शितलहरको प्रभाव | ० |
| माटो क्षयीकरण | २ | सुक्खा/खडेरी | ३ |
| जलप्र लय | १ | बस्तीमा आगलागी | ३ |
| चक्रबात | २ | जंगलमा आगलागी | ६ |
| चट्याङ्मेग तथा मेघ गर्जन | २ | हिमनदी फुट्ने | ० |
| असिना वर्षा | ३ | हिमनदीको पतन/बहने | ० |
| भारी वर्षा | ० | कुनै जोखिम नभएको | ० |

| | | | |
|---|---|---|---|
| आंशिक वर्षा | ० | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

तालिका:१.८ सामाजिक, सुरक्षा, मनोरन्जन, धार्मिक र अन्य सामाजिक सुविधाहरूको उपलब्धता

| सामाजिक, सुरक्षा र सुविधाहरू प्रकार | सुविधा उपलब्ध वडा सङ्ख्या | सामाजिक, सुरक्षा र सुविधाहरू प्रकार | सुविधा उपलब्ध वडा सङ्ख्या |
|---|---|---|---|
| पुलिस कार्यालय/सुरक्षा पोष्ट | १ | खेल मैदान | ४ |
| बृद्ध आश्रम | ० | सार्वजनिक पार्क | १ |
| बालबालिका आश्रम | ० | तलाउ/पोखरी, वाटर ल्याण्ड | ३ |
| सामुदायिक भवन/हल | ५ | आफ्नै प्रशासनिक भवन | ८ |
| व्यवस्थित शवदाह | ० | मन्दिर/गुम्बा/चर्चच/बिहार/मस्जिद | ८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## झ) पूर्वाधार र विकास निर्माणः

संघीय शासन प्रणालीको प्रारम्भ पश्चात यस पालिकाको स्थानीय सरकारहरुले उपलब्ध स्रोत, साधन, जनशक्ती र क्षमताहरूलाई भरपूर उपयोग गरी स्थानीय जनचाहना अनुसार पूर्वाधारका क्षेत्रमा प्रशस्त प्रगती गरेको छ । गाउँपालिकाको प्रशासकीय भवन वडा नं. ४ झडेवामा निर्माणधीन अवस्थामा रहेको छ । आठ वटै वडाहरुको आफ्नै वडा भवन निर्माण भईसकेको छ। पालिकाको ८ वटा वडाहरुमध्ये वडा नम्बर ६ तुलनात्मक रुपमा दुर्गम र विकास निर्माणका दृष्टिले पनि पछि परेको र बसाईसराई बढ्दै गएको देखिएकोमा पछिल्लो समयमा वडा नं. ४ को खापुक र मर्मरामा बिजुली बत्तिको सुविधा पुर्याएपछि लगभग सबै वडामा बिजुली बत्तिको विस्तार भएको छ । अझै पनि कतिपय वडामा संचार लगायत अन्य सुविधा पर्याप्त हुन् सकेको छैनन् । वडा नम्बर ६ को भुटुके, वडा नं ३ कसेनीको कौडेलेक, फुलवारी, वडा नं ५ को धामिघा, माथा मन्दिर लगायतका अन्य क्षेत्र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । एक घर एक धारोको अवधारणा सवै वडामा कार्यान्वयनय हुँदै गएको छ । यस पालिकाको यातायातको क्षेत्रमा ३६.९३ कि.मि. पक्की सडक, ८० कि.मी.ग्रावेल सडक र ४२४.४८ कि.मी.कच्ची सडक निर्माण भएका छन् । पालिकाको सबै वडावासीको जनजीवनलाई सहज बनाउन कम्तीमा पनि कच्ची बाटो सबै वडाका टोलटोलमा पुगेको अवस्था छ । लगभग ९६% जनताको खेतखेतमा ट्र्याक्टरले जोत्न सक्ने बाटोघाटोको व्यवस्था भएको छ । यस्तै झडेवा रिङ्गरोड कालोपत्रे, बाँसटारी-रहवास-झडेवा कालोपत्रे, झडेवा-केरौली हुँदै गाउँपालिकाका जोड्ने सडक, जगात भुटुके, महल, पोखरा-सुनौली, महेशपुर, भन्सार जोड्ने सडक, १५ शैयाको अस्पताल र सवै वडामा स्वास्थ्य चौकी निर्माण, लखन थापा पार्क निर्माण, माथागढ़ी संरक्षण तथा पर्यटकीय स्थल निर्माण, विभिन्न ठाउँहरूमा सामुदायिक भवन, पुलपुलेसाको निर्माण तथा मर्मत, पाल्पा जिल्लाकै सबै भन्दा लामो माडी फाँटमा तालमुल, छेडुवा र अन्य सिंचाई योजनाहरूको निर्माण र सञ्चालन, आदि गरेर सानाठुला भौतिक पूर्वाधार विकासमा उल्लेखनीय कार्यहरू भएका र हुँदै आएका छन् । पालिका भित्रै सराई खहरे खेल मैदान लगायत ३ वटा खेल मैदान निर्माण र सञ्चालनमा छन् । राष्ट्रीय जनगणना २०७८ को प्रतिवेदन

अनुसार तलका तालिका १.९ र १.१० मा प्रस्तुत यस पालिकामा उपलब्ध भौतिक पूर्वधारहरूको पहूँचको विश्लेषण अनुसार बर्षैभरि यातायात सुविधाहरू भएका ८ वटा वडा छन् भने बहुसँख्यक बस्ती बाट ३० मिनेट दुरी भित्र सार्वजनिक यातायातको सुविधा उपलब्ध छ । पालिका भित्र कालोपत्रे सहितको बर्षैभरि सञ्चालन हुने सडकको उपलब्धता ५ वटा वडामा छ (१-९ कि.मी.लामो सडक ४ वटा वडामा र १०-४० कि.मी. लामो सडक १ वडामा छ) भने ४ वटा वडामा कालोपत्रे सहितको सडकको पहुँच छैन । यसै गरी, ८ वटै वडामा कच्ची तथा धुलौटे सडकको उपलब्धता छ, जसमा १ वडामा १-९ कि.मि.लामो सडक, ३ वटा वडामा १०-४९ कि.मी. लामो सडक ४ वटा वडामा ५० कि.मि.भन्दा लामो सडकको पहुँच छ । यस्तै एक टोल/गाउँबाट अर्को टोल/गाउँसम्म पुग्नका लागि १ वडामा बाहेक बाँकी सबै वडाहरूमा पैदल र सवारी साधनको प्रयोग गरेर पुग्न सक्ने सुविधाहरु छन् ।

तालिका:१.८ सामाजिक, सुरक्षा, मनोरन्जन, धार्मिक र अन्य सामाजिक सुविधाहरूको उपलब्धता

| भौतिक पूर्वाधारको सुविधाको प्रकार | सुविधा उपलब्ध वडा सङ्ख्या | भौतिक पूर्वाधारको सुविधाको प्रकार | सुविधा उपलब्ध वडा सङ्ख्या |
|---|---|---|---|
| बर्षै भरि यातायतको सुविधा भएको | ८ | ग्रावेल सडक नभएका वडा | ३ |
| ३० मिनेटको दुरीमा सार्वजनिक यातायातको पहुँच भएका बस्तीहरु | ६ | १-९ कि.मी.का ग्रावेल सडक भएका वडा | ८ |
| स्थानीय यातायात / नगर बस | ० | ४०-४९ कि.मी.का ग्रावेल सडक भएका वडा | ० |
| कालोपत्रे सडक नभएका वडा | ३ | ५० र सो भन्दा बढी कि.मी.का ग्रावेल सडक भएका वडा | ० |
| १-९ कि.मी.कालोपत्रे सडक भएका वडा | ४ | १-९ कि.मी.का धुलौटे सडक भएका वडा | ८ |
| ४०-४९ कि.मी.कालोपत्रे सडक भएका वडा | ० | ४०-४९ कि.मी.का धुलौटे सडक भएका वडा | ८ |
| ५० र सो भन्दा बढी कि.मि.कालोपत्रे सडक भएका वडा | ० | ५० र सो भन्दा बढी कि.मी.का धुलौटे सडक भएका वडा | ६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

तालिका १.१० सामाजिक पूर्वाधार र सेवाहरूको पहुँचको उपलब्धता

| सामाजिक पूर्वाधार र सेवाहरूको पहुँच | वडा सङ्ख्या |
|---|---|
| ३० मिनेटको पैदल दुरी भित्र उच्च शिक्षामा पहुँच | १ |
| ३० मिनेटको पैदल दुरी भित्र पुस्तकालयमा पहुँच | ० |
| ३० मिनेटको पैदल दुरी भित्र सुरक्षा पोष्ट वा पुलिस पोस्टको पँहुचको उपलब्धता | २ |
| ५ किलोमिटरको दुरी भित्र फायर ब्रिगेडको पहुँच | ० |
| ३० मिनेटको पैदल दुरी भित्र हरित पार्क र बालबालिका पार्क/खेल मैदानको पँहुचको | २ |
| सिनेमा हल / थियेटर / कला केन्द्रमा पहुँच | ० |
| सिनेमा हल / थिएटर / कला केन्द्रमा पहुँच | ० |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

### ञ) सुशासन, सूचना र सञ्चारः

गाउँपालिका भित्रका सबै क्रियाकलापहरूलाई पारदर्शी र उत्तरदायी बनाउन विद्युतीय सुशासन प्रणाली अबलम्वन गरिएको छ । बजार अनुगमन र सबै क्रियाकलापहरूलाई पालिकाको Web-site मा राखी सार्बजनिक गर्ने गरिएको छ । आवधिक योजनाहरूको तर्जुमा र कार्यान्वयन गर्दै मुलुकले अन्तर्राष्ट्रीय

मञ्चहरूमा गरेका प्रतिबद्धताहरू (दिगो विकासका लक्ष्यहरू) र मुलुकका विभिन्न आवधिक एवम् दीर्घकालीन योजना र समग्रमा मुलुकको मूल कानुन सङ्घीय संविधानले आत्मसाथ गरेका प्रावधानहरुलाई पुरा गर्दै यस माथागढी गाउँपालिकाकाको लक्ष्य र उद्देश्य पुरा गर्न हरपल प्रयासरत् रहदै आएको छ ।

## ट) स्वास्थ्य सेवाः

यस पालिकामा ७ वटा स्वास्थ्य चौकी, ७ वटा सामुदायिक स्वास्थ्य इकाई, १ वटा आयुर्वेद औषधालय रहेको साथै ४ नं. वडा झडेवामा निर्माणाधीन १५ शैयाको हस्पिटल रहेको छ । पालिका भित्र २४ घन्टै स्वास्थ्य सेवा उपलब्ध छ । यस्तै स्वास्थ्य बीमा, बर्थिङ्ग सेन्टर, सुत्केरी प्रोत्साहन, २ वटा एम्बुलेन्स सेवा र विभिन्न स्वास्थ्य तालिमहरू, पोषण कार्यक्रम, स्वास्थ्य शिविरहरू, आदि सञ्चालनमा छन्। यस पालिकामा ८ वटा वडा मध्ये ४ वटा वडामा आफ्नै सूविधा सहितका आधारभूत स्वास्थ्य सुविधा, ६ वटा वडामा हेल्थ पोष्ट रहेको छ । त्यस्तै स्वास्थ्य क्षेत्रमाः गर्भावस्था परामर्श र स्वास्थ्य सेवाहरू, खोप सुविधा, स्वास्थ्य प्रवर्द्धन सेवा, झाडापखाला उपचार सेवा, सामान्य आपतकालीन उपचार सेवा, पोषण सेवा (वृद्धि अनुगमन , भिटामिन, आइरन चक्की आदि), निःशुल्क औषधी वितरण सेवा, महिलाहरुका लागि प्रसव पछिको सेवाहरु ८ वटै वडामा उपलब्ध छन्, भने परिवार नियोजन सेवा ८ वटा वडामा, औलो उपचार सेवा ८ वटा वडामा र आयुर्वेदिक उपचार सेवा १ वटा वडामा उपलब्ध छ ।

तालिका १.११ वडागत स्वास्थ्य सेवाहरूको उपलब्धता

| स्वास्थ्य सेवाहरू | सेवाहरू उपलब्ध वडा सङ्ख्या | स्वास्थ्य सेवाहरू | सेवाहरू उपलब्ध वडा सङ्ख्या |
|---|---|---|---|
| गर्भावस्था परामर्श र स्वास्थ्य सेवाहरू | ८ | सामान्य आपतकालीन उपचार सेवा | ८ |
| डेलिभरी सेवा | ७ | आयुर्वेदिक र वैकल्पिक उपचार सेवा | १ |
| परिवार नियोजन सेवा | ८ | पोषण सेवा (वजन, भिटामिन, फलामको क्याप्सुल) | ८ |
| खोप सेवा | ८ | सर्पदंस उपचार सेवा | ० |
| स्वास्थ्य प्रवर्द्धन सेवा | ८ | रेविज उपचार सेवा | ० |
| झाडापखाला उपचार सेवा | ८ | नि: शुल्क औषधि वितरण सेवा | ८ |
| मलेरियाको उपचार सेवा | ८ | प्रसवपश्चातको हेरचाह (महिला स्वास्थ्य) | ८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## १.२ आर्थिक सामाजिक सन्दर्भ

### १.२.१ आर्थिक गतिविधिहरुः

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भूकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र विगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून (२.३ प्रतिशतमा झरेको) रहेता पनी विगत सन् २०२१ देखि २०२४ सम्मको औषत आर्थिक वृद्धिदर ३.८८ प्रतिशतको हाराहारीमा रहेको छ । (जुन सन् २०२४ मा ३.१ रहेको र सन् २०२५ मा ४.० रहने अनुमान रहेको छ)।यस्तै सन् २०२० देखि २०२४ सम्म नेपालको औसत मुद्रास्फीति दर ५.८% रहेको (सन् २०२४ मा ५.४% रहेको) मा सन् २०२५ मा ४.९% रहने अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल ग्राहस्थ्यको उत्पादनको वृद्धिदर उपभोक्ताको मूल्य र आधारभूत मूल्यमा क्रमशः ३.८७% र ३.५४% अनुमान रहेको थियो,

भने लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्य र आधारभूत मूल्यमा क्रमशः ४.०५% र ३.९६% अनुमान रहेको थियो । लुम्बिनी प्रदेशका २४.३५% जनसङ्ख्या गरिबीको रेखामुनि रहेको देखिन्छ र यो दर राष्ट्रिय गरिबीको रेखामुनिको दर भन्दा बढी हो । यस प्रदेशका मानिसहरुको औषत आयु ६९.५ वर्ष (पुरुषको ६६.१ वर्ष र महिलाको ७२.५ वर्ष औषत आयु) रहेको छ, जुन अन्य ६ प्रदेशको भन्दा कम हो । आर्थिक वर्ष २०८१/८२ मा प्रतिब्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) ५.८ प्रतिशतले बढेर रू. २ लाख ३ हजार ५ सय ३८ (१,४९६ अमेरिकी डलर) पुग्ने अनुमान रहेको छ, जुन आर्थिक वर्ष २०८०/८१ रू. १ लाख ९२ हजार ३१ (१,४४३ अमेरिकी डलर) रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति राष्ट्रिय आय १,५१७ अमेररकी डलर पुग्ने अनुमान रहेको छ। जुन आर्थिक वर्ष २०८०/८१ मा १,४६७ अमेरिकी डलर रहेको थियो। आ.ब.२०७२/७३ को प्रतिब्यक्ति राष्ट्रिय आय ८९९ बाट बढेर (६८.७%ले वृद्धि) आ.ब.२०८२/८३ मा १,५१७ अमेरिकी डलर पुग्ने अनुमान रहेको हो । यी सूचकहरूमा लुम्बिनी प्रदेशको अवस्था भने गत आर्थिक वर्ष २०७९/८० मा प्रतिब्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू.१ लाख ८१ हजार ५ सय ६९ (१,४०५ अमेरिकी डलर) रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा रू.१ लाख ९१ हजार ८ सय ८८ (१,४५६ अमेरिकी डलर) रहेको थियो। आ.ब. २०८०/८१ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ४.०५% कायम रहने प्रक्षेपण गरिएको थियो । आ.ब.२०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान १०.५% र वृद्धिदर ३.०% रहने अनुमान गरिएको थियो ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस पालिकाका जनताहरुको आर्थिक गतिविधिहरुलाई चलायमान राख्न स्थानीय तवरमा ४ वटा वडामा मुख्य बजारहरू, २ वटा वडामा कृषि उत्पादन सङ्कलन केन्द्र, ७ वटा वडामा सहकारी र ३ वटा वडामा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा छन् । पालिकाको समग्र आन्तरिक आयका रूपमा ८ वटा वडाबाट सम्पत्ति कर, ८ वडाबाट भाडा कर, ८ वटा वडाबाट रजिष्ट्रेसन शुल्क, ८ वटै वडाबाट घरजग्गा र व्यापार कर साथै सेवा शुल्क सङ्कलन हुन्छ भने ८ वटा वडाबाटै दण्ड र सजाय र ४ वटा वडाबाट अन्य कर सङ्कलन हुन्छ । यसै गरी यस पालिकाका जम्मा ५,८२३ वटा घरधुरीमध्ये ४७३ (८.१२%) घरधुरी र १८ वर्ष र सोभन्दा माथि उमेर समूहका जम्मा १६,६७३ जना मानिसहरुमध्ये ६८६ (४.११%) जनाले मात्र प्राविधिक तथा व्यवसायिक तालिम लिएको पाईन्छ ।

वि.सं.२०७६ (सन् २०१९) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगद्वारा नेपालको सामाजिक आर्थिक क्षेत्रमा रहेका विभिन्न प्रकारका अभावहरूको अवस्था स्थानीय तह, प्रदेश र समग्र मुलुकको तहमा के रहेको छ र यी तीनै तहमा मानिसहरूविचमा कस्तो प्रकारको असमानताहरू रहेका छन् भन्ने बारेमा गरिएको "A Study on Social, Economic and Other form of Disparity in Province and Local Levels in Nepal, 2019 (2076)"[1]अध्ययनको प्राप्ति अनुसार आर्थिक, शैक्षिक/स्वास्थ्य, मानव विकास, जलवायु, जीवन स्तर र जनसांख्यिकीय सूचाङ्कहरूको आधारमा यस पालिकाको बहुआयामी असमानताको सूचाङ्क ०.३५७ (Multi-Dimensional Disparity Index (MDI) रहेको छ, जुन मुलुक भित्रका ७५३ पालिकाहरूमा २७६ औं स्थान हो भने लुम्बिनी प्रदेशका १०९ वटा पालिकामा ६० औं र पाल्पा जिल्लाको १० वटा पालिकामध्ये नौं स्थानमा पर्दछ । यसै गरी, शिक्षा तथा मानव स्रोत विकास केन्द्र,

[1] A Study on Social, Economic and Other form of Disparity in Province and Local Levels in Nepal, 2019 (2076). Submitted To "National Natural Resources and Fiscal Commission of Nepal, Singhadarbar, Kathmandu" By the Kathmandu University School of Education, Hattiban Lalitpur.

भक्तपुरले तयार गरेको आधारभूत तहको विद्यालय शिक्षाको समता सूचाङ्कमा मुलक भित्रका ७५३ पालिकामध्ये ५१४ औं स्थानमा रहेको छ ।

### १.२.२ जनसाङ्खिक स्वरूप (Demographic Characteristics)

### क) कुल जनसङ्ख्या उमेर समूह र जातजातिगत अनुसारको जनसङ्ख्या

तलको तालिका १ अनुसार राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनका आधारमा यस पालिकाको कुल जनसङ्ख्या २४,०५३ मध्ये १२,८६९ (५३.५%) महिला र ११,१८४ (४६.५%) जना पुरुष रहेका छन । पुरुषको तुलनामा महिलाको सङ्ख्या धेरै रहेको छ, जसमा प्रत्येक १०० जना महिला बराबर ८३ जना पुरुषको सङ्ख्या र १.१५ लैंगिक समता सूचकाङ्क रहेको देखिन्छ । कुल जनसङ्ख्यामा उमेर समूहको संरचना विश्लेषण हेर्दा यस पालिकामा आर्थीक रुपले सक्रीय हुन् सक्ने जनसङ्ख्या (१५-६४ वर्ष उमेरका) ६६.८% छन् तर १० वर्ष र सो भन्दा माथि उमेर समूहको कुल जनसङ्ख्यामध्ये ५६.७% मानिसहरु मात्र कुनै न कुनै आर्थिक गतिविधिमा सक्रिय रहेको पाईन्छ ।

तालिकाः१) पालिकामा कुल जनसङ्ख्या र सोमा उमेर समूहगत जनसङ्ख्याको अवस्था

| उमेर समूह | जनसङ्ख्या | | | लैङ्गिक प्रतिशत | | लैङ्गिक सुचाङ्क | जम्मामा उमेर समूह प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | | |
| ०-४ वर्ष | ८४० | ८९५ | १,७३५ | ४८.४ | ५१.६ | ०.९४ | ७.२ |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुतह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | जम्मा | ८०.३ | ८९.६ | ८९.६ | ९४.५ | ८९.८ | | 2 |
| | छात्रा | ८१.२ | ९१.१ | ९१.१ | ९४.० | ८९.८ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | जम्मा | ७६.४ | ८५.२ | ८५.२ | ९५.२ | ९०.१ | | 2 |
| | छात्रा | ७७.१ | ८७.५ | ८७.५ | ९४.९ | ९०.१ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ औं वर्षको अन्त्यसम्म टिक्ने बालबालिकाको दर (Retention Rate at the end of the 8th. Year) | जम्मा | ७७.० | ८६.७ | ८६.७ | ९२.० | ८५.७ | | 2 |
| | छात्रा | ७८.० | ८८.८ | ८८.८ | ९२.३ | ८५.७ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | जम्मा | ७१.१ | ८१.६ | ८१.६ | ९०.१ | ८१.२ | १०० | 2 |
| | छात्रा | ७२.२ | ८४.० | ८४.० | ९१.१ | ८१.२ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | जम्मा | ७२.९ | ८०.९ | ८०.९ | ९१.४ | ७७.९ | | 3 |
| | छात्रा | ७५.३ | ८२.१ | ८२.१ | ९२.० | ७७.९ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० औं वर्ष अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of the 10th. Year) | जम्मा | ७०.४ | ८०.८ | ८०.८ | ८९.२ | ७७.४ | | 3 |
| | छात्रा | ७१.५ | ८२.८ | ८२.८ | ९०.५ | ७७.४ | | |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकतह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Secondary Level:-G1-10) | जम्मा | ६७.६ | ७७.८ | ७७.८ | ८६.९ | ७२.४ | | 3 |
| | छात्रा | ६८.९ | ७९.६ | ७९.६ | ८८.७ | ७२.४ | | |
| आधारभूत तहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका विद्यार्थीको प्रतिशत (Percentage of Under and Ove age Children in Basic Level) | जम्मा | ३.२ | ८.० | १२.१ | १२.० | ३०.५ | | 2 |
| | छात्रा | २.५ | ५.५ | १३.१ | १३.२ | ३०.१ | | |
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | | | | | | १५ | | 1 |
| आधारभूत तह (कक्षा १-५) | | | | | | ८ | | 2 |
| आधारभूत तह (कक्षा ६-८) | | | | | | २७ | | 2 |
| माध्यमिक तह (कक्षा ९-१०) | | | | | | १८ | | 3 |
| माध्यमिक तह (कक्षा ११-१२) | | | | | | ३८ | | 3 |
| आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | | ३६.५ | ३७.६ | ३७.८५ | ३९.०० | ४९.३ | | 2 |
| माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | | १७.४ | १८.६ | १८.६५ | २०.०० | १४.५ | | 3 |
| आधारभूत तह (कक्षा १-८) मा दलित बिध्यर्थिको प्रतिशत | | १८.३ | १७.९ | १७.८२ | १७.७७ | १२.७ | | 2 |
| माध्यमिक तह (कक्षा ९-१२) मा दलित बिध्यर्थिको प्रतिशत | | १०.५ | ११.० | ११.५७ | १२.४७ | १२.६ | | 3 |
| बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | | | | | | १.३ | | 2 |
| आधारभूत तह (कक्षा १-८) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | | | | | | १.५ | | 2 |
| माध्यमिक तह (कक्षा ९-१२) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | | | | | | १.३ | | 3 |
| कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरुको प्रतिशत (Achieving minimum proficiency) | Reading | | | | | ४७.७ | | 2 |
| | Numeracy | | | | | ६१.३ | | |
| कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरुको प्रतिशत | Reading | | | | | ५६.० | | 2 |
| | Numeracy | | | | | ६७.५ | | |
| कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरुको प्रतिशत (Achieving minimum proficiency) | Nepali | | | | | ५६.६ | ७० | 2 |
| | Math | | | | | ४२.९ | ५५ | |
| आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरासेट पाठ्यपुस्तक प्राप्त गर्ने % | | | | | | ९०.० | | 2 |
| ECED देखि कक्षा ५ सम्मका विद्यार्थीमध्ये निशुल्क दिवा खाजा प्राप्त गरेका विद्यार्थीको प्रतिशत | | | | | | ९०.० | | 1 |
| सामुदायिक विद्यालयहरूमध्ये आधारभूत तहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालयहरूको सङ्ख्या | | | | | | ९ | | 2 |

| सुचकहरू | सूचकको तह | पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) आर्थिक वर्ष 19/20 ७७/७८ | 20/21 ७८/७९ | 21/22 ७९/८० | 22/23 ८०/८१ | Bench Mark 23/24 ८१/८२ | सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को अन्तिम लक्ष्य | शिक्षा उप-क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | Nepali | | | | | ६३.० | ७० | 3 |
| | English | | | | | ४९.० | ५८ | |
| | Math | | | | | ५४.० | ५५ | |
| | Science | | | | | ३७.० | ६० | |
| माध्यमिक तहमा (कक्षा ९-१०) अध्ययनरत विद्यार्थीहरुमध्ये शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थीको प्रतिशत | | | | | | ९०.० | | 3 |
| सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:-Maths, Science and English र ५ वटा अनिबार्य विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालयहरूको सङ्ख्या | 3 Subjects | | | | | ९ | | 3 |
| | 5 Subjects | | | | | २ | | |
| जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धारमा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या | | | | | | ११.४ | | 3 |
| सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये कक्षा ११-१२ मा विज्ञान विषयमा भर्ना भएका जम्मा विद्यार्थी प्रतिशत | | | | | | ८.६ | | 3 |
| हाल सञ्चालनमा रहेका खुल्ला विद्यालयहरूको सङ्ख्या | | | | | | ० | | 2 |
| जम्मा CLC मध्ये थप स्तरोंन्ती गरिएका र सञ्चालनमा रहेका सङ्ख्या | | | | | | ३ | | 4 |
| ५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर प्रतिशत | | | | | | ८३.३ | ९५ | 4 |
| १५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर प्रतिशत | | | | | | ७९.८ | | 4 |
| १५ देखि २४ वर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर प्रतिशत | | | | | | ९९.१ | | 4 |
| १५ वर्ष र सोभन्दा माथिको साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क | | | | | | ०.८२ | | 4 |
| WASH सुविधा भएका विद्यालयहरुको सङ्ख्या | | | | | | १७ | | 6 |
| ReAL Plan कार्यान्वयन गर्ने विद्यालयहरुको सङ्ख्या | | | | | | २० | | 2 |
| Internet र ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका विद्यालय सङ्ख्या | | | | | | १७ | १०० | 2&3 |
| विद्युतिय सुविधा प्राप्त (वैकल्पिक उर्जाको स्रोत भएका समेत) विद्यालय सङ्ख्या | | | | | | २३ | | 2&3 |
| स्थानीय तहले आफ्नो आन्तरिक स्रोत वितरण गरेका विद्यालयहरूको सङ्ख्या | शिक्षकमा | | | | | १३ | | 7 |
| | गुणस्तरमा | | | | | १५ | | |
| स्थानीय तहले आफ्नो कुल GDP मध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | | | | | | ४ | | 7 |
| स्थानीय तहले आफ्नो कुल बजेटमध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | | | | | | १९ | | 7 |
| स्थानीय तहले आफ्नो आन्तरिक कुल बजेटमध्ये शिक्षा क्षेत्रमा लगानी गरेको प्रतिशत | | | | | | १४ | | |
| *कक्षा १ मा पुन:उहीकक्षा दोहर्याउने दर (Repetition Rate)* | *जम्मा* | १८.३ | ११.४ | ११.४ | १५.५ | ७.२ | | |
| | *छात्रा* | १९.५ | ११.९ | ११.९ | १४.९ | ६.७ | | |
| *आधारभूत तह १-५ बाट ६-८ मा संक्रमण दर (Transition rate from Lawer Basic Level to Upper Basic Level)* | *जम्मा* | ८४.० | ८५.६ | ८५.६ | ९२.३ | ८५.९ | | |
| | *छात्रा* | ८३.४ | ८५.१ | ८५.१ | ९४.४ | ८५.६ | | |
| *आधारभूत तह बाट माध्यमिक तहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level)* | *जम्मा* | ८५.८ | ९१.५ | ९१.५ | ८९.३ | ६७.३ | | |
| | *छात्रा* | ८७.३ | ९१.९ | ९१.९ | ९२.२ | ६८.६ | | |
| *कक्षा १० बाट ११ मा संक्रमण दर (Transition rate from Secondary 10 to 11)* | *जम्मा* | ९१.० | ९६.८ | ९६.८ | ९४.४ | ३१.८९ | | |
| | *छात्रा* | ८८.१ | ९७.६ | ९७.६ | ९६.१ | ३३.९१ | | |
| *आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%)* | | | | | | ८५.० | | |
| *आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%)* | | | | | | ३७.७ | | |
| *आधारभूत तह (कक्षा १-५) मा उमेरगत भर्ना दर (ASER)* | *जम्मा* | | | | | ८५.९ | | |
| *आधारभूत तह (कक्षा १-५ मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)* | *जम्मा* | | | | | १४.१ | | |
| *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | *जम्मा* | | | | | ३२.० | ५५ | |
| *आधारभूत तह (कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%)* | *जम्मा* | | | | | २४.३ | | |
| | *छात्रा* | | | | | २३.५ | | |
| *सामुदायिक आधारभूत विद्यालय (कक्षा १-८) मा स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका आधारमा शिक्षक र विद्यार्थीको अनुपात (STR)* | | | | | | १४ | | |
| *सामुदायिक आधारभूत विद्यालय (कक्षा ९-१२) मा स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका आधारमा शिक्षक र विद्यार्थीको अनुपात (STR)* | | | | | | २२ | | |

### १.२.४ उच्च शिक्षा, विकास (प्राविधिक र व्यवसायिक शिक्षा समेत) र अन्य सामाजिक सेवा

यस पालिकामा १ स्नातक तह सम्मको क्याम्पस र विभिन्न प्रकारका तालिमहरूबाट क्षमता विकास, विभिन्न खेलहरूको विकास र सञ्चालन, स्थानीय स्तरमा विभिन्न सीपमूलक र आयआर्जन कार्यक्रमहरु सञ्चालनमा छन । कतिपय स्थानहरुबाट पालिका सम्म आइपुग्न २/३ घन्टा लाग्ने हुँदा त्यस्ता स्थानहरुमा पालिकाले सम्बन्धित सेवाहरूको घुम्ती टोली निर्माण गरी टोलटोलमै सेवा दिने गरेको छ । यहाँको सौभाग्य मा.बि. चिदीपानीमा कक्षा ९-१२ मा Electrical Engineering को पढाई हुँदै आएको छ । लैङ्गिक समानता र सामाजिक समाबेशीकरणका विभिन्न चेतनामुलक कार्यक्रमहरू सञ्चालनमा छन् भने सामुदायिक पुस्तकालयको सुविधा कुनै पनि वडामा छैन । पालिकामा उपलब्ध सामाजिक पूर्वाधार र सेवाहरूको पहुँचको अवस्थामा १ वडा मा मात्र ३० मिनेटको पैदल दुरी भित्र शिक्षाको पहुँच छ । यसै गरी ३० मिनेटको पैदल दुरी भित्र पुस्तकालय, हरित पार्क, बालबालिकाहरुका लागि रमाइलो गर्ने पार्क/खेल मैदान, चलचित्र हल/थएटर/कला केन्द्र, व्यापारिक/व्यवसाय केन्द्र/शपिङ महल साथै ५ किलोमिटर दुरी भित्र अग्नि निन्त्रण (fire brigade) को सुविधामा पहुँच भने हाल कुनै पनि वडामा छैनन् ।

### १.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

यस गाउँपालिकाकाको विभिन्न क्षेत्रहरूका बारेमा माथिका विश्लेषणहरूको आधारमा शैक्षिक क्षेत्र भित्रका प्रमुख पक्षहरूको वर्तमान अवस्थाको उल्लेख्य उपलब्धि र राष्ट्रिय तथा पालिका तहको अपेक्षाहरूका तुलनामा देखिएका अन्तरहरूको बारेमा विश्लेषण र तिनले शिक्षा क्षेत्रमा पारेका सकारात्मक र कमजोर पक्षहरूको अवस्थाका बारेमा तल उल्लिखित शिक्षा उपक्षेत्रगत रूपमा प्रस्तुत गरिएको छ ।

- प्रारम्भिक बालविकास तथा पूर्व प्राथमिक शिक्षामा सहजै देखिने भर्ना दर सुधारोन्मुख भएपनि खुद भर्ना दरको अवस्था कमजोर रहेको छ । कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका मध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत तुलनात्मक रूपमा राम्रो (९३.८%) देखिएको छ तापनि यस सूचकले कक्षा १ मा सहजै देखिने प्रवेश दर (९१.१%) र खुद प्रवेश दर (६०.१%) मा सकारात्मक प्रभाव पार्न सकेको छैन । यस उपक्षेत्रमा देखिएका कमजोर पक्षहरुका पछाडी यस पालिकाका बालविकास केन्द्र/कक्षाहरूमध्ये तोकिएका ५ वटा न्युनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तीमा ३ वटा मापदण्डहरू पुरा गर्ने ECED हरू ५०.० मात्र रहनु, ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाइ सामग्रीको Set प्राप्त गर्नेको प्रतिशत ६०.८% रहनु, ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरूमध्ये कम्तीमा १५ दिने तालिम प्राप्त गर्नेको प्रतिशत ४८.८% मात्र रहनु र ECED का जम्मा बालबालिकामा ४ वर्ष उमेर समूहका बालबालिकाको प्रतिशत ४०.८% मात्र रहनु र जम्मा भर्नामा लैङ्गिक समता सूचाङ्क ०.९० हुनु प्रमुख रहेका छन् ।
- आधारभूत तह उपक्षेत्रको वर्तमान अवस्थालाई हेर्दा कक्षा १-८ मा सहजै देखिने भर्ना दर ९३.३% र खुद भर्ना दर ६२.८% मात्र देखिन्छ र कक्षा १-८ मा तोकिएको उमेर समूह भन्दा कम/बढी उमेर समुहका विद्यार्थीको प्रतिशत ३०.५% रहेको छ। जुन कमजोर अवस्था भएता पनि जम्मा भर्नामा लैङ्गिक समता सूचाङ्क भने १.०१ रहनु राम्रो पक्ष रहेको छ । आधारभूत तह (कक्षा १-८) उमेर समूहका जनसङ्ख्या मध्ये विद्यालयमा भर्ना भएका (कुनै पनि कक्षामा) बालबालिकाको भर्ना दर (ASER) ८७.४% रहेको छ, जुन आधारभूत तहको खुद भर्ना दर ६२.८% भन्दा राम्रो छ । यो सूचक ASER ले के इङ्गित गर्दछ भने यस पालिकाको ५-१२ उमेर समुहका जनसङ्ख्यामध्ये हाल ८७.४% बालबालिकाहरू विद्यालयमा अध्ययनरत् छन् र १२.६% बालबालिकाहरू विद्यालय बाहिर छन वा माथि जनसङ्ख्या खण्डमा विश्लेषण गरेझैं यस पालिकाबाट विभिन्न कारणले अस्थाई बसाइँसराइँ गरी अन्यत्र जानेको सङ्ख्या ठुलो रहेकोले यो अवस्था

देखिएको छ, अर्को आधारभूत तहमा २.४% विद्यार्थीहरूले वार्षिकरूपमा कक्षा छाड्ने गरेकाले विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या धेरै देखिएको हुन् सक्छ । यस पालिकाको आधारभूत तहका कक्षा १-५ र ६-८ मा विद्यार्थी शिक्षक अनुपात क्रमशः १:८ र १:२७ हुनु, कक्षा १-८ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क १.०३ हुनु, महिला शिक्षकको सहभागिता ४९.३% हुनु, आधारभूत तह (कक्षा १-८) मा दलित विद्यार्थीको प्रतिशत जनसङ्ख्याको अनुपातसँग समान हुनु, ९०% विद्यार्थीले शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्नु, ECED देखि कक्षा ५ सम्मका विद्यार्थीमध्ये ९०% ले दिवा खाजा प्राप्त गर्नु, कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर ९६.३% हुनु, स्थानीय तहले आफ्नो आन्तरिक स्रोतको १४.०% साथै कुल बजेटको १९.०% बजेट शिक्षामा खर्च गर्नु जस्ता उपलब्धिपूर्ण पक्षहरू रहेका छन् । यी उपलब्धिपूर्ण पक्षहरूको असरलाई विश्लेषण गर्ने हो भने अझै पनि कक्षा १ मा मात्र ७.२% बालबालिकाले कक्षा दोहोर्याउनु, कक्षा ५ पुरा गर्ने विद्यार्थीको दर ८९.८% हुनु, कक्षा ८ सम्म पुग्ने विद्यार्थीको दर र अधारभु तह (कक्षा १-८) पुरा गर्ने विद्यार्थीको दर क्रमशः ९०.१% र ८१.२% रहनु, आधारभूत तहको कक्षा ५ बाट कक्षा ६ मा र आधारभूत तहको कक्षा ८ बाट माध्यमिक तहको कक्षा ९ मा हुने सङ्क्रमण दर क्रमशः ८५.९% र ६७.३% हुनु, कक्षा ३ र ५ मा अध्ययनरत विद्यार्थीहरुले पढाई र अङ्क गणितमा तोकिएका न्युनतम सक्षमता कक्षा ३ मा ४७.७% र ६१.३% र कक्ष ५ मा ५६.०% र ६७.५% हासिल हुनु कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेका तोकिएका न्यूनतम सक्षमताहरूको प्रतिशत नेपाली विषयमा ५६.६% र गणित विषयमा ४२.९% हासिल हुनु, आधारभूत तहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालय ४४.७% मात्र हुनु, ४२.५% विद्यालयमा WASH सुविधा र ReAL Plan कार्यान्वयन गर्ने विद्यालयहरुको प्रतिशत ५०.०% हुनु, ४२.५% विद्यालयमा Internet र ICT सम्बन्धी पूर्वधार र ५७.५% विद्यालयमा विद्युतिय सुविधा प्राप्त (वैकल्पिक उर्जाको स्रोत भएका समेत) हुनु, आदि जस्ता पक्षहरूमा सुधारको अति आवश्यक देखिन्छ ।

- माध्यमिक तह उपक्षेत्रको वर्तमान अवस्थामा कक्षा ९-१२ मा सहजै देखिने भर्ना दर ५०.६% र खुद भर्ना दर २३.१% मात्र देखिन्छ र कक्षा ९-१२ मा तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर समूहका विद्यार्थीको प्रतिशत ३२.०% देखि ४३.०% सम्म रहेको छ। जुन कमजोर अवस्था भएतापनि जम्मा भर्नामा लैङ्गिक समता सूचकाङ्क भने १.२५ रहनु राम्रो पक्ष रहेको छ । माध्यमिक तह (कक्षा ९-१२) उमेर समूहका जनसङ्ख्यामध्ये विद्यालयमा भर्ना भएका (कुनै पनि कक्षामा) विद्यार्थीको भर्ना दर (ASER) ६५.४% रहेको छ, जुन यस तहको खुद भर्ना दर २३.१% भन्दा राम्रो छ । यो सूचक ASER ले के इङ्गित गर्दछ भने यस पालिकाको १३-१६ वर्ष उमेर समूहका जनसङ्ख्यामध्ये हाल ६५.४% विद्यालयमा अध्ययनरत छन् र ३४.६% यस उमेर समूहका जनसङ्ख्या विद्यालय बाहिर छन वा माथि जनसङ्ख्या खण्डमा विश्लेषण गरे झैं यस पालिकाबाट विभिन्न कारणले अस्थाई बसाइँसराइँ गरी अन्यत्र जानेको सङ्ख्या ठुलो रहेकोले यो अवस्था देखिएको छ, अर्को यस तहको कक्षा ९ बाट ८.०% र कक्षा १० बाट २.५% विद्यार्थीहरूले वार्षिक रूपमा कक्षा छाड्ने गरेकाले विद्यालय बाहिर रहेकाको सङ्ख्या धेरै देखिएको हुनसक्छ । यस पालिकाको माध्यमिक तहका कक्षा ९-१० र ११-१२ मा विद्यार्थी शिक्षक अनुपात क्रमशः १:१८ र १:३८ हुनु, महिला शिक्षकको सहभागिता १४.५% हुनु, दलित विद्यार्थीको प्रतिशत १२.६% रहेको र यो जनसङ्ख्याको अनुपातसँग समान हुनु, ९०% विद्यार्थीले शैक्षिक सत्र शुरू भएको दोस्रो हप्ता भित्रमा पुरा सेट पाठ्यपुस्तक प्राप्त गर्नु, जम्मा सामुदायिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सञ्चालन गर्ने विद्यालयहरुमा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या ११.४% र सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुमा विज्ञान विषयमा भर्ना भएका जम्मा विद्यार्थी प्रतिशत ८.६% हुनु जस्ता उपलब्धिपूर्ण पक्षहरू रहेका छन् । यी उपलब्धिपूर्ण पक्षहरूको असरलाई विश्लेषण गर्ने हो भने अझै

पनि कक्षा १० र १२ सम्म पुग्ने विद्यार्थीको दर ७७.९% र ३२.०% मात्र हुनु, कक्षा ९ र १० मा ३.०% भन्दा बढी विद्यार्थीले कक्षा दोहोर्याउनु, कक्षा १० पुरा गर्ने विद्यार्थीको दर ७२.४% हुनु, कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेका तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत नेपाली विषयमा ६३.०%, अंग्रेजीमा ४९.०%, विज्ञानमा ३७.०% र गणित विषयमा ५४.०% हासिल हुनु, माध्यमिक तहमा (कक्षा ९-१० सम्म) अध्यापनको लागि Maths, Science and English विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालय ८१.८% र मूल ५ विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालय १८.२% मात्र हुनु, माध्यमिक तहको कक्षा १० बाट कक्षा ११ मा हुने संक्रमण दर ३१.९% हुनु, आदि जस्ता पक्षहरूमा सुधारको अति आवश्यक देखिन्छ ।

- त्यसैगरी, माथिको तालिका अनुसार यस पालिकाको कुल जन सङ्ख्यामा ५ वर्ष र सो भन्दा माथिको उमेर समूहको जनसङ्ख्याको कुल साक्षरता दर ८३.३% छ, जसमा ७७.२% महिला र ९०.५% पुरूष साक्षर छन् । यस्तै १५ वर्ष र सो भन्दा माथिको उमेर समूहको जनसङ्ख्याको कुल साक्षरता दर ७९.८% छ जसमा ७२.८% महिला र ८८.४% पुरूष साक्षर छन् र १५-२४ वर्ष उमेर समूहको जनसङ्ख्याको कुल साक्षरता दर ९९.१% छ साथै १५ वर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचकाङ्क ०.८२ रहेको छ । पालिकाको जम्मा जनसङ्ख्यामा तीन चौथाई भन्दा बढी मगर (७६.८%) समुदाय रहेको छ र यस समुदायको साक्षरता दर (८२.८%) पुरुष ९०.२% र महिला ७९.२% दोश्रो ठुलो जनसङ्ख्या रहेको बिश्वकर्मा जाति.६) ६ को (%साक्षरता दर ८४.०.९०) %०% पुरुष र ७९.२% महिला छ, जुन यस पालिकाको कुल जनसङ्ख्याको साक्षरता दर भन्दा बढी हो। यसरी हेर्दा यस पालिकामा ५ वर्ष र सो भन्दा माथिको उमेर समूहको कुल जन सङ्ख्या २२,३१८ मध्ये ३,७१८ जना निराक्षर छन् भने १५ वर्ष र सो भन्दा माथिको उमेर समूहको कुल १८,१३८ जनसङ्ख्यामा ३,६६६ जना निराक्षर छन् । यस विश्लेषणको निचोड के हुनसक्छ भने यस शिक्षा क्षेत्रको योजनाको लक्ष्य भनेको आगामी ५ वर्ष भित्रमा मुलुकको सोहौं पन्च-बर्षिय योजनाको लक्ष्य ५ वर्ष र सो भन्दा माथिको उमेर समूहको साक्षरता दर ९५.०% लाई पुरा गर्न साक्षरता र यस सँग जोडेर बिबिध प्रकारका अनौपचारिक र निरन्तर तथा जीवनपर्यन्त सीप विकासका कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्नु महत्त्वपूर्ण जिम्मेवारी रहने देखिन्छ ।

### १.२.६ मुख्य समस्याहरु

यस गाउँपालिकाकाको शिक्षा क्षेत्रका बारेमा माथि उल्लेख गरिएको विश्लेषणहरूको आधारमा शिक्षा उप-क्षेत्रगत पहिचान भएका अन्तरहरुलाई समुदाय, विद्यालय, विद्यार्थी र पालिका तहका पदाधिकारी, स्थानीय बिज्ञहरू, आदि सबै तहका सरोकारवालाहरूको सहभागितामा छलफल गरी विधमान समस्याहरूको निदान गरिएको छ । पहिचान भएका प्रमुख अन्तरहरुको विश्लेषणमा समस्या वृक्ष र SWOT Analysis प्रचलित प्रक्रिया तथा विधिहरूको अवलम्बन गरिएको छ । विश्लेषणहरूबाट प्राप्त समस्याका कारणलाई योजनाको रणनीति तथा कार्यनीतिको रुपमा परिक्षेद २ मा प्रस्तुत गरिएको छ । शिक्षा उप-क्षेत्रगत प्रमुख समस्याहरूको निदान गर्दा शिक्षा उप-क्षेत्रगत वर्तमान अवस्थाको उपलब्धि र राष्ट्रिय तथा पालिका तहको अपेक्षाहरूका तुलनामा देखिएका अन्तरहरूको बारेमा विश्लेषण र तिनले पारेका सकारात्मक र कमजोर पक्षहरूको अवस्थाका बारेमा विश्लेषण गरिएको छ । यस पालिकाको शिक्षा उपक्षेत्रगतरूपमा बिद्यमान समस्याहरुलाई वुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- नक्शाङ्कनका आधारमा उपर्युक्त स्थानमा विद्यालयको स्थापना र भएका विद्यालयहरुको समग्र व्यवस्थापन (कक्षा/तह थप तथा घटुवा गर्ने) र भएको स्रोत/साधनहरूको अधिकतम उपयोग हुन नसक्नु,
- सामुदायिक विद्यालयप्रति बालबालिका, अभिभावक र समुदायको आकर्षण, बिश्वास र अपनत्वको भावनामा कमी हुनु, जसका कारण सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु र संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या क्रमाशः वृद्धि हुनु,

- बालविकास केन्द्र/कक्षाहरू र कक्षा १ लाई (लगानी, जनशक्ति र सञ्चालन विधिका आधारमा) प्रभावकारी बनाउन नसक्नु,
- विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई समतामुलक पहुँच र सहभागिताको सुनिश्चित गर्न नसक्नु, उपयुक्त उमेरमा नै विद्यालयमा प्रवेश गराउन नसक्नु,
- विद्यालय भर्ना भएपछि सबै विद्यार्थीको निरन्तरता र उपयुक्त समयावधि भित्र तोकिएको शिक्षा पुरा गर्न नसक्नु,
- कतिपय सामुदायिक विद्यालयमा पनि अभिभावक/विद्यार्थीहरूलाई आर्थिक भार लगाउनु,
- विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकताको सुनिश्चितता गर्न नसक्नु,
- सबै विद्यालयहरुमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार साथै तोकिएका मापदण्ड अनुसारका भौतिक निर्माण नहुनु,
- विद्यार्थीको सिकाइ सक्षमतालाई शिक्षकको कार्य सम्पादनमा जोड्न नसक्नु,
- सबै शिक्षकहरू योग्यता र पेसागत तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्राप्त नहुनु साथै तालिमबाट प्राप्त ज्ञान/सिपहरूलाई कक्षाकोठामा हुने विद्यार्थी शिक्षण सिकाइमा प्रयोग र प्रभावकारी नहुनु,
- पाठ्यक्रम/पाठ्यपुस्तक अनुसारका विषयवस्तुहरूको शिक्षणसिकाइमा सही विधिको प्रयोग, शिक्षणसिकाइ क्रियाकलाप अनुसारका उपयुक्त सामग्रीहरूको उपलब्धतामा कमी र सामग्रीहरू उपलब्ध भएका कतिपय विद्यालयमा अधिकतम प्रयोग हुन नसक्नु,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्धेश्य अनुसार कार्यान्वयन हुन नसक्नु,
- विद्यालयमा हरित विद्यालयको अवधारणा अनुसार बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक र अन्य वातावारणको अभाव,
- विद्यालयमा हुने अतिरिक्त र अन्य क्रियाकलापमा सबै बालबालिकाको पहुँच पुग्न नसक्नु,
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्ष ९-१२) मा शिक्षक व्यवस्थापन अन्तर्गत विषयगत रुपमा शिक्षक दरबन्दीको कमी हुनु,
- स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,
- अभिभावक शिक्षा र सचेतनामा कमि तथा विद्यार्थीहरुलाई घरमा पढ्ने वातावरणको सिर्जना, अभिभावकहरूको सहयोग र निरन्तर अनुगमन/निगरानी हुन नसकेको,
- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चितताका लागि स्रोतको अभाव र भएका सुविधाहरूको प्रभावकारी कार्यान्वयन गर्न ज्ञान, सीप र क्षमताको कमी हुनु,
- अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुलाई स्थानीय सरोकारवालाहरूको दैनिकी जीवन र आवश्यकतासँग जोडी विस्तार र निरन्तरता दिन नसक्नु,
- स्थानीय तहका सबै कर्मचारीहरुको संस्थागत क्षमता विकास नहुनु,
- केही विद्यालयको व्यवस्थापकीय क्षमता र नेतृत्वमा कमि हुनु,
- स्थनीय आवश्यकताका आधारमा प्राविधिक शिक्षामा पहुँच बिस्तार गर्न नसक्नु,
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई पूर्णरुपमा सुनिश्चित गर्न नसकिनु ,
- विपद् व्यवस्थापनका लागि विद्यालयमा आधारित अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न स्रोत/साधन, जनशक्ति र संयन्त्रको कमी,
- विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्यहरू र आवश्यक संयन्त्रको विकास हुन नसक्नु, र

- शिक्षा क्षेत्रमा हाल भई रहेको लगानी वैज्ञानिक र आवश्यकतामा आधारित हुन् नसक्नु र उपलब्ध आर्थिक, भौतिक, प्रविधि/प्राविधिक, र मानवीय स्रोत/साधन पर्याप्त नहुनु, आदि।

## १.२.७ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित शिक्षा क्षेत्रका बिद्यमान समस्याहरूको समाधानमा देखिएका प्रमुख चुनौतीहरू निम्नाअनुसार पहिचान गरिएको छः

१. यस पालिकाको भूबनौट, विविधतायुक्त प्रकृति, समाजहरूको बनौट, संस्कृति, भाषा, प्राकृतिक स्रोत/साधनको उपलब्धता र उपयोगलाई समन्यायिक ढङ्गले परिचालन गरी पालिका भित्रको समग्र शैक्षिक क्षेत्रको अवसर, विकास र सुशासनलाई सुधार गर्न,

२. पर्याप्त स्रोत/साधनको अभावका कारण हाल सञ्चालनमा रहेका सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाहरूमा हाल उपलब्ध स्रोत/साधनमा बढोत्तरी गरी तोकिएका ५ वटै न्यूनतम सक्षमताका मापदण्डहरू पुरा गरी सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न;

३. प्रारम्भिक बालविकास तथा शिक्षामा ठिक चार वर्षका बालबालिकाहरूलाई समयमै भर्ना गरी हाल कक्षा १ मा देखिएको असक्षमतालाई सुधार गर्न;

४. नक्साङ्कनका आधारमा हाल सञ्चालनमा रहेका तर घट्दो विद्यार्थी सङ्ख्याका कारण समायोजन, कक्षा कटौती जस्ता कुराहरुमा सम्बन्धित समुदायको सहमति र सहयोग प्राप्त गर्न, साथै समायोजन हुने विद्यालयका बालबालिकाहरुलाई विशेष सुविधा सहित पहुँच र सहभागिताको सुनिश्चितता गर्न;

५. विद्यालयको भौतिक निर्माणसम्बधी तोकिएका मापदण्डहरू पूरा गर्दै सबै विद्यालयहरूलाई हरित विद्यालयको धारणा अनुसार विकास गरी सबै शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयहरूलाई बालमैत्री बनाउने;

६. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने,

७. सामुदायिक विद्यालयहरूमा देखिएको घट्दो विद्यार्थी सङ्ख्याका कारण हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको अस्थित्व, तिनमा भएका स्रोत/साधन, जनशक्ति, आदि पक्षहरू जोगाइ राख्न चुनौती बन्दै गएकाले यी क्षेत्रमा सुधार ल्याउन पालिका तहबाट उपयुक्त नीतिगत र कार्यक्रमगत दुवै प्रबन्धहरूको विकास र कार्यान्वयन गर्नुपर्ने हुन्छ । जस्तो प्रत्येक विद्यालयको सेवा क्षेत्र तोक्ने र सेवा क्षेत्र भित्रका बालबालिकाले आफ्नै समाजको विद्यालयहरूमा संस्थागत विद्यालयहरुले प्रदान गरेको भन्दा उत्कृष्ट शिक्षा र शैक्षिक कार्यक्रमहरु दिन सक्ने व्यवस्था गर्ने ताकी कुनै पनि सामुदायिक विद्यालयको सेवा क्षेत्रका बालबालिकाहरु अन्यत्र जान नपर्ने/नपाउने व्यवस्था मिलाउने, यस्तै यस पालिकामा अस्थाई बसाई साराईको सङ्ख्या ठुलो रहेकाले त्यस प्रवृत्तिलाई रोक्न शिक्षा र शिक्षासँग जोडेर अन्य प्रयासहरू (शिक्षा सिप विकास, कृषि, व्यवसाय, स्वरोजगार, उधोग, आदि) के गर्न सकिन्छ तिनलाई अगाडि बढाउने ।

८. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

९. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा जातजाति, भाषा, उमेर, सामाजिक आर्थिक अवस्था, भूगोल, सामाजिक/सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

१०. स्थानीय आवश्यकतामा आधारित व्यवहारकुशल सिपहरूलाई शिक्षासँग एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न र शिक्षाको सान्दर्भिकता बढाउने;

११. शिक्षक विकास तथा तयारी, शिक्षक सहायता प्रणालीको व्यवस्था र प्रभावकारी कार्यान्वयन गर्न पालिका तहबाट सबै कक्षाकोठामा सकेसम्म न्यूनतम लागतमा पर्याप्त शैक्षिक सामग्रीहरू व्यवस्था र तिनलाई शिक्षकहरूले तालिमबाट हासिल गरेका ज्ञान र सिपहरूसँग अनिवार्य रुपमा जोड्ने र प्रयोग गर्ने विधि/पद्धतिको विकास गर्न,

१२. शिक्षण सिकाइ र विद्यार्थी मूल्याङ्कन पद्धतिमा सुधार गरी गुणस्तर अभिवृद्धि गर्न;

१३. स्थानीय आवश्यकतामा आधारित माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षालाई थप विकास र विस्तार गर्न;
१४. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;
१५. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने;
१६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;
१७. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई बढोत्तरी गरी गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको विद्यालयमा भर्ना, निरन्तरता र सिकाइमा सहभागिता तथा उपलब्धि सुधार गर्ने पक्षहरूमा जोड्न;
१८. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई समावेशी र समतामूलक बनाउने;
१९. ५ वर्ष र सो भन्दा माथिको उमेर समूहको निरक्षर जनसङ्ख्या धेरै रहेकोले तिनका लागि आवश्यकतामा आधारित विविधतायुक्त साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने;
२०. पालिकाको शिक्षा शाखामा थप जनशक्ति र क्षमता अभिवृद्धि साथै विद्यालय शिक्षाको शासकीय प्रबन्धलाई नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउन;

### १.२.८ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

यस पालिकाका उल्लिखित चुनौतीहरू समाधान गरी समग्र शिक्षा क्षेत्रको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उपयोग गर्न सकिन्छः

१. विधमान स्रोत/साधन, संरचना, क्षमता, पूर्वधाररूलाई शिक्षा क्षेत्रको पहुँच, गुणस्तर, सक्षमता र समता, आदिमा देखिएका अन्तरहरूलाई न्यूनीकरण गर्न अधिकतम रूपमा उपयोग गर्न सक्ने;
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, नीतिगत, कानुनी आधार अन्य आवश्यक प्रावधानहरु, मार्गदर्शन र निर्देशिकाहरू तयार भएको;
३. दिगो विकास लक्ष्य प्रासिका लागि संघीय र प्रदेश सरकारबाट आर्थिक र प्राविधिक सहयोगको निरन्तरता रहेको;
४. यस योजनामा पालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि देखिएको लगानीको अभावलाई पूर्ति गर्न पालिकामा रहेका अन्य क्षेत्रहरूसँगको कार्यक्रम र स्रोतगत समन्वय साथै पालिकाको आन्तरिक स्रोत र अन्य निकाय तथा व्यक्तिको सहयोगको सम्भावना देखिएको;
५. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप तीनै तहबाट कार्यान्वयनमा रहेको;
६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई पूर्णरूपमा कार्यान्वयनमा रहेको;
७. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;
८. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि संस्थागत संरचनाको विकास र कार्यान्वयनमा रहेको
९. यस पालिकाका ७७%६. मानिसहरू (पुरुष ६९.९% को तुलनामा ८३ %९.महिलाहरु) कृषि पेसामा संलग्न रहेकाले र कृषिलाई नै आर्थिक सम्वृद्धिको आधारका रुपमा पालिकाले विभिन्न नविनतम प्रयासहरु गर्दै आएकाले शिक्षा र कृषिलाई अन्तरसम्बन्ध गराई सामाजिक आर्थिक विकास गर्न सक्ने सम्भावनाहरू प्रशस्त रहेको।

## १.३ शिक्षा क्षेत्रको योजना तर्जुमा प्रक्रिया

यस गाउँपालिकाकाको दश बर्षे शिक्षा क्षेत्रको योजना निर्माण तथा तर्जुमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरी कार्यान्वयनमा ल्याएको स्थानीय तहको शिक्षा क्षेत्रको योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०८१ का आधारमा गरिएको छ । नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको यस पालिकाको शिक्षा क्षेत्रको योजना १० वर्षे रणनैतिक लक्ष्यहरुको प्रक्षेपण र आगामी ५ वर्षका लागि उप-क्षेत्रगत कार्यक्रमहरू, तिनका लागि आवश्यक बजेट र स्रोतहरुको आकलन सहित तयार गरिएको छ। यस योजनाले माथागढी गाउँपालिकाको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि योगदान पुऱ्याउने दूरदृष्टि राखेको छ । पालिका भित्र रहेका समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् पालिकाको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूको व्यवस्था गरिएका छन् । यस शिक्षा क्षेत्र योजनामा लक्षित नतिजाहरूमार्फत् शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलतालाई प्राथमिकतामा राखिएका छन्।

यस पालिकाको शिक्षा क्षेत्रको योजना तयारीको नेतृत्व माथागढी गाउँपालिकाकाको सामाजिक विकास समितिबाट भई पालिका अध्यक्ष ज्यूबाट योजना निर्माणका लागि आवश्यक अन्य संरचना निर्माण, विभिन्न सरकारी, दातृनिकाय (ब्रिटिश काउन्सिल) र गैरसरकारी निकायहरू तथा ब्यक्तिहरुसँग समन्वय साथै आवश्यक निर्णय र मार्गदर्शन प्राप्त भएको थियो। योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि प्राविधिक समिति गठन गरी जिम्मेवारी तोकिएको थियो ।

यो योजना तयारीका क्रममा पालिका भित्रका स्वास्थ्य, कृषि, वन, पूर्वाधार, आदि शाखाहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । पालिका भित्रका विभिन्न समुदायहरू, विभिन्न निकाय र ब्यक्तिहरू, विद्यालयहरूका प्र.अ., शिक्षक, बि.व्य.स.सँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा आठओटै वडाका सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदार ब्रिटिश काउन्सिलको आर्थिक र प्राविधिक सहयोग तथा सहभागिता निरन्तर रहेको थियो।

### १.३.१ योजना निर्माणमा विभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि देहाय बमोजिमकाक अध्ययन तथा समीक्षाहरू भएका थिए:
तल उल्लिखित विभिन्न विषयक्षेत्रका दस्तावेजहरूको अध्ययन र विश्लेषणहरूले यस पालिकाको शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययन र विश्लेषणहरू योजना तर्जुमा समिति

र ब्रिटिश काउन्सिलको प्राविधिक सहयोगमा विशेषज्ञद्वारा गरिएका थिए । ती अध्ययनहरू निम्नानुसार रहेका छन्ः

- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (२०८१ मा अद्यावधिक गरिएको)
- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,
- पन्ध्रौ र सोहौं पन्चबर्षीय योजनाहरू
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, पन्ध्रौ योजना लगायत आवधिक योजना,
- दिगो विकास लक्ष्य राष्ट्रिय प्रारूप
- स्थानीय विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट
- Recovery and Accelerated Learning (ReAL) Plan२०२३२०२८-
- विद्यालय शिक्षामा समता रणनीति
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८ र २०७८
- विभिन्न राजनैतिक दलका घोषणापत्रहरू
- विद्यालय सुधार योजनाहरू र
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूका शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि ।

उल्लिखित दस्तावेजहरूको अध्ययनका आधारमा शिक्षा क्षेत्रको योजना तर्जुमा समितिका तर्फबाट पालिकाको शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको छ।यो योजना तर्जुमाका क्रममा यस पालिकाले विभिन्न समितिहरूको गठन गरी ती समितिले बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यस्थापन तथा विकास, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, समता र समावेशीकरण, दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना र प्रविधि, सुशासन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनका विषय क्षेत्रहरू समेटेर योजनाको प्रारम्भिक मस्यौदा तयार गरेका थिए।

### १.३.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना सल्लाहकार समितिः** यस पालिकाको अध्यक्षज्यूको अध्यक्षतामा रहेको योजना सल्लाहकार समितिमा प्रशासकीय प्रमुख, अन्य शाखाका प्रमुखहरू, निबृत्त प्र.अ., क्याम्पस प्रमुख लगायतको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक समितिः** शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको सहभागितामा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा गठित योजना प्राविधिक समूहमा योजना शाखाका प्रमुख, निबृत्त प्र.अ., शिक्षा शाखाका सहायक गरी ४ जनाको सहभागिता रहेको थियो ।
- **विषयगत अध्ययन समूहहरूः** माथि उल्लेख भएअनुसार पालिकाले सम्बन्धित विषय क्षेत्रमा कार्यरत र अनुभव भएका कर्मचारीहरू, प्र.अ., शिक्षकहरूको संलग्नतामा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **योजना तर्जुमा समितिः** पालिकाले समाजिक विकास समितिको संयोजकको अध्यक्षतामा सम्बन्धित विषय क्षेत्रमा काम गर्ने १ जना विज्ञ तथा कर्मचारी, प्र.अ.हरू र शिक्षकहरू सम्मिलित शिक्षा शाखा प्रमुख

सदस्य सचिव सहितको ९ सदस्य योजना तर्जुमा समिति गठन गरी उक्त समितिले विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गरेको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित योजना तर्जुमा समितिबाट तयार भएको प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि योजना तर्जुमा समिति सहित विज्ञ टिमले काम गरेको थियो । यस क्रममा उल्लिखित विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययन लगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति र योजना सल्लाहकार समितिमा छलफल र पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान राखेर यो योजनाको अन्तिम मस्यौदा तयार गरिएको छ ।

# परिच्छेद दुई

# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

माथि परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय र प्रदेश स्तरको शैक्षिक परिवेशहरूको समिक्षा सहित यस पालिकाको परिवेशमा उठान गरिएका मुख्य समस्याहरू, चुनौती तथा अवसर र सम्भावनाहरूले पालिकाको शिक्षा क्षेत्रको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा यस माथागढी गाउँपालिकाले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २ २.दीर्घकालीन सोच (Vision)

"व्यावसायिक,प्राविधिक र जिवन पर्यन्त शिक्षामा वृद्धि, प्रविधिमैत्री गुणस्तरीय शिक्षा माथागढीको समृद्धि"

## २.३ ध्येय (Mission)

बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, बालमैत्री तथा अपाङ्गतामैत्री, प्रविधीमैत्री, वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.४ उद्देश्य (Objectives)

१. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूको विस्तार र सेवामा अभिवृद्धि गर्नु ,

२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षाको अनिवार्य सुनिश्चित गरी तोकिएका उमेर समूहका सबैको समता र समावेशीमुलक पहुँच (लिङ्ग, जातजाति, भाषा, अपाङ्ग एवम् विशेष आवश्यकता भएका, पिछडा बर्ग, आदि सबैको) पूर्ण सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चितता गर्नु ।

३. माध्यमिक शिक्षाबाट हुने सङक्रमण दरमा वृद्धि गरी उच्च शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्ने र सामाजिक-आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु ,

४. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सीप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र क्षमता अनुसारको सीप विकासका अवसरहरूलाई पालिकाको आवश्यकतामा सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,

५. राष्ट्रिय र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सबै विद्यार्थीहरूमा तोकिएका सिकाइ उपलब्धिहरू हासिल गरी कक्षागत र तहगत तोकिएका सक्षमता पुरा गर्नु,

६. सबै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाई प्रत्येक विद्यार्थीले प्राप्त गरेको ज्ञान र सीपलाई सान्दर्भिक र गुणस्तर बनाउनु,

७. आपतकालीन र सङ्कटपुर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु,

८. विद्यालय नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता, निरन्तर अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षणका क्षेत्रमा सबैको क्षमता अभिवृद्धि गरी विद्यालयका सबै प्रकारका क्रियाकलापमा सरोकारवालाहरुको सहभागिता सिनिश्चित गर्नु,

९. सबै उमेर समूहका लागि आवश्यकताका आधारमा अनौपचारिक र निरन्तर तथा जीवनप्रयन्त शिक्षा र सिपको सुनिश्चित गरी औपचारिक शिक्षावाट वञ्चित वालवालिकालाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मूलधारमा ल्याई पहुँच र सिकाइ अवसरको सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

यस शिक्षा क्षेत्रको योजनाको माथि तय गरिएका दीर्घकालीन सोच, ध्येय र उद्धेश्यहरू पुरा गर्नका लागि यस पालिकाले विद्यमान स्रोत/साधन, जनशक्ति, क्षमता र आगामी दिनमा व्यवस्थापन गर्न सक्ने स्रोत/साधनलाई आकलन गरी निम्नानुसारका रणनीतिहरु अवलम्बन गर्ने तय गरेको छ ।

१. योजनाको पहिलो वर्षमा पालिका तहमा समग्र शैक्षिक सर्वेक्षण गर्ने जस जसमा विद्यालय नक्शांकन र शिक्षा सँग सम्बन्धित अन्य क्षेत्रहरु (कृषि,स्वास्थ्य र अन्य) समेत समावेश गर्ने र सोको प्राप्तिका आधारमा यस योजनाले समेट्न नसकेका विषय र क्षेत्रहरूलाई (लक्षित स्थान र वर्गको अवस्थाः आर्थिक, शैक्षिक, भौतिक, आदिका आवश्यकता र गर्नुपर्ने कार्यक्रमहरु) समावेश गरी योजनाको अद्यावधिक गर्ने साथै उपर्युक्त स्थानमा बालविकास र विद्यालयको स्थापना र हाल सञ्चालनमा रहेका विद्यालयहरुको अधिकतम उपयोग गर्न तिनको समग्र व्यवस्थापन (कक्षा/तह थप तथा घटुवा गर्ने) र उपलब्ध स्रोत/साधनहरूको अधिकतम प्रयोग गर्ने,

२. सामुदायिक विद्यालयप्रति बालबालिका, अभिभावक र समुदायको आकर्षण, बिश्वास र अपनत्वको भावनालाई अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन, विद्यालय सुधार योजनालाई गुणस्तरमुखी बनाई सो अनुसारको आर्थिक र प्राविधिक सहयोग प्रणाली विकास र अनिबार्य रूपमा कार्यान्वयन गराउने, विद्यार्थीमैत्री विद्यालय प्रारूप (CFS) को निर्माण, कार्यान्वयन र अनुगमन गर्ने ।

३. सबै बालविकास केन्द्र/कक्षाहरूमा तोकिएका न्युनतम सक्षमताका सर्तहरू पुरा गर्न र तिनको निरन्तरताका लागि आवश्यक स्रोत/साधनहरुको व्यवस्थापन गरी ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको पहुँच र सिकाइ सुनिश्चित गर्ने ।

४. ५ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई कम्तीमा १ वर्षको बालविकास/पूर्व प्रा.बि.को अनुभव सहित कक्षा १ मा प्रवेश गराउने ।

५. कक्षा १ मा प्रवेशपछि सबै बालबालिकाको पढाई निरन्तरता र उपयुक्त समयावधि भित्र कम्तीमा कक्षा ८ सम्मको शिक्षा पुरागर्न सक्ने वातावरण निर्माणका लागि कक्षा १ मा सुधार शिक्षण सिकाइ कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने,

६. यस पालिकाका बहुसङ्ख्यक मानिसहरू कृषि पेसामा रहेकाले त्यस्ता समुदायमध्ये आर्थिकरुपले विपन्न भनी पहिचान भएका परिवारका बालबालिकाको शैक्षिक अवसरको लागत (जसका बालबालिकाहरू घरायसी र खेतीपातीको काममा सहभागी हुन अनिवार्य छ) बापत परिवारलाई उपलब्ध गराउने (आर्थिक, सीप विकास, व्यवसाय वा अन्य विधिबाट) र त्यस्ता बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता, सहभागिता र सिकाइमा सुधार गर्ने ।

७. आगामी ५ वर्ष भित्र सबै तहका शिक्षकहरूलाई पूर्ण तालिम प्राप्त गर्ने र विद्यालय तहको शिक्षा साथै अनौपचारिक शिक्षा अन्तर्गतका क्रियाकलापहरूको गुणस्तरीयता र सान्दर्भिकताको सुनिश्चितता गर्न सबै शिक्षकहरूलाई कक्षाकोठा लक्षित पेसागत सहायतालागि आवश्यक पर्ने स्रोत/साधनको उचित व्यवस्था गर्ने ।

८. तोकिएका मापदण्ड अनुसार सबै विद्यालयहरुमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार साथै भौतिक निर्माणको लागि आवश्यक स्रोत/साधन व्यवस्थापन गर्ने यसका यसकालागि सम्बन्धित बि.व्य.स. र समुदायको क्षमता विकास र सहभागिता सुनिश्चित गर्ने ।

९. प्रत्येक विद्यार्थीको सिकाइ सक्षमताको जिम्मेवारी र जवाफदेहिता वहन गर्ने गरी सबै विद्यालय र सम्बन्धित शिक्षकहरूलाई तयार गर्ने सो कुराहरू School Improvement Plan (SIP) र Child Ffriendly School Framework (CFSF) मा विश्लेषणसहित राख्न लगाउने साथै सोको अर्धवार्षिकरूपमा छलफल र समीक्षा गर्ने र सोही आधारमा SIP र CFSF को अध्यावधिकरण गर्ने संयन्त्र निर्माण गर्ने ।

१०.प्रत्येक कक्षाका विद्यार्थीले विषयगतरूपमा प्राप्त गरेको सिकाइ सक्षमता अर्थात् सिकाइ उपलब्धिलाई प्रत्येक शिक्षकले प्राप्त गर्ने सुविधासँग जोडने (यसलाई विद्यालयको वार्षिक उत्सवमा शिक्षकगत उपलब्धिकारूपमा अनिवार्य रूपमा सार्वजनिक गर्ने) साथै स्थायी शिक्षकले का.स.मु.बापत पाउने अङ्क यसैका आधारमा पाउने व्यवस्था गर्ने ।

११.कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि पालिकाको शिक्षा शाखाको संयोजनमा हाल सञ्चालनमा रहेका विद्यालयहरूमध्ये कक्षा ९-१०/९-१२ सञ्चालनमा रहेका विद्यालयहरूलाई (शिक्षा विषय सञ्चालन गरिरहेका कलेज भए तिनलाई समेत) अगुवा विद्यालयको रूपमा विकास गरी पालिका स्तरमा सबै शिक्षकहरूको पेसागत दक्षता तथा क्षमता अभिवृद्धि गर्ने (पालिका/वडा स्तरमा विषयगत समूह गठन, पाठ्यक्रम/पाठ्यपुस्तक अनुसारका विषयवस्तुहरूका आधारमा विषयगत रूपमा शिक्षकको शुक्रबारे बैठक/छलफल/अभ्यास...) र तालिम तथा पेसागत दक्षता तथा क्षमता अभिवृद्धि कार्यक्रमबाट प्राप्त ज्ञान/सीपहरूलाई कक्षाकोठामा हुने विद्यार्थी शिक्षण-सिकाइमा प्रभावकारी रूपमा प्रयोग गर्ने आवश्यक स्रोत/साधनको सुनिश्चित गर्ने ।

१२.स्थानीय पाठ्यक्रमलाई मूल विषयका विषयवस्तुहरूको परिपूरक हुने गरी निर्माण तथा परिमार्जन गरी शिक्षण सिकाइमा स्थानीय क्रियाकलापहरूको निर्माण र कार्यान्वयन गर्ने ।

१३.सुधारात्मक विद्यार्थी मूल्याङ्कनमा बढी जोड दिई प्रत्येक विद्यार्थीको सिकाइ सुनिश्चितता गर्ने र हाल कार्यान्वयनमा रहेको निरन्तर विद्यार्थी मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन प्रत्येक विद्यालय स्तरमा प्राविधिक सहयोग उपलब्ध गराउने ।

१४.विद्यालयमा हरित विद्यालयको अवधारणा अनुसार सबै विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक र अन्य वातावरणको हिसाबले पूर्ण बनाउने ।

१५.विद्यालयमा हुने अतिरिक्त र अन्य क्रियाकलापमा सबै बालबालिकाको पहुँच सुनिश्चित गरी क्षमता अनुसारको व्यक्तित्व विकासमा सहयोग पुर्‍याउने ।

१६.यस पालिकाको आधारभूत तह (कक्षा १-५) मा STR ज्यादै न्यून रहेकाले आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्ष ९-१२) मा देखिएको विषयगत शिक्षकको अभावलाई कक्षा १-५ सम्म अध्यापनकालागि नियुक्त भएका तर विषयगत योग्यता भएका शिक्षकबाट पालिका तहबाटै पूर्ति गर्ने र आगामी दिनमा रिक्त हुन आउने तल्लो तहका दरबन्दीमा पनि कक्षा ६-१२ क लागि विषयगत शिक्षकको पुर्ती गर्ने गरी शिक्षक नियुक्तिका वैकल्पिक उपायहरु अवलम्वन गर्ने र सो व्यवस्थापनका बारेमा प्रदेश र सङ्घीय मन्त्रालयको पनि सहयोग लिने ।

१७.**"समाज-विद्यार्थी-विद्यालय"** को त्रिकोणात्मक सम्बन्धको साङ्लोलाई कसिलो र प्रभावकारी बनाउन विद्यालयको परिवेश र आवश्यकताका आधारमा विद्यालयस्तरमै अभिभावक शिक्षा र सचेतनाका कार्यक्रमहरु निर्माण गरी विद्यालय र विद्यार्थीहरुका प्रत्येक क्रियाकलापमा (विद्यालय व्यवस्थापन र सञ्चालन, बिधार्थी भर्ना र दैनिक उपस्थिति, शिक्षण र सिकाइ, सामाजिकीकरण र संस्कृति जगेर्ना/हस्तान्तरण, सामाजिक-आर्थिक वृद्धि र स्थायित्व, गुणस्तर र वाह्य सक्षमता, आदि) अभिभावकहरूको सहयोग र निरन्तर अनुगमन/निगरानीको वातावरण सिर्जना गर्न आवश्यक स्रोत र संयन्त्रको व्यवस्था गर्ने ।

१८.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चितताका लागि आवश्यक स्रोतको व्यवस्थाका लागि सम्बन्धित निकाय र ब्यक्तिसँग समन्वय र सहकार्यको खोजी गर्ने र यस कार्यलाई निरन्तरता दिने साथै हाल उपलब्ध सुविधाहरूको प्रभावकारी कार्यान्वयन गर्न ज्ञान, सीप र क्षमता सहितको दक्ष शिक्षकहरू तयार गर्ने । साथै हालको शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गरी विद्यालय देखि पालिका तहसम्मको तथ्यमा आधारित योजना निर्माण, योजनाको कार्यान्वियन, अनुगमन, मुल्याङ्कन, स्रोतको व्यवस्थापन र सहयोग पद्धतिको विकास गर्ने ।

१९.अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुलाई स्थानीय सरोकारवालाहरूको दैनिक जीवन र स्थानीय आय-आर्जनसँग जोडी विस्तार र निरन्तरता दिने, यसका लागि पालिका, जिल्ला र प्रदेश स्तरका प्राविधिक र व्यावसायिक सीप र सेवा प्रदायक सरकारी तथा गैर-सरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरी पालिका तहमा उपलब्ध आर्थिक क्रियाकलापलाई आधुनिकीकरण गर्ने ।

२०.पालिकाको शिक्षा शाखाको जनशक्ति वृद्धि र तिनको संस्थागत क्षमता विकासका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्ने ।

२१.सबै विद्यालयको व्यवस्थापकीय क्षमता र नेतृत्व विकासमा क्षमता अभिवृद्धि गर्ने ।

२२.स्थानीय आवश्यकताका आधारमा माध्यमिक तहको प्राविधिक शिक्षामा कम्तीमा २५% विद्यार्थीहरूको पहुँच बिस्तार गर्ने ।

२३.आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थाका विपद्हरूको व्यवस्थापन, जलवायु परिवर्तनका लागि विद्यालयमा आधारित व्यवहारिक अभ्यास, उद्धार, परामर्श र पूर्वावस्थामा ल्याउने व्यवस्था गर्न स्रोत/साधन, जनशक्ति

र संयन्त्रको व्यवस्था, योजना निर्माण र कार्यान्वयन गरी सबै बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई पूर्णरुपमा सुनिश्चित गर्ने । यसका लागि सम्बन्धित सरकारी तथा गैर-सरकारी सङ्घसंस्थासँग आर्थिक र प्राविधिक सहयोगका क्षेत्रमा समन्वय र सहकार्य गर्ने ।

२४.शिक्षा क्षेत्रमा सुशासन प्रवर्धन अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक प्राविधिक सहायताका कार्यहरूका लागि आवश्यक संयन्त्रको विकास गर्ने ।

२५.शिक्षा क्षेत्रमा हाल भइरहेको लगानी बैज्ञानिक र आवश्यकतामा आधारित बनाउने, यसका लागि माथि बुँदा १ मा उल्लिखित शैक्षिक सर्वेक्षणबाट समग्र शैक्षिक अवस्था, आवश्यकता र आपूर्तिका पक्षहरूको विषय समावेश भएको शैक्षिक तथ्याङ्क/सूचनाको भण्डार हुनेछन् (उदाहरणका लागिः तहगत प्रति विद्यार्थी लागत र खर्च कति हुन्छ भन्ने पत्ता लगाईने छ) तिनको प्राविधिक विश्लेषणबाट पालिकामा उपलब्ध आर्थिक, भौतिक ,प्रविधि/प्राविधिकर , मानवीय स्रोतसाधन/हरूको पर्याप्तता कसरी गर्ने र यस पालिकाको हालको शैक्षिकक्षेत्रको अवस्थालाई आगामी ५ वर्षभित्र नमुनाको रूपमा कसरी प्रस्तुत गर्ने भन्ने पक्ष समेटिने छन्, आदि।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाहरूमा तोकिएका न्यूनतम सक्षमताका सर्तहरू पुरा भई ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको पहुँच र सिकाइ सुनिश्चित हुने छ ।

२. ५ वर्ष उमेर समूहका सबै बालबालिकाहरूले कम्तीमा १ वर्षको बालविकास/पूर्व प्रा.बि. शिक्षाको अनुभव सहित आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नेछन् ।

३. ५ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको कक्षा १ मा प्रवेश सुनिश्चित भएपछि तिनको पढाई निरन्तरता र निर्धारित समयावधिभित्र पाठ्यक्रममा तोकिएका न्यूनतम सिकाइ सक्षमतासहित आधारभूत तह (कम्तीमा कक्षा ८ सम्मको शिक्षा) पुरा गरेका हुनेछन् ।

४. कक्षा ८ सम्म पुगेका सबै विद्यार्थीहरु माध्यमिक तहमा प्रवेश गरी कक्षा १२ सम्मको शिक्षा पुरा गर्नेछन्, जसबाट हाल रहेको आधारभूत तहबाट माध्यमिक तहमा हुने सङ्क्रमण दर ६७.३% बाट योजनाको अन्त्य सम्ममा ९५.५% हासिल हुने छ ।

५. आधारभूत तहको कक्ष ६-८ र माध्यमिक तहमा योग्यता र तालिमप्राप्त विषयगत शिक्षकहरू उपलब्धता हुनेछ र आधारभूत र माध्यमिक तहका विद्यार्थीहरुको गुणस्तरीय सिकाइ अभिवृद्धि भई यी तहका विद्यार्थीहरुले हाल हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरू तथा सिकाइ उपलब्धि सबै विषयको औसतमा ५०.०% को हाराहारीबाट वृद्धि भई ८५% प्रतिशमा पुग्ने छ ।

६. माध्यमिक तह सम्मको शिक्षा पुरा गरेकामध्ये कम्तीमा ६७.३% बाट योजनाको अन्त्य सम्ममा ७५.०% विद्यार्थीले उच्च शिक्षामा निरन्तरता दिनेछन् ।

७. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुने ।

८. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने ।

९. विद्यालय तहको पाठ्यक्रम अनुसारको शिक्षण सिकाइमा सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीय लगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख हुने ।

१०.सबै तहका विद्यालयमा सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट सबै विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।

११. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

१२. आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

१३.सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका मुख्य कार्य सम्पादन सूचकहरू र तिनको परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

| सूचक हरुको क्षेत्र | मुख्य कार्य सम्पादन सुचक/ आर्थिक वर्ष | इकाई | सूचकहरूको विगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | | | | |
| १.१ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | जम्मा | ९५.५ | ८९.५ | ८८.८ | ९०.४ | १०८.७ | १०८.२ | १०७.८ | १०७.३ | १०६.८ | १०६.४ | १०५.९ | १०५.५ | १०५.० |
| | | छात्र | ९८.६ | ८१.६ | ८०.९ | ९८.६ | ११४.१ | ११३.२ | ११२.४ | १११.५ | ११०.७ | १०९.९ | १०९.० | १०८.२ | १०७.४ |
| | | छात्रा | ९२.२ | ९९.४ | ९८.७ | ८२.० | १०३.० | १०३.० | १०२.९ | १०२.८ | १०२.८ | १०२.७ | १०२.७ | १०२.६ | १०२.६ |
| | | | | | | | | | | | | | | | |
| | | जम्मा | ८२.७ | ८३.२ | ८५.६ | ९५.७ | ९३.८ | ९४.५ | ९५.३ | ९६.१ | ९६.९ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| १.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | छात्र | ७९.८ | ८०.५ | ८५.२ | ९७.६ | ९३.८ | ९४.६ | ९५.३ | ९६.१ | ९६.९ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| | | छात्रा | ८५.९ | ८६.० | ८६.० | ९३.८ | ९३.८ | ९४.५ | ९५.३ | ९६.० | ९६.८ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| | | जम्मा | ९६.४ | १०४.९ | १०७.८ | १०२.५ | ९१.१ | ९३.०१ | ९४.९६ | ९६.९ | ९९.० | १०१.१ | १०३.२ | १०५.३ | १०७.५ |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | छात्र | ९६.८ | १०७.० | १०७.४ | १००.६ | ८९.९ | ९१.७८ | ९३.७० | ९५.७ | ९७.७ | ९९.७ | १०१.८ | १०३.९ | १०६.१ |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | छात्रा | ९६.१ | १०२.९ | १०८.१ | १०४.६ | ९२.५ | ९४.४२ | ९६.४० | ९८.४ | १००.५ | १०२.६ | १०४.७ | १०६.९ | १०९.२ |
| | | जम्मा | ९५.० | ९५.० | ९७.७ | ९५.६ | ६०.१ | ६४.०६ | ६८.२७ | ७२.८ | ७७.५ | ८२.६ | ८८.१ | ९३.८ | १००.० |
| | | छात्र | ९५.३ | ९५.३ | ९८.१ | ९७.० | ५९.१ | ६३.११ | ६७.४० | ७२.० | ७६.९ | ८२.१ | ८७.७ | ९३.६ | १००.० |
| | | छात्रा | ९४.६ | ९४.६ | ९७.३ | ९४.१ | ६१.३ | ६५.१४ | ६९.२५ | ७३.६ | ७८.३ | ८३.२ | ८८.५ | ९४.१ | १००.० |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | जम्मा | १००.२ | १०४.९ | १०५.७ | १०२.५ | ९४.२ | ९५.७ | ९७.३ | ९८.८ | १००.४ | १०२.० | १०३.७ | १०५.३ | १०७.० |
| | | छात्र | १००.२ | १०७.० | १०२.५ | १००.८ | ८९.५ | ९१.३ | ९३.१ | ९५.० | ९६.९ | ९८.९ | १००.९ | १०२.९ | १०५.० |
| | | छात्रा | १००.२ | १०२.९ | १०९.१ | १०४.३ | ९९.३ | १००.५ | १०१.६ | १०२.८ | १०४.० | १०५.२ | १०६.५ | १०७.७ | १०९.० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | ९७.१ | ९७.१ | ९७.१ | ९५.३ | ६४.८ | ६८.४ | ७२.२ | ७६.३ | ८०.५ | ८५.० | ८९.७ | ९४.८ | १००.० |
| | | छात्र | ९७.० | ९७.० | ९७.० | ९५.४ | ६२.९ | ६६.७ | ७०.६ | ७४.९ | ७९.३ | ८४.१ | ८९.१ | ९४.४ | १००.० |
| | | छात्रा | ९७.२ | ९७.२ | ९७.२ | ९५.२ | ६६.८ | ७०.३ | ७३.९ | ७७.७ | ८१.७ | ८६.० | ९०.४ | ९५.१ | १००.० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | जम्मा | ० | ० | ० | ० | ३७.७ | ४३.३ | ४३.३ | ४९.८ | ५७.३ | ६५.८ | ७५.७ | ८७.० | १००.० |
| | | छात्र | ८६.९ | ९६.३ | ९६.३ | ९८.२ | ९६.३ | ९६.८ | ९७.२ | ९७.७ | ९८.१ | ९८.६ | ९९.० | ९९.५ | १००.० |
| | | छात्रा | ८५.६ | ९४.३ | ९४.३ | ९९.४ | ९६.३ | ९६.८ | ९७.२ | ९७.७ | ९८.१ | ९८.६ | ९९.० | ९९.५ | १००.० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ८८.२ | ९१.६ | ९८.२ | ९६.७ | ९६.३ | ९६.८ | ९७.२ | ९७.७ | ९८.१ | ९८.६ | ९९.० | ९९.५ | १००.० |
| | | राष्ट्रिय | ८०.३ | ८९.६ | ८९.६ | ९४.५ | ८९.८ | ९०.९ | ९२.० | ९३.१ | ९४.२ | ९५.३ | ९६.५ | ९७.६ | ९८.८ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | स्थानीय | ७९.५ | ८७.९ | ८७.९ | ९४.८ | ८९.८ | ९०.७ | ९१.६ | ९२.६ | ९३.५ | ९४.५ | ९५.४ | ९६.४ | ९७.४ |

| सूचक हरुको क्षेत्र | मुख्य कार्य सम्पादन सुचक/ आर्थिक वर्ष | इकाई | सूचकहरूको विगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| | | राष्ट्रिय | ८१.२ | ९१.१ | ९१.१ | ९४.० | ८९.८ | ९०.७ | ९१.६ | ९२.६ | ९३.५ | ९४.५ | ९५.४ | ९६.४ | ९७.४ |
| २.७ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | जम्मा | ० | ० | ० | ० | २९.४ | २३.२ | २३.२ | १८.२ | १४.४ | ११.३ | ८.९ | ७.० | ५.५ |
| | | छात्र | ० | ० | ० | ० | २६.६ | २०.९ | २०.९ | १६.४ | १२.९ | १०.२ | ८.० | ६.३ | ४.९ |
| | | छात्रा | ० | ० | ० | ० | ३२.५ | २५.६ | २५.६ | २०.१ | १५.८ | १२.५ | ९.८ | ७.७ | ६.१ |
| | | राष्ट्रिय | १.०० | ०.९६ | १.०६ | १.०३ | १.११ | १.१० | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०६ | १.०५ | १.०४ |
| | | छात्र | ९९.४ | १०४.३ | १०८.३ | १०६.५ | ९७.१ | ९९.१ | ९८.५ | १०१.१ | १०२.२ | १०३.२ | १०४.३ | १०५.४ | १०६.५ |
| | | छात्रा | ९९.३ | १०५.९ | १०६.६ | १०५.३ | ९५.५ | ९८.५ | ९८.० | १००.५ | १०१.६ | १०२.७ | १०३.८ | १०४.९ | १०६.१ |
| | | प्रदेश | ९९.६ | १०२.६ | ११०.२ | १०७.८ | ९८.९ | ९९.७ | ९९.२ | १०१.८ | १०२.८ | १०३.८ | १०४.९ | १०५.९ | १०७.० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | जम्मा | ९६.३ | ९६.३ | ९६.३ | ९४.५ | ६३.४ | ६६.६ | ६८.० | ७४.४ | ७८.७ | ८३.२ | ८७.९ | ९२.९ | ९८.२ |
| | | छात्र | ९५.५ | ९५.५ | ९५.५ | ९४.३ | ६२.८ | ६६.४ | ६७.८ | ७४.१ | ७८.४ | ८२.८ | ८७.५ | ९२.५ | ९७.८ |
| | | छात्रा | ९७.१ | ९७.१ | ९७.१ | ९४.६ | ६४.१ | ६६.९ | ६८.३ | ७४.७ | ७९.० | ८३.५ | ८८.३ | ९३.३ | ९८.७ |
| | | राष्ट्रिय | ७६.४ | ८५.२ | ८५.२ | ९५.२ | ९०.१ | ९१.३ | ९२.५ | ९३.७ | ९४.९ | ९६.२ | ९७.४ | ९८.७ | १००.० |
| २.१ | आधारभूत तह (कक्षा १-५) को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | स्थानीय | ७५.८ | ८३.२ | ८३.२ | ९६.१ | ९०.२ | ९१.४ | ९२.६ | ९३.८ | ९५.० | ९६.२ | ९७.५ | ९८.७ | १००.० |
| | | प्रदेश | ७७.१ | ८७.५ | ८७.५ | ९४.९ | ९०.१ | ९१.३ | ९२.५ | ९३.७ | ९४.९ | ९६.२ | ९७.४ | ९८.७ | १००.० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | ७१.१ | ८१.६ | ८१.६ | ९०.१ | ८१.२ | ८२.८ | ८४.४ | ८६.१ | ८७.८ | ८९.६ | ९१.३ | ९३.१ | ९५.० |
| | | छात्र | ६९.९ | ७९.५ | ७९.५ | ८९.४ | ८१.३ | ८२.९ | ८४.५ | ८६.२ | ८७.९ | ८९.७ | ९१.४ | ९३.३ | ९५.१ |
| | | छात्रा | ७२.२ | ८४.० | ८४.० | ९१.१ | ८१.२ | ८२.८ | ८४.४ | ८६.१ | ८७.८ | ८९.५ | ९१.३ | ९३.१ | ९४.९ |
| | | राष्ट्रिय | १.०० | ०.९७ | १.०३ | १.०२ | १.०४ | १.०१ | १.०० | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | जम्मा | ९५.५ | ८९.५ | ८८.८ | ९०.४ | १०८.७ | १०८.२ | १०७.८ | १०७.३ | १०६.८ | १०६.४ | १०५.९ | १०५.५ | १०५.० |
| | | छात्र | ९८.६ | ८१.६ | ८०.९ | ९८.६ | ११४.१ | ११३.२ | ११२.४ | १११.५ | ११०.७ | १०९.९ | १०९.० | १०८.२ | १०७.४ |
| | | छात्रा | ९२.२ | ९९.४ | ९८.७ | ८२.० | १०३.० | १०३.० | १०२.९ | १०२.८ | १०२.८ | १०२.७ | १०२.७ | १०२.६ | १०२.६ |
| २.१३ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | जम्मा | ८२.७ | ८३.२ | ८५.६ | ९५.७ | ९३.८ | ९४.५ | ९५.३ | ९६.१ | ९६.९ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| | | छात्र | ७९.८ | ८०.५ | ८५.२ | ९७.६ | ९३.८ | ९४.६ | ९५.३ | ९६.१ | ९६.९ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| | | छात्रा | ८५.९ | ८६.० | ८६.० | ९३.८ | ९३.८ | ९४.५ | ९५.३ | ९६.० | ९६.८ | ९७.६ | ९८.४ | ९९.२ | १००.० |
| २.१४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | जम्मा | ९६.४ | १०४.९ | १०७.८ | १०२.५ | ९१.१ | ९३.०१ | ९४.९६ | ९६.९ | ९९.० | १०१.१ | १०३.२ | १०५.३ | १०७.५ |
| | | छात्र | ९६.८ | १०७.० | १०७.४ | १००.६ | ८९.९ | ९१.७८ | ९३.७० | ९५.७ | ९७.७ | ९९.७ | १०१.८ | १०३.९ | १०६.१ |
| | | छात्रा | ९६.१ | १०२.९ | १०८.१ | १०४.६ | ९२.५ | ९४.४२ | ९६.४० | ९८.४ | १००.५ | १०२.६ | १०४.७ | १०६.९ | १०९.२ |
| २.१५ | आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | स्थानीय | ९५.० | ९५.० | ९७.७ | ९५.६ | ६०.१ | ६४.०६ | ६८.२७ | ७२.८ | ७७.५ | ८२.६ | ८८.१ | ९३.८ | १००.० |
| | | प्रदेश | ९५.३ | ९५.३ | ९८.१ | ९७.० | ५९.१ | ६३.११ | ६७.४० | ७२.० | ७६.९ | ८२.१ | ८७.७ | ९३.६ | १००.० |
| | | राष्ट्रिय | ९४.६ | ९४.६ | ९७.३ | ९४.१ | ६१.३ | ६५.१४ | ६९.२५ | ७३.६ | ७८.३ | ८३.२ | ८८.५ | ९४.१ | १००.० |
| | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | जम्मा | ०.७ | २.३ | २.८ | ५.० | १०.८ | ९.८ | ८.९ | ७.९ | ६.९ | ६.० | ५.० | ४.० | ३.० |
| | | छात्र | ०.९ | ४.२ | ४.३ | ५.४ | १०.६ | ९.७ | ८.७ | ७.८ | ६.८ | ५.८ | ४.८ | ३.८ | २.८ |
| | | छात्रा | ०.४ | ०.१ | १.१ | ४.६ | ११.० | १०.० | ९.१ | ८.१ | ७.१ | ६.१ | ५.२ | ४.१ | ३.१ |
| २.२० | आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ४४.० | ४४.६ | ४६.६० | ४७.२० | ६७.६ | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| २.२१ | आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | २८.९ | ३०.५ | २९.१० | ३०.८० | ४४.४ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४६ |
| २.२२ | आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ३६.५ | ३७.६ | ३७.८५ | ३९.०० | ६३.५ | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६५ | ६५ | ६५ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | | | | | | |

| सूचक हरुको क्षेत्र | मुख्य कार्य सम्पादन सुचक/ आर्थिक वर्ष | इकाई | सूचकहरूको विगतको प्रगती प्रबित्ती | | | | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 19/20 | 20/21 | 21/22 | 22/23 | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | *जम्मा* | ६७.२ | ७२.३ | ८३.० | ७३.४ | ५०.३ | ५५.१ | ५९.३ | ६४.० | ६९.० | ७४.६ | ८०.८ | ८७.५ | ९५.० |
| | | *छात्र* | ६६.६ | ७५.२ | ९१.२ | ७१.३ | ४४.५ | ५०.२ | ५४.७ | ५९.६ | ६५.० | ७१.१ | ७७.९ | ८५.५ | ९४.० |
| | | *छात्रा* | ६७.९ | ६९.७ | ७५.४ | ७५.४ | ५६.२ | ५६.३ | ६०.६ | ६५.३ | ७०.४ | ७६.० | ८२.१ | ८८.७ | ९६.० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | *जम्मा* | ५०.१ | ५२.१ | ५७.१ | ५१.६ | २२.८ | २७.१ | ३१.७ | ३७.० | ४३.४ | ५०.८ | ५९.७ | ७०.१ | ८२.५ |
| | | *छात्र* | ४९.५ | ५१.२ | ५६.६ | ४९.६ | २०.४ | २५.६ | ३०.० | ३५.२ | ४१.४ | ४८.८ | ५७.५ | ६८.० | ८०.६ |
| | | *छात्रा* | ५०.७ | ५२.९ | ५७.७ | ५३.४ | २५.३ | २९.४ | ३४.१ | ३९.५ | ४५.९ | ५३.४ | ६२.१ | ७२.४ | ८४.४ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | *स्थानीय* | १.०२ | ०.९३ | ०.८३ | १.०६ | १.२६ | १.१२ | १.११ | १.१० | १.०८ | १.०७ | १.०५ | १.०४ | १.०२ |
| ३.४ | आधारभूत तह बाट माध्यमिक तहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | *जम्मा* | ८५.८ | ९१.५ | ९१.५ | ८९.३ | ६७.३ | ७०.५४ | ७३.९९ | ७७.६१ | ८१.४० | ८५.३९ | ८९.५६ | ९३.९४ | ९८.५४ |
| | | *छात्र* | ८४.४ | ९१.१ | ९१.१ | ८५.९ | ६५.५ | | | | | | | | |
| | | *छात्रा* | ८७.३ | ९१.९ | ९१.९ | ९२.२ | ६८.६ | | | | | | | | |
| ३.५ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | *जम्मा* | ७२.९ | ८०.९ | ८०.९ | ९१.४ | ७७.९ | ८०.२ | ८२.५ | ८४.९ | ८७.३ | ८९.९ | ९२.५ | ९५.२ | ९७.९ |
| | | *छात्र* | ७०.१ | ७९.८ | ७९.८ | ९१.३ | ७८.० | ८०.३ | ८२.६ | ८५.० | ८७.४ | ८९.९ | ९२.५ | ९५.२ | ९८.० |
| | | *छात्रा* | ७५.३ | ८२.१ | ८२.१ | ९२.० | ७७.९ | ८०.२ | ८२.५ | ८४.९ | ८७.३ | ८९.९ | ९२.५ | ९५.२ | ९७.९ |
| ३.६ | *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | स्थानीय | | | | | ५१.० | ५५.३ | ५५.३ | ६०.० | ६५.० | ७०.५ | ७६.५ | ८३.० | ९०.० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | १७.४ | १८.६ | १८.६५ | २०.०० | ३४.५ | ३५.५ | ३६.६ | ३७.७ | ३८.८ | ४०.० | ४१.२ | ४२.४ | ४३.७ |
| ३.८ | जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सञ्चालन गर्ने विद्यालयहरुमा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या | स्थानीय | | | | | ५.३ | ६.२ | ७.३ | ८.७ | १०.२ | १२.१ | १४.३ | १६.९ | २०.० |
| | सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये कक्षा ९-१२ मा विज्ञान विषयमाभर्ना भएका जम्मा विद्यार्थी प्रतिशत | स्थानीय | | | | | ८.३ | ९.४ | ९.४ | १०.७ | १२.१ | १३.७ | १५.५ | १७.६ | २०.० |
| ३.९ | कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय_Nepali | | | | | ६३.० | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ७८.७ | ८२.३ | ८६.१ | ९०.० |
| | | स्थानीय_English | | | | | ४९.० | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | ६६.६ | ७०.८ | ७५.२ | ८०.० |
| | | स्थानीय_Math | | | | | ५४.० | ५७.२ | ६०.५ | ६४.० | ६७.७ | ७१.७ | ७५.९ | ८०.३ | ८५.० |
| | | स्थानीय_Science | | | | | ३७.० | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ५९.९ | ६६.० | ७२.७ | ८०.० |
| ४ | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | | | | | |
| ४.१ | ५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | | | | | ८३.३ | ८५.२६ | ८७.२३ | ८९.२४ | ९१.२९ | ९३.३९ | ९५.५५ | ९७.७५ | १००.०० |
| ४.२ | १५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | | | | | ७९.८ | ८२.०७ | ८४.४२ | ८६.८४ | ८९.३२ | ९१.८८ | ९४.५१ | ९७.२१ | १००.०० |
| ४.३ | १५ देखि २४ वर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | | | | | ९९.१ | ९९.२० | ९९.३१ | ९९.४२ | ९९.५४ | ९९.६५ | ९९.७७ | ९९.८८ | १००.०० |
| ४.४ | १५ वर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचकाङ्क | स्थानीय | | | | | ०.८२ | ०.८४ | ०.८७ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ | ०.९८ | १.०० |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | | | | | | | |
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | | | | | | १५ | १६ | १७ | १८ | १९ | १९ | २० | २१ | २३ |
| ६.२ | आधारभूत तह (कक्षा १-५) | | | | | | ९ | १० | ११ | १३ | १५ | १७ | १९ | २२ | २५ |
| ६.३ | आधारभूत तह (कक्षा ६-८) | | | | | | २९ | ३० | ३० | ३१ | ३२ | ३३ | ३४ | ३४ | ३५ |
| ६.४ | आधारभूत (कक्षा १-८) | | | | | | १४ | १५ | १७ | १९ | २० | २३ | २५ | २७ | ३० |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१०) | | | | | | २५ | २६ | २७ | २८ | ३० | ३१ | ३२ | ३४ | ३५ |
| ६.६ | माध्यमिक तह (कक्षा ११-१२) | | | | | | २० | २१ | २२ | २३ | २४ | २६ | २७ | २९ | ३० |
| ६.७ | माध्यमिक विद्यालय (कक्षा ९-१२) | | | | | | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २८ |
| ७ | शिक्षामा लगानी | | | | | | | | | | | | | | |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस योजनाको परिच्छेद दुईमा पहिचान गरिएका यस माथागढी गाउँपालिकाकाको शिक्षा क्षेत्रको दश वर्षे योजना (२०२३/२४ -२०३१/३२) का दीर्घकालीन सोच, उद्देश्य र रणनीतिका आधारमा यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरु समावेश गरी विश्लेषण गरिएको छ । योजनाका सबै प्रमुख उपक्षेत्रहरु यस परिच्छेद अन्तर्गत समेटिने भएकोले पनि योजनामा यो परिच्छेद महत्त्वपूर्ण परिच्छेद हो । योजनाको यस परिच्छेदमा शिक्षा क्षेत्रका प्रमुख उपक्षेत्रहरु अन्तर्गत प्रारम्भिक बालविकस शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक व्यवस्थापन र सबलीकरण, अनौपचारिक शिक्षा, निरन्तर र आजीवन सिकाइ, विद्यालय दिवा खाजा कार्यक्रम, बृहत विद्यालय सुरक्षा कार्यक्रम, शिक्षामा सूचना र प्रविधि, गुणस्तरीय सार्वजनिक शिक्षा र समावेशी शिक्षासम्बन्धी आगामी ५ वर्षको (आ.ब.२०८०/०८१-२०८९/०९०) लागि कार्यक्रम र बजेट सहितको योजना प्रस्तुत गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

बालबालिकाहरूको मस्तिष्कको ८० प्रतिशत भाग जीवनको पहिलो तीन वर्षभित्र विकसित हुन्छ । त्यसैले बालबालिकाहरूलाई उनीहरूको प्रारम्भिक दिनहरूमा विशेष हेरचाह, उत्साह र उपयुक्त वातावरण चाहिन्छ, जसमा परिवार, समुदाय, स्थानीय संस्थाहरू र विद्यालयहरू उनीहरूको समग्र विकासमा सहयोगी हुन्छन् साथै यिनीहरूबाट सञ्चालन हुने बाल विकास कार्यक्रमहरूः- स्वस्थ, राम्रो पोषण, हानिबाट सुरक्षित, आत्म-मूल्य र पहिचानको भावना, उत्साह र सिक्ने अवसरहरूको साथै हुर्कन सुनिश्चित गर्ने जस्ता पक्षहरूले मानव विकासको बलियो जग बसाल्दछन् । गर्भधारणको समयदेखि बालबालिकाको प्रारम्भिक वर्षहरूमा गरिने लगानी विद्यालय उमेर (५ वर्ष) पछिको लगानीभन्दा बढी फलदायी हुने वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन् । त्यसैले प्रारम्भिक बालविकास र शिक्षामा गरिने लगानी मानव विकासको लागि प्राकृतिक सुरुवात बिन्दु हो । विगत सन् २००१ देखि विश्वव्यापीरुपमा सबै मुलुकहरुले बालबालिकाहरुको सर्वाङ्गीण विकासमा पहिलो प्राथमिकताका साथ प्रशस्त लगानी गरिरहेको अवस्था छ । जसमा बालबालिकासम्बन्धी कार्यक्रमहरूमा बालबालिकाहरूले आफ्नो बारेमा सोच्न, प्रभावकारी रूपमा सञ्चार र संवाद गर्न, अरूसँग भेटघाट तथा सामाजिकीकरण हुन् र आफ्नो परिवार (पछि तिनीहरूको समुदाय र राष्ट्र) मा सक्रिय भूमिका खेल्न सक्ने सिकाइमा केन्द्रित गरिएको पाइन्छन् । यसैले कुनै पनि मुलुकको भोलिको अवस्था कस्तो हुन्छ भन्ने कुराको आकलन र अनुमान गर्नका लागि त्यस मुलुकका बालबालिकाहरुको वर्तमान अवस्थामा कस्तो छ भन्ने कुरालाई हेर्नु पर्ने हुन्छ ।

हाम्रो सन्दर्भमा नेपालको संबिधान २०७२ र बाल अधिकार र कल्याण ऐन २०४८ ले बालबालिकाको अधिकारलाई रक्षा गर्न स्पष्ट प्रावधान राखेसंगै तत्कालीन समयमा कार्यान्वयन सुरू भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो (BPEP II सन् १९९९-२००२) ले प्रारम्भिक बालविकास र शिक्षासम्बन्धी कार्यक्रमहरू सुरुवात गरेको पाइन्छ । यस पश्चात नेपाल सरकारले सन् २००४ मा प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीतिको विकास र कार्यान्वयनको सुरुवात गर्‍यो। यस रणनीतिलाई गति दिन सबैका लागि शिक्षा कार्यक्रम (EFA) २००४ मा रणनीतिक कार्यक्रमहरु मार्फत सुनिश्चित गरिएको थियो । प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा ऐन/नियमबाटै व्यवस्थित गर्न शिक्षा ऐन, २०२८ (आठौं संशोधन) मा ४ वर्ष उमेर पुरा भएका बालबालिकालाई लक्षित गरी दिइने शिक्षालाई

प्रारम्भिक बालविकास र शिक्षा भनी परिभाषित गरिएको छ यसलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा स्थापित गरी समुदाय र विद्यालय स्तरमा बाल विकास केन्द्रहरु व्यवस्थापन र सञ्चालन हुँदै आएकाछन् ।

### ३.१.१ वर्तमान अवस्था

अन्तर्राष्ट्रिय स्तरमा ० देखि ८ वर्षको उमेरलाई प्रारम्भिक बालविकासको उमेर मानिएको भएता पनि नेपालको सन्दर्भमा ४ वर्षका बालबालिकालाई मात्र यसमा समेटिएको छ त्यसैले यस योजनाले ४ वर्षका बालबालिकाहरुलाई १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा जोड दिएको छ ।मुलुकले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता गरेअनुरूप यस पालिकाले यो दश वर्षे शिक्षा क्षेत्रको योजना तर्जुमा र कार्यान्वयनबाट लक्षित उमेर समूहका सबैका लागि शिक्षा प्रदान गर्ने हेतु योजनाको यस परिच्छेदमा प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमसम्बन्धी सघन कार्यक्रमहरु आगामी आ.ब. २०२४/२५-२०८५-८६ सम्मक लागि तय गरेको छ। यस पालिकामा प्रारम्भिक बालविकास र शिक्षामा सहजै देखिने भर्नादर १०८.७ प्रतिशत र प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिएर कक्षा १ मा नयाँ प्रवेश दर ९३.८ प्रतिशत छ । हाल पालिका भित्र जम्मा ४४ वटा बालविकास केन्द्र/पूर्व प्रा.बि. छन्, जसमा ४२ वटा समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द सञ्चालनमा छन् ।जम्मा ४४ वटा बालविकास केन्द्र/पूर्व प्रा.बि.मा ८२३ बालबालिकाहरुले बालविकास कार्यक्रमको पहुँच पाएका छन् । यस स्थितिमा यस पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनका लागि हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्रको योजना (SESP) का लक्ष्यहरुलाई नै आधार मानी आगामी १० वर्षको लक्ष्यहरू तय गरेको छ ।

### ३.१.२ उद्देश्य

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,
२. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु,
३. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र प्रर्याप्त भौतिक एवम् आर्थिक स्रोतको सुनिश्चतता गर्नु ।
४. बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउँदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु ।
५. सबै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित निःशुल्क आधारभूत शिक्षाको पहूँच सुनिश्चित गर्नु ।
६. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुका लागि पोषण एवम् स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु ।

### ३.१.३ रणनीति

प्रारम्भिक बालविकास र शिक्षाका माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न आगामी ५ वर्षमा निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरणमा लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नका लागि सरकारी र गैर-सरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२. तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्व तयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुमा सञ्चालन भइरहेको बालविकासको शिक्षा अवधिलाई समायोजन गरी २ वर्षको बनाउनका लागि कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३. प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यो तहको शिक्षालाई सबै बालबालिकाको लागि अनिवार्य गरिनेछ ।

४. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण लगायत सबै किसिमका अधिकारको सुनिश्चितताका लागि स्थानीय तह, अभिभावक र आमसंचार माध्ययमसंग सहकार्य गरिनेछ ।

५. सङ्घीय र प्रदेशस्तरीय प्रारम्भिक बालविकास सम्बन्धी कानुन, नीति, कार्यविधि आदिको अनुसरण गरी कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गरिनेछ ।

६. प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधारका गर्न प्रदेश तथा स्थानीय तहका सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिनेछ ।

७. लागत साझेदारीका आधारमा कम्तीमा एक विद्यालय,एक बाल विकास केन्द्रको अवधारणा अन्तर्गत स्थानीय तहमार्फत बाल विकास केन्द्रको पुनर्बितरण र विस्तार गरिनेछ ।

८. पालिका तहमा प्रारम्भिक बालविकास प्राविधिक विज्ञ मानव संशोधनको विकास, संरक्षण उपयोग र प्रवर्द्धन गरिनेछ ।

९. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री,सिकाइ सामग्री,मनोरञ्जन सामग्री,अडियो भिडियो सामग्री सहित आकर्षक,मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यमा सरोकारवालाहरूसँग सहकार्य गरिनेछ ।

१०. बालविकास उमेरका आफ्ना सन्ततीहरुलाई अनिवार्य रुपमा बालविकास तथा शिक्षामा भर्ना गर्न र घरायसी वातावरणलाई बालमैत्री बनाउन आवश्यक कानुन बनाई अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

११. बाबुआमा नभएका अनाथ बालबालिकाको निम्ति विभिन्न सामाजिक संघसंस्था र मनकारी सामाजिक अभियन्ताहरुसँग सहकार्य र समन्वय गरी उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान गर्नका अभिभावकको भूमिका निर्वाह प्रोत्साहन र सहजीकरण गरिनेछ ।

१२. पाँच वर्षभन्दा कम उमेर समूहका बालवालिकाहरुलाई अनिवार्य रुपमा पूर्व प्राथमिक शिक्षा प्रदान गर्न सबै विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

१३. सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोगलाई समेत जोड दिइनेछ ।

१४. प्रारम्भिक बालविकास र शिक्षाको अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशत उच्च भएका विद्यालयहरुमा केन्द्रित गर्दै विद्यालयमा आधारित, समुदायमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमको व्यवस्था गर्न सहजीकरण गरिनेछ ।

१५. प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई समयानुकुलको तलव सुविधाका साथै योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गरिनेछ ।

१६. विभिन्न संघसंस्थासँगको साझेदारीमा स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. बालबालिकाको सर्वाङ्गीण विकास एव विद्यालय शिक्षाको पूर्व तयारीका लागि अभिभावक शिक्षा, (आमा शिक्षा) सम्बन्धी कार्यक्रम सञ्चालनका लागि संघीय र प्रदेश सरकारसँग समन्वय सहकार्य र सहलगानीको मोडेल अवलम्बन गरिनेछ ।

१८. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारीताका लागि स्थानीयस्तरमा उपलब्ध कम मूल्यका (No Cost Low Cost) स्रोतसाधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन र उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) को कार्यान्वयनको सुनिश्चित गरीनेछ ।

१९. अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङ्गताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको स्थापना र सुदृढीकरणका गरिनेछ ।

२४. प्रारम्भिक बाल विकास र शिक्षा तथा/ पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तीमा एक जना शिशु वा बालस्याहार कार्यकर्ता व्यवस्थापन गर्न नीतिगत प्रवन्ध गरी पालिकाको लगानीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) प्रमुख उपलब्धि**

यस योजनाको कार्यान्वयनबाट निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन् ।

१. चार वर्ष उमेर सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा प्राप्त गरी कक्षा १ का लागि तयार हुने ।

२. लक्षित उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भई यसको सकारात्मक असर शिक्षाका अरु तहमा समेत प्रतिविम्बित हुने ।

३. प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाहरूलाई बाल शिक्षा, स्वास्थ्य, पोषण र बाल सुरक्षासम्बन्धी एकीकृत सेवा सहज रूपमा उपलब्ध हुन गई उनीहरूको समग्र विकासको अवस्थामा सुधार हुने ।

## ख) प्रमुख नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य सूचक र तिनको नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ३.१: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तीमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | ५०.० | ५३.३ | ५६.८ | ६०.५ | ६४.५ | ८३.२ |
| २ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाइ सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ६०.८ | ६४.७ | ६८.८ | ७३.२ | ७७.९ | १००.० |
| २ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तीमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ४८.८ | ५१.९ | ५५.२ | ५८.७ | ६२.५ | ८०.० |
| ३ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) जम्मा | ८४.८ | ८६.६ | ८८.४ | ९०.२ | ९२.१ | १००.० |
| | छात्र | ८७.६ | ८९.१ | ९०.६ | ९२.१ | ९३.६ | १००.० |
| | छात्रा | ८२.२ | ८४.२ | ८६.३ | ८८.५ | ९०.७ | १००.० |
| ४ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED): जम्मा | १०८.७ | १०८.२ | १०७.८ | १०७.३ | १०६.८ | १०५.० |
| | छात्र | ११४.१ | ११३.२ | ११२.४ | १११.५ | ११०.७ | १०७.४ |
| | छात्रा | १०३.० | १०३.० | १०२.९ | १०२.८ | १०२.८ | १०२.६ |
| ५ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in ECED GER) | ०.९० | ०.९१ | ०.९० | ०.९२ | ०.९३ | ०.९६ |
| ६ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in ECED NER) | ०.९४ | ०.९५ | ०.९४ | ०.९६ | ०.९७ | १.०० |
| ७ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ११.२ | ११.२ | ११.२ | ११.२ | ११.२ | ११.२ |
| ८ | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | १.३ | १.४ | १.५ | १.६ | १.७ | २.२ |
| ९ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | ४.४ | ३.६ | ३.० | २.५ | २.१ | १.० |
| १० | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत: जम्मा | ९३.८ | ९४.५ | ९५.३ | ९६.१ | ९६.९ | १००.० |
| | छात्र | ९३.८ | ९४.६ | ९५.३ | ९६.१ | ९६.९ | १००.० |
| | छात्रा | ९३.८ | ९४.५ | ९५.३ | ९६.० | ९६.८ | १००.० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्था निम्नानुसार हुनेछन:

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई दुई वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।

२. कक्षा१ मा प्रवेश गर्ने सवै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित हुने ।

३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा पेसाप्रति समर्पित, योग्य र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ।

४. पाठ्यक्रम परिमार्जन र अनुकुलनसिहत कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीयता सुनिश्चित हुने ।
५. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरूको विकास र सञ्चालन हुने ।
६. सामुदायिक र संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेका बालविकास तथा शिक्षा कार्यक्रमहरुमा समयावधिका हिसावले एकरुपता हुने ।
७. अनाथ बालबालिकाहरुका निम्ति पालिकाले अभिभावकको भूमिका निर्वाह गरेको हुने ।
८. बालविकास तथा शिक्षा उमेरका सन्ततिका अभिभावकहरु कानुनी एवम् नैतिक हिसाबले सन्ततिको शिक्षाका लागि जिम्मेवार र जवाफदेही हुने ।
९. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरूका जिम्मेवार हुने ।

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ। यस उपक्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै बालविकास केन्द्रहरूमा आधारभूत मापदण्ड पुरा भई सबै बालबालिकाको गुणस्तरीय सेवा पाउने अधिकार सुनिश्चत हुनेछ। यस प्रयोजनका लागि संवैधानिक प्रत्याभूति अनुसार बालबविकास तथा शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक वार्ड र विद्यालयतहमा आ-आफ्नो परिवेश अनुकुलको कार्य-योजना निर्माण गरी कार्यान्वयन गर्नेछन्। योजना कार्यान्वयनका लागि पालिकाले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ।

तालिका ३.२ः प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यान्वयन गर्ने | बालबालिका | ६७७ | ६८५ | ६९४ | ७०२ | ७११ | |
| २ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुविधाको व्यवस्था | बा.बि.कक्षा /केन्द | ७ | १३ | १४ | ८ | ४२ | |
| ३ | प्रारम्भिक विकासका बालबालिकाको समग्र विकास र सिकाइका लागि पूर्ब-बाल्यावस्थाको सिकाइका मापदण्डहरूको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | |
| ४ | तोकिएका आधारहरू पुरा गरेका आधारमा र ECED केन्द्र र शिकहरूलाई कार्य सम्पन्न अनुदान | बा.बि.कक्षा /केन्द | ८ | ८ | ८ | ८ | ८ | |
| ५ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | शिक्षक | ४२ | ४२ | ४२ | ४२ | ४२ | |
| ६ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | शिक्षक | ४२ | ४२ | ४२ | ४२ | ४२ | |
| ७ | ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | कक्षा/केन्द | ४२ | ४२ | ४२ | ४२ | ४२ | |
| ८ | ECED कक्षाहरूका सिकाइ सामग्री र बिद्धुतीय सिकाइ सामग्रीकालागि अनुदान | कक्षा/केन्द | ४२ | ४२ | ४२ | ४२ | ४२ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| ९ | ECED कक्षाहरूमा अध्ययनरत विभिन्न प्रकारका अपाङ्गता भएका र तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुविधाका लागि बजेट अनुदान | विद्यार्थी | ५ | ५ | ५ | ६ | ६ | |
| | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षाले मानव जीवनलाई आत्मनिर्भर, सरल, सहज र व्यवस्थित बनाउँछ। मानिसलाई मानवोचित जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सीप, दक्षता हासिल गराउने शिक्षा आधारभूत शिक्षा हो। आधारभूत शिक्षाले माध्यमिक शिक्षाको जग बसाल्ने र देश विकासको मेरुदण्डको भूमिका खेल्दछ । विश्वमा यस तहको शिक्षालाई भिन्न भिन्न संरचनामा राखिएको पाइन्छ । नेपालको सन्दर्भमा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्मको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनेको छ । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । सबैका लागि शिक्षा, विद्यालय क्षेत्र सुधार कार्यक्रम आदि योजना तथा कार्यक्रमहरुले समेत आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखिएको थियो । हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्रको योजनाले आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको देखिन्छ ।

नेपालमा प्राथमिक शिक्षाको इतिहासलाई हेर्ने हो भने राष्ट्रिय शिक्षा आयोग २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ र नयाँ राष्ट्रिय पद्धतिको योजना २०२८ ले योजनाबद्ध र प्रगतिशील कदम चालेको पाइन्छ । देशमा बहुदलीय व्यवस्थाको प्रार्दुभाव भई सकेपछि २०४९ सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले यसको गुणात्मक तथा सङ्ख्यात्मक सुधारका लागि व्यावहारिक उपायहरु अवलम्वन गरेको पाइन्छ । विशेषतः २०२८ सालको नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजनाले यस तहको शिक्षामा आमूल परिपवर्तन ल्याई पाठ्यक्रममा सुधार, शिक्षक तालिम, विद्यालय निरीक्षण, अनुगमन, विद्यालयको भौतिक पक्षमा सुधार जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याएको पाइन्छ । यस योजनाको प्रस्तुत खण्डमा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजा स्वरूप यस पालिकामा जम्मा ४४ वटा विद्यालयहरु सञ्चालनमा छन, जसमध्ये ४० वटा (९०.९%) सामुदायिक विद्यालयहरू सञ्चालनमा छन्। आधारभूत तह कक्षा १-५ मा १,७८६ र कक्षा ६-८ मा

१,२६८ गरी कक्षा १-८ मा जम्मा ३,०५४ (४९.१% छात्रा) अध्ययनरत विद्यार्थीमध्ये २,६७२ (५०.०% छात्रा) विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । यस पालिकाको आधारभूत तहको (कक्षा १-८) उमेर समूहका (५-१२ वर्ष) बालबालिकाको जम्मा जनसङ्ख्या ३,२७४ सँग हाल अध्ययनरत विद्यार्थी सङ्ख्यालाई तुलना गर्दा विद्यार्थीहरुको कुल भर्नादर ९३.३ प्रतिशत (९३.९% छात्राको) र कक्षा १ देखि ८ को खुद भर्नादर ६२.८ प्रतिशत (६३.८% छात्राको) रहेको छ, जसमा ३०.५% विद्यार्थीहरू तोकिएको उमेर समूह भन्दा बढी उमेरका रहेको पाइन्छ भने आधारभूत तह (कक्षा १-८) का उमेर समूहका बालबालिकाको भर्ना दर (Age Specific Enrolment Rate अर्थात् ASER) (८७.४%) का आधारमा अझै पनि आधारभूत तहको उमेर समूहका बालबालिका मध्ये करिब १२.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् ।

यस पालिकाकोको आधारभूत तहको शिक्षाको आन्तरिक सक्षमताको विश्लेषण गर्दा विगत आठ वर्ष अगाडि कक्षामा १ मा भर्ना भएका बालबालिकाहरूमध्ये क्रमशः कक्षा ८ सम्म पुग्ने दर ९०.१% छ, आठौं वर्ष सम्म अध्ययनमा टिक्ने दर ८५.७% र  ८ कक्षा पुरा गर्ने दर ८१.२% रहेको पाइन्छ । यसले के देखाउँछ भने यस पालिकाकोको आधारभूत शिक्षाको पहुँच साथै बालबालिकाहरूको विद्यालय प्रवेश पछिको निरन्तरता र आन्तरिक सक्षमतामा निकै कमजोर रहेको पाइन्छ । जुन कक्षा १ मा हुने कुल नयाँ भर्ना दर ९१.१% र कक्षा १-५ को कुल भर्ना दर ८७.९% अपेक्षा भन्दा कम हुँदा कक्षा ६-८ को खुदभर्ना दर ६१.५% मा सीमित रहेको तथ्यले पनि प्रमाणित गर्दछ । यस पालिकाको शिक्षा क्षेत्रमा यी सूचकहरू कमजोर हुनु भनेको आधारभूत तहमा गरिएको लगानी करिब १२.०% ले खेर गइरहेकोछ भन्ने बुझिन्छ ।

### ३.२.३ उद्देश्य

प्रस्तुत माथागढी गाउँपालिकाकाको दश वर्षे शिक्षा क्षेत्रको योजनाले सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुका लागि समतामूलक किसिमबाट गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने मुख्य उद्देश्यलाई पुरागर्नका लागि निर्धारण गरेका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत शिक्षा पुरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु ।
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.२.३ रणनीति

माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ :

१. जनसाङ्ख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गरिने कार्यमा सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाउनुका साथै आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा दण्डित हुनेकुरा अभिभावक सचेतनाशिक्षा/ सञ्चालन गरिनेछ ।

३. पालिकाको क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक/अनौपचारिक/ खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि) मिलाउन सङ्घ र प्रदेश सरकार साथै दातृ समुदाय र अन्य सरोकारवालाहरू सँग समन्वय र सहकार्य गर्नेछ ।

४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्न समन्वय र सहजीकरण गरिनेछ ।

५. सबै आधारभूत विद्यालयहरूमा भवन कक्षाकोठा फर्निचर प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित पुस्तकालय बुक कर्नर जस्ता ,न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्न आवश्यक समन्वय, सहजीकरण र सहलगानी गरिनेछ ।

६. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

७. शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने कार्यमा सहजीकरण र समन्वय गरिनेछ ।

९. पालिकाको जनशक्ति र शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापनका लागि प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१०.प्रदेश शिक्षा तालिम केन्द्र र पालिकाको संयुक्त प्राविधिक जनशक्ति मार्फत विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीको , क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११.विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न अन्य सम्बन्धित निकायहरू समेतको समन्वय र सहलगानीको व्यवस्था गरिनेछ ।

१२.विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराईने छ।

१३.पालिका तहको स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरुमा दिवाखाजाको व्यवस्थापन गरिनेछ ।

१४.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरे अनुसार विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन , भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गर्न विद्यालयहरूलाई सहयोग र सहजीकरण गरिने छ ।

१५.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार स्थानीय पेसा, व्यवसाय र प्रविधि एवम् मूल्य, मान्यता, संस्कार र रीतिरिवाजहरुको संरक्षण र संवर्द्धन गर्न र बालबालिकालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्नका लागि एक विद्यालय एक व्यवसायको अवधारणालाई स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जनको क्रममा समावेश गरी कार्यान्वयन गर्न विद्यालयहरुलाई सहजीकरण गरिनेछ ।

१६.विद्यालय शिक्षालाई प्रकोप ,सङ्कटापूर्ण अवस्था तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने

१७.विद्यालयहरुलाई प्रविधि सम्बन्धी सीप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यमा योजना तयार गराई कार्यान्वयन गर्नका लागि समन्वय र सहजीकरण गरिनेछ ।

१८.**"शिक्षक होइन कि अनुदान देउ हामी चाहेको गुणस्तर दिन सक्छौं"** भन्ने बि.व्य.स/.विद्यालयहरुलाई शिक्षकको सट्टा आवश्यक अनुदान उपलब्ध गराइ नमूनाकारुपमा सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

१९.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी विद्यालयहरूलाई सिकाइ सामग्री विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण , गरिनेछ ।

२०.शिक्षक व्यवस्थापन र तालिम सम्बन्धी सङ्घीय सरकारको मापदण्ड तथा पालिकामा हालको विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूमा नपुग शिक्षक दरवन्दी तथा सो बापतको अनुदान प्राप्तिका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहलगानी गरिनेछ ।

२१.पालिकाको शैक्षिक कार्यक्रमहरुको नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ ।

२२.निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी विद्यार्थीप्रति जवाफदेहिता सुनिश्चित र सुधारक लागि सङ्घीय र प्रदेश सरकारसँग प्राविधिक र आर्थिक सहयोगको पहल गरिनेछ ।

२३.विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने, आर्थिकरुपले विपन्न ,जनजाति ,दलित ,सीमान्तिकृत, द्वन्द्व पीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरुलाई उनीहरुको अवसर लागत (Opportunity cost) लाई समेत दृष्टिगत गरी छात्रवृत्ति र अन्य प्रोत्साहन कार्यक्रम सहजरुपमा उपलव्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरु उपलब्ध गराउन सम्बन्धित निकायहरू सँग समन्वय गरिनेछ ।

२४.आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षा सिकाइलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराइने छ ।

२५.आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गर्न समन्वय, सहकार्य र सहलगानी गरिनेछ ।

२६.पालिका ,राजनीतिक दल,स्थानीय बुद्धिजीवी,सरकारी तथा गैरसरकारी निकायहरुको साझेदारीमा सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितताको घोषणा गर्न वडाहरुलाई सहजीकरण र सहयोग उपलब्ध गराइनेछ ।

२७.पालिकाका सबै विद्यालयहरुमा विद्यालय सुधार योजना र बालबालिका मैत्री विद्यालय प्रारूप (CFSF)निर्माण तथा अद्यावधिक गर्न लगाइ स्थानीय स्रोतसाधन परिचालन गर्न सहजीकरण गरिनेछ ।

२८.सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार,समावेशी पूर्वाधार र शिक्षक तथा स्रोत सुनिश्चित गर्नका लागि आवश्यकताका आधारमा सहजीकरण र सहलगानी गरिनेछ ।

२९.आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्न वडा र अन्तर्गतका विद्यालयहरुसँग समन्वय र सहजीकरण गरिनेछ ।

३०.विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

३१.आधारभूत शिक्षालाई कानुनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस पालिकामा कार्यरत शिक्षक कर्मचारी तथा पदाधिकारीका बालबालिकाहरू सामुदायिक विद्यालयमा नै अध्ययन गराउनु पर्ने प्रावधान बनाई कार्यान्वयनका लागि सरोकारवाला सबैसँग सहकार्य र सहजीकरण गरिनेछ ।

३२.पालिका तहको शिक्षा क्षेत्रको सबै गतिविधिहरु सहीरुपमा कार्यान्वयन भए नभएको यकिन लगायत सुधारका पक्षहरूको पहिचान गर्न शैक्षिक अनुगमन र सुपरिवेक्षणको संयन्त्र बनाइ परिचालन गरिने छ ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) प्रमुख उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहूँच, निरन्तरता, सहभागिता र सिकाइ सुनिश्चित भइ सबै बालबालिकाले ८ वर्षमै गुणस्तरीय आधारभूत शिक्षा पुरा गरेको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

योजनाको कार्यान्वयनबाट आधारभूत शिक्षा उप-क्षेत्रका निम्न मुख्य सूचक र तिनमा हासिल हुने नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ३.३ः प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1 | ९१.१ | ९३.० | ९५.० | ९६.९ | ९९.० | १०७.५ |
| | छात्र | ८९.९ | ९१.८ | ९३.७ | ९५.७ | ९७.७ | १०६.१ |
| | छात्रा | ९२.५ | ९४.४ | ९६.४ | ९८.४ | १००.५ | १०९.२ |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1 | ६०.१ | ६४.१ | ६८.३ | ७२.८ | ७७.५ | १००.० |
| | छात्र | ५९.१ | ६३.१ | ६७.४ | ७२.० | ७६.९ | १००.० |
| | छात्रा | ६१.३ | ६५.१ | ६९.३ | ७३.६ | ७८.३ | १००.० |
| ३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ८७.९ | ८९.७ | ९१.५ | ९३.३ | ९५.२ | १०३.० |
| | छात्र | ८४.८ | ८६.८ | ८८.९ | ९१.० | ९३.१ | १०२.३ |
| | छात्रा | ९१.३ | ९२.७ | ९४.२ | ९५.७ | ९७.३ | १०३.६ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) जम्मा | ६३.७ | ६७.४ | ७१.३ | ७५.४ | ७९.८ | १००.० |
| | छात्र | ६१.३ | ६५.१ | ६९.३ | ७३.६ | ७८.३ | १००.० |
| | छात्रा | ६६.२ | ६९.७ | ७३.४ | ७७.३ | ८१.४ | १००.० |
| ५ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | १०२.० | १०२.५ | १०३.० | १०३.५ | १०४.१ | १०६.२ |
| | छात्र | १०५.९ | १०५.९ | १०६.० | १०६.१ | १०६.१ | १०६.४ |
| | छात्रा | ९८.० | ९९.० | १००.० | १००.९ | १०१.९ | १०५.९ |
| ६ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) जम्मा | ६१.५ | ६५.१ | ६८.९ | ७२.९ | ७७.१ | ९६.८ |
| | छात्र | ६३.० | ६६.४ | ७०.० | ७३.८ | ७७.८ | ९६.० |
| | छात्रा | ५९.९ | ६३.६ | ६७.६ | ७१.९ | ७६.४ | ९७.६ |
| ७ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ९३.३ | ९६.१ | ९५.६ | ९८.४ | ९९.६ | १०४.६ |
| | छात्र | ९२.७ | ९६.४ | ९५.९ | ९८.५ | ९९.६ | १०४.३ |
| | छात्रा | ९३.९ | ९५.९ | ९५.३ | ९८.३ | ९९.६ | १०४.८ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ६२.८ | ६६.२ | ६७.६ | ७४.१ | ७८.५ | ९८.४ |
| | छात्र | ६१.९ | ६५.८ | ६७.२ | ७३.७ | ७८.० | ९८.० |
| | छात्रा | ६३.८ | ६६.७ | ६८.१ | ७४.६ | ७८.९ | ९८.८ |
| ९ | आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | १.०१ | ०.९९ | ०.९८ | १.०० | १.०० | १.०० |
| १० | आधारभूत तह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in NER) | १.०३ | १.०१ | १.०० | १.०१ | १.०१ | १.०१ |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्था निम्नानुसार हुनेछनः

१. सबै बालबालिका गुणस्तरीय आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।
२. सम्बन्धित विद्यालयको सेवा क्षेत्र भित्रका बालबालिकाहरु सम्बन्धित विद्यालयमा नै अध्ययन गरेको हुने ।
३. संविधानको मर्मअनुसार आधारभूत शिक्षा निशुल्क र अनिवार्य रुपमा सञ्चालन भएको हुने ।ः
४. पर्याप्त सीप र सङ्ख्यामा भएका शिक्षकहरुले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने ।
५. सबै विद्यालयमा प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा भई न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
६. यस पालिकाकाका सबै विद्यालयहरुले निः शुल्क र अनिवार्य शिक्षा आ-आफ्नो विद्यालयमा लागू भएको भनी घोषणा गरेको हुने ।

७. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

८. आधारभूत शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

९. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) हुने ।

१०. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

११. पालिका र विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

१२. सबै अभिभावकहरु बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्यरुपले पुरा गराउनु पर्न सवालमा सजग र जिम्मेवार हुने ।

१३. विद्यालयहरुमा सञ्चार सूचना र प्रविधिको उपलब्धता र उपयोगको हिसाबले सम्पन्न हुने ।

१४. पालिका र विद्यालयमा सञ्चालन हुने सबै प्रकारका कार्यक्रम, क्रियाकलाप र गतिविधिहरू पारदर्शी भई सु-शासन कायम भएको हुने ।

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका आधारभूत तहको शिक्षासम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उपक्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै आधारभूत विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई यस तहका सबै बालबालिकाको गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार आधारभूत शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्र भागको जिम्मेवारी स्थानीय सरकारको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि यस पालिकाले आवश्यकता अनुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछन् ।

तालिका ३.४: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | शिक्षक | १७४ | १७५ | १७५ | १७५ | १७५ | |
| २ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | शिक्षक | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ३ | आधारभूत तह १-५ कालागि थप ..........वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | शिक्षक | ० | ० | ० | ० | १ | |
| ४ | सामुदायिक आधारभूत विद्यालय (कक्षा ६-८ तहमा) सञ्चालनमा रहेकामध्ये शुन्य दरबन्दी भएका विद्यालयलाई १ दरबन्दी बराबरको अंग्रेजी, गणित, र विज्ञान विषयको शिक्षक पूर्तिका लागि शिक्षण सहयोग अनुदान | शिक्षक | १ | १ | २ | ३ | ४ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| ५ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | २९ | २९ | २९ | २९ | २९ | |
| ६ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री र Book corner व्यवस्थापन/सञ्चालन अनुदान | विद्यार्थी | १४९६ | १४८१ | १५०० | १४९० | १५३६ | |
| ७ | सामुदायिक आधारभुत तह (कक्षा ६-८) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री र Book corner व्यवस्थापन/सञ्चालन अनुदान | विद्यार्थी | १००० | १०१८ | ९६२ | ९७४ | ९२७ | |
| ८ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च | विद्यार्थी | २३ | २३ | २३ | २३ | २३ | |
| ९ | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | |
| १० | आधारभूत तह (कक्षा १-५) का लागि प्र.अ.भत्ता | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ११ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्र.अ. | २९ | २९ | २९ | २९ | २९ | |
| १२ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्र.अ. | २९ | २९ | २९ | २९ | २९ | |
| १३ | बहुकक्षा/बहुभाषिक कार्यक्रम (MGML program) सञ्चालन भएका विद्यालयका लागि सञ्चालन अनुदान | विद्यालय | २ | २ | २ | २ | २ | |
| १४ | बहुभाषिक कार्यक्रम (ML program) सञ्चालन भएका विद्यालयका लागि सञ्चालन अनुदान | विद्यालय | २ | २ | २ | २ | २ | |
| १५ | कक्षा १-३ सम्म पढाई र गणित क्षेत्रका थप सिकाइ सामग्री छपाई र वितरणका लागि विद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | |
| १६ | आधारभूत तह (कक्षा १-५) का विद्यार्थीका लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यालय | १५०६ | १४९६ | १४८१ | १५०० | १४९<br>० | |
| १७ | आधारभूत तह (कक्षा ६-८) का विद्यार्थीका लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यालय | ११९२ | १००० | १०१८ | ९६२ | ९७४ | |
| १८ | आधारभूत तह (ECED देखि कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान (कर्णाली क्षेत्रका ५ जिल्लाका लागि रू.२५ र अन्यलाई रू. १५ र औसत रू.२० का दरले १८० दिनका लागि) | विद्यालय | २१७३ | २१६६ | २१९४ | २१९२ | २२४७ | |
| १९ | तोकिएका २२ जनजातिका विद्यार्थीमध्ये तोकिएको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छात्र/छात्रा सङ्ख्या (बिपन्न र साधारण छात्रवृत्ति बाहेक) | विद्यार्थी | २२२४ | २२२४ | २२२४ | २२२४ | २२२४ | |
| २० | अपाङ्गता भएका विद्यार्थीका लागि सहयोगी सहयता सेवा छात्रवृत्ति | विद्यार्थी | २३ | २३ | २३ | २३ | २३ | |
| २१ | अपाङ्गता भएका विद्यार्थीका लागि यातायात सेवा छात्रवृत्ति | विद्यार्थी | ७ | ५ | ५ | ५ | ५ | |
| २२ | अपाङ्गता भएका विद्यार्थीका लागि शैक्षिक सामग्री र प्रोत्साहन छात्रवृत्ति | विद्यार्थी | १४ | १४ | १४ | १४ | १४ | |
| २३ | आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये (कक्षा ६-८) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ३० | ३१ | २९ | २९ | २८ | |
| २४ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४८६ | ४९५ | ४६८ | ४७५ | ४५२ | |
| २५ | विद्यालयहरुमा Internet जडान, व्यवस्थापन र सञ्चालन बापतको बजेट अनुदान (१-५ संचलित विद्यालयलाई वार्षिक १२००० र १-८ संचलित विद्यालयलाई वार्षिक १५०००) | विद्यार्थी | २९ | २९ | २९ | २९ | २९ | |
| २६ | शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | विद्यार्थी | १ | १ | १ | १ | १ | |
| २७ | SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | विद्यार्थी | ४० | ४० | ४० | ४० | ४० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| २८ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | विद्यालय | ३६९ | ३६७ | ३७१ | ३९५ | ३२३ | |
| २९ | शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धन | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | |
| ३० | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोगका लागि Mentoring Mechanism को कार्यान्वयन | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | |
| ३१ | आधारभूत विद्यालयका IT स्रोत शिक्षकका लागि सुचना प्रविधिसम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | ६ | ६ | ६ | ६ | ६ | |
| ३२ | एकीकृत पाठ्यक्रमसम्बन्धी कष्टमाइज तालिम (अनलाईन समेत) | शिक्षक | १३ | १८ | २४ | २९ | ४० | |
| ३३ | स्थानीय तहको साझेदारीमा भौतिक निर्माण सर्वेक्षण तथा नक्शांकन | विद्यालय | ० | ४० | ० | ४० | ० | |

## उप-क्षेत्र ३ः माध्यमिक शिक्षा

### परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ ।

माध्यमिक तहमा साधारण र प्राविधिक धारका शिक्षा कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षाअन्तर्गत कक्षा ९-१२ मा सञ्चालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इञ्जिनियरिङ, इलेक्ट्रिकल इञ्जिनियरिङ र सङ्गीत गरी छ विषयक्षेत्र रहेका छन् । माध्यमिक शिक्षा अन्तर्गतको प्राविधिक धार बाहेक श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थाबाट एसईईपछि तीन वर्षका प्राविधिक शिक्षाका कार्यक्रमहरू विभिन्न विषयमा सञ्चालनमा रहेका छन् भने कक्षा १० पछि केही विषयमा प्राविधिक एसईईका कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन् । यस योजनाले साधारण माध्यमिक शिक्षा र विद्यालय शिक्षाअन्तर्गत सञ्चालित कक्षा ९-१२ प्राविधिक धारका कार्यक्रम मात्र समेटेको छ । कक्षा ११ र १२ मा प्राविधिक धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ ।

### ३.३.१ वर्तमान अवस्था

यस पालिकामा माध्यमिक तहसम्मको शिक्षामा सर्बसुलभ र समतामूलक तथा समान पहुँच सुनिश्चित गर्न हाल सम्म गरिएका प्रयासहरूको नतिजा स्वरूप जम्मा १३ वटा माध्यमिक विद्यालय तहहरु सञ्चालनमा छन्, जसमध्ये ११ (८४.६%) तह सामुदायिक विद्यालयहरूका तहहरू सञ्चालनमा छन् । यसै गरी जम्मा सामुदयिक विद्यालयमध्ये १ विद्यालयमा प्राविधिक धार सञ्चालनमा छ, १ सामुदायिक मा.वि.मा

नमूना विद्यालय सहितको कार्यक्रम छ। माध्यमिक तह कक्षा ९-१० मा ६४८ र कक्षा ११-१२ मा ३२६ (३३.५%) गरी कक्षा ९-१२ मा जम्मा ९७४ (५५.३% छात्रा) अध्ययनरत विद्यार्थीमध्ये ९२२ (५६.५% छात्रा) विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । यस पालिकाको माध्यमिक तहको (कक्षा ९-१२) उमेर समूहका (१३-१६ वर्ष) जम्मा जनसङ्ख्या १,७८,८६० सँग हाल माध्यमिक तहको नै अध्ययनरत विद्यार्थी सङ्ख्यालाई तुलना गर्दा यस तहको शिक्षामा विद्यार्थी पहुँच धेरै कम देखिन्छ । माध्यमिक तह (कक्षा ९-१०, ११-१२ र ९-१२) मा कुल भर्ना दर क्रमशः ७१.५% (७७.०% छात्राको), ३१.५ (३७.०% छात्राको) र ५०.६% (५६.८% छात्राको) रहेको छ भने खुद भर्ना दर क्रमशः ३२.०%, १५.०% र २३.१% रहेको छ । माध्यमिक तह कक्षा ९-१२ को कुल भर्ना दर र खुद भर्ना दरमा लैङ्गिक समता सूचक क्रमशः १.२८ र १.२५ रहेको छ । यसै गरी माध्यमिक तह (कक्षा १-१२) को उमेर समूहका (१३-१६ वर्ष) जनसङ्ख्यामध्ये हाल विद्यालयको कुनै पनि कक्षामा भर्ना भई अध्ययनरत (माध्यमिक र आधारभूत तहका कक्षामा समेत) विद्यार्थीहरुको भर्ना दर (Age Specific Enrolment Rate अर्थात् ASER) ६५.५% (छात्राको ६९.२%) रहेको छ । यसको आधारमा हेर्दा यस पालिकामा रहेका १३-१६ वर्ष उमेर समूहको कुल जनसङ्ख्या १,९०५ मध्ये ६५.५% विद्यालय शिक्षाको पहुँचमा रहेको देखिन्छ भने बाँकी विद्यालय बाहिर रहेका छन् वा अस्थायी बसाई सराइका कारण वा बिचैमा विद्यालय छोडेर बसेका हुन् सक्छन ।

माध्यमिक तहको शिक्षाको पहुँचका देखिएको कमजोर अवस्था झैं यस पालिकाको माध्यमिक तहको शिक्षामा आन्तरिक सक्षमताको विश्लेषण गर्दा विगत दश वर्ष अगाडि कक्षामा १ मा भर्ना भएका बालबालिकाहरूमध्ये क्रमशः कक्षा १० सम्म पुग्ने दर ७७.९% छ, दशौं वर्ष सम्म अध्ययनमा टिक्ने दर ७७.४% र १० कक्षा पुरा गर्ने दर ७२.४% रहेको पाइन्छ । यसले के देखाउछ भने यस पालिकामा विद्यार्थीहरूको विद्यालय प्रवेश पछिको (कक्षा १) निरन्तरता र आन्तरिक सक्षमतामा समस्या रहेको पाइन्छ । जुन कक्षा १ मा हुने कुल नयाँ भर्ना दर ९१.९% हुँदा कक्षा १-५ को कुल भर्ना दर ८७.९% र कक्षा ११-१२ को कुल भर्ना दर ३१.५% मा झरेको तथ्यले पनि प्रमाणित गर्दछ । यस पालिकाको शिक्षा क्षेत्रमा यी सूचकहरू कमजोर हुनु भनेको माध्यमिक तह (कक्षा ९-१२) मा गरिएको लगानीमध्ये करिब ५०.०% ले खेर गइरहेकोछ भन्ने बुझिन्छ । यसै गरी कक्षा १० बाट कक्षा ११ मा संक्रमण दर (Transition rate from Secondary Grade 10 to 11) ३१.९% (३३.९% छात्राको) मात्र रहेको देखिन्छ । यसले कक्षा ८ र कक्षा १० (एसईई) पछाडि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ ।

माध्यमिक तहको कक्षा ९-१२ मा अध्ययनरत जम्मा विद्यार्थीमध्ये दलित र जनजाति समुदायका विद्यार्थीहरू क्रमशः २०.९% र १२.३% छन् । यस प्रदेशमा रहेका दलित (११.७) र जनजाति (८२.७) समुदायका जनसङ्ख्याको तुलनामा माध्यमिक शिक्षामा सहभागिताको अनुपात समान रहेको देखिन्छ । माध्यमिक तहको (कक्षा ९-१२) जम्मा विद्यार्थीहरूमध्ये १.४% अपाङ्गता भएका विद्यार्थीहरू अध्ययनरत छन् ।

### ३.३.२ उद्देश्य

यस योजनाको माध्यमिक शिक्षा कार्यक्रमको समग्र उद्देश्यमा सबैको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई पालिका र समग्र देशको निम्ति मध्यम स्तर र उच्च शिक्षाका निम्ति अब्बल दर्जाको मानव संसाधन विकास गर्नु रहेको छ । यस योजनाले निर्दिष्ट गरेका अन्य विशिष्ट उद्देश्य निम्न बमोजिम छन् :

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउनु ।
३. राष्ट्रिय योग्यता प्रारूप अनुसार साधारण र प्राविधिक तथा ब्यावसायिक शिक्षा बिचको गतिशीलता (Mobility) र पार गम्यता (Permeability) सुनिश्चित गर्नु।
४. माध्यमिक शिक्षा पुरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन रोजगारी र निरन्तर ,सिकाइ का लागि तयार बनाउनु।
५. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु ।
६. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउनु ।
७. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तर्सम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
८. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै माध्यमिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु,

### ३.३.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. संघीय मापदण्डअनुसार स्थानीय तहले प्रदेश सरकारसँग आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण ,समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीयसरकारको समन्वयात्मक कार्य ढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिनेछ।
३. सिकाइलाई वास्तविक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूप अनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिनेछ ।
४. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ को कार्यान्वयन गर्ने क्रममा विद्यार्थी, स्थानीय तह र विद्यालयहरुको आवश्यकतामा आधारित गरी विद्यार्थीलाई कमाउँदै पढ्दै गर्ने वातावरणको समेत सिर्जना हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
५. माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमण दर बढाउन वैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन एवम् पालिकाको विकट एवम् दुर्गम वडाहरूमा आवश्यकताअनुसार आवासीय विद्यालयहरूको स्थापना र विस्तार गरिनेछ ।
६. पालिकाभरका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गरिनेछ ।
७. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पुरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गरिनेछ ।

८. आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी न्यून आर्थिक-सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच अभिबृद्धि गरिनेछ ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ ।

१०.शिक्षकहरूलाई निरन्तर अद्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन र योग्यता र तालिमप्राप्त विषय शिक्षकको व्यवस्था गरिनेछ ।

११.सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पुरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ ।

१२.प्रदेश सरकारको सहजीकरण र समन्वयमा पालिकाले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्नेछ।

१३.विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तर्सम्बन्धित गर्दै लगिनेछ ।

१४.सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनकालागि बिशेष) गरी छात्रा र पिछडिएका बर्गलाई (आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।

१५.माध्यमिक शिक्षामा मानव मुल्यमा आधारित शिक्षाको विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

१६.माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइनेछ ।

१७.न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी सबै विद्यालय, वि.व्य.स र शिक्षक साथै अभिभावकहरूलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्न सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

१८.संघीय सरकारको स्वीकृत मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधार अनुसार शिक्षक दरबन्दीको पुनर्वितरण समायोजन तथा थप गर्नका लागि ,सङ्घीय र प्रदेश सरकारसँग सहकार्य र सहलगानी गरिनेछ ।

१९.विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धतिमा सुधार गरिनेछ ।

२०. पालिकाको शिक्षा क्षेत्रको नतिजाहरूप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ ।

२१.विद्यार्थीलाई शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउन सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ ।

२२.विद्यालयमा रचनात्मक किसिमले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न इच्छुक विद्यालयहरुलाई उनीहरुको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

२३.निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ र  सुधारका क्षेत्र पहिचान गरिनेछ ।

२४. पालिका भित्र सञ्चालित माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न संघ र प्रदेश तहको प्राविधिक सहयोग र समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागू गरिनेछ ।

२५.सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवम् सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गरिनेछ ।

२६. वडातहबाटै विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण कार्यहरू हुनेगरी पालिका तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ ।

२७.शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरुसँग पालिकाले समन्वय साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने छ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्यमुख्य उपलब्धीहरू निम्नानुसार अपेक्षा गरिएको छ।

१. माध्यमिक तहमा भर्ना दर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पुरा गर्ने दरमा सुधार हुने ।

२. सबै विद्यार्थीहरूले सम्बन्धित तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका भई विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार हुने ।

३. विद्यार्थी भर्ना, कक्षा सहभागिता, सिकाइ उपलब्धिलगायत मुख्य शैक्षिक सूचकहरूमा लैङ्गिक, अपाङ्गता, आर्थिक, सामाजिक तथा भाषिक, स्थानीय ,प्रादेशिक र क्षेत्रीय पृष्ठभूमिमा आधारित भिन्नता घट्ने।

४. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी उक्त तहदेखि नै प्राविधिक सीप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रमबजार अनुकुल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदानगर्न सक्नेगरी क्षमता सुदृढ हुने ।

#### ख) प्रमुख नतिजाहरू

योजनाका माथि उल्लिखित अपेक्षाहरू पुरा गर्नका लागि निम्नानुसारका सूचकहरूको हालको अवस्थामा सुधार भई योजनाको ५ औं वर्षमा निम्न नतिजाहरू प्राप्ति हुनेछन्।

तालिका ३.५: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८९/ ९० |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | ७१.५ | ७४.६ | ७७.९ | ८१.३ | ८४.८ | १००.६ |
| | छात्र | ६५.७ | ६९.२ | ७३.० | ७६.९ | ८१.१ | १००.० |
| | छात्रा | ७७.० | ८०.८ | ८४.९ | ८९.१ | ९३.६ | ११३.७ |

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | ३२.० | ३६.५ | ४१.६ | ४७.३ | ५३.९ | ९०.९ |
| | छात्र | ३१.४ | ३५.७ | ४०.७ | ४६.४ | ५२.९ | ८९.२ |
| | छात्रा | ३३.७ | ३८.२ | ४३.४ | ४९.२ | ५५.८ | ९२.६ |
| ३ | माध्यमिक तह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ३१.५ | ३५.५ | ३९.९ | ४४.९ | ५०.५ | ८०.७ |
| | छात्र | २६.६ | ३०.४ | ३४.८ | ३९.८ | ४५.५ | ७८.० |
| | छात्रा | ३७.० | ४०.९ | ४५.३ | ५०.२ | ५५.५ | ८३.४ |
| ४ | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | १५.० | १७.९ | २१.४ | २५.५ | ३०.४ | ६१.७ |
| | छात्र | १२.६ | १५.४ | १८.७ | २२.७ | २७.७ | ६०.७ |
| | छात्रा | १७.९ | २०.९ | २४.४ | २८.६ | ३३.५ | ६२.७ |
| ५ | माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ५०.६ | ५५.० | ५८.० | ६३.१ | ६७.६ | ९०.६ |
| | छात्र | ४४.४ | ४९.८ | ५२.४ | ५८.३ | ६३.३ | ८९.० |
| | छात्रा | ५६.८ | ६०.९ | ६४.१ | ६९.६ | ७४.५ | ९८.६ |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २३.१ | २७.२ | ३०.४ | ३६.४ | ४२.२ | ७६.३ |
| | छात्र | २०.५ | २५.५ | २८.५ | ३४.६ | ४०.३ | ७५.० |
| | छात्रा | २५.७ | २९.६ | ३३.१ | ३८.९ | ४४.७ | ७७.६ |
| ७ | माध्यमिक तह (कक्षा ९-१२) को सहजे देखिने भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | १.२८ | १.२२ | १.२१ | १.१९ | १.१८ | १.११ |
| ८ | माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in NER) | १.२५ | १.१६ | १.१५ | १.१३ | १.११ | १.०४ |
| ९ | आधारभूत तह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ६५.४ | ६७.६ | ६९.९ | ७२.३ | ७४.८ | ८५.६ |
| | छात्र | ६१.६ | ६४.० | ६६.६ | ६९.२ | ७२.० | ८४.१ |
| | छात्रा | ६९.२ | ७१.२ | ७३.३ | ७५.४ | ७७.७ | ८७.१ |
| १० | आधारभूत तह बाट माध्यमिक तहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | ६७.३ | ७०.५ | ७४.० | ७७.६ | ८१.४ | ९८.५ |
| ११ | कक्षा १० बाट ११ मा संक्रमण दर (Transition rate from Secondary 10 to 11) | ३१.९ | ३३.३ | ३४.७ | ३६.२ | ३७.८ | ४४.९ |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्था निम्नानुसार हुनेछन:

१. १३-१६ वर्ष उमेर समूहका सबैलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने ।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने ।
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम, पाठ्य सामग्रीहरूको प्रयोगमा सूचना र प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।
४. माध्यमिक शिक्षा पुरा गर्ने सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिकलगायतका समता सूचकमा सुधार हुने ।
६. शिक्षा प्रणालीलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाइने ।
७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुग्ने।
८. पालिका, विद्यालयलगायतका सबै शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

९. पर्याप्त सीप र सङ्ख्या भएका दक्ष र पेसाप्रति समर्पित शिक्षकहरुले बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने ।
१०. सबै अभिभावकहरु बालबालिकाको माध्यमिक तहको शिक्षा अनिवार्य रुपले निःशुल्क गराउने सवालमा सजग र जिम्मेवार हुने ।
११. शिक्षण सिकाइ क्रियाकलापहरुमा सिर्जनशिलता र नविनता प्रदर्शन गरी शैक्षिक उपलब्धिमा सुधार गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरु सम्मानित र पुरस्कृत हुने ।

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस योजनामा अपेक्षा गरेका माध्यमिक तहको शिक्षासम्बन्धी उपलब्धि हासिल गरी तोकिएका उद्देश्यहरू पुरा गर्नका लागि उपयुक्त कार्यक्रमहरु र तिनको भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उपक्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै माध्यमिक विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई यस तहका सबै बालबालिकाको गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्वत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार माध्यमिक शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको जिम्मेवारी यो पालिका र अन्तर्गतका विद्यालय र बि.व्य.स.को हुनेछ । तलको तालिकामा प्रस्तुत प्रमुख क्रियाकलाप तथा भौतिक लक्ष्यहरूको कार्यान्वयनबाट यस योजनाको अन्त्यसम्म पालिका भित्रका माध्यमिक तह उमेर समूहका सबै बालबालिकाका लागि खासगरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको अवसर सुनिश्चित भई तिनीहरूको सहभागिता, टिकाउ र सिकाइ उपलब्धिमा सुधार हुनेछ । माध्यमिक शिक्षाबाट भाषिक, गणितीय र विज्ञानसम्बन्धी आधारभूत सक्षमताका प्राप्तिका साथै रोजगारी तथा व्यवसायसम्बन्धी सीप तथा प्रविधि र व्यवहारकुशल सीप हासिल हुनेछन् । यसका लागि प्रत्येक विद्यालयले सबै बालबालिकाका लागि गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न आ-आफ्नो परिवेश अनुकुलको विद्यालय सुधार योजना योजना निर्माण/अध्यावधिक गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ। संघीय र प्रदेश सरकारसँग पाठ्यक्रम विकास, शिक्षक तयारी, क्षमता विकास र व्यवस्थापनमा नीतिगत मापदण्डको व्यवस्था र स्रोत व्यवस्थापनमा समन्वय र सहयोग गरिनेछ । पालिकाले छोटा अवधिका शिक्षक क्षमता विकास कार्यक्रम, गुणस्तर अभिवृद्धि, संस्थागत क्षमता विकास, अनुगम, मुल्यांकन र सहजीकरण आदिमा विशेष जिम्मेवारी भूमिका खेल्ने छ ।

तालिका ३.६: प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | सबै प्रकार र तहका विद्यालय नक्शांकन भौतिक सर्भेक्षण, समायोजन र पुनरवितरण साथै IEMIS अधावधिक समेत कार्यक्रम सञ्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| २ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | शिक्षक | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ३ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१०) सञ्चालनमा रहेका मध्ये शुन्य दरबन्दी भएका विद्यालयलाई अंग्रेजी, गणित, र विज्ञान विषयको शिक्षक पूर्तिका लागि शिक्षण सहयोग अनुदान | शिक्षक | ९ | ९ | ९ | ९ | ९ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| ४ | सामुदायिक माध्यमिक तह (कक्षा १-१०) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | |
| ५ | सामुदायिक माध्यमिक तह (कक्षा १-१२) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | |
| ६ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| ७ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि (२ जना) तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | ११ | ११ | ११ | ११ | ११ | |
| ८ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | कर्मचारी | ११ | ११ | ११ | ११ | ११ | |
| ९ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१०) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री र डिजिटल सिकाइ सामग्री व्यवस्थापन/सञ्चालन अनुदान | विद्यार्थी | ५४९ | ५७६ | ६३२ | ५८० | ६२१ | |
| १० | सामुदायिक माध्यमिक तह (कक्षा ११-१२) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री र डिजिटल सिकाइ सामग्री व्यवस्थापन/सञ्चालन अनुदान | विद्यार्थी | २३५ | २१३ | २२३ | २०० | १८० | |
| ११ | माध्यमिक विद्यालय (कक्षा १-१२) विद्यालयका लागि SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| १२ | माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| १३ | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र वितरण अनुदान | विद्यार्थी | ५४९ | ५७६ | ६३२ | ५८० | ६२१ | |
| १४ | माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | विद्यार्थी | २३५ | २१३ | २२३ | २०० | १८० | |
| २१ | विद्यालयमा अध्ययनरत अति सिमान्तकृत विद्यार्थीका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | १५ | १५ | १५ | १५ | १५ | |
| २२ | सडक बालबालिका तथा बाल श्रमिकका लागि आवश्यक शैक्षिक प्रबन्धका लागि आवसीय छात्रवृत्ति | विद्यार्थी | ५ | ५ | ५ | ५ | ५ | |
| २३ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी | १६ | १७ | १९ | १७ | १९ | |
| २४ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी | ७ | ६ | ७ | ६ | ५ | |
| २५ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४४६ | ४४९ | ४८८ | ४४५ | ४५८ | |
| २६ | माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| २७ | विद्यालयमा Internet जडान तथा सञ्चालन खर्च | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| ४८ | माध्यमिक विद्यालय तहमा पुस्तकालय, ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सञ्चालन बजेट अनुदान (फिक्सिंग, पुस्तक खरिद र ई-पुस्तकालय) | विद्यालय | २ | २ | २ | २ | २ | |
| ४९ | नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ३० | तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन बजेट अनुदान | प्र.अ. | २ | ३ | ३ | ४ | ५ | |
| ३१ | सबै प्रकारका छात्रबास सञ्चालन बापत बजेट अनुदान | छात्रबास | ५ | ८ | १० | १२ | १२ | |
| ३२ | कक्षा ९-१० मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक लाई मा.शि.तृतीय सरह पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | ५ | ५ | ५ | ५ | ५ | |
| ३३ | कक्षा ९-१० मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक लाई नि.मा.शि.तृतीय सरह पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | २ | २ | २ | २ | २ | |
| ३४ | कक्षा ११-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक पोसाक भत्ता बापतको बजेट अनुदान | प्रशिक | ६ | ६ | ६ | ६ | ६ | |
| ३५ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रत्ति विद्यार्थी सिकाइ सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सञ्चालन खर्च बापतको बजेट अनुदान | विद्यार्थी | १०१ | ११७ | १४७ | १५५ | १८६ | |
| ३६ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिका लागि निर्वाह खर्च | प्रशिक्षक | १ | १ | १ | १ | १ | |
| ३७ | शैक्षिकसत्र २०७९ देखि कक्षा ९ बाट प्राविधिक धार सञ्चालन भएका विद्यालयमा ल्याब व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| ३८ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा ल्याब/प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ३९ | द्वन्द पिडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने) | | | | | | | |

## उप-क्षेत्र ३.४: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास आजको अपरिहार्य आवश्यकता हो। सरकारले प्राविधिक शिक्षाको विकास र बिस्तारलाई उच्च प्राथमिकतामा राखेर प्रत्येक स्थानीय तहसम्म पहुँच विस्तार गर्दै स्वदेश र स्थानीय तह मै सीप युक्त दक्ष जनशक्ति उत्पादन गरी रोजगार एवम् स्वरोजगारको अवसरहरु श्रृजना गर्दै कामका लागि विदेश जाने युवाहरुलाई आत्म निर्भर बनाउने लक्ष्य लिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरु स्थापना गरिनेछ भनी उक्त नीतिमा उल्लेख गरिएको छ ।

औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । यद्यपि यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन सकेन । यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाले ७ दशक पार गरिसकेको छ ।

यस पालिकाको शिक्षा प्रणाली मौलिकतामा आधारित साधन स्रोत परिचालन र उपयोग गरी विकासका लागि साधक बनाउनु आवश्यक छ। अतः यसका लागि शिक्षालाई सीपसँग, सीपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर बाँच्न सक्ने आधारभूत व्यावसायिक सीप र दक्षता सहितको श्रम शिक्षा दिनु जरुरी छ । यसैले यस पालिकाले माध्यमिक तहको शिक्षाको उत्पादन कम्तीमा पनि यस पालिकामा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक सीप र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी हुन सक्ने हुनुपर्छ भन्ने लक्ष्य राखेको छ । यसलाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको पठनपाठन सुरु गरिएको भएता पनि कक्षा ९ मा प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११-१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइ स्तर बढेकोले प्राविधिक धार पुरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ ।

यस पालिकामा एकातर्फ युवा जनशक्तिको उपलब्धता र सम्भावित उपस्थिति (कुल जनसङ्ख्याको १९ प्रतिशत १५ देखी २४ वर्ष उमेर समूह र १५ वर्ष मुनीको २५ प्रतिशत छ, केन्द्रीय तथ्याङ्क बिभाग, २०६८) अत्यन्त राम्रो रहेको छ भने अर्को तर्फ स्वास्थ्य, कृषि, निर्माण, वन, पर्यटन, उर्जा र सेवा

क्षेत्र साथै घरेलु, साना तथा ठुला उद्योगहरुको प्रचूर सम्भावनाले ठुलो मात्रामा रोजगारीको सुनिश्चितता हुने देखिन्छ । यसका लागि पालिकाले यस योजनाको कार्यान्वयन गर्ने क्रममा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरुलाई औपचारिक र अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रममा समायोजन गरी पालिका भित्रका पछाडि परेका बर्ग, दलित, आदिवासी, जनजाती, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई सङ्घीय सरकारले अगाडि सारको प्राविधिक शिक्षा र घुम्ती तालिमहरु सञ्चालन गर्ने कार्यक्रमहरूमा प्राथमिकतामा राखी सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ ।

## ३.४.१ वर्तमान अवस्था

नेपालमा हाल विभिन्न १२ वटा विषयगत मन्त्रालयहरुले प्राविधिक शिक्षा र सीपमूलक तालिमसंग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन । यसमध्ये पनि ६ वटा मन्त्रालयहरु (कृषि तथा पशुपंक्षी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरुपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालन गरेको देखीन्छ। सीटीईभीटीको केन्द्रको संरचना र ७ वटा प्रदेश कार्यालयहरु बाहेक ६१ वटा आङ्गिक पोलिटेक्निक/शिक्षालयहरु, २० वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरु, ५६३ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त निजी शिक्षालयहरु र ११४० वटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरु देश भरी विस्तारित छन ।

यस पालिकाको अवस्था हेर्दा सामुदायिक विद्यालयमा आधारित प्राविधिक धार सञ्चालन १ वटा मात्रै प्राविधिक शिक्षा प्रदायक संस्था सञ्चालनमा रहेको छ।

यस पालिकाको माथि परिच्छेद १ को विश्लेषणका आधारमा जल, जमिन, जङ्गल, खनिज तथा जैविक विविधता, कृषि, आदिको उपयोग र परिचालन गर्नसक्ने जनशक्तिको आवश्यकता देखिन्छ । तसर्थ पालिकाले यी आवश्यकताहरूलाई पुरा गर्न सङ्घीय र लुम्बिनी प्रदेशमा रहेका विभिन्न विश्वविद्यालय र हाल सञ्चालनमा रहेका विभिन्न प्रकारका शैक्षिक प्राज्ञिक कार्यक्रमहरूसँग समन्वय र सहकार्य गरी प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन र विकास गर्न सक्ने देखिन्छ।

## ३.४.२ चुनौती र अवसर

यस माथागढी गाउँपालिकाकाको भौगोलिक बनावट र पातलो मानव बस्तीको कारण प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष र अभिप्रेरित जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यावसायीक शिक्षा अगाडि बढाउन आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यान्वयनको लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक

उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यान्वयन गर्नु यस पालिकामा यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरुको चासो बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षा यस पालिकाको उच्च प्राथमिकतामा पर्नु, पालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनहरु (जल, जङ्गल, जमिन, जडीबुटी, खनिज/जैविक विविधता, आदि) लाई आधार वनाएर औपचारिक र अनौपचारिक शिक्षा मार्फत सीप विकास कार्यक्रम सञ्चालनमा ल्याउने र निम्न, मध्यम र उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने सम्भावना हुनु, जैविक विविधताको अधिकतम उपयोगमार्फत प्राविधिक शिक्षाको हबका रुपमा विकास गर्न सकिने सम्भावना हुनु, सीटिइभिटी अन्तर्गतका विभिन्न तहका सिपमूलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूसँग समन्य र सहकार्य गर्न सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यावसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण निर्माण गर्न सकिने हुनु हाल पालिका भित्र यस क्षेत्रका प्रमुख अवसरको रूपमा रहेका छन् ।

### ३.४.३ उद्देश्य

यस योजनाको समग्र उद्देश्य माथागढी गाउँपालिकाका उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन गर्ने रहेको र यसलाई परिपूर्ति गर्नका लागि देहायका विशिष्ट उद्देश्यहरु रहेका छन् ।

१. पालिका भित्र प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु।
२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत रोजगारीका अवसरमा बृद्धि गर्नु ।
३. पालिका भित्र हाल रहेका विविध स्रोतसाधनमा आधारित उद्योग ,व्यवसाय र रोजगारी मार्फत आर्थिक विकास र समृद्धिमा टेवा पुऱ्याउनु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै पालिकाको समग्र विकासका लागि योग्य, सीपयुक्त सक्षम र उद्यमशील जनशक्ति तयार गर्नु ।
५. श्रम प्रति श्रद्धा र सम्मान गर्ने भावना अभिवृद्धि गर्नु ।

### ३.४.४ रणनीतिहरु

१. पालिका भित्रको श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरु इच्छुक सबैलाई प्रदान गर्ने गरी सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

२. प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गरिनेछ ।

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका पाठ्यक्रमहरूलाई पालिकाको मौलिकता अनुकुल कार्यान्वयन गरिनेछ ।

५. प्रदेश सरकारसँगको समन्वय र सहजीकरणमा पालिकाभित्रका सबै वडाहरूलाई पायक पर्ने माध्यमिक विद्यालयहरूमध्ये थप २ वटा मा.बि..लाई योजना अवधिमा प्राविधिक धारको शिक्षा प्रदान गर्नेगरी विकास गरिने छ ।

६. पालिका भित्रको प्राविधिक धारबाट एस.ई.ई. उत्तीर्णमध्ये प्रत्येक वर्ष २ जना जेहेनदार छात्रा छात्रलाई/प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि लुम्बिनी प्रदेश सरकारसँगको आर्थिक सहयोगमा प्राविधिक र व्यावसायिक शिक्षाको उच्च स्तरको जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्नेछ ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि पालिकास्तरमा एक सञ्चालन र व्यवस्थापन समिति गठनगरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई थप प्रभावकारी बनाइनेछ ।

८. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलव्ध गराउने व्यवस्था गरी कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वयन र सहकार्य गरिनेछ ।

९. आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पुरा गर्न समावेशी तथा विशेष शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. प्राथमिकताका आधारमा कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, जलविद्युत, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुसँग सहकार्य गरिनेछ ।

११. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूको गुणस्तर मापनका मापदण्डका आधारमा गुणस्तरको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरी सोको आधारमा तिनीहरुसँग समन्वय गरिनेछ ।

१२. निजी क्षेत्रका रोजगारदाता र सङ्घसंस्थाहरूको साझेदारीमा औद्योगिक सीप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र On the Job Training सञ्चालन गर्न समन्वयन र सहकार्य गरिनेछ ।

१३. श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सीप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकुल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिनेछ ।

१५. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरी कार्यान्वयन गरिनेछ ।

१६. सबै क्षेत्र हैसियत र बर्गका मानिसहरुमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गरिनेछ ।

### ३.४.५ प्रमुख उपलब्धि र नतिजाहरू

#### क) प्रमुख उपलब्धि

यस पालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट सक्षम, सीपयुक्त र श्रमप्रति सम्मान भाव भएको जनशक्ति उत्पादन भइ आर्थिक उपार्जनका अवसरमा बृद्धि भएको हुने ।

#### ख) प्रमुख नतिजाहरू

**तालिका ३.७: प्रमुख नतिजाहरु**

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या | १ | १ | १ | १ | १ | २ |
| २ | सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९-१२ का जम्मा विद्यार्थीमा प्राविधिक धारका विषयहरुमा भर्ना भएका र हुने छात्रछात्राको प्रतिशत (%) | ११.४ | १३.१ | १५.१ | १७.४ | २०.१ | ३०.४ |
| ३ | १८ वर्ष र सो भन्दा माथि उमेर समूहका जन सङ्ख्यामध्ये व्यावसायिक तालिमबाट प्राविधिक सीप विकास तालिम प्राप्त गरेका जनशक्तिको प्रतिशत | ४.१ | ६.० | ७.० | १०. | १३.० | २०.० |
| ४ | पालिका स्तरमा TVET व्यवस्थापन र समन्वय समिति गठन | ० | १ | ० | ० | ० | ० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्था निम्नानुसार हुनेछन:

१. यस पालिकाका सबै वडाका गाउँ/टोललाई पायक पर्नेगरी कम्तीमा ३ वटा प्राविधिक तथा व्यावसायिक धारको नमूना माध्यमिक विद्यालय स्थापना भएको हुने ।

२. उच्च प्राविधिक शिक्षा हासिल गर्नका लागि पालिकाको लगानी र प्रदेश सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वार्षिक २ जनाका दरले दक्ष जनशक्ति उत्पादन भई पालिका तहमा देखिएको सीपयुक्त र दक्ष जनशक्तिको खाँचो पुरा हुँदै जाने।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि हुनेछ ।

४. पालिका तहमा कम्तीमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि विषयगत प्रयोगशालाको स्थापना गर्ने पहल गरिनेछ ।

५. प्राविधिक शिक्षासम्बन्धी गतिविधिहरु प्रयोगात्मक, व्यावहारिक र समयानुकुल भएको हुने ।

६. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्ति पेसाप्रति समर्पित भइ काम गरेको हुने ।

७. पालिकाका आर्थिक रुपले सक्रिय सबै नागरिक कुनै एक सीपयुक्त पेसा तथा व्यावसायिक हिसाबले स्वरोजगार भएको हुने ।

### ३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अवलम्बन गरी यस योजनाले अपेक्षा गरेका आगामी पाँच वर्ष (५ आ.ब.) हरूमा सञ्चालन हुने प्रस्तावित प्रमुख क्रियाकलाप र तिनका लक्ष्यहरु प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रसम्बन्धी उपलब्धि हासिल गरी तोकिएका उद्देश्य पुरा गर्नका लागि भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि तोकिएका आधारभूत मापदण्ड पुरा भई यस पालिकाका सबै सरोकारवालाहरूको गुणस्तरीय सिकाइ सहितको जीवन उपयोगी सीप हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न लुम्बिनी प्रदेश सरकार अन्तर्गतका निकायहरुसँग र सम्बद्ध सबै पक्षको सहयोग परिचालन गरिनेछ ।

तालिका ३.८: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | पालिका मा सञ्चालित प्राविधिक धारका सामुदायिक विद्यालयहरू | TEVT | १ | १ | २ | ३ | ३ | |
| २ | शैक्षिक कार्यक्रम सञ्चालनका लागि विषयगत वर्कसप निर्माण | पटक | ३ | ३ | ३ | ३ | ३ | |
| ३ | विषयगत शैक्षिक कार्यक्रमको प्रयोगात्मक अभ्यास तथा प्रशिक्षण कार्यको लागि शैक्षिक उपकरण खरीद | चौमासिक | ३ | ३ | ३ | ३ | ३ | |
| ४ | स्थानिय स्तरमा आयोजनाका क्रियाकलाप कार्यान्वयन भ्रमण | TEVT | १ | १ | १ | १ | १ | |
| ५ | विद्यालयमा जीवनोपयोगी सीप प्रवर्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ६ | पिछडा वर्ग, दलित, अपाङ्गता र छोरी बुहारी छात्रवृत्ति (३ बर्षे डिप्लोमा/ प्रविणता प्रमाणपत्र वा सो सरह) | जना | २ | २ | २ | २ | २ | |
| ७ | उच्चशिक्षा प्राविधिक छात्रवृत्तिक लागि छात्रा/छात्र छनौट | जना | २ | २ | २ | २ | २ | |
| ८ | पूर्व सीप परिक्षण कार्यक्रम र तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |
| ९ | STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| १० | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | |
| ११ | CLC हरूको संयोजनमा व्यावसायिक तथा औधोगिक मेला, रोजगार मेलाहरुको आयोजना | पटक | १ | १ | १ | १ | १ | |
| १२ | निजी क्षेत्रका रोजगारदातासँगको समन्वय र सहकार्य | पटक | १ | १ | १ | १ | १ | |
| १३ | सीप अनुसारको औजार उपकरण आदि वितरण र सहयोग | पटक | १ | १ | १ | १ | १ | |
| १४ | पालिका तहमा भएका गतिविधिहरूको प्रचार प्रसार सम्बन्धि क्रियाकलाप (रेडियो, दृश्य सामग्री, leaflet आदि) सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| १५ | रोजगार दाता र उधोग साथै वडाससँगको समन्वय/सहकार्यमा युवालाई शिक्षा तथा कामको संसार सम्बन्धमा परामर्श कार्य सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| १६ | औधोगिक प्रशिक्षार्थी तालिमका लागि सहायता | जना | २ | २ | २ | २ | २ | |
| १७ | टिभेट शिक्षण संस्था र कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण र मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## उप-क्षेत्र ३.५
## अनौपचारिक शिक्षा र आजीवन सिकाइ, साक्षरता, निरन्तर शिक्षा

सिकाइ जीवनभर चलिरहने प्रक्रिया हो। यसका लागि औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक शिक्षाको पनि अहम् भूमिका रहन्छ। अनौपचारिक माध्यमहरूबाट व्यक्तिले आवश्यकताअनुसार व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा सक्षमताको विकास गर्दछ । सिकाइ समय, विधि तथा माध्यमको सीमा नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकाले यसका लागि औपचारिक सिकाइ पद्धति मात्र पर्याप्त हुँदैन । औपचारिक शिक्षा प्रणालीको संरचनाबाहिर सङ्गठित विभिन्न किसिमका सिकाइ अवसरले आजीवन सिकाइलाई सहयोग गर्दछ भने व्यक्तिले आफ्नो परिवेशबाट प्राप्त अनुभव तथा सूचनाहरूबाट पनि सिकाइ गरिरहेको हुन्छ ।

निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइ स्तर वृद्धिका कार्यक्रमहरू, विभिन्न पेसा तथा व्यवसाय सम्बन्धी सीप इत्यादि उपयोगी हुन सक्दछन् भने स्व-सिकाइका विभिन्न अवसर सिर्जना गर्नु पनि आवश्यक हुन्छ । यस खण्डमा प्रत्येक नागरिकको शिक्षा पाउने हक प्रत्याभूतिका लागि औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले गर्न सक्ने योगदानलाई विचार गरेर निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धनमा सहयोग हुनेगरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर वृद्धि गर्ने उद्देश्यले यस योजनामा अपनाइने रणनीति, लक्षित नतिजा तथा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.५.१ वर्तमान अवस्था

यस उप-क्षेत्रमा आधारभूत प्रौढ शिक्षा महिला शिक्षा साक्षरोतर शिक्षा साक्षरता अभियान लगायतका कृयाकलापहरुलाई समावेश गरिएका छन । मुलुकको संविधान, आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, क्षेत्रगत ऐन नियम तथा तीनै तहका सरकारको नीति कार्यक्रम तथा बजेटमा समेत अनौपचारिक शिक्षालाई प्राथमिकताका साथ राखिएको छ । विगतमा कार्यान्वयन सम्पन्न भएको विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको थियो भने यस योजनाको कार्यान्वयनबाट तिनै साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमहरुमा विविधता ल्याई गुणस्तरमा सुधार गर्ने अपेक्षा गरिएको छ ।
सङ्घीय सरकारबाट अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र थप सिकाइ सामग्रीहरू विकास गरिएको छ भने निर्धारित तालिम मापदण्डका आधारमा सहजकर्ताहरूका लागि तालिम प्रदान गर्दै आएको छ । औपचारिक शिक्षामा विशेष गरी पिछडिएका समुदायका महिलाहरूको सहभागिता र सशक्तीकरणमा बृद्धि भएको छ। अनौपचारिक तथा निरन्तर शिक्षा उप-क्षेत्रमा १२ ओटा सिकाइ सक्षमता निर्धारण गरिएका छन्। मुलुकले साक्षर नेपाल अभियान सञ्चालन गरी हालसम्म ५३ जिल्ला साक्षर घोषणा (जिल्ला तथा पालिका तहमा १५ देखि ६० वर्ष उमेर समूहका मानिसहरुको साक्षरता दर ९५ प्रतिशत पुगेको आधामा) भएको सन्दर्भमा यस पालिकाको उक्त उमेर समूहका जनसङ्ख्याको साक्षरता दर ८८.०% भएकोले पालिकाले आफूलाई साक्षर घोषणा गर्न अझै प्रयास गर्नुपर्ने अवस्था छ।
राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको पाँच वर्ष र माथिको कुल जनसङ्ख्यामध्ये कुल साक्षरता दर ७६.२% (६९.४% महिला र ८३.६% पुरुष) रहेकोमा यस पालिकाको पाँच वर्ष र माथिको जनसङ्ख्या २२,३१८ (१२.०१९ महिला र १०,२८९ पुरुष) मध्ये जम्मा साक्षर जनसङ्ख्या

१८,६०० (८३.३%), महिला ९,२८९ (७७.२%) र पुरूष ९,३११ (९०.५%) रहेको छ । यसै गरी यस पालिकामा ५ वर्ष र माथिका ३७,१८ जना, १५ वर्ष र माथिका ३,६६६ जना र १५-२४ वर्षका ४२ जना महिला/पुरूष निराक्षर रहेको देखिन्छन् । संस्थागतरुपमा निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई निरन्तर शिक्षा/आजीवन सिकाइको वातावारण सृजना गर्नका लागि यस पालिकामा कुल ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेको देखिन्छ, जुन निराक्षर जनसङ्ख्याको तुलनामा ज्यादै न्यून (CLC र निराक्षर जनसङ्ख्या अनुपात १:१२३९ साथै CLC र जम्मा ८ वटा वार्डको अनुपात १:३) देखिन्छ । यसै गरी राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा जम्मा ५ वटा वडाहरूमा थप CLC स्थापना गर्न आवश्यक देखिन्छ । जुन पालिका भित्रका औपचारिक शिक्षण संस्था र ८ वटा CLC भएमा साक्षर पालिका विकास गर्ने अभियानका लागि स्रोत/साधनका रुपमा लिन सकिन्छ ।

### ३.५.२ उद्देश्य

यस शिक्षा क्षेत्र योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारको रुपमा विकास गर्दै साक्षर र सीपयुक्त जनशक्तिको पालिका सहित समुन्नत समाज निर्माण गर्ने रहेको र यस अन्तर्गतका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरुको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु,
२. अनौपचारिक शिक्षा कार्यक्रमलाई सफल बनाउन बहुशासकीय साझेदारसँग समन्वय र सहकार्य गर्दै मथागढ़ी गाउँपालिकाकालाई पूर्ण साक्षर बनाउनु,
३. अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु,
४. पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु,
५. पालिका स्तरमा सङ्घीय सरकार र राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने अनुदान, सहयोग, ऋण तथा आफ्नै स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने गरी एक अनौपचारिक शिक्षा कोष निर्माण गर्नु ।
६. औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency ), गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु ।

### ३.५.३ रणनीति

माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यस योजनाको कार्यान्वयनमा निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ।

१. पालिका स्तरका सबै प्रकार र तहका शिक्षण संस्थाहरुलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रुपमा विकास गरिने छ ।
२. विभिन्न उमेर समूहका बालबालिका, किशोर किशोरी, महिला र प्रौढहरुका लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम तर्जुमा गरिनेछ ।

३. “साक्षर अभिभावक हाम्रो गौरव” लाई साक्षरता अभियानसँग गाँसेर आफ्नो सेवा क्षेत्र अन्तरर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिनेछ ।

४. नागरिक समाज, आमा समूह, बालक्लब ,युवाक्लब तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै पालिकास्तरीय स्वयम् सेवा तथा साक्षरता अभियान गरी वडास्तर हुदै पालिकालाई पूर्ण साक्षर गरिनेछ ।

५. साक्षारता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिनेछ ।

६. प्रत्येक वडाभित्र रहेका विद्यालय, सहकारी संस्था, सामुदायिक संस्था, स्वास्थ्य संस्था, टोल विकास संस्था लगायत सबैको समन्वय, सहकार्य र साझेदारीमा अभियानको रुपमा साक्षरता कक्षा सञ्चालन गरिनेछ ।

७. पालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ ।

८. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गरिनेछ।

९. राष्ट्रिय योग्यता प्रारूपअनुसार अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डहरुको कार्यान्वयन गरिनेछ ।

१०. अनौपचारिक एवम् आजीवन सिकाइका लागि संघ, प्रदेश र पालिकाबिच स्रोत साझेदारीको विकास गरिनेछ ।

११. पालिकाले केही सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिनेछ ।

१२. स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यता अनुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिनेछ । त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

१३. स्वयंसेवक परिचालन गरि निरक्षरतालाई दुरुत्साहन गर्न स्थानीय तहको वडा स्तरवाट प्रवाह हुने सार्वजनिक सेवा तथा सामाजिक सुरक्षा सम्बन्धी सुविधा प्रवाह गर्दा साक्षरतालाई अनिवार्यता गरी साक्षरता मैत्री वनाउन नीतिगत व्यवस्थाको थालनी गरिनेछ ।

१४. पालिकाबाट महिला, दलित, मुक्त कमैया, हलिया, धार्मिक समूह, बाल श्रमिक, मजदुर, दुर्गम बस्ती, अति विपन्न वर्गलाई लक्षित गर्दै साक्षरता र जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. पहिचान गरिएका निरक्षर र नव साक्षर व्यक्तिहरुलाई साक्षर वनाउन र निरन्तर शिक्षामा आवद्ध गराउनका लागि माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक परीक्षा हुने विषयको मुल्याङ्कनसँग तादम्यता हुने गरी नीतिगत व्यवस्थालागि विद्यालयहरू सँग समन्वय गरिनेछ ।
१६. कुनै पनि कक्षाका विद्यार्थीहरुका घरपरिवारका निरक्षर सदस्यहरुलाई साक्षर बनाउने गरी आधारभूत तह कक्षा ६-८ का विद्यार्थीहरुलाई परियोजना कार्य र प्रयोगात्मक कार्य दिने व्यवस्था गरिनेछ ।
१७. मौलिक एवम् परम्परागत सीप र शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिनेछ ।
१८. रोजगारी र वृत्ति विकासलाई जोड दिन सीपमा आधारित कार्यमूलक साक्षरताका कार्यक्रम विकास र कार्यान्वयन गरी रोजगारदाता व्यक्ति वा संस्थालाई श्रमिकको स्तरअनुरुप अनौपचारिक शिक्षा प्रदान गर्न समेत प्रोत्साहित गरिनेछ ।
१९. पालिकाको भाषा संस्कृति संरक्षण सम्बर्धन गर्नका लागि भाषा एवम् जातिगत सङ्ग्रहालय स्थापना गरी तिनीहरु मार्फत सम्बन्धित विषयको साक्षरता सीपसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२०. पालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा अन्तरगत १ जना कर्मचारीलाई अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम र गतिविधिको समन्वय गर्न जिम्मेवारी तोकिने छ ।
२१. पालिकाको अनौपचारिक शिक्षा कोषमा अनौपचारिक शिक्षाको क्षेत्रमा कामगर्न इच्छुक संघसंस्थाहरुलाई आबद्ध गराई अनौपचारिक शिक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।
२२. सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोत केन्द्र बनाइ समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिनेछ ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

यस योजनाको अनौपचारिक तथा निरन्तर शिक्षा र आजीवन सिकाइ उप-क्षेत्रका माथि उल्लिखित रणनीतिहरूको कार्यान्वयनबाट निम्न मुख्य मुख्य उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ ।
१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन् ।
२. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुनेछन् ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसरमा वृद्धि हुनेछ ।

#### ख) प्रमुख नतिजाहरू

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्था निम्नानुसार हुनेछन:

तालिका ३.८: प्रमुख नतिजा

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | हाल सञ्चालनमा रहेका खुल्ला विद्यालयहरू | ० | ० | ० | ० | ० | ० |
| २ | जम्मा CLC मध्ये थप स्तरोंन्ती गरिएका र सञ्चालनमा रहेका | ३ | ३ | ३ | ४ | ५ | ९ |
| ३ | अनौपचारिक वैकल्पिक र प्रौढ विद्यालय | | | | | | |
| ४ | ५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ८३.३ | ८५.३ | ८७.२ | ८९.२ | ९१.३ | १००.० |
| ५ | १५ वर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७९.८ | ८२.१ | ८४.४ | ८६.८ | ८९.३ | १००.० |
| ६ | १५ देखि २४ वर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ९९.१ | ९९.२ | ९९.३ | ९९.४ | ९९.५ | १००.० |
| ७ | १५ वर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८४ | ०.८७ | ०.८९ | ०.९१ | १.०० |
| ८ | अनौपचारिक वैकल्पिक र प्रौढ विद्यालय | २ | ३ | ५ | ७ | १० | ५१ |
| ९ | आधारभूत (कक्षा १-८) तहमा विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्या | ११ | ६ | ३ | २ | १ | ० |
| | छात्र | १५ | ७ | ४ | २ | १ | ० |
| | छात्रा | १४ | ७ | ४ | २ | १ | ० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. वडातह हुदै साक्षर पालिका घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमको प्रबन्ध हुने।
२. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सृजना हुने ।
३. सिकारुको आवश्यकताअनुसार आजीवन सिकाइका नमुना मोड्युलर सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने ।
४. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास हुने ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान, समकक्षता एवम् प्रमाणीकरण राष्ट्रिय योग्यता प्रारूपअनुरुप अनुसार हुने ।
७. पालिकास्तरमा अनौपचारिक शिक्षा कोषको स्थापना भई उक्त कोष मार्फत अनौपचारिक शिक्षा सम्बन्धी एकीकृत रुपमा कार्यक्रम सञ्चालन हुने ।
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी खण्डीकृत तथ्याङ्क बैङ्क तयार हुने ।
९. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको संरचना तयार हुने ।
१०. सामूदायिक सिकाइ केन्द्रलाई प्रत्येक वडामा आबद्ध तथा विस्तार एवम् प्रविधि मैत्री बनाइ सबैका लागि सिकाइको अवसर प्रदान हुने ।

### ३.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि अपेक्षित प्रतिफल पहिचान गरिएको छ । तालिका ३.८ मा लक्षित प्रतिफल, ती प्रतिफल प्राप्तिका लागि आवश्यक प्रमुख क्रियाकलाप तथा भौतिक लक्ष्य प्रस्तुत गरिएको छ । औपचारिक शिक्षाको अवसर प्राप्त नगरेका व्यक्तिका लागि

सापेक्षित अवसर, पूर्ण साक्षरता, राष्ट्रिय योग्यता पद्धतिको उपयोगबाट परम्परागत तथा अनौपचारिक सिकाइको प्रमाणीकरण, सामुदायिक सिकाइ केन्द्रको विस्तार तथा सुदृढीकरण र आजीवन सिकाइको अवसरमा विस्तार हुनेछ । यसमा कार्यान्वयनको मुल जिम्मेवारी पालिका र अन्तर्गतका वडाहरूको हुने छ भने मापदण्ड तथा मोड्युल विकास र प्रमाणीकरणमा सङ्घीय र प्रदेश सरकारको प्राविधिक सहयोग तथा क्षमता विकासजस्ता कार्यमा भूमिका रहने छ ।

तालिका ३.९: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | पालिका तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सञ्चालन बापतको बजेट अनुदान | वार्ड | ८ | ८ | ८ | ८ | ८ | |
| २ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी विषयवस्तुहरुको विकास, वितरण र प्रचारप्रसार गर्ने) | स्थानीय तह | १ | १ | १ | १ | १ | |
| ३ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सञ्चालन गर्ने | वार्ड | ३ | ४ | ५ | ६ | ८ | |
| ४ | हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याङ्क विवरण तयार गर्ने बापतको बजेट अनुदान | केन्द्र | ३ | ४ | ५ | ६ | ८ | |
| ५ | हाल सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तीमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | परिचालक | ३ | ४ | ५ | ६ | ८ | |
| ६ | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | परिचालक | ३ | ४ | ५ | ६ | ८ | |
| ७ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | स्थानीय तह | ८ | ८ | ८ | ८ | ८ | |

# परिच्छेद चारः
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषयहरू (Cross-cutting Themes) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने काम गरेका हुन्छन् । शिक्षा योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन; शिक्षक विकास तथा व्यवस्थापन; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिएको छ । यसै सन्दर्भमा यस परिच्छेदमा मुख्य मुख्य अन्तर्सम्बन्धित विषयहरूको वर्तमान अवस्था र ती सम्बन्धमा यस योजनाले समेटेका उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित उपलब्धि तथा नतिजा, नतिजा प्राप्तिका लागि प्रस्तावित क्रियाकलाप तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक/पाठ्यसामग्री, सिकाइ र मूल्याङ्कन

**परिचय**

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो। औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप, प्रवृत्ति, मुल्य तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुने गर्दछन् । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप, प्रवृत्ति, मुल्य तथा अभिवृत्ति माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकुल समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुन्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा आधारित हुने गर्दछ । यसले सामाजिक मूल्य, मान्यता तथा व्यवहारलाई सान्दर्भिक बनाई आत्मसात् गर्न; आफ्नो पहिचानप्रति गौरव भाव राख्दै विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरूप व्यवहार गर्न; आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ । बालबालिकाका आवश्यकता, रुचि, सामाजिक मूल्य तथा मान्यता, समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक भएको सन्दर्भमा यस योजनाका लागि पाठ्यक्रम सम्बन्धी उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलापहरू पहिचान गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन भएको छ । विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा बमोजिम अन्तर्सम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत

तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश र दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यजस्ता व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । हालको पाठ्यक्रमले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नेगरी प्रयोग गर्ने नीति लिएको छ ।

पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यसको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, माध्यमिक तहसम्म आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, सार्वजनिक परीक्षालाई स्तरीकृत गराउने अभ्यासको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास सुरु गरिएको छ । मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। कक्षा ८, १० र १२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउनु पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषण र प्रयोगलाई सिकाइ सुधारमा व्यवस्थित रूपमा प्रयोग गर्न सकिएको छैन ।

नेपाल सरकारले कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागू गरिने नीतिगत व्यवस्था भए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन। पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेवसाइटमा राख्ने गरेको छ ।त्यस्तै प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरू भने कार्यक्रम लागु भएका विद्यालयमा पुऱ्याइएको छ । अधिकांश बाल सन्दर्भ सामग्रीहरूको उपलब्धता र प्रयोगमा सीमित छ भने कतिपय सामग्री अध्यावधिक गर्नुपर्ने स्थिति पनि छन् । कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोधले शिक्षण सिकाइ तथा मूल्याङ्कनमा अन्य वैकल्पिक

विधि र माध्यम आवश्यक देखिएको सन्दर्भमा डिजिटल सिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ ।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम,पाठ्यसामग्री र मूल्याङ्कनको सम्बधमा समग्र उद्देश्य पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध पालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु रहेको छ भने यससम्बन्धी विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्क्रमलाई समयसापेक्ष ,सान्दर्भिक र प्रभावकारीरूपमा कार्यान्वयन गरी शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु ।
२. पाठ्यक्रमको कार्यान्वयनका लागि कक्षाकोठामा हुने क्रियाकलापहरूलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित बनाउनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ,
५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।
६. कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभइ पाठ्यक्रममा आधारित बनाउनका लागि विद्यालयको वातावरण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु ।
७. स्तरीय र सिकारुमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरुको छनौट गरी विद्यालय र विद्यार्थीहरुलाई सहज किसिमले उपलब्ध गराएर पठन संस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु ।
८. पालिकास्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनको क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु ।

### ४.१.३ रणनीति

माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार तय गरिएका छन् ।

१. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध पालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारको विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
२. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक ढङ्गले कार्यान्वयन गरिनेछ ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन प्रक्रियालाई बढी सहभागितामूलक बनाई विद्यालयमा आधारित प्रक्रियालाई अवलम्बन गरिने छ । आवधिकरूपमा पाठ्यक्रम तथा पाठ्यसामग्री बारेमा सम्बन्धित शिक्षकलाई प्रबोधीकरण गरिनेछ ।

४. वैकल्पिक सिकाइका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी पालिकामा आइपर्न सक्ने विपत ,महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाइँदै लगिने छ ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका र स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री ,स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको सङ्कलन सर्वसुलभ रूपमा उपलब्ध गराइनेछ ।

६. पाठ्यपुस्तकको समयमै उपलब्धता गराई विद्यार्थी सिकाइमा गुणस्तर अभिवृद्धि गरिनेछ ।

७. पाठ्यक्रममा आधारित शिक्षणसिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिइनेछ ।

८. परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।

९. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिनेछ । यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१०.विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइअनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइँदै लगिनेछ ।

११.विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई समाधान गरी शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

१२.सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणसिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षणसिकाइको थालनी गरिने छ ।

१३.स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गरिनेछ ।

१४.अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीहरूको ब्रेललिपीमा र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरू उपलब्धता र प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गरिनेछ ।

१५.बिधार्थीहरूको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गरिनेछ ।

१६.विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुनेगरी परिमार्जन गरिनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) प्रमुख उपलब्धि

विद्यालय तह र उच्च शिक्षाको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने । यसका साथै विद्यालय तहमा आवश्यक व्यवहारकुशल सिप, सामाजिक तथा नागरिक सक्षमता, सूचना प्रविधि सिपसहितको सान्दर्भिक सिकाइ हुने ।स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ । निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

### ख) प्रमुख नतिजाहरू

उल्लिखित रणनीति अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि अपेक्षित नतिजा/प्रतिफल पहिचान गरिएका छन् । तलको तालिका ४.१ मा यस विषय क्षेत्रसम्बन्धित सूचकहरू र तिनको अपेक्षित नतिजासहित प्रस्तुत गरिएको छ ।

तालिका ४.१ प्रमुख उपलब्धि तथा नतिजा

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ४७.७ | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | ८०.० |
| | Numeracy | ६१.३ | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | ८५.० |
| २ | कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ५६.० | ५९.४ | ६३.१ | ६६.९ | ७१.० | ९०.० |
| | Numeracy | ६७.५ | ७०.० | ७२.५ | ७५.२ | ७७.९ | ९०.० |
| ३ | कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Reading | ५६.६ | ६०.० | ६३.६ | ६७.४ | ७१.४ | ९०.० |
| | Numeracy | ४२.९ | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | ८०.० |
| ४ | स्थानीय तहबाट कक्षा १-३ सम्मको एकीकृत पाठ्यक्रममा आधारित भइ कक्षा १-३ का विद्यार्थीहरूको पढाई र गणितीय सक्षमता अभिबृद्दी गर्नका लागि सञ्चालन गरिएकाक्रियाकलापहरू (शिक्षक निर्देशिका, तालिम, अतिरिक्त सिकाइ सामाग्रीहरु र गणितीय सिकाइ सामग्रीहरूको प्रयोग) | १७.० | २१.२ | २६.५ | ३३.० | ४१.२ | १००.० |
| ५ | सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्ययनरत कक्षागत विद्यार्थीमध्ये तोकिएका आधारभूत सिकाइका सर्तहरू पुरागर्ने विद्यार्थी सङ्ख्या | ६६४ | ७२४ | ७९० | ८६३ | ९४१ | १३३४ |
| ६ | स्वीकृत मापदण्ड/आधारहरु (Standardised test items) प्रयोग गरी आधारभूत तहको (BLE) अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन गर्ने स्थानीय तहहरुको सङ्ख्या | १ | १ | १ | १ | १ | १.० |
| ७ | कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) Nepali | ६३.० | ६५.९ | ६८.९ | ७२.० | ७५.३ | ९०.० |
| | English | ४९.० | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | ८०.० |
| | Math | ५४.० | ५७.२ | ६०.५ | ६४.० | ६७.७ | ८५.० |
| | Science | ३७.० | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ८०.० |
| ८ | सामुदायिक माध्यमिक विद्यालयमा तोकिएका आधारभूत सिकाइका सर्तहरू (BLCs) पुरागर्ने विद्यार्थी सङ्ख्या | ३४७ | ३९४ | ३९४ | ४४६ | ५०६ | ८३८ |

| क्र.स | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| ९ | पालिका तहमा शिक्षक व्यवसायिक सहयोग पद्दति स्थापना र सञ्चालन गर्ने (TPSS) पालिकाहरुको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| १० | ReAL Plan कार्यान्वयन गर्ने विद्यालयहरुको सङ्ख्या | २० | २२ | २२ | २५ | २८ | ४४ |
| ११ | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका विद्यालय सङ्ख्या | १७ | २० | २८ | ३९ | ४४ | ४४ |
| १२ | कक्षा कोठा शिक्षण सिकाइ कार्यक्रममा निरन्तररुपले Learning Portal (सिकाइ चौतारी) प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६.० | ८.० | ८.० | १०.६ | १४.१ | ४४.२ |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मलगायत उच्च शिक्षा समेतको विकास भएको पाठ्यक्रम कार्यान्वयन हुने ।
२. कक्षा १-३ मा व्यवहारकुशल सीपहरूसहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन हुने ।
३. कक्षा १-८ सम्मका विद्यालयमा स्थानीय तहले विकास गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन हुने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तहसम्म विशेषत कक्षा १–३ मा आवश्यकतानुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी ,सिकाइसहजीकरण हुने ।
५. सबै कक्षाको पाठ्यपुस्तक शैक्षिकसत्र सुरू भएको दोस्रो हप्ताभित्रमा सबै विद्यार्थीको हातहातमा उपलब्ध गराउने।
६. कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने ।
७. पाठ्यसामग्रीहरू अपाङ्ग मैत्री तथा सामाजिक-सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने ।
८. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री सान्दर्भिक तथा प्रभावकारी हुने ।
९. शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरी अनुसन्धानमा आधारित हुने ।
१०. विद्यार्थीको नतिजा विद्यार्थीले विषयवस्तु हासिल गरेको सिकाइमा आधारित हुने ।
११. पालिकाले निर्माण गर्ने पाठ्यक्रम स्थानीय आवश्यकता र मूल विषयका पाठ्यक्रमहरूले निर्धारण गरेका सिकाइ उपलब्धिहरूको परिपूरक हुने।

### ४.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

यस योजनाको कार्यान्वयनबाट पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी रणनीति तथा क्रियाकलापहरूको कार्यान्वयनबाट विद्यालय तहका लागि आवश्यक व्यवहारकुशल सिप, सामाजिक तथा नागरिक सक्षमता, सूचना प्रविधि सिप सहितको नागरिक तयार गर्न पाठ्यक्रमको कार्यान्वयन गर्न सबै तहका शिक्षकहरूलाई अभिमुखीकरण गरिने छ। विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन स्थानीय तहबाट गरिने छ । माध्यमिक तहमा प्राविधिक धार तर्फको पाठ्यक्रम र मूल्याङ्कन लगायतका कार्यक्रमको समीक्षाका आधारमा आवश्यक सुधारकालागि सुझाव प्रदान गरिनेछ । विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन प्रक्रिया तथा सार्वजनिक

परीक्षाका लागि संरचनागत र प्रक्रियागत सुधार हुनेछ । यसमा कार्यान्वयनको मूल जिम्मेवारी यस पालिकाको हुनेछ भने मापदण्ड तथा विधिहरूको विकास र प्रमाणीकरणमा संघको र प्राविधिक सहयोग तथा क्षमता विकासजस्ता कार्यमा प्रदेशको भूमिका रहने छ ।

तालिका ४.२: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यान्वयन | **वटा** | १ | १ | १ | १ | १ | |
| २ | पाठ्यक्रमको मूल्याङ्कन (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम कार्यान्वयन) | पटक | ० | १ | ० | | १ | |
| ३ | Digital सामाग्रीहरुको कार्यान्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको सङ्कलन र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी (अपाङ्गता भएका विद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी पालिकाको स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने) | तह | ० | १ | ० | | १ | |
| ५ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | शिक्षक | ४४ | ६७ | ६७ | २२ | २२ | |
| ६ | आन्तरिक र बाह्य दुवै विधिका विद्यार्थी मूल्याङ्कन र तिनको कार्यान्वयनको मापदण्डहरूको कार्यान्वयन गर्ने (जसमाः-नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मूल्याङ्कनका विधिहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतीको प्रतिवेदन र सुझाव सङ्कलन) | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | |
| ७ | प्राविधिक धारका विषयहरुको पाठ्यक्रम र सिकाइ सामग्रीहरुको कार्यान्वयन गर्ने र मुल्यांकन पद्धतिको विकास र तिनको प्रयोग गर्ने) | वटा | १ | १ | १ | १ | १ | |
| ८ | बहुपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने (जसमाः-बहु पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने र अपाङ्गता भएका विद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको उपलब्धता गर्ने) | पटक | १ | १ | १ | १ | १ | |
| ९ | विद्यालय शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, विधि र प्रक्रियाहरूको संकलन छनौट र प्रयोग गर्ने) | पटक | | १ | | | १ | |
| १० | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ वर्तमान अवस्था

योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र शिक्षण पेसाप्रति जिम्मेवार शिक्षक कुनै पनि शिक्षा प्रणालीका आधार स्तम्भ हुन् । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गतिलिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । हाम्रोजस्तो मुलुकमा शिक्षामा विनियोजित बजेटको करिब ७० प्रतिशत बजेट शिक्षकको तलव भत्तामा खर्च हुनुले पनि गुणस्तरीय शिक्षामा शिक्षकको महत्त्वलाई प्रमाणित गर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (कक्षा ११-१२ सन्चालित मा.बि.) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

### ४.२.२ उद्देश्य

यस उप-क्षेत्रका वर्तमान चुनौती र अवसरहरूका आधारमा यस पालिकाको दश वर्षे शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासको समग्र उद्देश्य पेसाप्रति समर्पित र दक्ष शिक्षकहरूबाट बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी भई सहजीकरण गर्नु रहेको छ भने यो सँग सम्बन्धित अन्य विशिष्ट उद्देशयहरु देहायबमोजिम निर्धारण गरिएका छन् :

१. विद्यार्थी सिकाइलाई प्राथमिकतामा राखी शिक्षक पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु ।
२. पालिका तहबाट गरिने शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु ।
३. नपुग शिक्षक दरबन्दीमध्ये शिक्षा नीति/नियम अनुसार प्रदेश र संघीय सरकारहरूसँग समन्वय सहकार्य र सहलगानी गरी शिक्षक दरबन्दीको न्यायोचित पूर्ति र वितरण गर्नु ।
४. सबै तहमा कार्यरत शिक्षकहरूको शिक्षण सिकाइमा दक्षता र निपूर्णताको सुनिश्चितता गर्नु ।
५. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
६. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।
७. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमतालाई प्रभावकारी बनाउनु ।

### ४.२.३ रणनीति

माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार तय गरिएका छन्:

१. शिक्षक सक्षमता प्रारूपलाई शिक्षक पालिका तहबाट गरिने तयारी र छनौट, आदि प्रक्रियामा प्रभावकारीरूपमा कार्यान्वयन गरिने छ ।
२. हाल कार्यरत शिक्षकहरूलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित गरिने छ।
३. शिक्षक विद्यार्थी अनुपात र विषयगतका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम दरबन्दी पुनर्वितरण तथा थप गरिनेछ ।
४. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा एकल शिक्षकको माध्यमबाट बहुकक्षा शिक्षणको विधि अपनाइ शिक्षण सिकाइ गर्नका लागि शिक्षकहरुका निम्ति विशेष क्षमता अभिवृद्धि तालिम र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५. आधारभूत तह १-५ मा कार्यरत माथिल्लो योग्यता भएका (आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको) शिक्षकहरुका निम्ति दरबन्दी सहित माथिल्लो तहमा नियुक्तिका निम्ति विशेष व्यवस्थाको प्रयास गरिनेछ।
६. पालिकाले छनौट गर्ने शिक्षकको हकमा प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४–८ का लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकलाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।
७. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै विवरण तयार गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने व्यवस्थाका लागि शिक्षक सेवा आयोगसँग समन्वय गरिनेछ ।
८. प्रत्येक ३ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिमलाई अनिवार्य बनाइनेछ ।
९. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकतानुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्न संघीय र प्रदेश तहसँग सहकार्य गरिने छ ।
१०. शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति , विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गर्नका लागि स्थानीय विद्यालयहरूसँग सहकार्य गरिनेछ ।
११. पालिकाको स्रोतले भ्याएसम्म शिक्षकको सुविधा,प्रोत्साहन , वृत्ति विकासका प्रावधानहरूलाई थालनी गरिनेछ ।
१२. शिक्षक नियुक्ति ,सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने वैकल्पिक पद्धतिको विकास गरिनेछ ।
१३. शिक्षक पुरस्कार प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकले अध्यापन गरेको विषय र विद्यार्थीको सिकाइ उपलब्धि, आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभावलाई आधार बनाइने छ ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) प्रमुख उपलब्धि**

यस उप-क्षेत्रको माथि उल्लिखित रणनीतिहरू कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार तय गरिएको छ ।

१. विद्यालयमा आवश्यक सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, अभिप्रेरित तथा पेसाप्रति उत्तरदायी र जिम्मेवार शिक्षकको व्यवस्था हुने ।
२. विद्यालयमा शिक्षक विद्यार्थी अनुपात र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण हुने र शिक्षकको आपूर्ति नियमित रूपमा हुने ।
३. विद्यार्थी परीक्षा र मुल्यांकनमा परिमार्जन र सुधार भई विद्यार्थीहरूको सिकाइमा गुणस्तर अभिवृद्धि हुने ।

## ख) प्रमुख नतिजाहरू

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस योजनाले अपेक्षा गरेका शिक्षकव्यवस्थापन र विकाससम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि सूचकगत नतिजा र तिनको अपेक्षित प्रतिफल तय गरिएको छ । तलको तालिका ४.३ मा शिक्षक व्यवस्थापन र विकाससम्बन्धी सूचकगत अपेक्षित नतिजाहरू प्रस्तुत गरिएको छ ।

तालिका ४.३: प्रमुख नतिजाहरु

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR):- | | | | | | |
| | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | १५.२ | १६.५ | १६.७ | १६.९ | १७.१ | १८.० |
| | आधारभूत तह (कक्षा १-५) | ८.४ | ८.४ | ८.३ | ८.४ | ८.४ | ९.१ |
| | आधारभूत तह (कक्षा ६-८) | २६.९ | २२.७ | २३.१ | २१.९ | २२.१ | २०.४ |
| | माध्यमिक तह (कक्षा ९-१०) | १८.२ | १६.१ | १६.९ | १८.६ | १७.१ | १७.७ |
| | माध्यमिक तह (कक्षा ११-१२) | ३७.९ | २९.४ | २६.६ | २७.९ | २५.० | ३२.३ |
| २ | आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ |
| ३ | आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ३७.३ | ३७.४ | ३७.४ | ३७.५ | ३७.६ | ३७.९ |
| ४ | आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ४९.३ | ४४.८ | ४४.९ | ४४.९ | ४५.० | ४५.१ |
| ५ | माध्यमिक तह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २७.८ | २८.३ | २८.९ | २९.५ | ३०.१ | ३२.५ |
| ६ | माध्यमिक तह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ९.१ | ९.२ | ९.३ | ९.३ | ९.४ | ९.८ |
| ७ | माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १४.५ | १८.८ | १९.१ | १९.४ | १९.७ | २१.२ |
| ८ | सामुदायिक आधारभूत विद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ७७.० | ८४.० | ९१.७ | १००.१ | १०९.२ | १५४.७ |
| ९ | सामुदायिक विद्यालयहरूमध्ये आधारभूत तहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालयहरूको सङ्ख्या | ९ | ९ | १० | ११ | १२ | १७ |
| १० | सामुदायिक माध्यमिक तहमा (कक्षा ९-१०) कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ६९.० | ७५.३ | ८२.२ | ८९.७ | ९७.९ | १३८.७ |
| ११ | सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये कक्षा ९-१० सम्मको अध्यापनको लागि ३ वटा Core Subject:-Maths, Science and English र ५ वटा अनिबार्य विषयको विषयगत शिक्षक पुरा गर्ने विद्यालयहरूको सङ्ख्या : ३ वटा Core Subject: | ९ | १० | ११ | १२ | १३ | १८ |
| | ५ वटा अनिबार्य विषयको विषयगत शिक्षक पुरा गर्ने | २ | २ | २ | ३ | ३ | ४ |
| १२ | जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सञ्चालन गर्ने विद्यालयहरुको सङ्ख्या | १ | १ | १ | १ | २ | २ |
| १३ | जम्मा सामुदयिक विद्यालयमध्ये कक्षा ९-१२ मा प्राविधिक धार सहित सञ्चालन गर्ने विद्यालयहरुमा भर्ना भएका जम्मा विद्यार्थी % | ११.४ | १३.१ | १५.१ | १७.४ | २०.१ | ३५.४ |
| १४ | विज्ञान विषय सहितका जम्मा विद्यालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १५ | विज्ञान विषय सहितका सामुदयिक विद्यालय सङ्ख्या (कक्षा ११-१२) | १ | १ | १ | १ | २ | २ |
| १६ | सबै प्रकारका माध्यमिक विद्यालयहरुमध्ये कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुमा विज्ञान विषयमा भर्ना भएका जम्मा विद्यार्थी प्रतिशत | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १७ | सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुमा विज्ञान विषयमा भर्ना भएका जम्मा विद्यार्थी % | ८.६ | ९.७ | ९.७ | ११.० | १२.५ | २०.७ |
| १८ | सामुदायिक माध्यमिक विद्यालयमा तोकिएका आधारभूत सिकाइका सर्तहरू (BLCs) पुरागर्ने विद्यार्थी % | ३४७ | ३९४ | ३९४ | ४४६ | ५०६ | ८३८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | शिक्षा सेवा आयोगद्वरा आधारभूत र माध्यमिक तहका लागि नयाँ नियुक्त भएका शिक्षकहरूमध्ये सेवा प्रवेश तालिम (Job induction training) लिएका शिक्षक % | २१.० | २३.८ | २३.८ | २७.० | ३०.६ | ५०.७ |
| २० | आधारभूत र माध्यमिक तहमा नयाँ नियक्ति भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिवृद्धि तालिम (Capacity Development Training) लिएका शिक्षक % | २६.० | २९.५ | २९.५ | ३३.५ | ३७.९ | ६२.८ |
| २१ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाइ अभिवृद्धिका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक % | १०.८ | १४.३ | १४.३ | १८.९ | २५.० | ७६.४ |
| २२ | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | ७.२ | ९.७ | ९.७ | १३.१ | १७.७ | ५८.९ |
| २३ | पालिका तहमा शिक्षक व्यवसायिक सहयोग पद्दत्ति स्थापना र सञ्चालन गर्ने (TPSS) पालिकाहरुको सङ्ख्या | १.० | १.० | १.० | १.० | १.० | १.० |
| २४ | ICT सम्बन्धी पूर्वधार र आवस्यक सामग्री सहितका विद्यालय सङ्ख्या | १७.० | १८.० | १८.० | १९.१ | २०.२ | २५.६ |
| २५ | विद्युतिय सुविधा प्राप्त (वैकल्पिक उर्जाको स्रोत समेत) विद्यालय सङ्ख्या | २३.० | २३.९ | २३.९ | २४.९ | २५.९ | ३०.३ |
| २६ | Broadband internet connection को सुविधा भएका विद्यालय सङ्ख्या | ३.४ | ४.२ | ४.२ | ५.२ | ६.४ | १४.६ |
| २७ | सामुदायिक विद्यालयका प्र.अ.हरूमध्ये विद्यालय व्यवस्थापन तालिम (School Management Training) पुरा गर्ने प्र.अ.हरूको सङ्ख्या | ९.० | ११.३ | ११.३ | १४.२ | १७.७ | ४३.९ |
| २८ | स्थानीय तहले आफ्नो आन्तरिक स्रोत वितरण गरेका विद्यालयहरूको % | १३ | १३ | १३ | १४ | १४ | १४ |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछनः

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास हुने ।

२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनसंरचना तथा सुधार हुने ।

३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार हुने ।

४. कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रम निर्माण भइ लागू हुने ।

५. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने ।

६. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।

७. शिक्षकको उपस्थिति शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने । ,

८. विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण हुने र शिक्षकको आपूर्ति नियमित रूपमा हुने ।

९. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शि र पूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

१०.पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरष्कार पद्धति स्थापित हुने ।

११.शिक्षकहरु विद्यार्थीको सिकाइ उपलब्धि र स्वयंको पेसागत विकासका लागि समर्पण हुने ।

### ४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

यस उप-क्षेत्रका रणनीतिहरू अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका आधारभूत र माध्यमिक तहको शिक्षासम्बन्धी समग्र उपलब्धि हासिल गरी तोकिएका उद्देश्यहरू पुरा गर्नका लागि यस शिक्षक व्यवस्थापन र विकाससम्बन्धी भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उपक्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै आधारभूत र माध्यमिक विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई यस तहका सबै बालबालिकाको गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चित हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार विद्यालय शिक्षा क्षेत्रसम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको SIP योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि पालिकाले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछन् ।

**तालिका ४.४: प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | शिक्षक योग्यता र वितरणको अद्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुर्ण वितरण र समायोजन) | पालिका | ० | १ | ० | ० | १ | |
| २ | आधारभूत तहमा नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | शिक्षक | ९ | ९ | ९ | ९ | ९ | |
| ३ | माध्यमिक तहमा नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | शिक्षक | २ | २ | २ | २ | २ | |
| ४ | माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी विषयको विषयवस्तुहरूको पाठ अध्ययन (Lesson study) सामग्री विकास सम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम दिने | शिक्षक | १२ | १२ | १२ | १२ | ९ | |
| ५ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | शिक्षक | २६ | ४० | ५३ | ७९ | ६६ | |
| ६ | सबै प्रकारका शिक्षक तालिमहरू सञ्चालनका लागि १० दिने प्रशिक्षण तालिम (TOT) | शिक्षक | ३ | ३ | ३ | ३ | ३ | |
| ७ | प्रारम्भिक कक्षा सिकाइ (EGL) सम्बन्धी ५ दिने प्रशिक्षण तालिम | शिक्षक | २५ | २० | २५ | २५ | २५ | |
| ८ | ECED सँग सम्बन्धित विभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने | शिक्षक | ० | ५ | ५ | ६ | ७ | |
| ९ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | शिक्षक | ४० | ० | ४० | ० | ४० | |
| १० | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत रोस्टर शिक्षकहरुका लागि Teachers, Mentors सम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | ३ | ० | ३ | ३ | १ | |
| ११ | स्थानीय तहमा तालिम सञ्चालन अवधिमा स्थलगत प्राविधिक सहयोग तथा स्थिति प्रतिवेदन तयारी | शिक्षक | १ | १ | १ | १ | १ | |
| १२ | शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१०) का अनिवार्य विषय शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | शिक्षक | ८ | ११ | १४ | १७ | ६ | |
| १३ | बहुकक्षा बहुस्तर (MGML) सम्बन्धी शिक्षक पेसागत विकास तालिम | शिक्षक | ० | ० | ० | ० | ० | |
| १४ | शिक्षक पेसागत विकास प्रारूप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) र (कक्षा ६-८) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | शिक्षक | २२ | २२ | २२ | २२ | २२ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १५ | पहिलो चरण पुरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपि डी तालिम | शिक्षक | ९ | १८ | २७ | ३६ | ४५ | |
| १६ | पहिलो चरण पुरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | ९ | १८ | २७ | ३६ | ४५ | |
| १७ | पहिलो चरण पुरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ९ | १३ | १७ | २१ | २६ | |
| १८ | पहिलो चरण पुरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | ९ | १३ | १७ | २१ | २६ | |
| १९ | पहिलो चरण पुरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ६ | ६ | ६ | ६ | ६ | |
| २० | पहिलो चरण पुरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाईन टिपिडी तालिम | शिक्षक | ६ | ६ | ६ | ६ | ६ | |
| २१ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/ सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/ गणित विषयका शिक्षकहरूलाई आधारित टिपिडी तालिम | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | |
| २२ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/ सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/ गणित विषयका शिक्षकहरूलाई आधारित अनलाईन टिपिडी तालिम | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | |
| २३ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम | शिक्षक | ० | ३ | ० | ३ | ३ | |
| २४ | कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाईनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम | शिक्षक | ० | १३ | १३ | ० | १३ | |
| २५ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | शिक्षक | ४ | ६ | ८ | १० | १२ | |
| २६ | पहिलो चरण पुरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम | शिक्षक | ४ | ६ | ८ | १० | १२ | |
| २७ | पहिलो चरण पुरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकाससम्बन्धी तालिम | शिक्षक | ४ | ६ | ८ | १० | १२ | |
| २८ | लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दि ने कस्टमाइज्ड शिक्षक तालिम | शिक्षक | ४ | ६ | ८ | १० | १२ | |
| २९ | पहिलो चरण पुरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकहरूको क्षमता विकासका लागि टिपिडी तालिम | शिक्षक | २ | ० | २ | ० | २ | |
| ३० | बिशेष शिक्षाका विद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सञ्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | शिक्षक | ० | ० | ० | ० | ० | |
| ३१ | समाहित शिक्षा सञ्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | शिक्षक | ० | ० | ० | ० | ० | |
| ३२ | | | | | | | | दातृ संस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

## ४.३. दिवा खाजा तथा पोषण कार्यक्रम र विद्यालय स्वास्थ्य

### परिचय

गुणस्तरीय सिकाइका लागि बालबालिकाहरू स्वस्थ र तन्दुरुस्त हुनु आवश्यक हुन्छ । बालबालिकाको पूर्ण स्वास्थ्यताका लागि पौष्टिक एवम् सन्तुलित खाना/खाजा अनिवार्य सर्त मानिन्छ । मानव पूँजीको विकासको लागि प्रत्येक बालबालिकाले स्वस्थ र पोषित भई गुणस्तरीय शिक्षा प्राप्त गर्नुपर्दछ । नेपालको संविधानको धारा ३५ र ३६ ले खाद्य सम्प्रभुताको हक सुनिश्चित गरेको छ । संविधानले प्रत्याभूत

गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास योजना, पन्ध्रौ योजना, राष्ट्रिय शिक्षा नीति २०७६, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरूले उच्च महत्त्व दिएका छन् ।

प्रारम्भिक वाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूमा गरिएको अध्ययनले जीवनका आरम्भका एक हजार दिनका अतिरिक्त अर्को सात हजार दिन पनि मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका लागि उत्तिकै महत्त्वपूर्ण हुने देखाएको छ । मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका साथै कुपोषणको चक्र तोड्नका लागि विद्यालयलाई स्वास्थ्य तथा पोषण सेवाहरु प्रदान गर्ने एउटा मितव्ययी र प्रभावकारी स्थल/संस्थाको रुपमा रहेको कुरा आत्मसात गरी खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसले बालाबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थिति सुधार गर्नुको साधै वृहत र सूक्ष्म पोषक तत्वहरुको आवश्यकता धेरै हदसम्म परिपुर्ति गर्नका साथै ९/१० वर्ष उमेर माथिको बालिकाहरुका लागि महिनावारी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यमा समेत सहयोग गरेको देखिन्छ ।

यस पालिकामा विगत केही वर्षदेखि वालवालिकाहरुको विद्यालयमा पहुँच, लैङ्गिक समता दर जस्ता केही सूचकहरुमा वृद्धि भएको देखिएतापनि विद्यालय छोड्ने र कक्षा दोह्याउने तथा सिकाइ उपलब्धिको दरमा अपेक्षित सुधार आउन सकेको अवस्था छैन । अझैपनि केही सङ्ख्या विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालयको पहुँचभन्दा बाहिर रहेको अवस्था छ ।

### ४.३.१ वर्तमान अवस्था

विद्यालयमा स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको FRESH (Focusing Resources on Effective School Health) ढाँचालाई विचार गरिएको छ (WB, 2002) । यस ढाँचाले मुख्यगरी चारओटा अङ्गहरू समावेश गरेको छ । पहिलो विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु; दोस्रो, सुरक्षित पानी तथा सरफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु; तेस्रो, सीपमा आधारित स्वास्थ्य शिक्षाको प्रबन्ध गर्नु; र चौथो, विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु रहेका छन्। वर्तमान अवस्थाको विश्लेषणमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरूको अन्तरसम्बन्ध उल्लेख गरिएको छ ।

**क) दिवा खाजा**

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका आधारभूत विद्यालयमा (कक्षा १-५) विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन हुँदै आउने क्रममा अहिले कर्णाली प्रदेशका ४ जिल्ला (दैलेख जाजरकोट पूर्वी रुकुम र पश्चिम रुकुम) र सुदूरपश्चिम प्रदेशका ६ जिल्ला ( डडेल्धुरा डोटी बैतडी बझाङ अछाम र दार्चुला) गरी दश जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालनमा छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/०७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवा खाजा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा

बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिदैन ।

**ख) विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता,शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा विशेष ख्याल गर्नु जरुरी हुन्छ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ । यही कुरालाई विचार गरेर सन् १९९२-२००४मा विद्यालय तथा समुदाय स्वास्थ्य कार्यक्रमका नाममा केही समुदायमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिएको थियो । यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण घटाउने र विद्यार्थीहरूको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएको थियो। सन् २००६ मा शिक्षा र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संयुक्त रूपमा विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरेका थिए। सन् २०१४/२०१५ देखि २०१९/२०२० सम्म ५ वर्षका लागि तयार गरिएको संयुक्त कार्ययोजनामा विद्यालय स्वास्थ्य तथा पोषणको न्यूनतम प्याकेज पनि तयार गरिएको थियो । न्यूनतम प्याकेजअन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आवश्यकतानुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६-१० का बालिकाहरूका लागि आइरन चक्की, छात्रा र छात्रका लागि अलग-अलग शौचालय, व्यस्थापन समितिको सक्षमतामा सुधार तथा बाल क्लबहरूको परिचालन रहेका छन्। यस क्रममा पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख गरेको थियो भने वागमती प्रदेशले एक विद्यालय एक नर्स कार्यक्रम केही विद्यालयबाट सुरु गरी क्रमशः विस्तार गर्ने योजना  गरेको छ ।पन्ध्रौं योजनाले बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा नीतिगत प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीतिहरू  स्पष्ट गरेको देखिदैन ।विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ सुधार गर्नका लागि  जुका नियन्त्रण, सूक्ष्म पोषक तत्त्व पूरण तथा दृष्टि एवम् श्रवणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन रणनीतिहरू प्रस्ताव गरिएका थिए । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरू स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्ने हुँदा कार्यक्रमको नतिजामा एकरूपता देखिएको छैन। विशेषतः विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

**ग) सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि  सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क पनि तोकिएको छ ।

तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरेको विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी; विद्यार्थी सङ्ख्याअनुसार छात्रा र छात्रका लागि अलगअलग सफा र सुरक्षित स्थानमा बाल मैत्री, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय; वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा; विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन; सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/खाजा घर; विपद जोखिम व्यवस्थापन; सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् ।

प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गर्ने कार्यमा विगत केही वर्षदेखि विशेष जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालयसमेत समावेश गर्न थालिएको छ तर पनि विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयको व्यवस्था, पर्याप्त पानी र साबुनको प्रबन्ध, सफाइ, विद्यार्थीको उमेर समूहअनुसार फरक आकार तथा स्थानमा शौचालय र विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि शौचालयको विशेष प्रबन्ध गर्न भने धेरै विद्यालयमा बाँकी नै रहेको छ । वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधामा पनि कतिपय विद्यालयले प्रगति गरे पनि धेरैजसो विद्यालयले यसमा थप कार्य गर्नु पर्ने देखिन्छ । बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ ।

### ४.३.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने रहेको छ भने यस अन्तर्गतका विशिष्ट उद्देश्यहरु देहायबमोजिम छन् ।

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थ्यकर ताजा तथा पौष्टिक , खाजा/खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्यस पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी , यस सम्बन्धी बानी/व्यवहारलाई प्रोत्साहन गर्नु ।
३. दिवा खाजा लगायत अन्य स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि आवश्यक मानवीय संशोधन तथा भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन गर्नु ।
४. सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुदृढ गरी बालबालिकाको पोषण स्वास्थ्य र ,सिकाइ उपलब्धिमा सुधारगर्नु ।
५. स्थानीय उत्पादनको प्रबर्धन र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने गरी दिवा खाजाको लागि चाहिने खाद्य सामग्रीहरु कृषि क्षेत्रको सहकार्यमा विकास तथा व्यवस्थापन गर्नु ।

### ४.३.३ रणनीति

यस दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम उप-क्षेत्रका माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि यस पालिकाले निम्नानुसारका रणनीतिहरु तय गरेको छ ।

१. संघ र प्रदेश तह तथा अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२. बालबालिकालाई आवश्यक सफा, ताजा र पोषिलो खाजा तयारीको लागि आवश्यक पर्ने पुर्वाधार एवम् श्रोत (उचित भान्सा तथा भण्डारण कोठा, आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा, विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था, प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटको वितरण र स्यानीटरी प्याडको वितरण आदि) विकास तथा व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ ।

३. विद्यार्थीले दिवा खाजा पाउने अधिकारलाई सुनिश्चित गर्न पालिकास्तरीय जनशक्ति व्यवस्थापन, कार्यान्वयन संयन्त्र र संस्थागत व्यवस्थापन एवम् नीतिगत प्रबन्ध गरिनेछ ।

४. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मको सबै विद्यार्थीलाई विद्यालयमा नै उपलव्ध गराउनका लागि वडा, अभिभावक र विद्यालय तहहरुसंगको लागत साझेदारीमा आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ ।

५. विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि वडा र विद्यालयहरुसंगको समन्वयमा यस पालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा नर्सको व्यवस्थापन गर्ने कार्य थालनी गरिनेछ ।

६. विद्यालयहरूमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, पोषण र किशोरीहरुको महिनावारी स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँगको समन्वय र सहयोगमा पालिका स्तरमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि वडा र विद्यालय तहको क्षमता अभिवृद्धि गर्नका लागि सहजीकरण गरिनेछ ।

८. महंगी र आवश्यकतालाई मध्यनजर राखी हाल प्रदान गरिदै आएको प्रति विद्यार्थी खाजाको रकममा पुनरावलोकन गरिनेछ ।

९. कार्यक्रमको अनुगमन, मुल्याङ्कन लगायत खाद्य सुरक्षा, गुणस्तर सम्बन्धी प्राविधिक सहयोग तथा आवश्यक प्रविधि विकासको लागि केन्द्रीय र प्रदेश विश्वविद्यालय तथा अन्य विशेषज्ञ निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

यस योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हासिल हुनेछन ।

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई तिनीहरुको टिकाउ, सहभागिता र सिकाइ उपलब्धिमा सुधार आएको हुने।
- विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भई शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता हुने ।

- सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित, लैङ्गिक तथा अपाङ्गता मैत्री तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता हुने ।

## ख) प्रमुख नतिजाहरू

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस योजनाले अपेक्षा गरेका दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि सूचकगत नतिजा र तिनको अपेक्षित प्रतिफल तय गरिएको छ । तलको तालिका ४.५ मा दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी सूचकगत अपेक्षित नतिजाहरू प्रस्तुत गरिएको छ ।

तालिका ४.५ प्रमुख नतिजाहरू

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | ८४.८ | ८६.६ | ८८.४ | ९०.२ | ९२.१ | १००.० |
| | छात्र | ८७.६ | ८९.१ | ९०.६ | ९२.१ | ९३.६ | १००.० |
| | छात्रा | ८२.२ | ८४.२ | ८६.३ | ८८.५ | ९०.७ | १००.० |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ९३.८ | ९४.५ | ९५.३ | ९६.१ | ९६.९ | १००.० |
| | छात्र | ९३.८ | ९४.६ | ९५.३ | ९६.१ | ९६.९ | १००.० |
| | छात्रा | ९३.८ | ९४.५ | ९५.३ | ९६.० | ९६.८ | १००.० |
| ३ | कक्षा १ मा पुनःउहीकक्षा दोहोऱ्याउने दर (Repetition Rate) | ७.२ | ५.५ | ४.२ | ३.२ | २.५ | ०.९ |
| | छात्र | ७.७ | ५.९ | ४.५ | ३.५ | २.७ | ०.९ |
| | छात्रा | ६.७ | ५.२ | ४.० | ३.१ | २.४ | ०.८ |
| ४ | कक्षा १ मा कक्षा छाड्ने दर (Drop out Rate) | १.९ | १.३ | ०.९ | ०.६ | ०.४ | ०.१ |
| | छात्र | १.४ | ०.९ | ०.७ | ०.५ | ०.३ | ०.१ |
| | छात्रा | २.४ | १.७ | १.२ | ०.८ | ०.६ | ०.१ |
| ५ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR inGrade 1) | ९१.१ | ९३.० | ९५.० | ९६.९ | ९९.० | १०७.५ |
| | छात्र | ८९.९ | ९१.८ | ९३.७ | ९५.७ | ९७.७ | १०६.१ |
| | छात्रा | ९२.५ | ९४.४ | ९६.४ | ९८.४ | १००.५ | १०९.२ |
| ६ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ६०.१ | ६४.१ | ६८.३ | ७२.८ | ७७.५ | १००.० |
| | छात्र | ५९.१ | ६३.१ | ६७.४ | ७२.० | ७६.९ | १००.० |
| | छात्रा | ६१.३ | ६५.१ | ६९.३ | ७३.६ | ७८.३ | १००.० |
| ७ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) जम्मा | ८७.९ | ८९.७ | ९१.५ | ९३.३ | ९५.२ | १०३.० |
| | छात्र | ८४.८ | ८६.८ | ८८.९ | ९१.० | ९३.१ | १०२.३ |
| | छात्रा | ९१.३ | ९२.७ | ९४.२ | ९५.७ | ९७.३ | १०३.६ |
| ८ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) जम्मा | ६३.७ | ६७.४ | ७१.३ | ७५.४ | ७९.८ | १००.० |
| | छात्र | ६१.३ | ६५.१ | ६९.३ | ७३.६ | ७८.३ | १००.० |
| | छात्रा | ६६.२ | ६९.७ | ७३.४ | ७७.३ | ८१.४ | १००.० |
| ९ | आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in GER) | १.१२ | ०.९९ | ०.९८ | ०.९८ | ०.९९ | १.०४ |
| १० | आधारभूत तह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI in NER) | १.३० | १.१३ | १.०४ | १.१२ | १.११ | १.०८ |
| ११ | आधारभूत तहबाट माध्यमिक तहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | ६७.३ | ७०.५ | ७४.० | ७७.६ | ८१.४ | ९८.५ |
| | छात्र | ६५.५ | ६८.७ | ७२.१ | ७५.६ | ७९.३ | ९६.० |
| | छात्रा | ६८.६ | ७२.० | ७५.५ | ७९.२ | ८३.० | १००.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | आधारभूत तह (कक्षा १-५) मा दलित विद्यार्थीको प्रतिशत | १३.१ | १३.० | १३.० | १२.९ | १२.९ | १२.७ |
| १३ | बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | १.३ | १.४ | १.५ | १.५ | १.६ | २.० |
| १४ | आधारभूत तह (कक्षा १-८) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | १.५ | १.६ | १.६ | १.७ | १.७ | २.० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछनः

१. लागत साझेदारीको आधारमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन हुने ।
२. पोषिलो खाजा तयारीको लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार एवम् श्रोतविकास तथा व्यवस्थापन हुने ।
३. विद्यार्थीले दिवा खाजा पाउने अधिकार कानुनी रूपमा स्थापित हुने तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा कार्यान्वयन संयन्त्र संस्थागत हुने ।
४. यस पालिकाका आधारभूत तहसम्मको सम्पूर्ण बालबालिकालाई विद्यालयमा नै स्थानीय उत्पादनमा आधारित दिवा खाजा उपलब्ध हुने ।
५. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वास्थ्य तथा नर्सिङ सुविधाको व्यवस्थापन हुने ।
६. विद्यालयहरूमा स्वास्थ्य पोषण र किशोरीहरुको महिनावारी ,सफाइ तथा स्वच्छता ,खाद्य सुरक्षा , स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान हुने ।
७. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजा खाना मेनु/ तयार हुने ।
८. कार्यक्रमको अनुगमन , मूल्याङ्कन लगायत खाद्य सुरक्षा गुणस्तर सम्बन्धी प्राविधिक सहयोग तथा , आवश्यक प्रविधि विकास हुने।

### ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरेर यस योजनाले अपेक्षा गरेका दिवा खाजा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि भौतिक लक्ष्यहरू तय गरिएको छ ।तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस उप-क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई सबै बालबालिकाको निरन्तरता, टिकाउ र गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार विद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक वडा र विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ।

तालिका ४.६ प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | पालिकास्तरीय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| २ | पालिका स्तरमा खाद्य समन्वय तथा अनुगमन समितिको गठन र परिचालन | वटा | १ | १ | १ | १ | १ | |
| ३ | १२५ भन्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयमा विद्यालय सहयोगी बाहेक थप भान्सेको व्यवस्थापन | वटा | ४ | ४ | ४ | ४ | ४ | |
| ४ | आधारभूत तह (ECED देखि कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | विद्यार्थी | २१७३ | २१६६ | २१९४ | २१९२ | २२४७ | Basic |
| ५ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुविधाको व्यवस्था (Provision of ECED friendly WASH facility to ensure the compliance with minimum standards | ECED | ५ | १० | १० | १० | ७ | ECED |
| ६ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४८६ | ४९५ | ४६८ | ४७५ | ४५२ | Basic |
| ७ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४४६ | ४४९ | ४८८ | ४४५ | ४५८ | Secondary |
| ८ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र विद्यालयलाई कार्यक्रम र बजेट अनुदान | विद्यार्थी | १५८२ | १५६७ | १६३७ | १६३१ | १६५४ | Inclusive |
| | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

# ४.४. शैक्षिक समता र समावेशीकरण

## परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन् । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ । विविधता भएका हाम्रा समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता लाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकार शिक्षामा विविधता, समता र समावेशीता को प्रवर्धन गर्नु आवश्यक छ । सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ । विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवेशअनुसार भिन्नता हुनसक्ने भएकाले कुनै बाधाहरू भौतिक तथा स्रोत/सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक र संरचनागत पनि हुन सक्दछन् ।

यस परिच्छेदमा विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि पालिकाको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षामा समताका विभिन्न आयमहरू समेटिएको छ ।

### ४.४.१ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छन्। त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवसीय प्रबन्धको सुरुआत भएको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भइरहेको छ ।

शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं.२०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्यहरू र अपाङ्गतालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि पनि केही योजनाबद्ध प्रयास सुरु भएको थियो ।

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३,एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्धता जनाएको छ ।

सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रबन्ध भएको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ ।अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली,

२०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । यसै गरी, विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । यसै सम्बन्धमा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ । यी नीतिगत व्यवस्थाका अनुसार सन्चालित विभिन्न कार्यकंमहरूः- दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । विद्यालय क्षेत्र विकास योजनाले लिङ्ग, सामाजिक-आर्थिक अवस्था, भौगोलिक अवस्थिति, स्वास्थ्य तथा पोषणको स्थिति, अपाङ्गता, जातजाति, भाषा र सङ्कटापन्न अवस्थाका बालबालिकालाई समता सुदृढीकरणका लागि लक्षित समूह मानी अर्थपूर्ण पहुँचमा, कार्यमूलक सहभागितामा र अर्थपूर्ण सिकाइ उपलब्धिमा समता गरी तीन ओटा क्षेत्र पहिचान गरेको छ ।

### ४.४.२ उद्देश्य

प्रस्तुत योजनामा यस अन्तरसम्बन्धित खण्डको समग्र उद्देश्य विभिन्न कारणले शिक्षाबाट बञ्चित र अपांगता भएका यस पालिकाका सबै प्रकारका बालबालिका र व्यक्तिका लागि अधिकारमुखी अवधारणाका आधारमा गुणस्तरीय समावेशी एवम् विशेष शिक्षाका सक्षम र प्रतिस्पर्धी नागरिक उत्पादन गर्नु रहेकोमा यस अन्तर्गतका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूलाई समताका आधारमा शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
३. विविधता समता ,एवम्समावेशी शिक्षाका मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउनु ।
४. पाठ्यक्रम शिक्षण ,पाठ्यसामग्री ,सिकाइ समता ,प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।
५. विद्यालयमा कुनै पनि प्रकारको विभेद हेपाई ,दुर्व्यवहार नहुने सुनिश्चितता गर्नु ।

### ४.४.३ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि यस पालिकाले निम्नानुसारका रणनितीहरू यस योजनाको कार्यान्वयनका लागि तय गरेको छ ।

१. स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।

२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ ।

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिष्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य , सरसफाइ तथा स्वच्छता पोषण सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

५. पाठ्यक्रममा राखिएका प्रावधानहरू अनुसार आाधारभूत तहमा स्थानीय भाषा ,इतिहास ,भूगोल , ज्ञान, सिप तथा र बहुमातृभाषामा सिकाइको अवसर प्रदान गरिने छ साथै सिकाइलाई जीवनोपयोगी सिपसँग आाबद्ध गरिने छ ।

६. विद्यार्थीहरूको अवस्था अनुसार पोशाक स्टेसनरी तथा ,सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।

७. सिकाइ क्रियाकलापलाई सहभागीतामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता अपनाइ सबै प्रकारको विभेद दुर्व्यवहार र असमानतालाई हटाई बालमैत्री वातावरण सिर्जना गरिने छ ।

८. विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिनेछ ।

९. औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइनेछ ।

१०. सबै प्रकारका बालबालिकाको प्रतिस्पर्धात्मक क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक खुला तथा दूर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

११. सबै प्रकारका विद्यार्थीहरुलाई विद्यालय तथा शिक्षालयहरुका विभिन्न तहमा भर्ना गर्दा उनीहरुको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गर्न सम्बन्धित संघ, संस्था र निकायहरूसँग सहकार्य गरिनेछ ।

१२. सार्वजनिक, सामुदायिक तथा संस्थागत रुपमा सञ्चालित शैक्षिक संस्थाहरुलाई हिंसा रहित र समावेशी संस्कृतिको मुल्यमान्यता अनुकुल बनाउँन सहजीकरण गरिनेछ ।

१३. विशेष बालबालिकाहरुको विशिष्टताअनुसार प्राविधिक शिक्षातर्फ भर्ना अभिवृद्धि गरिने छ ।

१४. विशेष बालबालिकाहरुलाई आत्मनिर्भर र बनाउन दिगो विकासका लागि जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गरिने छ ।

१५. अपांगत मैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नविनतम सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गरिने छ ।

१६. अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालय स्थापना गरिने छ ।

१७. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तरअनुसार आवश्यक पर्ने सामग्रीहरू जस्तैः ह्वील) चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि को समुचित प्रबन्ध गर्न आवश्यक भूमिका निर्वाह गरिनेछ ।

### ४.४.४ः प्रमुख उपलब्धि र नतिजा

#### क) प्रमुख उपलब्धि

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीतासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।
- विद्यार्थी भर्ना, कक्षा सहभागीता, सिकाइ उपलब्धिलगायत मूख्य शैक्षिक सूचकहरूमा लैङ्गिक, अपाङ्गता, आर्थिक, सामाजिक र भाषिक, प्रादेशिक र क्षेत्रीय पृष्ठभूमिमा आधारित भिन्नता घट्ने ।

#### ख) प्रमुख नतिजाहरू

योजनाको कार्यान्वयनबाट यस पालिकाको विद्यालय शिक्षामा रहेका विभिन्न प्रकारका भिन्नता र अन्तरहरुलाई यस विषयक्षेत्रको प्रभावकारी कार्यान्वयनबाट निम्न मुख्य सूचक र तिनमा हासिल हुने नतिजाहरू प्राप्ति गर्ने अपेक्षा राखिएको छ। यस विषयक्षेत्रसँग सम्बन्धित सूचकहरू र तिनको नतिजालाई तलको तालिका ४.७ मा उल्लेख गरिएको छ ।

**तालिका ४.७ः प्रमुख नतिजाहरु**

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-८) मा दलित विद्यार्थीको प्रतिशत | १२.७ | १२.७ | १२.७ | १२.७ | १२.८ | १२.९ |
| २ | माध्यमिक तह (कक्षा ९-१२) मा दलित विद्यार्थीको प्रतिशत | १२.६ | १२.६ | १२.७ | १२.७ | १२.७ | १२.८ |
| ३ | बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | १.३ | १.४ | १.५ | १.५ | १.६ | १.९ |
| ४ | आधारभूत तह (कक्षा १-८) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | १.५ | १.६ | १.६ | १.७ | १.७ | १.९ |
| ५ | माध्यमिक तह (कक्षा ९-१२) मा अपाङ्गता भएका विद्यार्थीको प्रतिशत | १.३ | १.४ | १.५ | १.५ | १.६ | १.९ |
| ६ | जम्मा विद्यार्थीमा छात्राको भर्ना प्रतिशत (%): | | | | | | |
| | बालविकास (ECED) | ४६.५ | ४६.७ | ४६.९ | ४७.१ | ४७.३ | ४७.९ |
| | आधारभूत (कक्षा १-८) | ४९.४ | ४९.५ | ४९.६ | ४९.६ | ४९.७ | ४९.९ |
| | माध्यमिक (कक्षा ९-१२) | ५५.७ | ५५.७ | ५५.८ | ५५.९ | ५६.० | ५६.२ |
| ७ | सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९-१२ का जम्मा विद्यार्थीमा प्राविधिक धारका विषयहरुमा भर्ना भएका र हुने छात्राको प्रतिशत (%) | ९.२ | १०.६ | १२.२ | १४.० | १६.१ | २४.५ |
| ८ | आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ | ५२.३ |
| ९ | आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ३७.३ | ३७.४ | ३७.४ | ३७.५ | ३७.६ | ३७.८ |
| १० | आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ४९.३ | ४४.८ | ४४.९ | ४४.९ | ४५.० | ४५.१ |
| ११ | माध्यमिक तह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | ९.१ | ९.२ | ९.३ | ९.३ | ९.४ | ९.७ |
| १२ | माध्यमिक तह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | २७.८ | २८.३ | २८.९ | २९.५ | ३०.१ | ३१.९ |
| १३ | माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १४.५ | १८.८ | १९.१ | १९.४ | १९.७ | २०.८ |

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १४ | सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्ययनरत दुर्गम क्षेत्र र लक्षित बर्गका समुदायका विद्यार्थीहरूमध्ये आवाशीय सुविधासहितको छात्रवृत्ति प्राप्त गर्नेको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| १५ | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक विद्यालयहरुको सङ्ख्या | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| १६ | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूको प्रारम्भिक परीक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक विद्यालयहरुको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| १७ | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरूका लागि समाहित शिक्षा शिक्षण गर्न तालिम प्राप्त शिक्षकको सङ्ख्या | ३.० | ३.३ | ३.६ | ३.९ | ४.३ | ५.५ |
| १८ | आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा बिपन्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छात्र/छात्रा प्रतिशत | २५.० | २७.३ | २९.८ | ३२.५ | ३५.४ | ४६.० |
| १९ | उमेर समूह अनुसार महिला साक्षरता दर: | | | | | | |
| | ५ वर्ष र माथिको उमेर समूहको | ७७.२ | ८०.८ | ८४.६ | ८८.६ | ९२.७ | १००.० |
| | १५ वर्ष र माथिको उमेर समूहको | ७२.८ | ७७.४ | ८२.४ | ८७.७ | ९३.३ | १००.० |
| | १५-१४ वर्ष उमेर समूहको | ९९.१ | ९९.६ | १००.० | १००.० | १००.० | १००.० |

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले समान रूपमा शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।
३. समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यताअनूकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत र दक्षता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम हुने ।
४. विद्यालयमा कुनैपनि प्रकारको विभेद,दुर्व्यवहार र हेपाइरहित बालमैत्री वातावरण सिर्जना हुने।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षणसिकाइ प्रक्रियामा विविधता, समता र समावेशीता अभिवृद्धि हुने ।

### ४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस योजनामा विद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि शिक्षामा समता र समावेशीकरण विषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस विषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई शिक्षामा सबै बालबालिकाको समता र समावेशीकरण भई गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ। यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार आधारभूत शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न पालिकाका प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् ।योजना कार्यान्वयनका लागि पालिकाले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ ।

**तालिका ४.८: प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र विद्यालयलाई कार्यक्रम र बजेट अनुदान | विद्यार्थी | १५८२ | १५६७ | १६३७ | १६३१ | १६५४ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष विद्यालय निर्माणका लागि बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ३ | अपाङ्गताभएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान | विद्यार्थी | ० | ० | ० | ० | ० | |
| ४ | बिशेष शिक्षा परिषद अनुदानबाट सञ्चालनमा रहेका दृष्टि र सुनाई अपाङ्गता तर्फका एकीकृत बिशेष विद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापतको बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ५ | बिशेष शिक्षा परिषद अनुदानबाट सञ्चालनमा रहेका दृष्टि र सुनाई अपाङ्गता तर्फका क्रमशः कक्षा ६,७,८,१० र १२ सञ्चालित बिशेष विद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापत बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ६ | बिशेष शिक्षा परिषद अनुदानबाट सञ्चालनमा रहेका बौद्धिक अपाङ्गता तर्फका क्रमशः कक्षा २०, ३०, ४०, ५० र ६० जना विद्यार्थी भएका बिशेष विद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द बापत बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ७ | बिशेष शिक्षा परिषद अनुदानबाट सञ्चालनमा रहेका शारीरिक अपाङ्गता तर्फका क्रमशः कक्षा ८ सम्म र १२ सम्म सञ्चालनमा रहेका बिशेष विद्यालयहरुमा शैक्षिक सामग्री र मसलन्द (इन्धन) बापत बजेट अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ८ | बिशेष शिक्षा परिषद अनुदानबाट सञ्चालनमा रहेका विभिन्न अपाङ्गता तर्फका बिशेष विद्यालयहरुमा मसलन्द (इन्धन) बापत अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| ९ | अपाङ्गता भएका विद्यार्थीका लागि गैर आवाशीय शैक्षिक सामग्री र प्रोत्साहन छात्रवृत्ति | विद्यार्थी | ११३ | ११३ | ११३ | ११३ | ११३ | |
| १० | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सञ्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | स्रोत कक्षा | ० | ० | ० | ० | ० | |
| ११ | आवशीय छात्रवृत्ति प्राप्त गर्ने बालबालिकालाई आवास सञ्चालन गर्न विद्यालयलाई अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरणका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | |
| १३ | पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुविधा, छात्रवृत्ति र तथ्याङ्क प्रमाणिकरणका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | |
| | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |
| | | | | | | | | |

## ४.५. आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालय

### परिचय

हरेक बालबालिकाहरुले सुरक्षित रुपमा विद्यालयमा पहुँच पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागी हुन पाउने उनीहरुको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो । विद्यालयमा बालबालिकाहरुका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ क्रियाकलाप हुन जरुरी हुन्छ जहाँ बालबालिकाहरुले रमाएर सिक्ने वातावरण तयार हुनु आवश्यक छ ।

नेपाल सरकारले जुनसुकै आपतकालीन तथा संकटापन्न अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा (Education in emergency and crisis) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी (Preparedness), आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) गर्ने र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) गर्ने कार्यढाँचा समेटिने गरिन्छ । आपतकालीन अवस्थामा शिक्षाअन्तर्गत मूलतः निम्नलिखित तीन अवस्थामा शिक्षाको प्रबन्ध गरिन्छः

क) प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण (DRR-Disaster risk reduction): भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, अति चिसो र तातो वातावरमा सुरक्षाा र सिकालाई निरन्तरता दिन ।

ख) महामारी (Pandemic, epidemic): झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिडलगायतका सरूवा रोगहरूको अवस्थामा स्वास्थ्य सुरक्षा गर्न र सिकालाई निरन्तरता दिन ।

(ग) युद्ध, द्वन्द, विस्थापन, बसाइसराई (War, conflict, displacement, migration): आन्तरिक तथा बाह्य युद्ध, द्वन्द, साम्प्रदायिक, धार्मिक, राजनीतिक द्वन्द, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन र बसाइसराइ, आन्तरिक र बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्न ।

### ४.५.१ वर्तमान अवस्था

यस पालिकाभित्र सञ्चालनमा रहेका विद्यालय र कलेजहरुमा देखिन सक्ने जोखिमका क्षेत्रहरु र हुनसक्ने आपतकालिन अवस्थाहरु प्रसस्तै रहेका छन् । तीमध्ये प्राकृतिक प्रकोप, दैनिक हुन सकने दुर्घटना, बसाइसराइ र हिंसा, आदि प्रमुख रहेका छन् । **प्राकृतिक प्रकोप** अन्तर्गत भुकम्प, आगलागि, महामारी,

बाढिपहिरो,चट्याङ,हावाहुरी,खडेरी,अति चिसो तथा प्रतिकुल वातावरण,हिमपात,हिमपहिरो आदिको पर्दछन् । **हिंसा अन्तर्गत** दुव्यवहार,भेदभाव,बेवास्ता,यौन शोषण,श्रम शोषण,शारीरिक तथा मानसिक दण्ड सजाय,बुलिङ आदि पर्दछन् । दैनिक हुन सक्ने घटना अन्गर्तत सडक दुर्घटना,विद्यालयमा हुने गैर संरचनागत जोखिम,कमजोर भौतिक पूर्वाधारबाट हुने दुर्घटना आदि पर्दछन् । बसाइसराई अन्तर्गत आर्थिक-सामाजिक अवस्था, साम्प्रदायिक, धार्मिक,राजनीतिक, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित भएको सन्दर्भहरु पर्दछन् ।

शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित संकटका बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसारका विषयलाई केन्द्रविन्दुमा राख्नु पर्ने हुन्छ ।

क) **अधिकार (Right):** कतिपय अवस्थामा संकटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ । नागरिक तथा बालबालिकाको बाच्न पाउने, विकास गर्न पाउने,सहभागी हुन पाउने र हिंसा,शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपतको समयमा पनि कायम रहने सुनिश्चितता हुनु पर्दछ ।

ख) **समावेशीकरण (Inclusiveness):** जोखिम वा संकटले समाजमा पछाडि परेका वर्ग,अपाङ्गता भएका बालबालिका,महिला तथा बृद्ध बृद्धालाई बढी प्रभावित गरेको हुन्छ र यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन् । तसर्थ विपतको समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ ।

ग) **समता र न्याय (Equity and justice)**: जोखिमले सामाजिक भिन्नता (social divide) बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको (blanket approach) योजनाले सबैलाई न्याय नगर्न सक्छ । त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानताका आधारमा विपदको व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनुपर्दछ ।

घ) **पहुँच (Access):** विपदको समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न,बास, औषधि उपचार,शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको पहुँचबाट बञ्चित हुन सक्छन् । तसर्थ विपद या संकटकालीन समयमा ती आधारभूत आवश्यकामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनुपर्दछ ।

ङ) **गुणस्तर र सुशासन (Quality and good governance):** जोखिम वा संकटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरिनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वा विधिमा आधारित (rule of law), उत्तरदायित्व (accountability), पारदर्शिता (transparency) र सहभागिता (participation) सुनिश्चित हुनु पर्दछ ।

च) **सेवाको दक्षता (Eefficiency of service):** सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै संकटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन् । फलस्वरूप संकट वा विपदबाट हुने क्षति कम हुन जान्छ । मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ ।

### ४.५.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य सम्भावित जोखिमको पूर्वानूमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सवै प्रकारका हिसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालयहरूसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु ।
२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्न आवश्यक सहयोग गर्नु ।
३. सङ्कटको प्रतिकार्यको लागि पालिकास्तरीय संयन्त्र बनाउनु ।
४. पालिकास्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन केन्द्रको विकास गर्नु ।
५. विद्यालयलाई शान्ति क्षेत्र र हिसामुक्तको रुपमा स्थापित गरी, बालबालिकाहरुले सुरक्षित र भएरहित वातावरणमा सिक्ने अवसरको वातावरण सृजना गर्नु ।

### ४.५.३ रणनीतिहरु

उल्लिखित उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ :

१. पालिकास्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (vulnerability) को मूल्याङ्कन (assessment) तथा विश्लेषण गरिने छ ।
२. विद्यालयहरूलाई संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको योजना निर्माण तथा कार्यान्व्यन गर्न सहजीकरण गरिनेछ ।
३. विपद तथा संकटमा ब्यबस्थापनसम्बन्धी तयार भएका संघीय/प्रदेश स्तरीय मापदन्डको कार्यान्वयन गरिनेछ ।
४. यस पालिकाको शिक्षा नीतिमा सुरक्षित विद्यालयका विषयहरुलाई समावेश गर्न र सुरक्षित विद्यालय रणनीति तयार गर्ने व्यवस्था गरिनेछ ।
५. पालिका र विद्यालय तहमा विपदको अवस्थामा शिक्षालाइ निरन्तरता दिनका लागि आवश्यक उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।
६. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहनेगरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नेगरी व्यवस्था र अनुगमन गरिनेछ ।
७. विद्यालयहरुमा बालबालिकाहरुको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइ अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गरिनेछ ।
८. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालयहरू सँग समन्वय गरिनेछ ।
९. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि स्थानीय सरकार एवम् विद्यालयहरुलाई सहयोग गरिनेछ ।

१०. विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालयसम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

११. सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजिकरण गरिनेछ ।

१२. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गरिनेछ ।

१३. सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिनेछ ।

१४. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने गरिनेछ ।

१५. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने छ ।

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

#### क) प्रमुख उपलब्धि

१. सम्भावित जोखिमको पूर्वानूमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सवै प्रकारका हिंसा, विभेद प्रकोप र महामारीजन्य जोखिमबाट बनाउने ।

२. प्राकृतिक विपद तथा महामारीलगायत विभिन्न आपतकालीन तथा संकटापन्न परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने र असहज परिस्थितिमा विभिन्न वैकल्पिक माध्यमको प्रयोग गरी सिकाइलाई निरन्तरता दिईने ।

३. प्रत्येक स्थानीय तहले कोभिड-१९ र यस्तै प्रकार अन्य विपदजोखिमहरू/ले विद्यालय शिक्षामा पारेको र पार्न सक्ने प्रभावहरूको पहिचान गरी कोभिडलगायत अन्य कुनै पनि संकट वा विपदबाट सुरक्षित रही विपदलाई न्यूनीकरण गर्न सक्ने क्षमताको विकास गरिने।

#### ख) प्रमुख नतिजाहरू

यस योजनाको कार्यान्वयनबाट विद्यालय शिक्षा क्षेत्रको प्रस्तुत अन्तरसम्बन्धित विषयवस्तुका निम्न मुख्य सूचक र तिनमा हाँसिल हुने नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ४.९: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | संरक्षित विद्यालय सम्बन्धि नीति, रणनिति र न्युनतम मापदन्ड को कार्यान्वयन | 0 | ० | 0 | 0 | ० | 0 |
| २ | पालिकाको शिक्षा नीति/योजनामा सुरक्षित विद्यालय र विद्यार्थी निरन्तर सिकाइको भईपरी शिक्षा योजना सम्बन्धि विषयलाइ समावेश गर्ने | ० | 0 | ० | ० | ० | ० |
| ३ | बृहतर विद्यालय सुरक्षा सम्बन्धि तालिम प्राप्त विद्यालयका प्र.अ./शिक्षक सङ्ख्या | 0 | ४४ | 0 | ४४ | 0 | 0 |
| ४ | सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैगिक तथा सामाजिक समावेशीकरण विषयको तालिम प्याकेजको निर्माण र सोमा तालिम प्राप्त शिक्षक सङ्ख्या | 0 | ४४ | 0 | ४४ | 0 | 0 |
| ५ | विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान | 0 | ८ | 0 | ८ | ८ | 0 |
| ६ | हरित तथा वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री विद्यालयको विकास | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ७ | पालिका तहमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्न सक्ने जनशक्तिको विकास | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ८ | सरकारी तथा गैरसरकारी संघसंस्थाको सहकार्यमा विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण, सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम प्राप्त शिक्षक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ९ | विद्यालयहरुमा स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिका तथा स्वास्थ्य स्वयम् सेवक/कार्यकर्ताको व्यवस्था | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. सामान्य अवस्था र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।
२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।
३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (**Resilient**) हुने ।
४. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवाप्रवाह/सिकाइको निरन्तरता हुने ।
५. सामाजिक द्वन्द, हिंसा, बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्तिसहित सिकाइको निरन्तरता हुने ।
६. विद्यालयमा शिक्षक र विद्यार्थीहरु सुरक्षित र भयरहित वातावरणमा रमाई सिक्ने सिकाउने वातावरणको सिर्जना हुने ।

### ४.५.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस प्रदेशको शिक्षा क्षेत्रको योजनाले विद्यालय शिक्षा क्षेत्रमा आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालयसँग सम्बन्धी अपेक्षा गरेका उपलब्धि हासिल र उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीमा आपतकालीन तथा संकटापन्न अवस्थामा शिक्षा र सुरक्षित विद्यालयमैत्री बनाई त्यसको उपयोग र सुविधा समता र समावेशी हिसाबले प्राप्त गर्ने वातावरण सृजना गर्नेगरी यस विषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा

योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ ।यस विषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार विद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी पालिकाको हुनेछ र उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि पालिकाले सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ ।

तालिका ४.१०: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED कक्षाहरूमा न्यूनतम मापदण्डको सुनिश्चित गर्न ECED बाल मैत्री WASH सुविधाको व्यवस्था | बा.बि.कक्षा /केन्द | ७ | ८.४ | ८.४ | ८.४ | ८.४ | ECED |
| २ | प्रारम्भिक विकासका बालबालिकाको समग्र विकास र सिकाइका लागि पूर्ब-बाल्यावस्थाको सिकाइका मापदण्डहरूको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ECED |
| ३ | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सञ्चालन अनुदान | विद्यार्थी | ३९५७ | ३९७३ | ४०११ | ३९४६ | ३९७५ | Basic |
| ४ | द्वन्द्व पीडितका छोराछोरीका लागि छात्रवृत्ति | पालिका | ० | ० | ० | ० | ० | Basic |
| ५ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४८६ | ४९५ | ४६८ | ४७५ | ४५२ | Basic |
| ६ | ReAL Plan कार्यान्वयन सहजीकरण तथा विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | पालिका | १ | १ | १ | १ | १ | Basic |
| ७ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विद्यार्थी | ४४६ | ४४९ | ४८८ | ४४५ | ४५८ | Secondary |
| ८ | विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना र सिकाइ निरन्तरताका लागि अनुदान | पालिका | १ | १ | १ | १ | १ | |
| ९ | भूकम्प प्रभावित ४७ जिल्ला बाहेकका स्थानीय तहको साझेदारीमा भवन निर्माण अनुदानः स्थानीय तहबाट छनौट भएका विद्यालयहरूमा WASH सुविधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्न बजेट अनुदान | विद्यालय | २ | २ | ३ | ३ | ४ | Physical |
| १० | भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये विद्यालय मर्मत खर्च बापतको अनुदान | विद्यालय | ० | ० | ० | ० | ० | Physical |
| ११ | विपद् जोखिम व्यवस्थापन र Resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यिन गर्ने | पालिका | १ | १ | १ | १ | १ | |
| १३ | | | | | | | | दातृ संँस्थाहरूबाट प्रस्तावित |
| १४ | | | | | | | | |

## ४.६: शिक्षामा सूचना प्रविधि

### परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी

बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना २०१३ ले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो। यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

### ४.६.१ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको विश्लेषण गर्दा नेपाल सरकारले बोर्ड बैंक नीति, २०७१ ल्याई विद्यालय लगायतमा कनेक्टिभटी र सुरक्षाको विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुरयाउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले दश हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाको विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका

रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए । उक्त गुरुयोजनामा कार्यक्रम सञ्चालनका लागि आवश्यक रणनीति तथा लक्ष्यहरू पनि निर्धारण गरिएको थियो ।

उल्लिखित आधारभूमि रही विगतमा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी समावेश गरिएका प्रमुख क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गरी कार्यान्वयनमा रहेका छन् । विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासमा वार्षिक रुपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरुमा कम्प्यूटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका काम सम्पन्न भई कार्यान्वयनमा छन् ।

विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजीटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरुबाट पनि विभिन्न विषयमा केही डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । संशोधित पाठ्यक्रम अनुसार कक्षा ११ र कक्षा १२ मा कम्प्यूटर शिक्षालाई समेत समावेश गरी जीवनोपयोगी शिक्षा विषयलाई अनिवार्य गरिएको छ । दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरु डिजिटलाइज गर्ने कार्य भएको छ । कोविड १९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेभ पोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । स्मार्ट फोन भएका विद्यार्थी र अभिभावकहरुले विभिन्न एप्सहरुको प्रयोग गर्दै डिजिटल दुनियाँमा प्रवेश गरेको अवस्था छ । उनीहरुमा भएको यो साधन क्षमता र चासोलाई सकारात्मक किसिमले स्वीकार गर्दै शिक्षण सिकाइ क्रियाकलापसँग यसलाई जोड्नु जरुरी देखिन्छ । यसका अतिरिक्त डिजीटल डिभाइसहरुको प्रयोगलाई व्यवस्थित गर्नका लागि साइवरसम्बन्धी कानूनहरु समेत बनाइ लागू गरेको अवस्था छ ।

यस पालिकाको हकमा राष्ट्रिय जन-गणना २०७८ को प्रतिवेदन अनुसार ८ वटै वडाका विद्यालयमा बिजुली बत्तीको सुविधा छ भने ६ वटा वडाका विद्यालयमा इन्टरनेटको सुविधा छ । पालिका भित्रका सबै क्रियाकलापहरूलाई पारदर्शी र उत्तरदायी बनाउन बिधुतीय सुशासन प्रणाली अबलम्वन गरिएको छ । बजार अनुगमन र सबै क्रियाकलापहरूलाई पालिकाको Web-site मा राखी सार्बजनिक गर्ने गरिएको छ । यसै गरी, CEHRD बाट प्रकाशित २०८०/८१ को Flash Report अनुसार यस पालिकाका ४० वटा सामुदायिक विद्यालयमध्ये ३६ वटा विद्यालयमा बिधुत् र कम्प्युटरको उपलब्धता छ भने १५ वटा विद्यालयमा Internet को सुविधा छ ।

### ४.६.२ उद्देश्य

यस योजनाको अन्तरसमबन्धित खण्डको समग्र उद्देश्य विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार गरी विद्यार्थी सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र विद्यार्थी/सिकारुमैत्री बनाउन सहयोग पुरयाउनुका साथै शैक्षिक व्यवस्थापनमा सुधार ल्याई सुशासनको प्रवर्धन गर्नु रहेको छ । यससम्बन्धी विशिष्ट उद्देश्यहरु निम्नानुसार पस्तुत गरिएको छः

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।

२. डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु ।
३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोगलाई सहज, छिटोछरितो र सस्तो बनाउनु ।
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.६.३ रणनीतिहरु

उल्लिखित उद्देश्यहरु पुरा गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिनेछ :

१. सबै शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२. संघ र प्रदेश सरकारसँग सहकार्य गरी पालिका स्तरमा एकीकृत शैक्षिक सूचना तथा संचार प्रविधि केन्द्रको विकास गरिनेछ ।
३. आइसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने छ ।
४. सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षक पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गरिनेछ ।
५. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।
६. सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइने छ ।
७. विभिन्न किसिमका अपाङगता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।
८. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
९. विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिनेछ ।
१०. आधारभूत पूर्वाधार सुनिश्चित गर्न तीनओटै सरकारहरुको आपसी समन्वय र सहकार्यमा एकीकृत कार्यक्रम र बजेटको व्यवस्था गर्नुका साथै सम्बन्धित निकायहरू विचमा समन्वय र सहकार्य गर्नका लागि नियमित रुपमा स्रोत र साधनको उपलब्ध गराइनेछ ।
११. IEMIS लाई थप व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अप्लोड अर्थात प्रविष्टि गर्न सक्ने व्यवस्थाका लागि CEHRD सँग समन्वय गरी तथ्याङ्क/सूचनालाई सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गरिनेछ ।
१२. हाल पालिकामा सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूलाई Digital Learning Centre को रुपमा विकास गरी साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलाप सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई निरन्तरता दिन टेवा पुरयाइनेछ ।
१३. सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइनेछ ।
१४. विभिन्न तहका सरकार र इन्टरनेट प्रदायक संस्थाहरुविच समन्वय र सहकार्यमा वृद्धि गरिनेछ

१५. घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरु मार्फत सक्रिय र जिम्मेवार हुन प्रोत्साहित गरिनेछ ।

१६. विद्यालयमा आइसीटिका क्षेत्रमा सीप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिनेछ ।

१७. शिक्षकहरुमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासंघ जस्ता शिक्षकका पेसागत संस्थाहरुलाई अवसर उपलब्ध गराइ जिम्मेवार बनाइनेछ ।

१८. सूचना र सञ्चारको दुरुपयोगको न्यूनिकरण र साइवर अपराधहरुलाइ नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानूनको कार्यान्वयन जस्ता विषयलाई प्राथमिकता दिइनेछ ।

१९. सूचना र सञ्चारको क्षेत्रमा आवश्यक प्रविधि र साधनको प्रयोगलाई सबैको निम्ति सहज बनाउदै पालिकालाई डिजीटल पालोकाको रुपमा विकास गर्दै लगिनेछ ।

## ४.६.४ प्रमुख उपलब्धि र नतिजाहरू

### क) प्रमुख उपलब्धि

१. विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिकाइमैत्री बनाउन सहयोग पुग्नाका साथै शैक्षिक व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्धन हुने ।

२. सूचना तथा सञ्चार प्रविधिका स्रोत/साधनहरूको न्यूनतम आधारशिला विस्तारको भई विद्यालयहरू प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम हुने र शिक्षक तथा विद्यार्थीहरूबाट प्रविधिको अधिकतम प्रयोग भई शिक्षण सिकाइमा सुधार हुने ।

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भई शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनमा सुधार हुने ।

### ख) प्रमुख नतिजाहरू

योजनाको कार्यान्वयनबाट यस पालिकाको सबै विद्यालयहरूमा सुचना र सन्चार प्रविधिको विस्तार र प्रयोगले समग्र शिक्षा क्षेत्रको सुधार हुनेछ । यस विषयक्षेत्रको प्रभावकारी कार्यान्वयनबाट निम्न मुख्य सूचक र तिनमा हासिल हुने नतिजाहरू प्राप्ति गर्ने अपेक्षा राखिएको छ । यस विषयक्षेत्रसँग सम्बन्धित सूचकहरू र तिनको नतिजालाई तलको तालिका ४.११ मा उल्लेख गरिएको छ ।

तालिका ४.११: प्रमुख नतिजाहरू

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये विद्यार्थीहरूको सिकाइ अभिबृद्दीका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या | ११ | १४ | १४ | १९ | २५ | ५८ |
| २ | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | ७ | १० | १० | १३ | १८ | ४४ |
| ३ | ICT सम्बन्धी पूर्वाधार र आवस्यक सामग्री सहितका विद्यालय सङ्ख्या | १७ | १८ | १८ | १९ | २० | २४ |
| ४ | Broadband internet connection को सुविधा प्राप्त भएका विद्यालय सङ्ख्या | ३ | ४ | ४ | ५ | ६ | १२ |

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा कोठा शिक्षण सिकाइ कार्यक्रममा निरन्तररुपले Learning Portal (सिकाइ चौतारी) प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६ | ८ | ८ | ११ | १४ | ३३ |
| ६ | सामुदायिक विद्यालयमध्ये School Report Cards प्रयोग गरी सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय प्रतिशत | ४७.५ | ५२.८ | ५२.८ | ५८.८ | ६५.३ | ८९.९ |
| ७ | सामुदायिक विद्यालयमध्ये School Accounting System (SAS) प्रयोग गरी आर्थिक विवरण व्यवस्थापनगर्ने विद्यालय सङ्ख्या | २ | ३ | ३ | ५ | ८ | २८ |
| ८ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजीटल लर्निङ सेण्टरको रुपमा विकास गर्ने । | ३ | ३ | ३ | ४ | ५ | ८ |
| ९ | विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गर्ने । | ०.० | १.० | ०.० | १.० | ०.० | ०.० |
| १० | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । (पटक) | १ | १ | १ | १ | १ | १ |
| ११ | केन्द्रिय Data center मा रहेका शिक्षा र अन्य सूचनाहरु प्राप्त हुने गरी पालिकाका कर्मचारीको क्षमता विकास | ०.० | १ | ०.० | १ | ०.० | ०.० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछन:

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका डाटा सेन्टर तथा डिजिटल ल्याव स्थापना भइ सञ्चालन हुने ।
२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने ।
४. सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्ने ।
५. सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।
६. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनुका साथै विद्यालयका हरेक शिक्षकमा प्रविधिसम्बन्धी न्यूनतम क्षमता र सिपको विकास हुने ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने ।
८. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने ।
९. प्रविधिको प्रयोगले विद्यालयदेखि पालिकासम्मको व्यवस्थापन र सुशासनमा सुधार आउने ।
१०. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने ।
११. सूचना र प्रविधिको सही किसिमले प्रयोग गर्नका लागि निर्माण गरिएका नियम कानून र आचारसंहिताको सवैबाट पालना भएको हुने ।

### ४.६.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस पालिकाको शिक्षा क्षेत्रको योजनाले विद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल गरी उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीलाई सुचना र प्रविधिमैत्री बनाई त्यसको उपयोग र सुविधा समता र समावेशी हिसाबले प्राप्त गर्ने वातावरण सृजना गर्नेगरी यस विषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको

पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ । यस विषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार आधारभूत शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक विद्यालयले आ-आफ्नो परिवेश अनुकुलको SIP निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकतानुसार सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछ।

## तालिका ४.१२: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | ECED कक्षाहरूका सिकाइ सामग्री र बिद्धुतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान | कक्षा/केन्द | ४२ | ४२ | ४२ | ४२ | ४२ | ECED |
| २ | सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | १४९६ | १४८१ | १५०० | १४९० | १५३६ | Basic |
| ३ | सामुदायिक आधारभुत तह (कक्षा ६-८) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री र Book corner व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | १००० | १०१८ | ९६२ | ९७४ | ९२७ | Basic |
| ४ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | विद्यार्थी | २९ | २९ | २९ | २९ | २९ | Basic |
| ५ | विद्यालयहरुमा Internet जडान, व्यवस्थापन र सन्चालन बापतको बजेट अनुदान | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | Basic |
| ६ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | विद्यार्थी | ३६९ | ३६७ | ३७१ | ३९५ | ३२३ | Basic |
| ७ | आधारभूत तथा माध्यमिक विद्यालयका IT स्रोत शिक्षकका लागि सुचना प्रविधिसम्बन्धी ५ दिने क्षमता विकास तालिम | शिक्षक | ६ | ६ | ६ | ६ | ६ | Basic |
| ८ | एकीकृत पाठ्यक्रमसम्बन्धी कष्टमाइज तालिम (अनलाईन समेत) | शिक्षक | १३ | १८ | २४ | २९ | ४० | Basic |
| ९ | स्थानीय तहको साझेदारीमा भौतिक निर्माण सर्वेक्षण तथा नक्शांकन | विद्यालय | ० | ४० | ० | ४० | ० | Basic |
| १० | सबै प्रकार र तहका विद्यालय नक्शांकन भौतिक सर्भेक्षण, समायोजन र पुनरवितरण साथै IEMIS अधावधिक समेत कार्यक्रम सन्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | Secondary |
| ११ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१०) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री र डिजिटल सिकाइ सामग्री व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | ५४९ | ५७६ | ६३२ | ५८० | ६२१ | Secondary |
| १२ | सामुदायिक माध्यमिक तह (कक्षा ११-१२) विद्यालयहरुका विद्यार्थीकालागि शिक्षण सिकाइ सामग्री र डिजिटल सिकाइ सामग्री व्यवस्थापन/सन्चालन अनुदान | विद्यार्थी | २३५ | २१३ | २२३ | २०० | १८० | Secondary |
| 13 | माद्यमिक विद्यालय (कक्षा १-१२) का लागि सामाजिक परीक्षण, आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय-पत्र व्यवस्थापन, EMIS व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सन्चालनका लागि एकमुष्ठ अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | Secondary |
| १४ | विद्यालयमा Internet जडान तथा सन्चालन खर्च | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | Secondary |
| १५ | माध्यमिक विद्यालय तहमा पुस्तकालय, ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सन्चालन बजेट अनुदान (फिक्सिंग, पुस्तक खरिद र ई-पुस्तकालय) | विद्यालय | २ | २ | २ | २ | २ | Secondary |
| १६ | ECED देखि कक्षा ३ सम्ममा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening), जांच र परीक्षणका लागि स्थानीय तह र विद्यालयलाई कार्यक्रम र बजेट अनुदान (यसमा स्वास्थ्य शाखा र स्थानीय गैर सरकारी सङ्घसँस्थाको पनि सहभागिता गराउने) | विद्यार्थी | १५८२ | १५६७ | १६३७ | १६३१ | १६५४ | Inclisive |
| १७ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | शिक्षक | २६ | ४० | ५३ | ७९ | ६६ | TeachM&T |
| १८ | Digital सामाग्रीहरुको कार्यान्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी (अपाङ्गता भएका विद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास | पटक | १ | १ | १ | १ | १ | Curriculum &Ass |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| | गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | | | | | | | |
| १९ | | | | | | | | दातृ सँस्थाहरूबाट प्रस्तावित |

## ४.७: विद्यालय भौतिक पूर्वाधार र विकास

### परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ ले तोके अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थाहरू गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षाक्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

Flash Report I २०२३/२४ (CEHRD) का अनुसार नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,८७६ मध्ये २७,९९० सामुदायिक विद्यालय रहेका छन् । देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन् । ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने ११,०६९ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या ९३,७२५ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी विद्यालयहरूमा जम्मा ५४,२८३ कर्मचारी कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् ।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८

विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको विद्यालय शिक्षामा भौतिक पूर्वाधारको व्यवस्थापनमा काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारीको व्यवस्था रहेको छ भने विद्यालय भौतिक पूर्वाधारको कार्यान्वयनको जिम्मेवारी संघीयतहबाट तोकिएको मापदण्ड तथा आधार अनुसार स्थानीय तहहरूबाट भई रहेको छ । यसै गरी, CEHRD बाट प्रकाशित २०८०/८१ को Flash Report अनुसार यस पालिकाका ४० वटा सामुदायिक विद्यालयमध्ये २३ वटा आधारभूत विद्यालय (कक्ष १-५) छन् जसमा औसतमा २.४ वटा भवन, २० वटामा बिद्युत् र १८ वटामा कम्प्युटरको उपलब्धता छ भने १८ वटा विद्यालयमा खानेपानी सुविधा, ६ वटामा पुस्तकालय र २३ वटामै शौचालयको सुविधा र ५ वटा विद्यालयमा Internet को सुविधा छ । जम्मा ६ वटा आधारभूत विद्यालय (कक्षा १-६) मध्ये औसतमा ३.६ वटा भवन, ६ वटामा बिद्युत् र ६ वटामा कम्प्युटरको उपलब्धता छ भने ६ वटा विद्यालयमा खानेपानी सुविधा, ४ वटामा पुस्तकालय र ६ वटामै शौचालयको सुविधा र २ वटा विद्यालयमा Internet को सुविधा छ । यसै गरी जम्मा ११ वटा माध्यमिक विद्यालय (कक्ष १-१० र १-१२) मध्ये औसतमा ७ वटा भवन, ११ वटामा बिधुत र ११ वटामा कम्प्युटरको उपलब्धता छ भने ११ वटा विद्यालयमा खानेपानी सुविधा, १० वटामा पुस्तकालय र ११ वटामै शौचालयको सुविधा र ८ वटा विद्यालयमा Internet को सुविधा छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आंकलन गर्न सकिएको छैन । हालै मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन ।जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन् । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कतिपय स्थानहरूमा विवाद र कानुनी प्रश्न उठिरहेका छन् ।शिक्षा मन्त्रालय अन्तरर्गतको सबैभन्दा ठूलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ । विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरूले समेत विद्यालयको अरु पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई बढी महत्त्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने

अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् ।रकम नपुगेर कतिपय पूर्वाधारहरु अधुरो अवस्थामा छन् ।कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजुरीका कारण काम हुन नसकेका अवस्थाहरु छन् । कतिपय निर्माण सम्पन्न भएका भवनहरू तोकिएका मापदण्ड पुरा नभएका कारण सुरक्षित,लैङ्गिक र अपाङ्गतामैत्री बन्न सकेका छैनन् ।

### ४.७.२ चुनौति र अवसर

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरू अन्तर्गत विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवम् जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनउनु । स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन् ।

विद्यालय भौतिक सुविधा विस्तारमा प्रर्याप्त अवसरहरु पनि देखिन्छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरूले विद्यालयमा गर्दै आएको सहयोगस्वरूपका लगानी तथा स्रोतहरू विशेषतः पूर्वाधार निर्माणको पक्षमा रहनु,तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु,पूर्वाधार निर्माणका क्षेत्रमा गैर-सरकारी संस्थाहरूले समेत योगदान गर्नु, अधिकांश विद्यालयहरूको नयाँ पूर्वाधार निर्माण, पुनःस्थापना र मर्मतमा समुदायको योगदान निरन्तर रहनु,विद्यालय पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापनाका लागि सम्बन्धित संघीय मन्त्रालय र विभागहरूले आवश्यक नीति, कानुन, निर्देशिका आदिको विकास गरी तिनको अनिवार्य कार्यान्वियन र पालना गराउदै आउनु आदिलाई अवसरहरुको रुपमा लिन सकिन्छ ।

### ४.७.३ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु हुनेछ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेहि प्रणालीको विकास गर्नु,
४. विद्यालय पूर्वाधार निर्माणको पहुचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु ।
५. पातलो बस्ति भएका हिमाली जिल्लामा आवासीय विद्यालयका लागि पूर्वाधारको विकास गर्नु ।

### ४.७.४ रणनीति

उल्लिखित उद्देश्यहरु पुरा गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् :

१. सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरिनेछ।
२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण हावापानी र लागायतका देशको भूगोल आधारमा मापदण्ड विकास गरिनेछ ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ प्रदेश र .पालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गरिने छ ।
४. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग लागत साझेदारी गरिने छ ।
५. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ ।
६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा शौचालय ,पानी ,प्रधानाध्यापक तथा प्रशासनिक कक्षा ,शिक्षक , विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाईविचार गरे भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिनेछ ।
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
८. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवम् जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ ।
९. पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिवद्धताको वातावरण विकास गरिनेछ ।
१०. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानीका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गरिनेछ ।
११. पातलो बस्ती र कम विद्यार्थी संख्या भएका वडामा कम्तीमा एउटा वडामा एउटा सुविधासम्पन्न आवासीय माध्यमिक विद्यालय सञ्चालन हुने गरी भौतिक पूर्वाधारको विकास थालिने छ ।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।
२. सबै विद्यालयहरूमा आवश्यक र पहुँचयोग्य भौतिक संरचना निर्माण भई बालमैत्री तथा अपाङ्गता मैत्री संरचनासहित सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाहरु**

योजनाको कार्यान्वयनबाट शिक्षा क्षेत्रका निम्न मुख्य सूचक र तिनमा हासिल हुने नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ४.१३: प्रमुख नतिजाहरु

| क्रसं | सूचकहरू | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|---|---|---|
| १ | WASH सुविधा सहितको छुट्टै शौचालय भएका विद्यालय | १७ | १९ | १९ | २२ | २५ | २७ |
| २ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन | 0 | १०० | १०० | १०० | १०० | १०० |
| ३ | बृहतर विद्यालय सुरक्षा सम्बन्धि तालिम प्राप्त विद्यालयका प्र.अ./शिक्षक प्रतिशत | 0 | २०.० | ४०.० | ६०.० | ८०.० | १०० |
| ४ | बृहत्तर सर्भेक्षणका आधारमा सबलीकरण भएका पुराना विद्यालयहरूको सङ्ख्या | 0 | २ | ३ | ४ | ६ | १० |
| ५ | विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | हरित तथा वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री विद्यालयको विकास | ६ | १३ | २० | २६ | ३३ | ४० |
| ७ | शिक्षा भईपरि योजना अन्तर्गत उपयुक्त संरचना निमार्ण | 0 | १०० | १०० | १०० | १०० | १०० |

योजनाको १० वर्षमध्ये बजेट तथा स्रोतको व्यवस्था सहितको माथि उल्लिखित ५ वर्षको नतिजाहरुको प्राप्तिको अवस्थाहरू निम्नानुसार हुनेछनः

१. विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।
२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे योजना तयार हुने ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने
४. पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणा अनुसार पूर्वाधार विकास हुने ।
६. विद्यालयहरूमा समावेशी र अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
७. पूर्वाधार विकासका लागि आवश्यक विधि ,मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।
८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने ।
९. विद्यालय पूर्वाधार विकासका कार्यहरू सहभागितात्मक, पारदर्शी, टिकाउ तथा दीगो र आर्थिक ऐन नियम पालना सहित विवादरहित हुने ।

### ४.७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

उल्लिखित रणनीतिहरू अङ्गीकार गरी यस पालिकाको शिक्षा क्षेत्रको योजनाले विद्यालय शिक्षा क्षेत्रमा अपेक्षा गरेका उपलब्धि हासिल र उद्देश्य पुरा गर्नका लागि समग्र प्रणालीमा विद्यालय भौतिक पूर्वाधारको अवस्थामा बृहत्तर सुधार भई यस पालिकाका सबै बालबालिकाले सुरक्षित र विद्यालयमैत्री विद्यालयहरूको समता र समावेशी हिसाबले पहुँच र उपयोग गर्न पाउने वातावरण सृजना गर्ने गरी यस विषय क्षेत्रसँग सम्बन्धित भौतिक लक्ष्यहरू तय गरिएको छ । तलको तालिकामा योजना अवधिको पहिलो ५ वर्षमा सञ्चालन गरिने कार्यक्रमहरू र तिनको भौतिक लक्ष्यहरू उल्लेख गरिएको छ। यस विषय क्षेत्रको कार्यक्रम कार्यान्वयनबाट सबै प्रकार र तहका विद्यालयहरुमा तोकिएका आधारभूत मापदण्ड पुरा भई शिक्षामा सबै बालबालिकाको आधुनिक र गुणस्तरीय सिकाइ हासिल गर्न पाउने अधिकार सुनिश्चत हुनेछ । यस प्रयोजनका लागि संवैधानिक र अन्य कानुनले व्यवस्था गरे अनुसार विद्यालय शिक्षासम्बन्धी कार्यक्रम व्यवस्थापन र सञ्चालनको अग्रभागको जिम्मेवारी यस पालिकाको हुनेछ । यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा क्रियाकलापहरूका आधारमा लक्षित उपलब्धि तथा नतिजा प्राप्त गर्न प्रत्येक स्थानीय तहले आ-आफ्नो परिवेश अनुकुलको योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् । योजना कार्यान्वयनका लागि स्थानीय तहले सम्बद्ध सबै पक्षको सहयोग परिचालन गर्नेछन् ।

# परिच्छेदः ५
# अन्य उपक्षेत्र

## ५.१ शिक्षामा सकारात्मक विभेदन  र मनोसामाजिक परामर्श सेवा

**परिचय**

सकारात्मक विभेदन [ Positive discrimination] भनेको समान नतिजा ल्याउनका लागि गरिने असमान व्यवहार हो । दृष्टान्त दिएर भन्नु पर्दा छोरा सरह छोरी पनि विद्यालयमा भर्ना भएर पढून भनेर उनीहरुका निम्ति छात्रवृत्तिको व्यवस्था गर्नु भनेको सकारात्मक विभेद हो । अरु जातिसरह दलितहरु पनि शिक्षामा समान रुपले सहभागी हुन सकून भनेर उनीहरुका निम्ति गरिने विशेष व्यवहार वा छात्रवृत्तिको व्यवस्थापन भनेको सकारात्मक विभेद हो । यो कुनै जाति वा बर्व विशेषको अधिकार भन्दा पनि सरकारले उनीहरुलाई पनि अरु सरह शिक्षा वा अन्य कुनै कार्यक्रममा मूलप्रवाहिकरण गर्नका लागि गरिएको प्रोत्साहन हो । उनीहरु यो कार्यक्रमबाट लाभान्वित भएर अरु सरह शिक्षा र विकासका अन्य कार्यक्रममा सहभागी हुन सके भने यस प्रकारको सकारात्मक विभेदलाई हटाउन सकिन्छ । अवस्था विशेषको विश्लेषण गरी अर्को कुनै जाति वा वर्गलाई यो प्रकारको सकारात्मक विभेद वा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने हुन्छ । सकारात्मक विभेदले वृहत क्षेत्र समेट्ने भए तापनि यहाँ छात्रवृत्तिको सन्दर्भलाई मात्र विशेष प्राथमिकता दिएर विश्लेषण गरिनेछ ।

हाम्रो जस्तो मुलुकमा अभिभावक र  विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको पनि अहम महत्त्व छ । अभिभावकहरुमा चेतनाको अभाव छ । बालबालिकाहरु चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो । हाम्रा कतिपय अभिभावकहरुलाई चकचक नगर्ने, एकैठाउमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिकाहरु मन पर्छ जव कि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो । बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरु छन् । जसले गर्दा बालबालिकाहरुको उपयुक्त विकासमा बाधा पुर्याईरहेको हुन्छ । कतिपय बालबालिकाहरुले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ । हामी त्यसलाई पनि हुर्कन र फष्टाउन नदिएर निषेध गर्न खोजिरहेका हुन्छौं । यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यससम्बन्धी सीपको विकास गर्न आवश्यक देखिन्छ ।

### ५.१.१ वर्तमान अवस्था

छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशीताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरीलगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । त्यसै गरी यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ ।

मुलुक सङ्घीय व्यवस्थामा प्रवेश पछि शिक्षामा केही हदसम्म लगानीको पनि वृद्धि भयो । लगानी वृद्धिसँगसँगै विशेषगरी विद्यालय शिक्षामा छात्रा र दलित समूहको सहभागिता अभिवृद्धिका लागि छात्रवृत्तिको व्यवस्था गरियो । करिव तीन दशक अघि सबै छात्रा र सबै दलित विद्यार्थीहरुका लागि ब्लाङकेट अप्रोचबाट कार्यान्वयन गरिएको यो छात्रवृत्ति कार्यक्रम अहिले पनि त्यही किसिमबाट कार्यान्वयन भइरहेको छ र छात्रवृत्ति रकम पनि खासै समसामयिक हुने गरी वृद्धि गर्न सकिएको छैन । अहिलेको आवश्यकता भनेको छात्राहरु र दलितहरुमध्ये पनि विपन्न समूहलाइ छनोट गरी महङ्गी समेतलाई मध्यनजर गरी छात्रवृत्ति रकम दिनु पर्ने देखिन्छ । यसका अतिरिक्त यस प्रकारको छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, मुक्त कम्लहरी विद्यार्थी, गरिव तथा विपन्न विद्यार्थी, द्वन्द्वपीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति यस्तो छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

छात्रवृत्तिलाई आवासीय प्रयोजनका निम्ति पनि व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति छात्राहरुको लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरुका निम्ति छात्रावास, मुक्त कम्लहरीका निम्ति छात्रावास, मोडल स्कूल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुका निम्ति छात्रावास आदि कार्यक्रमको निम्ति सङ्घीय सरकारले प्रदान गर्ने गरेको छ । यस्तो छात्रवृत्ति कार्यक्रममा प्रति विद्यार्थी मासिक चारहजार रुपैयाँको दरले दश महिनाको निम्ति उपलब्ध गराउने गरिएको छ । प्रति विद्यार्थी मासिक किसिमले दिने यो रकम विद्यार्थीहरुका खाना लगायत सरसफाई र शैक्षिक सामग्रीसम्बन्धी आवश्यकता पुरा गर्न अपर्याप्त देखिन्छ ।

गैरआवासीय विद्यार्थीहरुका निम्ति प्रदान गरिने छात्रवृत्ति पनि अपर्याप्त रहेको छ र त्यसको दुरुपयोग पनि त्यत्तिकै देखिन्छ । विद्यालयदेखि अभिभावकसम्म पुग्दा विद्यार्थीलाई जे कामको लागि दिइएको हो त्यो काममा कमैमात्र प्रयोग भएको देखिन्छ । अवको आवश्यकता भनेको जाति र लिङको आधारमा भन्दा पनि विपन्नताको आधारमा छात्रवृत्ति दिनु पर्ने हुन्छ र यो रकम पुग्ने गरी पनि हुनु आवश्यक छ

देशमा सङ्घीयताको कार्यान्वनय सँगसँगै कतिपय प्रदेश सरकार र स्थानीय तहहरुले विपन्न समुदाय र छात्राहरुका निम्ति पनि छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ । यस गाउँपालिकाकाले पनि विगतदेखि छात्रा, गरिब, अपाङ्गता भएका बाबुआमा नहुने अनाथ बालबालिकाहरुको निम्ति अभिभावकको भूमिका निर्वाह गर्नेगरी बजेट विनियोजन गरेको अवस्था छ ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुँदै गएपछि समाजमा हुने विकृत्तिहरु पनि बढ्दै गएको अवस्था छ । यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरु बढी प्रताडित भएको देखिन्छ । बालबालिकाहरुको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक बृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरु देखा पर्ने गर्दछन् । यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरुलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ । बालबालिकाको निम्ति यो परामर्शको टडकारो आवश्यकता र महत्त्व दिनु आवश्यक छ । गैरसरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरुमा शिक्षकहरुका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ । विदेश जाने विद्यार्थीहरुका निम्ति परामर्श दिने उद्देश्यले शहरका गल्ली र चोकहरुमा कलसल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरु स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरु सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ ।

### ५.१.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य विद्यार्थीको कठिन परिस्थितिलाई सकारात्मक विभेदन र मनोसामाजिक परामर्शको माध्यमबाट सहजीकरण गरी शिक्षामा समता र समावेशीताको सुनिश्चित गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु देहायका  रहेका छन् :

१. आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षामा  सहज पहुँच पुऱ्याई सिकाइमा उनीहरूको सहभागिता र उपलब्धि बढाउनु ।

२. विद्यालय शिक्षालाई समता र समावेशी बनाउनु  ।

३. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरुको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु ।

४. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्नु ।

### ५.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिनेछ :

१. हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ । छात्रवृत्तिका लागि मूलतः गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी  व्यवस्था मिलाइने छ ।

२. सम्बन्धित शिक्षण संस्था  र समुदायको सहभागितामा पालिका तहमा छात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिने छ ।

३. गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाई एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिनेछ ।

४. आवासीय तथा गैरआवासीय गरी दुई किसिमका छात्रवृत्ति व्यवस्था गरी छनोटका लागि पारदर्शी आधारहरू प्रयोग गरिने छ ।

५. छात्रवृत्ति उद्देश्यमूलक बनाइने छ । जस्तैः जस्तै दिवा खाजा, स्टेसनरी तथा सिकाइ सामग्री, पोसाक साथै अन्य सहुलियत प्रदान गरिने छ ।

६. छात्रवृत्ति रकमको पुनरावलोकन गरी उद्देश्यअनुरुप पर्याप्त हुने गरी पालिकाबाट थप व्यवस्था गरिने छ ।

७. यस पालिकाका भौगोलिक विकटताको अवस्था विश्लेषण गरी सकेसम्म आवासीय छात्रवृत्ति समेत पाउने गरी एउटा आवासीय माध्यमिक विद्यालयको स्थापना गरी सञ्चालन गरिनेछ ।

८. शिक्षा क्षेत्रको बजेटमा समावेश छात्रवृत्ति विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोगी हुने कार्यमा केन्द्रित गरिनेछ भने परिवार तथा व्यक्तिको जीवनयापन तथा कल्याणसँग सम्बन्धित सहयोग आवश्यकतानुसार सामाजिक सुरक्षाअन्तर्गत पालिकाले अलग्गै प्रदान गर्ने व्यवस्था मिलाउने छ  ।

९. घरायसी वातावरण बालमैत्री शिक्षामैत्री नहुनुका साथै अन्य विविध कारणले आफ्नो पढाईलाई अघि बढाउन अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरुको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गरिनेछ ।

१०. विद्यार्थीहरुको मनोसामाजिक समस्याहरुलाई सघन रुपमा विश्लेषण गरी उनीहरुको शिक्षा लगायत समग्र जीवनमा प्रतिकुल असर परिरहेको कुरालाई मध्यनजर राखी पालिका तहबाट आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ ।

### ५.९.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

### क) प्रमुख उपलब्धि

समाज र विद्यालय भित्र हुने विभिन्न प्रकारका असमनता र मनोसामाजिक समस्याहरुको निराकरण भई शिक्षामा सबैको पहुँच र सहभागिताको सुनिश्चित भई समता र समावेशीतामा सुधार हुने ।

### ख) प्रमुख नतिजाहरू

१. विशेषतः गरिबी र कठिन परिस्थितिमा रहेका, सुविधाविहीन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यन हुने ।

२. उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने ।

३. लक्षित समूहको विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइमा सहभागिताको दरमा सुधार भई सिकाइमा सुधार हुने ।

४. छात्रवृत्तिलाई एकद्वार प्रणालीबाट वितरणगरी यसको दुरुपयोगमा न्यूनीकरण भई उपलब्धिमा सुधार हुने ।

५. मनोसामाजिक परामर्श सेवा प्राप्त गरी समस्यामा परिरहेका बालबालिकाहरुको शिक्षामा सहभागिता अर्थपूर्ण हुने ।

**तालिका ५.१ः सकारात्मक विभेद र मनोसामाजिक परामर्शसम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास | पटक | १ | | - | १ | - | १ | | संघ, प्रदेश र स्थानीय तह |
| २ | पालिका तहमा छात्रवृत्ति व्यवस्थापन समिति गठन | पटक | १ | | १ | | | १ | | प्रदेश र स्थानीय सरकार |
| ३ | आवासीय छात्रवृत्ति र सुविधा पाउने गरी पातलो वस्ती भएका टोलका बालबालिका लक्षित आवासीय माध्यमिक विद्यालयको स्थापना र सञ्चालन। | पालिका | १ | १ | १ | १ | १ | १ | १ | प्रदेश सरकार र स्थानीय तह |
| ४ | मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना र कार्यान्वयन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | प्रदेश सरकार र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अनुगमन तथा मूल्याङ्कन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | संघ, प्रदेश र स्थानीय तह |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

आधुनिक शिक्षा व्यवस्थापनमा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्त्वपूर्ण सवाल हो । शिक्षामा सुशासनको मेरुदण्डको रुपमा रहेका नीति, ऐन, नियम, निर्देशिका, प्रावधानहरु, कार्यविधि, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशीता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरुको पालना महत्त्वपूर्ण मानिन्छन्।

सुशासन र जनशक्ति व्यवस्थापन एउटा सिक्काका दुईटा पाटा जस्तै अन्तरसम्बन्धित विषयहरु हुन् । दक्ष र इमान्दार जनशक्ति भयो भने त्यसले सुशासनलाई सहयोग पुर्याउछ भने जनशक्ति अदक्ष र असक्षम भयो भने नागरिक समाजले सुशासनको अनुभूति गर्न पाउदैन ।

### ६.१.१ वर्तमान अवस्था

नेपालको शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन मिश्रित अवस्था र अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेको अवस्था छ । शिक्षा प्रशासन तथा व्यवस्थापनका लागि संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालयको प्रमुख दायित्व राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु हो। प्रदेश तहमा शिक्षामा शिक्षा हेर्ने मन्त्रालय रहेका छन् मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालयहरू, प्रदेश शिक्षा तालिम केन्द्रहरू, प्रदेशका जिल्लास्थित विभिन्न कार्यक्रम समन्वय र सञ्चालनक लागि इकाईहरू रहेकाछन् । त्यसैगरी साविकका जिल्ला शिक्षा कार्यालयहरूको सट्टा शिक्षा विकास तथा समन्वय एकाइका रूपमा संघीय शिक्षा मन्त्रालय अन्तर्गत रहेका छन् । प्रत्येक स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्थासहित निजामती सेवाअन्तरगत शिक्षा सेवाका कर्मचारीको दरवन्दी निर्धारण गरी पदस्थापन गरिएको छ । शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, कुशल तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, पदसोपान तथा क्षमता पर्याप्त नदेखिएकोले संघीय स्वरूपअनुसार सेवा प्रवाहका लागि उपयुक्त हुने गरी संरचना तथा क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । शैक्षिक संस्थाहरूको समान कार्यक्षेत्रको आधारमा कतै जनशक्तिको अभाव छ भने कतै आवश्यकता भन्दा बढी जनशक्ति रहेको अवस्था छ । कामका आधारमा कतै सुविधाको उपलब्धता न्यून छ भने कतै चाहिनेभन्दा बढी रहेको देखिन्छ । एउटै ऐन/कानून, प्रक्रिया, विधिबाट समान पदमा प्रवेश गरेका व्यक्तिहरुले पाउने सेवा, सुविधा र सहुलियत विचमा समेत विभेद छ। एकातिर मौजुदा ऐन/कानुनहरूको प्रभावकारी कार्यान्वयनको समस्याहरू छन् भने अर्कोतिर अति आवश्यक ऐन/कानूनहरूको समयमा निर्माण हुन नसकेर संस्थाहरुले गर्नुपर्ने जिम्मेवारी र दाइत्वहरू पुरा हुननसकेर सरोकारवालाहरु सुविधाबाट बञ्चित भएको अवस्था छ।

शिक्षण संस्थाहरुमा कतिपय स्वअभिप्रेरित जनशक्तिले अनुकरणीय काम गरेको अवस्था छ । दृष्टान्तको रुपमा कतिपय सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको लगनशीलताले विद्यालयहरूलाई आकर्षणको केन्द्र बनाउन सफल भएका सन्दर्भहरुलाई लिन सकिन्छ । कतिपय पालिकाहरुका सामुदायिक विद्यालयहरु प्रयाप्त जनशक्तिको अभावका कारण काम चलाउ हिसाबमा चलेका छन् भने कतै चाहिने

भन्दा बढी जनशक्ति छ तर सही व्यवस्थापन, परिचालन र सुशानको अभावका कारण उपलब्धिविहीनछन् । कतिपय शिक्षकहरु वर्षौंदेखि घरदेखि टाढाको कार्यक्षेत्रमा कार्यरत छन् भने कतिपय घर पायकको सुविधा उपयोग गर्ने पाएको अवस्था छ ।

मुलुकको परिवर्तित संरचना अनुसार प्रदेश र स्थानीय सरकारहरुले आवश्यक कानुनका अभावका कारण कतिपय जिम्मेवारी र दायित्वहरू पूरा गर्न सकिरहेका छैनन्, जसको असर सरोकारवालाहरूमा प्रत्यक्ष रूपमा परिरहेको देखिन्छ । त्यसैगरी, कतिपय स्थानीय सरकारहरू पर्याप्त जनशक्ति र स्रोत/साधनको अभाव र सम्बन्धित विषय क्षेत्रका जनशक्तिको व्यवस्थापन नभएका कारण पालिका तहमा गर्न सकिने रचनात्मक कामहरूको प्रशस्त सम्भावना हुँदाहुँदै पनि चाहे जस्तो उपलब्धी हासिल गर्न सकिरहेका छैनन। विगतमा रहेको शैक्षिक संरचनामध्ये महत्त्वपूर्ण भूमिकामा रहेको स्रोतकेन्द्र पद्धतिको खारेजी पश्चात तिनबाट सम्पादन र प्रवाह हुने शैक्षिक कार्यक्रम, विद्यालय/शिक्षक सहयोग, कक्षाकोठामा हुने क्रियाकलापमा विद्यार्थी सहयोग साथै समग्र शैक्षिक गतिविधिहरूः विद्यालयको अनुगमन, कक्षाकोठामा हुने क्रियाकलापहरुको अवलोकन, पृष्ठपोषण, तथ्याङ्क सङ्कलन, व्यवस्थापन, प्रतिवेदन र रिपोर्टिङ्ग जस्ता महत्त्वपूर्ण कार्य र जिम्मेवारी समयमै सम्पादन गरी प्रदेश र स्थानीय सरकारहरूले आफ्नो आन्तरिक र बाह्य सक्षमता चाहे जस्तोरूपमा देखाउन नसकि रहेको अवस्था छ भने यी कार्यहरुका लागि नयाँ संरचना निर्माण पनि हुन सकेका छैनन । प्रदेश र स्थानीय तहहरूमा हाल व्यवस्थापन भएका अधिकांश जनशक्तिहरूको कार्य विवरण र सम्बन्धित विषय क्षेत्रमा समय सापेक्षरूपमा तालिम र क्षमता अभिवृद्धि हुन् सकेको छैन।

### ६.१.२ उद्देश्य

योजनाको यस खण्डको समग्र उद्देश्य शिक्षामा सुशासन मार्फत जनशक्ति र नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउदै यस पालिकाको शैक्षिक पद्धतिलाई सबैका निम्ति पारदर्शी, विश्वसनीय र मितव्ययी बनाउनु रहेको छ र यस अन्तर्गतका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. उपलब्ध जनशक्तिको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
२. उपलब्ध स्रोत साधनको अधिकतम व्यवस्थापन र उपयोग गर्नु ।
३. पालिकामा आवश्यक पर्ने सिपयुक्त र दक्ष शैक्षिक जनशक्तिको व्यवस्थापनका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्नु ।
४. शिक्षालयहरुको शासकीय सुधारसहित सरोकारवालाहरुको सहभागिता, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गरी शैक्षिक सुशासन कायम गर्नु ।
५. गुणस्तरीय सार्वजनिक शिक्षामा सबैको पहुँचलाई सुनिश्चित गर्नु ।
६. पालिकाको शिक्षा सम्बन्धी कार्यहरूलाई चुस्त र प्रभावकारी बनाउनका लागि संरचनाको विकास र कार्यान्वयन गर्नु ।

### ६.१.३ रणनीति

प्रस्तुत उद्देश्यहरु पुरा गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिएको छ :

१. पालिकाको शिक्षा शाखामा विषयगत दक्षता सहितको पर्याप्त जनशक्तिको व्यवस्थापन र स्रोत/साधन सहितको कर्य विवरण र जिम्मेवारी तोकी हालको अवस्थालाई सुदृढ गरिनेछ ।
२. विश्वविद्यालयका सर्वोत्कृष्ट नतिजा प्राप्त व्यक्तिहरुलाई विद्यालयहरुमा थप सुविधा सहित आकर्षित गरिनेछ ।

३. सबै विद्यालयका प्रधानाध्यापक एवम् शिक्षकहरूको व्यवस्थापकीय र शिक्षण क्षमता अभिवृद्धि गरिनेछ ।

४. सबै अभिभावक र सरोकारवालाहरूको उपस्थिति, भेला र छलफलबाट विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय सञ्चालन, व्यवस्थापन र प्रभावकारी उपलब्धि र विद्यार्थीको गुणस्तरीय सिकाइ र सक्षमता हासिल गर्ने विषयहरुसमेतमा समितिका सदस्यहरुको वार्षिकरूपमा क्षमता अभिवृद्धि गरिनेछ ।

५. शिक्षालयमा काम गर्ने प्रधानाध्यापक, कर्मचारी र शिक्षकबाट सम्पादन गरिने कार्यविरणको आधारमा कार्य सम्झौता गर्ने र सोअनुसार काम भए नभएको कुराको अनुगमन, सुधार र मूल्याङ्कनका संयन्त्र बनाई कार्यान्वयन गरिनेछ ।

६. विद्यालयहरुले सम्पादन गरेका कामहरुलाई त्रैमासिक रुपमा उपयुक्त विधि प्रयोग गरी सार्वजनिक गर्ने (जस्तोः सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजीटल बोर्ड, नोटिस बोर्ड, गुनासो एवम सुझाव पेटिका, नियमित अन्तरक्रिया एवम संवाद) व्यवस्था मिलाइने छ।

७. विद्यालय व्यवस्थापन समितिको क्रियाशीलतामा अभिभावकहरुसँगको संवाद र अन्तरक्रियालाई निरन्तरता प्रदान गरी शिक्षाका सरोकारवालाहरुलाई बालबालिका र शिक्षालयप्रति जिम्मेवार हुन अभिप्रेरित गरिनेछ ।

८. पालिकाबाट आवधिक रुपमा सवै प्रकृतिका विद्यालयहरुको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरुको पृष्ठपोषण प्रदान गरिनेछ ।

९. शैक्षिक नीति, नियम, कार्यविधि र प्रक्रियाहरूलाई परिणाममुखी बनाइ कार्यसम्पादन गर्ने गरी संयन्त्रको निर्माण एवम् कार्यान्वयन गरिनेछ ।

१०. सबै प्रकार र तहका विद्यालयहरूबाट तोकिएको समयसिमा भित्र तथ्याङ्क/सूचनाहरुको व्यवस्थापन, भण्डारण र उपयोग गर्न सक्ने गरी समग्र शैक्षिक सूचनाको प्रणाली विकास गरी सोका आधारमा विद्यालय र पालिकातहमा तथ्यपरक योजना निर्माण, स्रोतको व्यवस्थापन, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सुधारका कार्यहरू गरिने छ साथै तथ्याङ्क प्रणालीको प्रत्येक ३/३ वर्षमा तेस्रो पक्षबाट सत्यताको परीक्षण गराईने छ।

११. सबै प्रकार र तहका विद्यालय र पालिकाको शिक्षा शाखा/महाशाखाबाट सम्पादन हुने आर्थिक र गैर-आर्थिक कार्यहरू र समग्र गतिविधिहरूको आवश्यकता अनुसार चौमासिक, अर्धवार्षिक र वार्षिकरूपमा सामजिक र आर्थिक परीक्षण गरिनेछ र सोको सर्वाजनीकरण समेत गरिने छ ।

### ६.१.४ प्रमुख उपलब्धि र नतिजा

**क) प्रमुख उपलब्धि**

यस पालिकाको सबै प्रकार र तहका विद्यालय र पालिकाको शिक्षा शाखाबाट प्रवाह हुने सबै शैक्षिक सेवा लागि उपयुक्त संगठनात्मक संरचना र सक्षम जनशक्ति व्यवस्थापन भई विद्यालयमा बालबालिकाको सिकाइप्रति उत्तरदायी तथा जवाफदेही बन्ने प्रणालीको विकास हुने ।जसमा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा निम्नानुसार उल्लेख छन्ः

१. पालिका तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

## ख) प्रमुख नतिजाहरू

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ६.१ प्रमुख नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकाको शिक्षा शाखामा दरबन्दी अनुसार योग्यता, तालिम र दक्ष जनशक्तिको उपलब्धता | नभएको | नभएको | आवश्यकता र प्राथमिकताको आधारमा परिपूर्ति गर्दै लगिने | आवश्यकता र प्राथमिकताको आधारमा परिपूर्ति गर्दै लगिने | आवश्यकता र प्राथमिकताको आधारमा परिपूर्ति गर्दै लगिने | आवश्यकता र प्राथमिकताको आधारमा परिपूर्ति गर्दै लगिने |
| २ | विद्यालयहरूमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १९ | ५ | ५ | ६ | ६ | ३ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४१ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | अभिभावक शिक्षक सङ्घ गठन र कार्यान्वयन भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ६ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ५ | ६ | ११ | ११ | ११ | ११ |
| ७ | सूचकहरूक आधारमा अनुगमन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिएका विद्यालय सङ्ख्या | १९ | ४ | ६ | ५ | ६ | ४ |
| ८ | तोकिएको समय सिमाभित्र तथ्याङ्क/सुचना व्यवस्थापन र रिपोर्ट गर्ने विद्यालय सङ्ख्या | ३७ | ४० | ४४ | ४४ | ४४ | ४४ |
| ९ | तोकिएको पुरा दिन (२२० दिन) विद्यालय खोल्ने र कम्तीमा १८० दिन पढाई हुने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| १० | विद्यालय सुधार योजना निर्माण/अध्यावधिक र कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ४१ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

## ६.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

यस पालिकाले यस विषय क्षेत्रमा कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ६.२ प्रमुख नतिजाहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | १ | ० | |
| २ | संस्थागत संरचना निर्माण, जिम्मेवारी र कार्यान्वयन | पटक | १ | ० | ० | १ | ० | |
| ३ | प्र.अ./शिक्षक क्षमता विकास | जना | ० | १० | १० | २० | ४ | |
| ४ | वि.व्य.स. र पि.टि.ए.को क्षमता विकास | जना | ११ | १० | १० | १० | ३ | |
| ५ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | |
| ६ | तेस्रो पक्षबाट शैक्षिक तथ्याङ्क प्रणालीको सत्यता जाँच | पटक | ० | १ | ० | १ | ० | |
| ७ | पालिकाको शैक्षिक कार्यक्रमको हालको बेरुजू घटाउने | प्रतिशत | ० | ० | ० | ० | ० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | कैफियत |
| ८ | प्र.अ. र वि.व्य.स.लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ९ | तोकिएको पुरा दिन (२२० दिन) विद्यालय खोल्ने र कम्तीमा १८० दिन पढाईहुन् क लागि विद्यालयहरूलाई सहयोग (क्यालेन्डर वितरण, प्रोत्साहन वितरण,..............) | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | |

## ६.२ पालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध

**परिचय**

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्षहरूलाई प्रतिफल तथा उपलब्धिहरूमा अनुवाद गर्न कार्यान्वयनको उपयुक्त र सबल प्रबन्ध आवश्यक हुन्छ । कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले यस खण्डमा विशेषतः कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार स्थानीय तहको संरचना लाई अग्रणी भूमिका निर्वाह गर्ने तहको सरकारको रुपमा परिभाषित गरिएको छ र यसका लागि केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि संविधानले तोके अनुसारका सबै दायित्वहरूलाई पुरा गर्न सक्षम हुनका लागि थप जनशक्ति, भौतिक, आर्थिक, सिप, दक्षता, क्षमता अभिवृद्धि, कानुनी र अन्य प्रबन्धहरू गर्नुपर्ने छ जसले गर्दा पालिकाले गरेका प्रत्येक विषय क्षेत्रको कार्यान्वयनको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा निपूर्णता हुन आवश्यक छ ।यस खण्डमा यस योजनाको कार्यान्वयनका लागि पालिका र विद्यालयअन्तर्गत कार्यान्वयनको जिम्मेवारी तथा प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.२.१ वर्तमान अवस्था

संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ ।

त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । प्रदेश तहमा शिक्षासम्बद्ध मन्त्रालय र अन्तर्गत एउटा एउटा शिक्षा विकास निर्देशनालय र एउटा एउटा तालिम केन्द्रहरू रहेका छन् । शिक्षा विकास निर्देशनालयहरूले सम्बन्धित प्रदेश सरकारअन्तर्गत सञ्चालन हुने शिक्षा विकास कार्यक्रमहरूको योजना विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । यस पालिका जस्ता ७५३ स्थानीय तहमा शिक्षा महाशाखा वा शाखा रहेका छन् । स्थानीय तहका शिक्षा महाशाखा वा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालय तहका लागि शिक्षा योजना विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै तोकिएका सङ्ख्या शिक्षक र कर्मचारी रहेका हुन्छन । विद्यालयको व्यवस्थापन र सञ्चालनका लागि भएका शिक्षकमध्ये सक्षम नेतृत्व गर्न सक्ने एकजनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालयको दैनिक कार्यहरू सञ्चालनको जिम्मेवारी दिइएको छ ।

यसका अतिरिक्त सङ्घीय नीति/नियम र कार्यक्रमहरुको समन्वय र सहजीकरणका लागि प्रत्येक जिल्लामा एक शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्था छ । यसले सङ्गठन तथा दरबन्दी पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखाएको छ । स्रोतकेन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु आवश्यक देखिन्छ भने प्रदेश स्तरमा रहेका शिक्षा तालिम केन्द्रका शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले पालिका स्तरमा विस्तार गर्नुपर्ने देखिन्छ । त्यसै गरी कतिपय कार्यक्रमगत दोहोरो/तेहरो परिरहेकाले स्थानीय तहहरूलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग कोबाट र कसरी प्राप्त हुने र प्रादेशिक तथा संघीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा के कसरी साझेदारी र समन्वय गर्ने भन्ने बारेमा थप स्पष्ट गर्नु र हुनु जरुरी छ ।

संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा विकासको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणाली सुदृढ गर्नु आवश्यक छ । त्यसै गरी संघ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले आवश्यक सूचना सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने आवश्यकता रहेको छ ।

### ६.२.२ योजना कार्यान्वयनको प्रबन्ध

यस योजनाको कार्यान्वयनको अवधिमा संघीय संरचनाअनुसार हालसम्म गरिएका प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच लम्बीय (Vertical) अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको समतलीय (Horizontal) समन्वय तथा सञ्चार प्रणाली पनि स्थापित हुनुपर्छ। यस

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले अधिकतम रूपमा बालबालिकाहरूको शिक्षण सिकाइलाई सहयोग पुग्ने गरी विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै यस पालिकाले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नुपर्दछ ।

यस पालिकाको शिक्षाको अधिकांश बजेट सङ्घीय तहबाट सशर्त अनुदानका रूपमा प्राप्त भई रहेकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नु पर्ने हुन्छ भने यस पालिकाले आफ्नै स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशीता प्रवर्धन गर्ने किसिमले व्यवस्थित गर्नु देखिन्छ । यस शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि हाल पालिकामा रहेको संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ ।

शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि पालिका र विद्यालय र अन्य तहमा निम्नलिखित प्रबन्ध गरिने छः

**क) पालिका तह**

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने ।

३. पालिका तहको शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।

४. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

५. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।

६. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका तहमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने ।

७. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ गठन गर्ने र विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

**ख) विद्यालय तह**

१. विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अद्यावधिक गर्ने ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने।

३. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

४. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

५. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

६. पालिका तहका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र विपत तथा संकटको व्यवस्थापनसम्बन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने ।

७. विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**ग) समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक **सिकाइ** केन्द्रले सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

२. यस पालिकाबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा पालिकाको समन्वयमा सामुदायिक **सिकाइ** केन्द्र व्यवस्थापन समितिले वार्षिक योजनानिर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. सामुदायिक सिकाइकेन्द्रले विभिन्न विषयगत स्थानीय तहका एकाइहरू, सामुदायिक तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. सामुदायिक पुस्तकालयहरूको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्नेछन् ।

### ६.२.३ विकास साझेदार गैरसरकारी तथा सामुदायिक संघसस्था र नागरिक समाजसँगको सहकार्य

यस पालिका भित्र रही वा यस पालिकालाई कार्यक्षेत्र बनाई विगतदेखि नै पालिकाको शिक्षा विकासमा सहयोग पुर्याउदै आएका वा सहयोग गर्न इच्छा देखाएका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू, दातृ संस्था, बैंक, संयुक्त राष्ट्रसंघीय निकाय वा संस्थाहरूले पालिकाको आवश्यकताका क्षेत्रमा सहकार्य गर्दै आएका छन् । शिक्षा क्षेत्रमा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई योजनाबद्ध रूपमा क्षेत्रगत पद्धतिबाट संयुक्त रूपमा संयोजन, समन्वय तथा अनुगमन गर्ने परिपाटीको विकास भएको छ । यो योजनाको निर्माणमा विभिन्न सरोकारवाला तथा विकास साझेदार सम्मिलित स्थानीय शिक्षा समूहले अहम् भूमिका खेलेका छन्। यस योजनाको कार्यान्वयनको अवधिमा यी सँस्था तथा निकायहरूसंगको सहकार्यको अभ्यासहरूलाई अझ परिस्कृत गर्दै अझ प्रतिनिधिमूलक, सहभागितामूलक, व्यापक र पारदर्शी बनाइनेछ । कतिपय संस्थाहरूले यस शिक्षा क्षेत्रको योजना निर्माण योगदान गरेका छन् भने यसको कार्यान्वयनमा विभिन्न किसिमले सहभागी हुनेछन् । यो योजनाका प्रारिम्भक बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमलगायत अन्य कार्यक्रमहरूको कार्यान्वयनमा गैरसरकारी तथा सामुदायिक संस्था, नागरिक समाज र निजी क्षेत्रले योगदान गर्नेछन् ।

### ६.२.४ योजना कार्यान्वयनका लागि सञ्चारका रणनीति

यस पालिकाको शिक्षा क्षेत्रको योजनाले शिक्षासँग सम्बद्ध सबै सरोकारवाला, शिक्षक, विद्यार्थी, अभिवावक, गैरसरकारी निकाय, नागरिक र आम जनसमुदायमा समग्र शिक्षा प्रणालीलगायत योजनाले प्रस्ताव गरेका

सुधारप्रति अपनत्व, समर्पण तथा प्रतिबद्धता विकास गर्ने अवसर सिर्जना गरेको छ । ती सबैमा योजनाका सारभूत तत्त्वहरूको सञ्चार गर्नु र तिनीहरूको बारेमा सबैलाई बोध गराउनु योजना कार्यान्वयनको पहिलो सर्त हो । सञ्चारको विशेष महत्त्वलाई दृष्टिगत गर्दै योजना निर्माणको अवस्थादेखि नै सम्बद्ध सरोकारवालाहरूसँग संवाद र सञ्चार गरिएको थियो । यस योजनाले अन्ततः बालबालिका, आमाबाबु, अविभावक तथा समुदायमा के कसरी प्रभाव पर्छ र उनीहरूको हितमा उच्चतम रूपमा कसरी काम गर्न सक्छ भन्ने सबैको चासोको विषय भएकोले यी समबन्धमा स्पष्ट पर्ने जिम्मेवारी सञ्चार प्रबन्धको हुन् जान्छ । यस सम्बन्धि विष्तृतमा माथि परिच्छेद ४ अन्तर्गत शिक्षामा संचार र सूचनाको प्रयोगमा गरिएको छ ।

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

## परिचय

मुलुकको आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि बालबालिकाको शिक्षामा सार्वजनिक लगानी गरिन्छ । शिक्षामा गरिएको लगानीले भविष्यका लागि मानव संसाधनको गुणस्तर विकास गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ । बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका अतिरिक्त भूमण्डलीय अर्थतन्त्र (Global economy) मा प्रतिस्पर्धा गर्न सक्ने सामर्थ्य पनि प्रदान गर्दछ । फलतः विश्वका विकासोन्मुख तथा विकसित सबै प्रकारका मुलुकहरूले शिक्षालाई सामाजिक-आर्थिक विकासको मेरूदण्डको रूपमा ग्रहण गर्दै शिक्षाको विकासमा प्राथमिकताका साथ लगानी गरेका हुन्छन् । शिक्षामा राज्यको लगानी तय गर्दा ध्यान दिने प्रमुख तीन पक्षहरूमा क्रमशः- राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिताको सुनिश्चितता, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि विगत केही दशकदेखि शिक्षा क्षेत्रको सार्वजनिक लगानीमा विस्तार भएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा राज्यले गरेका प्रतिबद्धताका साथसाथै देशको आर्थिक विकासको अवस्था र स्रोत परिचालन गर्न सक्ने क्षमता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । शिक्षामा गरिने लगानीलाई नेपालको संविधान एवम् विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् ।शिक्षालाई सार्वजनिक सेवाको रूपमा स्वीकार गरी राज्यको दायित्वको रूपमा ग्रहण गर्दै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरिएको सन्दर्भमा पहुँचको विस्तारले मात्र सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्न नसकिने भएकोले शिक्षाको गुणस्तर विकासका लागि सार्वजनिक लगानी वृद्धि गर्नुका साथै लगानी र स्रोत परिचालनलाई समतामूलक र न्यायोचित बनाइनु पर्ने हुन्छ । यिनै कुराहरूलाई दृष्टिगत गरी शिक्षामा देशको कुल गार्हस्थ उत्पादनको कम्तीमा ४ देखि ६ प्रतिशत अथवा राष्ट्रिय बजेटको कम्तीमा १५ देखि २० प्रतिशत शिक्षामा विनियोजन गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा सम्मेलनले पारित गरेको इन्चोन घोषणा पत्रमा यस कुरालाई उल्लेख गरिएको छ ।

यस अघि नै उल्लेख गरिए झैं नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भएको छ । यस ऐनको कार्यान्वयनमा सहजीकरण गर्न सरकारले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु संघ, प्रदेश र स्थानीय तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी ४ प्रकारको अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट शिक्षामा थप लगानी हुने व्यवस्था र अभ्यास रहेको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदात संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित ४ किसिमका अनुदानमध्ये राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेट र आफ्नै स्रोतमा आधारित बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । माथि स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट प्राप्त हुने अनुदानहरू जस्तै प्रदेश सरकारबाट पनि त्यस प्रकृतिका अनुदानहरूको प्रबन्ध हुने गरेको छ ।

शिक्षालाई सार्वजनिक लगानीको विषयको रूपमा पहिचान गरेको छ तर पनि शिक्षामा निजी क्षेत्रको संलग्नता क्रमशः बढ्दै गैरहेको छ । निजी क्षेत्रमा सञ्चालित विद्यालयहरूले मात्र नभई सामुदयिक विद्यालयले समेत विभिन्न प्रकारका औपचारिक वा अनौपचारिक शुल्क लिने प्रचलन भएकोले शैक्षिक लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य संघीय स्वरूपमा सञ्चालन भए सँगै सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक, उपयोगी र परिणाममुखी बनाउने भन्ने विषय अति महत्त्वपूर्ण बनेको छ ।

यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणमा समग्र शिक्षा क्षेत्रको लागि आवश्यक पर्ने स्रोतको पहिचान तथा परिचालन गर्ने र न्यायसंगत तथा परिणामउन्मुख तरिकाले विनियोजन तथा खर्च गर्ने विषय शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयले विशेष स्थान राख्दछन् । यस परिच्छेदमा शिक्षामा सार्वजनिक लगानीको वर्तमान अवस्थाको विश्लेषण गर्दै तथा यो योजनाको लागि स्रोतहरूको सम्भाव्य उपलब्धता र प्रस्तावित कार्यक्रमहरूका लागि स्रोतको अनुमान प्रस्तुत गरिएको छ । यस योजनामा पालिकाको वित्तीय व्यवस्थापनमा सुधार भई लगानी वृद्धि गर्न सक्षम हुने र पालिकाको शिक्षाक्षेत्रमा राष्ट्रिय मापदण्डसँग तुलनायोग्य सार्वजनिक लगानी सुनिश्चित हुने अपेक्षा गरिएको छ ।यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान

गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

**७.१ वर्तमान अवस्था**

प्राकृतिक सम्पदा, स्रोत, साधन र भूगोलको हिसावले पाल्पा जिल्लाको १० पालिकामध्ये यो माथागढी गाउँपालिकाका भिन्न र सबै भन्दा ठुलो क्षेत्रफल भएपनि समग्र आर्थिक विकास एवम् सामाजिक सूचकाङ्कका हिसावले भने यो पालिका पाल्पा जिल्लाको ९ औं स्थानमा पर्दछ । अर्को हिसावले भन्नु पर्दा यो पालिका गरीव र विपन्नहरुले बसोवास गरेको प्राकृतिकरूपले सम्पन्न पालिका हो । आर्थिक सूचकहरुमा त्यति सुधार नदेखिए पनि शिक्षाका सूचकहरुमा सुधारका सङ्केतहरु देखिएका छन् । शिक्षामा पहुँच र सहभागिता बढेको छ । पहुँच सहभागिताको तुलनामा गुणस्तरमा भने सुधार हुन बाँकी छ । प्राविधिक विषयमा पहुँचको स्थिति कमजोर छ । पालिकाका अब्बल दर्जाका जनशक्तिलाई पालिकाको विकासको निम्ति समर्पित र अभिप्रेरित गर्न नसकेको अवस्था छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ तर व्यवहारमा त्यस्तो देखिएको छैन ।

क) शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ ।

तालिका ७.१: नेपालमा विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)

| आ.व. | शिक्षा बजेट | वैदेशिक सहायता रकम | वैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | कुल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ९.९ | ४.२ |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | १०.६ | ४.४ |
| २०७७/७८ | १७,१७१ | २४५१ | १४.२८ | ४.८६ | ११.७ | ४.३ |
| २०७८/७९ | १८,००४ | १,७१९ | ९.६० | ४.८५ | १०.९३ | ४.२ |

स्रोतः अर्थमन्त्रालय (सम्बन्धित आ.व. का बजेट पुस्तिकाहरू)

माथिको तालिकाअनुसार कुल शिक्षा बजेट वार्षिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ । विगत ५ वर्षमा औसत ११.९ प्रतिशतका दरले शिक्षाको बजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्यवृद्धि दरसँग तुलना गर्ने हो भने औसत वास्तविक बजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ । कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको पाँच वर्षको बजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ । आ. व. २०६७/६८ मा भने यो प्रतिशत १७.१ पुगेको थियो ।

### शिक्षामा घरपरिवार र निजी लगानी

शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरूले देखाएका छन् । संस्थतगत विद्यालयहरूमा मासिक वा वार्षिक शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरूमा पनि घरपरिवारको लगानी स्टेसनरी तथा ड्रेसलगायतका शीर्षकमा हुने भएकाले बालबालिकाको शिक्षामा उनीहरूको उल्लेख्य लगानी भइरहेको छ । सन् २०१८ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र UNESCO/IIEP को संयुक्त प्रयासमा सम्पन्न भएको National Education Account, Nepal अध्ययन अनुसार शिक्षा क्षेत्रमा तहगत रूपमा प्रति वर्ष प्रति बिधार्थी खर्च क्रमशः बालविकास शिक्षा मा रू. ७,०१४.००, आधारभूत तह (कक्षा १-५) मा रू. १५,४५९.००, आधारभूत तह (कक्षा ६-८) मा रू. १६,४८२.००, माध्यमिक तह (कक्षा ९-१०) मा रू. २७,०८३.००, माध्यमिक तह (कक्षा ११-१२) मा रू. ३५,५२८.००, प्राविधिक शिक्षामा रू. १७२,७२९.०० र उच्च शिक्षामा रू. ८५,०९१.०० हुने गरेको देखाएको छ । जसमा घर परिवार तथा निजि खर्च ५६.२% छ भने ४३.८% सार्वजनिक (सरकारका तर्फबाट) खर्च भएको छ । यसै गरी, विद्यालय/शिक्षालयको प्रकार अनुसार तहगतरुपमा प्रति वर्ष प्रति बिधार्थी जम्मा खर्चमध्ये सामुदायिक विद्यालय/शिक्षालयमा अध्ययन गर्ने विद्यार्थीमा परिवार/निजी खर्च माध्यमिक तह (कक्षा ११-१२) बाहेक अरूतहमा लगभग ३% देखि २२.०% सम्म छ भने निजी विद्यालय/शिक्षालयहरुमा ८१.०% देखि ९५.०% सम्म छ (तालिका ७.३) । प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले प्रति वर्ष शिक्षाका विभिन्न तहमा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रति वर्ष प्रति विद्यार्थी निजी लगानीमा सामुदयिक विद्यालयमा आफ्ना बालबालिकाको शिक्षाका लागि अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र संस्थागत विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायतका सबै खर्चहरू समावेश गरी निकालिएको छ ।

तालिका ७.३: नेपालमा प्रति विद्यार्थी खर्चको तुलनात्मक अवस्था

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रू. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक विद्यालयमा | सरकारी खर्च % | परिवारको खर्च % | अन्यबाट भएको खर्च % | निजी विद्यालय | सरकारी खर्च % | परिवारको खर्च % | अन्यबाट भएको खर्च % |
| पूर्व प्राथमिक।बालविकास र शिक्षा | ३,६०२ | ७९.८% | ९.९% | १०.३% | १७,३३७ | ०.१% | ९४.६% | ५.३% |
| आधारभूत तह (कक्षा १-५) | ११,५३६ | ९३.६% | २.९% | ३.५% | २०,२५५ | ०.३% | ९२.४% | ७.३% |
| आधारभूत तह (कक्षा ६-८) | १०,६८२ | ७९.४% | ७.४% | १३.२% | १९,९८४ | ०.३% | ९३.२% | ६.५% |
| माध्यमिक तह (कक्षा ९-१०) | १६,५५७ | ७०.६% | ११.५% | १७.९% | ३१,६९६ | ०.२% | ९३.२% | ६.७% |
| माध्यमिक तह (कक्षा ११-१२) | २३,०२६ | ३७.१% | ४३.७% | १९.३% | ३७,७५२ | ०.१% | ९३.१% | ६.९% |
| प्राविधिक शिक्षा | १७७,०५३ | ८७.२% | ७.९% | ४.९% | १००,०७१ | १.९% | ८२.७% | १५.४% |
| उच्च शिक्षा | ५३,२८२ | ७५.४% | २२.०% | २.६% | १३२,१३६ | १.९% | ८०.६% | १७.५% |

स्रोतः NCE-Nepal (Cited from, UNESCO/IIEP and MOE, 2018)

नेपालको संवैधानिक व्यव्स्था अनुसार आधारभुत तह अनिवार्य र निशुल्क तथा माध्यामिक तह निशुल्क भनिएता पनि नेपालको परिवेशमा शिक्षा क्षेत्रमा तह अनुसार परिवारको खर्च वृद्धि हुँदै गइरहेको छ । यस पालिकामा संस्थागत विद्यालयहरुको संख्या न्यून रहेको र अभिभावकहरुको आर्थिक क्षमता पनि कमजोर भएकाले अभिभावकको निजी लगानी तुलनात्मक रुपले अन्य पालिका र प्रदेशको तुलनामा कम हुन् सक्ने अनुमान गर्न सकिन्छ ।

## ७.२ चुनौती र अवसर

वर्तमान अवस्थाको विश्लेषणका आधारमा लगानी र स्रोत व्यवस्थापनका सवालमा देखा परेका चुनौतीहरुमध्ये शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति,

राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्नका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु, संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने पालिकाको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूमा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, पालिका तहलाई संघीय सरकारबाट प्राप्त सामानीकरण अनुदानमध्येबाट शिक्षा क्षेत्रका निम्ति पर्याप्त बजेट उपयुक्त विषयमा विनियोजन गर्नु, शिक्षामा समता तथा समावेशतामा अपेक्षित सुधारका लागि पर्याप्त लगानी गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु प्रमुख रहेका छन् ।

लगानी र स्रोत व्यवस्थापका क्षेत्रमा अवसरको रुपमा सरकारका तीनवटै तहहरुले शिक्षामा लगानी अभिवृद्धि गर्न सक्ने सम्भावना देखिएको, कतिपय शिक्षण संस्थाहरुले पालिका बाहेक प्रदेश सरकार र अन्य निकायहरूबाट विभिन्न शीर्षकहरुमा अनुदान प्राप्त गरिरहेको, बालविकासका शिक्षिका लगायत विभिन्न क्षेत्रको बजेट विनियोजनमा संघ, प्रदेश र स्थानीय तहको बिचमा सहकार्य र सहलगानी भइरहेको, शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार विकास, आइसिटी र शिक्षक व्यवस्थापनमा सङ्घीय र प्रदेश सरकारको लगानी तुलनात्मक हिसावले बढीरहेको, यस विगतदेखि यस पालिकाको रचनात्मक कार्यहरू अन्तर्गत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिका लागि उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षक र उत्कृष्ट अभिभावक पहिचान गरी पुरष्कृत गर्ने, एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्ने, आधारभूत तहका स्थानीय पाठ्यक्रम कार्यान्वयनका निम्ति एक विद्यालय एक व्यवसायका लागि अनुदान दिने लगायतका कार्यक्रमहरु सञ्चालन भइरहेको अवस्था छ ।

## ७.३ उद्देश्य

योजनाको लगानी र स्रोतव्यवस्थापनमा यस खण्डको समग्र उद्देश्य तीनै तहका सरकारहरुले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि शिक्षामा आवश्यक पर्ने लगानी र स्रोत व्यवस्थापनका लागि वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,
५. लगानीको उपयोगको अवस्थाको बारेमा जानकारी लिनु।

### ७.४ रणनीति

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१. शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ ।

२. संघीय सरकार र स्थानीय तहको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गर्नेछ ।

३. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले यस पालिका भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न पालिका जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

४. पालिकाबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाइनेछ ।

५. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी पालिकाको कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

६. शिक्षाका उपक्षेत्रहरु अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डका आधारमा लगानी व्यवस्थापन गरिनेछ ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ ।

८. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।

९. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।

१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

### ७.५ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा नागरिक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन हुनेगरी स्रोतको आकलन गर्न पर्ने हुन्छ । त्यसरी आकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ । सामान्यतया स्रोतको आकलन गर्दा विभिन्न आर्थिक सूचक/सूचाङ्कहरूको प्रयोग गरिन्छ, जस्तो उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index (CPI)), मुद्रास्फ्रिप्ति दर (Inflation Rate), कुल गार्हस्थ उत्पादन (GDP), आदिलाई आधार बनाई निकालिन्छ । यस प्रकार आवश्यकता र सामर्थ्यको बिचमा सामञ्जस्यता कायम गरी योजनाका कार्यक्रमहरू र तिनको प्राथिमिकता निर्धारण गरिन्छ । उल्लिखित पक्षमध्ये यस पालिकाको हकमा तल निम्न दुई पक्षलाई आधार मानी यस योजनामा शिक्षा क्षेत्र, विभिन्न उप-क्षेत्र र सम्बन्धित विषय क्षेत्रगत स्रोतको आकलन गरिएको छ ।

**क) अपेक्षा र नीतिका आधारमा अनुमान**

संवैधानिक प्रावधानअनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ र सोको कार्यान्वयन संघीय, प्रदेश र स्थानीय तीनवटै सरकारको रहेको छ । प्रत्येक बालबालिकालाई शिक्षाको हक सुनिश्चित हुनेगरी प्रारम्भिक बालविकास तथा शिक्षालाई आधारभूत शिक्षाअन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्न पर्ने हुन्छ । त्यस्तै सबैको पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रूपले विपन्न, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूलाई थप प्रोत्साहित गर्न आवश्यक छ । यसै गरी अनौपचारिक तथा निरन्तर शिक्षा, विद्यालयतहमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पूर्वाधार, विपद व्यवस्थापन, दिवा खाजालगायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता, परामर्श सेवा लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । यी बाहेक यस पालिकाको दायित्वभित्र प्राविधिक शिक्षा र व्यवसायिक तालिम र उच्च शिक्षा पनि पर्ने भएकाले ती दुवै क्षेत्र साथै योजनाको अनुगमन तथा मूल्याङ्कन, व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ । यिनै परिवेशहरूलाई मध्यनजर राखी नेपाल सरकारले शिक्षा नीति लगायत विभिन्न योजना र कार्यक्रमहरुमा शिक्षाको बजेटलाई कुल बजेटको कम्तीमा बिस प्रतिशत बनाउने भन्ने कुरा पनि उल्लेख गरेको अवस्था छ ।

उल्लिखित आवश्यकताहरूका आधारमा यस पालिकाको शिक्षा क्षेत्रको दश वर्षे शिक्षा क्षेत्रमा योजनाको पहिलो वर्षमा चालु आ.ब.मा कार्यान्वयनमा रहेको कुल बजेट करिब २९१,२३४,८००/०० लाई आधार मानी त्यसपछिका वर्षहरूमा क्रमिक रूपमा लगानी वृद्धि गर्नु आवश्यक देखिन्छ भनी उल्लेख गरिएको छ । उक्त आधारमा वर्तमान मूल्यमा यस योजनाको पहिलो पाँच वर्षका लागि करिब १,५१४,४५५,१२०/०० रुपैयाँ लगानी आवश्यक देखिन्छ ।

### ख) स्रोतको उपलब्धता (Resource Envelope) को अनुमान

विभिन्न आर्थिक सूचक/सूचकाङ्कहरूको प्रयोग गरेर, जस्तो उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index (CPI)) तथा मुद्रस्फ्रिति दर (Inflation Rate) तथा यस पालिकाको बजेटमा हुने वृद्धिका आधारमा आगामी ५ वर्षमा शिक्षा क्षेत्रका लागि उपलब्ध हुनसक्ने बजेट आकलन गरिएको छ । यसर्थ, यस पालिकाको अर्थतन्त्रको हालको अवस्था तथा सम्भाव्य मूल्य वृद्धिका आधारमा सम्भाव्य उच्च, मध्यम तथा न्यून वृद्धि आकलन गरिएको छ । यी मध्ये मध्यमस्तरको प्रक्षेपित आर्थिक वृद्धिदरका आधारमा यस शिक्षा क्षेत्रको योजनाका लागि उपयुक्त स्रोत हुन् सक्छ भन्ने पहिचान गरिएको छ ।

## ८.६ माथागढी गाउँपालिकाकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनाका लागि प्रक्षेपित बजेटको अनुमान

आर्थिक वर्ष २०८०/८१ मा यस पालिकाको शिक्षा क्षेत्रको बजेट विश्लेषण गर्दा कुल बजेट रू. २९१,२३४,८००/०० देखिन्छ । जसमा यो बजेट सबै सङ्घीय सरकारबाट पालिका तहमा हस्तान्तरण भई कार्यान्वयनमा रहेको देखिन्छ । यस पालिकाको आफ्नो आन्तरिक स्रोतबाट पनि शिक्षाक्षेत्रमा लगानी गर्दै आएको छ ।

तलको तालिका ७.४ र ७.५ मा यस पालिकाको शिक्षा क्षेत्रको बजेट आकलन २ वटा परिदृश्यमा प्रस्तुत गरिएको छ ।जसमा तालिका ७.४ मा हाल उपलब्ध स्रोतको प्रवृत्तिलाई यथावत राखी पालिकाको शैक्षिक क्षेत्रको सुधारका आवश्यकताहरुलाई समबन्धित) उप-क्षेत्रसँग सम्बन्धित

सूचकहरुको सुधारका सम्भावनाको आधारमा( थप स्रोतको बन्दोबस्त गर्ने विधिहरुलाई अवलम्बन गरिएको छ । तालिका ७.५ मा प्रस्तुत गरिएको स्रोतको आकलन परिदृश्यमा तालिका ७.४ को विधिमा हाल यस लुम्बिनी प्रदेशको शिक्षा क्षेत्रमा रहेको वार्षिक औषत ४.००i% का दरले रहेको उपभोक्ता मूल्य सूचकाङ्क तथा (CPI)मुद्रास्फ्रिति दर का (Inflation Rate)आधारमा प्रत्येक शैक्षिक उप-क्षेत्रको कार्यक्रमगत रूपमा वृद्धि हुन् आउने लागतलाई आगामी आ.ब.गतको प्रक्षेपित बजेटको रूपमा प्रस्तुत गरिएको छ। यस पालिकाको शिक्षा क्षेत्रको विद्यार्थी, शिक्षकसूचकगत , वर्तमान अवस्था , योजनाको अन्तिम लक्ष्य निर्धारण र प्रक्षेपणशिक्षा , क्षेत्र र उपक्षेत्रगत-को कार्यक्रमगत स्रोतको आकलन र प्रक्षेपण योजनाको ,प्रमुख सूचक (KPIs) साथै तिनको विश्लेषण ,आदिका बारेमा यस योजनाकोToolKit मा राखिएकोले उक्तToolKit को विस्तृत अध्ययन गर्न सकिन्छ ।

तालिका ७.४ स्थिर मूल्यका आधारमा माथागढी गाउँपालिकाकाको शिक्षा क्षेत्रको उप-क्षेत्रगत प्रक्षेपित लागत अनुमान सामान्य)परिदृश्य आ.ब. २०२४/२५-२०२२८-२९ (रू. हजारमा)

| शिक्षा उप-क्षेत्रहरू/आ.ब. | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 | ५ आ.ब.को |
|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | जम्मा |
| स्थानीय तहबाट सञ्चालन हुने विद्यालय शिक्षा उप-क्षेत्रगत लागत | | | | | | |
| बालविकास तथा शिक्षा | १८,३४५.९४ | २०,४५०.६६ | २०,४५५.८० | २०,४६०.५२ | २०,४६५.६६ | १००,१७८.५८ |
| आधारभूत शिक्षा | १८५,५३२.०७ | १८५,४७४.०६ | १८५,६३९.५१ | १८५,४६५.०० | १८६,१३५.०६ | ९२८,२४५.७० |
| माध्यमिक शिक्षा | ५७,३१८.८६ | ५७,८१९.३८ | ५८,७६८.१८ | ५९,३२९.२१ | ६०,०८४.५१ | २९३,३२०.१५ |
| शिक्षामा समता र समानता | ४४२.९९ | ४४१.५२ | ४४८.५१ | ४४७.८७ | ४५०.१६ | २,२३१.०५ |
| अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा | ३,१०५.०० | ३,५५०.०० | ३,९९५.०० | ४,४४०.०० | ५,३३०.०० | २०,४२०.०० |
| शिक्षक तयारी, व्यवस्थापन र तालिम | ३,०२६.३२ | ३,६५४.१७ | ४,२९५.६७ | ४,७६९.२७ | ५,२५३.०२ | २०,९९८.४५ |
| पाठ्यक्रम र मुल्यांकन | २,१३३.२० | २,६९९.८० | २,१९९.८० | २,०६६.६० | २,५६६.६० | ११,६६६.०० |
| विद्यालय भौतिक निर्माण र आपतकालीन व्यवस्थापन | १३,६००.०० | १६,४००.०० | १९,२००.०० | २१,०००.०० | २७,४००.०० | ९७,६००.०० |
| क्षमता अभिबृद्धि र अनुगमन तथा मुल्यांकन | २,०२०.०० | २,०२०.०० | २,०२०.०० | २,०२०.०० | २,०२०.०० | १०,१००.०० |
| जम्मा लागत (योजनाको कार्यक्रम बजेट) | २८५,५२४.३८ | २९२,५०९.५९ | २९७,०२२.४७ | २९९,९९८.४७ | ३०९,७०५.०२ | १,४८४,७५९.९३ |
| शासकीय व्यवस्थापन र सञ्चालन खर्च (योजनाको कुल बजेटमा २.०% ले हुन आउने लागत) | ५,७१०.४९ | ५,८५०.१९ | ५,९४०.४५ | ५,९९९.९७ | ६,१९४.१० | २९,६९५.२० |
| जम्मा लागत | २९१,२३४.८७ | २९८,३५९.७८ | ३०२,९६२.९२ | ३०५,९९८.४३ | ३१५,८९९.१२ | १,५१४,४५५.१२ |

तालिका ७.५ माथागढी गाउँपालिकाकाको शिक्षा क्षेत्रमा रहेको वार्षिक औषत ४.००% का दरले रहेको उपभोक्ता मूल्य सूचकाङ्क (CPI) तथा मुद्रास्फ्रिति दर (Inflation Rate) का आधारमा वृद्धि हुन् आउने प्रक्षेपित बजेटको (मध्यम परिदृश्य आ.ब.२०२४/२५-२०२८-२९) (रू. हजारमा)

| शिक्षा उप-क्षेत्रहरू/आ.ब. | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 | ५ आ.ब.को |
|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | जम्मा |
| स्थानीय तहबाट सञ्चालन हुने विद्यालय शिक्षा उप-क्षेत्रगत लागत | | | | | | |
| बालविकास तथा शिक्षा | १८,३४५.९४ | २१,२६८.६९ | २१,२७४.०३ | २१,२७८.९४ | २१,२८४.२९ | १०३,४५२ |
| आधारभूत शिक्षा | १८५,५३२.०७ | १९२,८९३.०२ | १९३,०६५.०९ | १९२,८८३.६० | १९३,५८०.४७ | ९५७,९५४.२४ |
| माध्यमिक शिक्षा | ५७,३१८.८६ | ६०,१३२.१५ | ६१,११६.८० | ६१,७००.२७ | ६२,४८५.७८ | ३०२,७५३.८६ |
| शिक्षामा समता र समानता | ४४२.९९ | ४५९.१८ | ४६६.४५ | ४६५.७८ | ४६८.१७ | २,३०२.५७ |
| अनौपचारिक तथा साक्षरता र निरन्तर शिक्षा | ३,१०५.०० | ३,६९२.०० | ४,१५४.८० | ४,६१७.६० | ५,५४३.२० | २१,११२.६० |
| शिक्षक तयारी, व्यवस्थापन र तालिम | ३,०२६.३२ | ३,८००.३४ | ४,४६७.५० | ४,९६०.०४ | ५,४६३.१४ | २१,७१७.३४ |
| पाठ्यक्रम र मुल्यांकन | २,१३३.२० | २,८०७.७९ | २,२८७.७९ | २,१४९.२६ | २,६६९.२६ | १२,०४७.३१ |
| विद्यालय भौतिक निर्माण र आपतकालीन व्यवस्थापन | १३,६००.०० | १७,०५६.०० | १९,९६८.०० | २१,८४०.०० | २८,४९६.०० | १००,९६०.०० |
| क्षमता अभिबृद्धी र अनुगमन तथा मुल्यांकन | २,०२०.०० | २,१००.८० | २,१००.८० | २,१००.८० | २,१००.८० | १०,४२३.२० |

| शिक्षा उप-क्षेत्रहरू/आ.ब. | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 | ५ आ.ब.को |
|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | जम्मा |
| जम्मा लागत (योजनाको कार्यक्रम बजेट) | २८५,५२४.३८ | ३०४,२०९.९७ | ३०८,९०१.२६ | ३११,९९६.२९ | ३२२,०९१.११ | १,५३२,७२३.०१ |
| शासकीय व्यवस्थापन र सञ्चालन खर्च (योजनाको कुल बजेटमा २.०% ले हुन आउने लागत) | ५,७१०.४९ | ६,०८४.२० | ६,१७८.०३ | ६,२३९.९३ | ६,४४१.८२ | ३०,६५४.४६ |
| जम्मा लागत | २९१,२३४.८७ | ३१०,२९४.१७ | ३१५,०७९.२८ | ३१८,२३६.२२ | ३२८,५३२.९३ | १,५६३,३७७.४७ |

माथि चर्चा गरिए झैं उल्लिखित तालिका ७.४ र ७.५ मा प्रस्तुत माथागढ़ी गाउँपालिकाकाको शिक्षा क्षेत्रको बजेट प्रक्षेपणहरूको अवस्थालाई हेर्दा तालिका ७.५ मा प्रस्तुत मध्यम परिदृश्य प्रक्षेपित बजेट व्यवस्थापन र कार्यान्वयनका दृष्टिले बढी व्यवहारिक देखिन्छ । तलको तालिका ७.६ मा माथिको तालिका ७.५ मा प्रस्तुत मध्यम परिदृश्य प्रक्षेपित बजेट र चालु आ.ब.२०८१/८२ मा उपलब्ध बजेटको स्रोत विच तुलनात्मक विश्लेषणबाट निम्नानुसारको स्रोतको अन्तर (Gap) देखिन्छ र सोलाई पूर्ति गर्दै योजनाको सफल कार्यान्वयनका लागि माथागढ़ी गाउँपालिकाका सरकारले निम्नानुसारका पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

तालिका ७.६ माथागढ़ी गाउँपालिकाकाको शिक्षा क्षेत्रमा रहेको वार्षिक औषत ४.००% CPI/Inflation Rate का आधारमा वृद्धि हुन् आउने प्रक्षेपित बजेटको (मध्यम परिदृश्य आ.ब.२०२४/२५-२०२८-२९) र चालु आ.ब.२०८१/८२ मा उपलब्ध बजेट बिचको तुलनात्मक विश्लेषण बाट देखिएको अन्तर (Gap) (रू. हजारमा) र सोको प्रस्तावित समाधान

| शिक्षा क्षेत्रको श्रोत अन्तरको विश्लेषण (Resource Gap Analysis) | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 | 5-year Total |
|---|---|---|---|---|---|---|
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| चालु आ.ब. २०८१/८२ को बजेट: | | | | | | |
| सङ्घीयतह बाट पालिका तहमा हतान्तरण भई कार्यान्वयनमा रहेको र आगामी आ.ब.को प्रक्षेपित बजेट | २९१,२३४.८७ | २९८,३५९.७८ | ३०२,९६२.९२ | ३०५,९९८.४३ | ३१५,८९९.१२ | १,५१४,४५५.१२ |
| लुम्बिनी प्रदेश सरकारबाट प्राप्त कुल बजेट: | ० | ० | ० | ० | ० | ० |
| योजनाको ५ वर्ष आ.ब.२०२४/२५-२०२८-२९ सम्मको मध्यम परिदृश्यको प्रक्षेपित बजेट | | | | | | |
| सङ्घीयतह बाट पालिका तहमा हतान्तरण हुने आगामी आ.ब.को प्रक्षेपित बजेट | २९१,२३४.८७ | ३१०,२९४.१७ | ३१५,०७९.२८ | ३१८,२३६.२२ | ३२८,५३२.९३ | १,५६३,३७७.४७ |
| माथागढ़ी गाउँपालिकाकाको शिक्षा क्षेत्रमा रहेको वार्षिक औषत ४.००% CPI/Inflation Rate का आधारमा वृद्धि हुन् आउने प्रक्षेपित बजेट (मध्यम परिदृश्य आ.ब.२०२४/२५-२०२८-२९) र चालु आ.ब.२०८१/८२ मा उपलब्ध बजेट बिचको तुलनात्मक विश्लेषण बाट आगामी आ.ब.हरुमा शिक्षा क्षेत्रको तलका उप-क्षेत्रगत हुन सक्ने Budget Gap | | | | | | |
| सङ्घीयतह र प्रदेश सरकारको विद्यालय शिक्षाको आगामी आ.ब.को प्रक्षेपित कुल बजेट मा Gap | ० | ११,९३४.३९ | १२,११६.३६ | १२,२३७.७८ | १२,६३३.८१ | ४८,९२२.३५ |
| माथागढ़ी गाउँपालिकाकाको आन्तरिक स्रोतबाट आ.ब. २०८१/८२ मा शिक्षा क्षेत्रमा भएको लगानी र आगामी आ.ब.हुने आन्तरिक स्रोतको प्रक्षेपित बजेट | ३३५०० | ३५१७५ | ३६९३३ | ३८७८० | ४०७१९ | ४२७५५ |

# परिच्छेद ८
# अनुगमन तथा मूल्याङ्कन

## परिचय

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ । यसका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति , कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले योजनाको यस खण्डमा महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयनमा अनुगमन र मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ ।

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति ,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील छन् भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पूरा भएका छैनन् ।

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । त्यस्तै शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ८.१ वर्तमान अवस्था

योजनाको प्रस्तुत खण्डको वर्तमान अवस्थालाई योजनाको कार्यान्वयन र योजनाको अनुगमन र मूल्याङ्कन गरी दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### क) योजनाको कार्यान्वयन

संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र

अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालयअन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन् ।

शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही कार्यालयहरू खोलेझैं लुम्बिनी प्रदेशले पनि अन्तरगतका जिल्लामा सामाजिक विकास कार्यालयहरु स्थापना गरी सञ्चालन गरेको छ । स्थानीय तहमा महानगरपालिकाहरुमा शिक्षा महाशाखा र नगरपालिका र गाउपालिकाहरुका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । यसका अतिरिक्त संघीय शिक्षा मन्त्रालयअन्तरगत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् ।

संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ ।यस पालिकाको शिक्षा शाखामा पर्याप्त जनशक्ति नभएको अवस्था छ, कार्य बोझका कारण विकल्पमा केही विद्यालयका शिक्षकलाई जिम्मेवारी दिई पालिकामा काम गराएको अवस्था छ ।कार्यक्रमका हकमा कतिपय सशर्त अनुदानका बजेट र कार्यक्रमहरु स्पष्ट बुझाइको अभावमा वितरण र सम्पादनमा समस्या भई फ्रिज हुने अवस्था पनि यदाकदा भएकाछन् । कक्षा १० परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरु पालिकामा आउने गर्छन जबकि कतिपय कामको बारेमा पालिकाको शाखा अनभिज्ञ छन् । त्यसैले यस्ता विषयहरुमा तीनै तहका सरकारका सम्बन्धित निकायहरूविचमा सन्चार, सहकार्य र समन्वयको संयन्त्र आवश्यक देखिन्छ।

### ख) योजनाको अनुगमन र मूल्याङ्कन

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गर्दछ । राष्ट्रिय शिक्षा पद्दतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो । संघीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट. प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ ।शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षण र शिक्षक/विद्यार्थी सहयोग पद्धतिका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ । बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र कार्यक्रमको मध्यावधि मूल्याङ्कन गर्ने प्रचलन छ । विद्यालय तह, स्थानीय तह, प्रदेश र संघीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्षित नतिजामा आधारित गरी बाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू (Disbursement Linked Indictors-DLI) रुजू गरेरमात्र उपलब्धिअनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ ।

उल्लिखित प्रबन्ध भए पनि संघीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्नेछ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन र मूल्याङ्कनलाई औपचारिकता निर्वाह गर्ने प्रयोजनका निम्ति नभइ सुधार र प्रोत्साहनका निम्ति प्रयोग गरिनु पर्दछ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

## ८.२ चुनौती र अवसर

योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्नअनुसार छन्ः

स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु, तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु, प्रदेश र स्थानीय तहका आवश्यकता अनुसारको शैक्षिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गरी पुनर्संरचित गर्नु, संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, संघ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन

प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु योजना कार्यान्वयनको सवालमा प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

त्यसरी नै शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास,स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धतिको विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरु अनुगमन र मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरु हुन् ।

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रुपमा पनि केही अनुकुलताहरु देखापरेको अवस्था छ । पहिले भन्दा अहलिको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन एवम् कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने गराउने काम स्वतस्फूर्त तरिकाबाट भइरहेको छ । सञ्चारकर्मीहरु वाच डगको भूमिकामा रहेको र तिनको सुझावलाई सुधारकारूपमा लिन सकिने । सामाजिक सञ्जालहरुले समेत केही हदसम्म मानिसहरुले कुनै पनि कार्यक्रमहरुका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन् । मानव सेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरुले समेत कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन र निगारानी गरेको अवस्था छ ।

## ८.३ उद्देश्य

योजनाको यस खण्डको समग्र उद्देश्य योजनाको प्रभावकारी कार्यान्वयन र सोको प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलव्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि योगदान पुग्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

१. योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु ।

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु ।

३. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

## ८.४ रणनीतिहरू

१. योजना कार्यान्वयनको क्रममा कुन सङ्गठनले के काम गर्ने र त्यो काम गर्नका लागि कुन स्तरका कति जनशक्ति आवश्यक पर्ने भन्ने बारेमा स्पष्ट किटान गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२. पालिकादेखि विद्यालयतहसम्म सबैको स्पष्ट कार्यहरूको विवरण र तिनको उपलब्धि मापन सूचकहरू तयार गरी जिम्मेवारी दिइने छ ।

३. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

४. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।

५. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई सरल, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण(सफ्टवेयरको निर्माण गरी) गरिने छ ।

६. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ र सूचक विकासका लागि प्रमुख नतिजा सूचक तथा नतिजा खाकालाई मुख्य आधार बनाइने छ ।

७. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार पालिका तहका सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गरिने छ ।

८. पालिका र विद्यालयका सबै गति विधिहरुलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरी सञ्चालनमा ल्याइने छ ।

९. योजनामा हुने लगानी, प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावलाई पालिकाको अनुगमन र मूल्याङ्कनको क्षेत्र बनाई समग्र प्रणालीको विकास गरिने छ ।

१०. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणबाट प्राप्त नितजाहरूलाई योजनाको अङ्ग बनाई सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

११. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिने छ ।

१२. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइने छ।

१३. कुल बजेटको लगभग ५% हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ ।

१४. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।

१५. यस योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।

१६. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र सुधार गर्ने प्रणालीको विकास गरिने छ ।

१७. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ ।

१८. विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यान्तको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित सुपरीवेक्षण र अनुगमन टीम निर्माण गरी विद्यालय अनुगमन गरिनेछ ।

## ८.५ प्रमुख उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) प्रमुख उपलब्धि

योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलव्धि हासिल हुने साथै पालिकाको समग्र सक्षमता अभिवृद्धि हुने।

### ख) प्रमुख नतिजाहरू

१. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
२. नतिजामा आधारित अनुगमन प्रणालीका स्थापित भई योजना तथा कार्यक्रमको अनुगमन प्रणाली सुदृढ हुने।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने।
४. सबै कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।
५. विद्यालयहरूमा सम्पादन गरिने लेखापरीक्षण र सामाजिकपरीक्षण प्रभावकारी र नियमित हुने ।
६. विद्यालयको कार्यसम्पादन परीक्षणबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने ।
७. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
८. कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार हुने ।
९. शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित गर्ने ।

अनुसूची १ - शैक्षीक संस्थाहरुको नाम र ठेगाना

अनुसूची १

**माथागढी गाउँपालिका अन्तर्गतका विद्यालय विवरण**

| क्रं.स. | विद्यालयको नाम | प्र.अ को नाम | सम्पर्क नम्बर | ठेगाना |
|---|---|---|---|---|
| १ | श्री सौभाग्य मा.वि | कृष्ण प्रसाद खनाल | ९८४७०२८२०४ | माथागढी-१, चिदीपानी |
| २ | श्री जाउपोखरा आ.वि | गिरीराज बेल्बासे | ९८५७०३९७१५ | माथागढी-१, चिदीपानी |
| ३ | श्री आदर्श आ.वि | गिरीजा पाण्डे | ९८४७११८०८५ | माथागढी-१, चिदीपानी |
| ४ | श्री नवजागृत प्रा.वि | गिता कुमारी गाहा | ९८४७११५५०८ | माथागढी-१, चिदीपानी |
| ५ | श्री भूपति प्रा.वि | शान्ती पराजुली | ९८४९०८४०७५ | माथागढी-१, चिदीपानी |
| ६ | श्री ज्ञानोदय आ.वि | विजयदीप पन्थी | ९८४७०४३३७८ | माथागढी-१, चिदीपानी |
| ७ | श्री शिवदीप प्रा.वि | | ९८४७०४३४७४ | माथागढी-१, चिदीपानी |
| ८ | श्री कर्णधार मा.वि | राजन अधिकारी | ९८४७०४३४७४ | माथागढी-२, रुप्से |
| ९ | श्री बुद्धिविकास प्रा.वि | कमाला ढकाल | ९८४७३०७३९० | माथागढी-२, रुप्से |
| १० | श्री सपाङ्दी प्रा.वि | श्याम कुमारी थापा | ९८६१९३३९५० | माथागढी-२, रुप्से |
| ११ | श्री दिव्यज्योति मा.वि | लोकेन्द्र थापा | ९८४७०२८९२२ | माथागढी-३, कसेनी |
| १२ | श्री विक्रम आ.वि | जगदीश जोशी | ९८४५००५३५८ | माथागढी-३, कसेनी |
| १३ | श्री सहारादेवी आ.वी | भिम बहादुर थापा | ९८४७०६६१०९ | माथागढी-३, कसेनी |
| १४ | श्री सिद्दबाबा प्रा. वि | कुन्ता ढेंगा | ९८४७३०६५५९ | माथागढी-३, कसेनी |
| १५ | श्री जल्पादेवी प्रा.वि | राम बहादुर थापा | ९८४४७७२१८७ | माथागढी-३, कसेनी |
| १६ | श्री जनउद्दार प्रा.वि | गुन बहादुर राना | ९८४७२१९५३५ | माथागढी-३, कसेनी |
| १७ | श्री किसान मा.वि | देवी प्रसाद वस्याल | ९८४७११६५९६ | माथागढी-४, झडेवा |
| १८ | श्री रत्न मा.वि | निर बहादुर सारु | ९८५७०६८५५६ | माथागढी-४, झडेवा |
| १९ | श्री शारदा प्रा.वि | रेखा काम्मु | ९८६७१९०८४६ | माथागढी-४, झडेवा |
| २० | श्री रत्न प्रा.वि | मोहनबहादुर जि.सी | ९८४७०६८६०४ | माथागढी-४, झडेवा |
| २१ | श्री योगेश्वर प्रा.वि | राधादेवी बराल | ९८६७८३५३२६ | माथागढी-४, झडेवा |
| २२ | श्री जनप्रिय प्रा.वि | हरिराम जि.सी | ९८४७१७७६८८ | माथागढी-४, झडेवा |
| २३ | श्री शिववाणी प्रा.वि | भुमादेवी सोमै | ९८६७१२३८५२ | माथागढी-४, झडेवा |
| २४ | श्री कर्णधार प्रा.वि | तुल माया रास मगर | ९८४७४४६५५९ | माथागढी-४, झडेवा |
| २५ | श्री चित्रेछाप प्रा.वि | दुर्गा पौडेल | ९८४७२१९०५८ | माथागढी-४, झडेवा |
| २६ | श्री हात्तीलुङ्ग मा.वि | उमा थापा | ९८६९१७०४७९ | माथागढी-५, हात्तिलुङ्ग |
| २७ | श्री आदर्श प्रा.वि | डिल्लीराज रेग्मी | ९८४७११५१९७ | माथागढी-५, हात्तिलुङ्ग |
| २८ | श्री सृजना प्रा.वि | टेक बहादुर रेश्मी | ९८४७५५४९३४ | माथागढी-५, हात्तिलुङ्ग |
| २९ | श्री कौडे प्रा.वि | देव सिं सुनारी | ९८४७४८७१४१ | माथागढी-५, हात्तिलुङ्ग |
| ३० | श्री सातपोखरी मा.वि | दुर्गा प्रसाद काफ्ले | ९८४७११५१९६ | माथागढी-६, गोठादी |

| | | | | |
|---|---|---|---|---|
| ३१ | श्री सिद्द प्रा.वि | शोमा सारु | ९८४७३५०१४९ | माथागढी-६, गोठादी |
| ३२ | श्री लक्ष्मी प्रा.वि | शोभाबहादुर सिंजाली | ९८४४७५५३२८ | माथागढी-६, गोठादी |
| ३३ | श्री ग्रामोदय मा.वि | डासविर सारु | ९८६७९२९११० | माथागढी-६, गोठादी |
| ३४ | श्री सिद्धार्थ मा.वि | दिल बहादुर थापा | ९८६७०३५०४३ | माथागढी-७, रहबास |
| ३५ | श्री महेन्दनरेश मा.वि | छविन्द्रलाल वि.क | ९८४०५७१२०४ | माथागढी-७, रहबास |
| ३६ | श्री महेन्दनरेश प्रा.वि | केशव बारघरे | ९७६९८१८२२१ | माथागढी-७, रहबास |
| ३७ | श्री सरस्वती प्रा.वि | दिल बहादुर राना | ९८४४७५६०१० | माथागढी-७, रहबास |
| ३८ | श्रीबतासचुलीदेवी प्रा.वि | सिमा थापा | ९७६४३२३२२१ | माथागढी-८, बहादुरपुर |
| ३९ | श्री धारादेवी मा.वि | केशब बहादुर थापा | ९८४६८९५४१२ | माथागढी-८, बहादुरपुर |
| ४० | श्रीबालविकास आ.वि | जेत्तर बहादुर थापा | ९८४७२२५०६९ | माथागढी-८, बहादुरपुर |
| ४१ | श्री चन्द्रादेवी प्रा.वि | ज्ञान बहादुर पुलामी | ९८६७६७४६१४ | माथागढी-८, बहादुरपुर |
| ४२ | श्री सनराईज पब्लिक स्कुल | पुर्ण थापा | ९८४७११६५१८ | मथागढी-२, रुप्से |
| ४३ | श्री माउण्ट भ्याली ई.स्कुल | प्रेमराज खराल | ९८४७०९९३१४ | मथागढी-३, सराई |
| ४४ | श्री झडेवा भ्याली ई.स्कुल | गोविन्द बहादुर काम्मु | ९८४३००९१७० | मथागढी-४, झडेवा |
| ४५ | श्री माउण्ट मालिका ई.स्कुल | दिपक थापा | ९८६७१४०३७३ | मथागढी-४, झडेवा |

## अनुसूची- ०२ विद्यार्थी सिकाई उपलब्धि स्तर कक्षा ५ र ८

| School Year: 2081 Average Grade- Class 5 | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | | | | | | |
| S.N | Name | Average Grade | 3.6-4.0 | 3.2-3.6 | 2.8-3.2 | 2.4-2.8 | 2.0-2.4 | 1.6-2.0 | 0.0-1.6 |
| 1 | Bal Bikash basic school | 2.52 | 0 | 1 | 4 | 8 | 0 | 0 | 1 |
| 2 | Dharadevi Ma V | 3.04 | 0 | 3 | 4 | 2 | 0 | 0 | 0 |
| 3 | Bhupati Pra V | 3.13 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 |
| 4 | Gyanodaya Basic School | 2.84 | 3 | 8 | 8 | 0 | 0 | 0 | 3 |
| 5 | Navajagrit Pra V | 3.10 | 0 | 3 | 5 | 0 | 0 | 0 | 0 |
| 6 | Adarsha Adharbhut Vidyalaya | 2.45 | 0 | 2 | 1 | 1 | 0 | 0 | 1 |
| 7 | Jau Pokhara Adharbhut Vidyalaya | 3.36 | 0 | 4 | 1 | 0 | 0 | 0 | 0 |
| 8 | Saubhagya Ma V | 2.86 | 1 | 8 | 4 | 1 | 0 | 0 | 2 |
| 9 | Laxmi Basic School | 3.36 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 |
| 10 | Shree Srijana Basic School | 2.63 | 0 | 2 | 3 | 0 | 0 | 0 | 1 |
| 11 | Siddha Basic School | 2.40 | 0 | 1 | 2 | 0 | 0 | 0 | 1 |
| 12 | Gramodaya secondry school | 1.88 | 0 | 3 | 4 | 1 | 0 | 0 | 5 |
| 13 | Adarsha Basic school | 2.72 | 0 | 0 | 1 | 8 | 0 | 0 | 0 |
| 14 | Hattilung Madhyamik Vidyalaya | 2.09 | 2 | 4 | 2 | 0 | 0 | 0 | 5 |
| 15 | Satpokhari Secondary School | 2.81 | 0 | 4 | 4 | 2 | 0 | 0 | 1 |
| 16 | Shivawani Basic School | 3.09 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 17 | Sarada Basic School | 3.23 | 0 | 3 | 0 | 1 | 0 | 0 | 0 |
| 18 | Ratna Basic School | 1.63 | 0 | 2 | 0 | 0 | 0 | 0 | 2 |
| 19 | Yogheswor Basic School | 3.41 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | Janapriya Basic School | 3.15 | 0 | 2 | 1 | 0 | 0 | 0 | 0 |
| 21 | Karnadhar Basic School | 3.03 | 0 | 1 | 2 | 1 | 0 | 0 | 0 |
| 22 | Ratna Ma V | 2.30 | 1 | 0 | 5 | 0 | 0 | 0 | 2 |
| 23 | Kisan Ma V | 1.77 | 0 | 4 | 5 | 0 | 0 | 0 | 7 |
| 24 | Mount Malika English Boarding School | 3.29 | 2 | 4 | 4 | 1 | 0 | 0 | 0 |
| 25 | Jhadewa Valley Ebs | 2.24 | 0 | 4 | 0 | 0 | 0 | 0 | 2 |
| 26 | Bikram Basic School | 3.10 | 0 | 2 | 1 | 1 | 0 | 0 | 0 |
| 27 | Kaude Pra V | 2.97 | 0 | 1 | 5 | 0 | 0 | 0 | 0 |
| 28 | Jalpa Devi Pra V | 1.99 | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 |
| 29 | Jan Uddhar Pra V | 3.17 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 |
| 30 | Siddhababa Basic School | 2.37 | 0 | 0 | 4 | 0 | 0 | 0 | 1 |
| 31 | Mount Valley English School | 3.23 | 8 | 19 | 5 | 0 | 0 | 0 | 2 |
| 32 | Divya Jyoti Ma VI | 1.54 | 0 | 8 | 11 | 8 | 0 | 0 | 26 |
| 33 | Sahara Devi Model Basic School | 2.30 | 0 | 3 | 8 | 0 | 0 | 0 | 4 |
| 34 | Mahendra Naresh Pra V | 2.76 | 0 | 2 | 8 | 2 | 0 | 0 | 1 |
| 35 | Mahendra Naresh Secondary School | 3.02 | 0 | 1 | 7 | 1 | 0 | 0 | 0 |
| 36 | Batas Chuli Devi Pra V | 3.08 | 0 | 1 | 3 | 0 | 0 | 0 | 0 |
| 37 | Siddhartha Secondary School | 2.58 | 1 | 2 | 6 | 2 | 0 | 0 | 2 |
| 38 | Buddhi Bikash Adharbhut Vidyalaya | 2.31 | 0 | 1 | 5 | 1 | 0 | 0 | 2 |
| 39 | Karnadhar Ma V | 2.63 | 0 | 1 | 4 | 2 | 0 | 0 | 1 |
| 40 | Sun Rise Public Ebs | 3.40 | 14 | 24 | 4 | 1 | 0 | 0 | 1 |
| | | | 32 | 134 | 136 | 45 | 0 | 0 | 74 |

| School Year: 2081 Average Grade- Class 8 | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total | | | | | | |
| **S.N** | **Name** | **Average Grade** | **3.6-4.0** | **3.2-3.6** | **2.8-3.2** | **2.4-2.8** | **2.0-2.4** | **1.6-2.0** | **0.0-1.6** |
| 1 | Bal Bikash basic school | 2.87 | 0 | 1 | 7 | 5 | 1 | 0 | 0 |
| 2 | Dharadevi Ma V | 2.57 | 0 | 0 | 4 | 4 | 0 | 0 | 1 |
| 3 | Adarsha Adharbhut Vidyalaya | 3.15 | 1 | 2 | 2 | 2 | 0 | 0 | 0 |
| 4 | Jau Pokhara Adharbhut Vidyalaya | 1.98 | 0 | 2 | 5 | 3 | 0 | 0 | 5 |
| 5 | Saubhagya Ma V | 2.59 | 1 | 6 | 7 | 11 | 0 | 0 | 4 |
| 6 | Gramodaya secondry school | 2.52 | 0 | 5 | 18 | 2 | 0 | 0 | 5 |
| 7 | Hattilung Madhyamik Vidyalaya | 1.70 | 0 | 5 | 13 | 0 | 0 | 0 | 15 |
| 8 | Satpokhari Secondary School | 1.95 | 0 | 7 | 21 | 5 | 0 | 0 | 18 |
| 9 | Ratna Ma V | 2.68 | 2 | 6 | 13 | 0 | 0 | 0 | 4 |
| 10 | Kisan Ma V | 1.65 | 0 | 7 | 20 | 0 | 0 | 0 | 24 |
| 11 | Bikram Basic School | 2.84 | 0 | 5 | 4 | 1 | 0 | 0 | 1 |
| 12 | Mount Valley English School | 3.34 | 11 | 11 | 6 | 0 | 0 | 0 | 1 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 13 | Divya Jyoti Ma VI | 1.76 | 1 | 9 | 32 | 20 | 0 | 0 | 42 |
| 14 | Sahara Devi Model Basic School | 3.06 | 3 | 15 | 5 | 0 | 0 | 0 | 2 |
| 15 | Mahendra Naresh Secondary School | 1.50 | 0 | 2 | 4 | 7 | 0 | 0 | 12 |
| 16 | Siddhartha Secondary School | 2.21 | 1 | 2 | 9 | 13 | 0 | 0 | 8 |
| 17 | Karnadhar Ma V | 3.41 | 2 | 4 | 2 | 0 | 0 | 0 | 0 |
| 18 | Sun Rise Public Ebs | 3.11 | 2 | 10 | 4 | 1 | 0 | 0 | 1 |
| | Total | | 24 | 99 | 176 | 74 | 1 | 0 | 143 |

## अनुसूची- ०३ तहगत शिक्षक दरबन्दी विवरण

| अनुसूचि ३ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी विवरण १-५ | | | दरबन्दी विवरण ६-८ | | | दरबन्दी विवरण ९-१० | | | दरबन्दी विवरण ११-१२ | | |
| क्र.स. | विद्यालयको नाम | वडा | राहत | स्थायी | करार | राहत | स्थायी | करारप्रा.प्र | राहत | स्थायी | करार | अनुदान | दरबन्दी | जम्मा |
| 1 | श्री सौभाग्य मा.वि | १ | ० | ७ | ० | ० | ३ | ० | ० | ६ | ४ | ४ | २ | २६ |
| 2 | श्री जाउपोखरा आ.वि | १ | १ | ५ | १ | २ | ० | ० | | | | | | ९ |
| 3 | श्री आदर्श आ.वि | १ | ० | ६ | ० | १ | ० | ० | | | | | | ७ |
| 4 | श्री नवजागृत प्रा.वि | १ | ० | ४ | ० | ० | ० | ० | | ० | ० | | | ४ |
| 5 | श्री भूपति प्रा.वि | १ | ० | ३ | ० | ० | ० | ० | | | | | | ३ |
| 6 | श्री ज्ञानोदय आ.वि | १ | ० | ४ | ० | ० | ० | ० | ० | | | | | ४ |
| 7 | श्री शिवदीप प्रा.वि | १ | ० | ० | ० | ० | ० | ० | | | | | | ० |
| 8 | श्री कर्णधार मा.वि | २ | ० | ३ | ० | ० | ४ | ० | ३ | ० | ० | | | १० |
| 9 | श्री बुद्धिविकास प्रा.वि | २ | १ | ३ | ० | ० | ० | ० | | | | | | ४ |
| 10 | श्री सपाङ्दी प्रा.वि | २ | १ | ० | ० | ० | ० | ० | | | | | | १ |
| 11 | श्री दिव्यज्योति मा.वि | ३ | १ | १० | ० | ० | ४ | ० | १ | ३ | १ | | २ | २२ |
| 12 | श्री विक्रम आ.वि | ३ | ० | ४ | ० | ० | ३ | ० | | | | | | ७ |
| 13 | श्री सहारादेवी आ.वी | ३ | ० | ७ | ० | ० | ० | ० | | | | | | ७ |
| 14 | श्री सिद्दबाबा प्रा. वि | ३ | ० | २ | १ | ० | ० | ० | | | | | | ३ |
| 15 | श्री जल्पादेवी प्रा.वि | ३ | ० | २ | ० | ० | ० | ० | | | | | | २ |
| 16 | श्री जनउद्दार प्रा.वि | ३ | ० | २ | ० | ० | ० | ० | | | | | | २ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 17 | श्री किसान मा.वि | ४ | ० | ५ | ० | ० | ३ | ० | ० | ६ | ० | | २ | १६ |
| 18 | श्री रत्न मा.वि | ४ | ० | ६ | ० | ० | ३ | ० | ३ | | | | | १२ |
| 19 | श्री शारदा प्रा.वि | ४ | ० | ३ | ० | ० | ० | ० | | | | | | ३ |
| 20 | श्री रत्नप्रा.वि | ४ | १ | ३ | ० | ० | ० | ० | | | | | | ४ |
| 21 | श्री योगेश्वर प्रा.वि | ४ | ० | १ | १ | ० | ० | ० | | | | | | २ |
| 22 | श्री जनप्रिय प्रा.वि | ४ | ० | २ | १ | ० | ० | ० | | | | | | ३ |
| 23 | श्री शिववाणी प्रा.वि | ४ | १ | १ | ० | ० | ० | ० | | | | | | २ |
| 24 | श्री कर्णधार प्रा.वि | ४ | ० | ३ | ० | ० | ० | ० | | | | | | ३ |
| 25 | श्री चित्रेछाप प्रा.वि | ४ | ० | १ | ० | ० | ० | ० | | | | | | १ |
| 26 | श्री हात्तीलुङ्ग मा.वि | ५ | ० | ५ | ३ | २ | ० | ० | | | | | | १० |
| 27 | श्री आदर्श प्रा.वि | ५ | १ | २ | ० | ० | ० | ० | | | | | | ३ |
| 28 | श्री सृजना प्रा.वि | ५ | १ | २ | ० | ० | ० | ० | | | | | | ३ |
| 29 | श्री कौडे प्रा.वि | ५ | २ | २ | ० | ० | ० | ० | | | | | | ४ |
| 30 | श्री सातपोखरी मा.वि | ६ | ० | ५ | २ | ० | ३ | ० | ३ | १ | | २ | | १६ |
| 31 | श्री सिद्द प्रा.वि | ६ | ० | ३ | ० | ० | ० | ० | | | | | | ३ |
| 32 | श्री लक्ष्मी प्रा.वि | ६ | १ | २ | ० | ० | ० | ० | ० | ० | | | | ३ |
| 33 | श्री ग्रामोदय मा.वि | ६ | ० | ७ | १ | १ | ० | ० | | | | | | ९ |
| 34 | श्री सिद्धार्थ मा.वि | ७ | ० | ९ | ० | ० | ३ | ० | २ | १ | ० | | | १५ |
| 35 | श्री महेन्दनरेश मा.वि | ७ | १ | ६ | १ | ० | १ | ० | | | | | | ९ |
| 36 | श्री महेन्दनरेश प्रा.वि | ७ | १ | ३ | ० | ० | ० | ० | | | | | | ४ |
| 37 | श्री सरस्वती प्रा.वि | ७ | १ | १ | ० | ० | ० | ० | | | | | | २ |
| 38 | श्रीबतासचुलीदेवी प्रा.वि | ७ | ० | २ | १ | ० | ० | ० | | | | | | ३ |
| 39 | श्री धारादेवी मा.वि | ८ | ० | ५ | ० | ० | २ | २ | १ | २ | | | | १२ |
| 40 | श्रीबालविकास आ.वि | ८ | ० | ५ | ० | ० | २ | १ | | ० | | | | ८ |
| 41 | श्री चन्द्रादेवी प्रा.वि | ८ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | | | २ |
| | | | १५ | १४७ | १२ | ६ | ३१ | ३ | १३ | १९ | ५ | ६ | ६ | २६३ |

## अनुसूची- ०४ -विगत पाँच वर्षको विद्यार्थी संख्याको तुलनात्मक विवरण

| S.N | SchoolName | 2077 | 2078 | 2079 | 2080 | 2081 |
|---|---|---|---|---|---|---|
| 1 | Adarsha Adharbhut Vidyalaya | 87 | 93 | 66 | 67 | 51 |
| 2 | Adarsha Basic school | 65 | 61 | 50 | 50 | 49 |
| 3 | Bal Bikash basic school | 173 | 176 | 144 | 134 | 130 |
| 4 | Batas Chuli Devi Pra V | 41 | 38 | 34 | 30 | 23 |
| 5 | Bhupati Pra V | 35 | 41 | 42 | 33 | 30 |
| 6 | Bikram Basic School | 126 | 90 | 67 | 44 | 37 |
| 7 | Buddhi Bikash Adharbhut Vidyalaya | 100 | 105 | 75 | 75 | 58 |
| 8 | Chandradevi Pra V | 42 | 36 | 33 | 32 | 28 |
| 9 | Chitrechhap basic school | 17 | 20 | 18 | 10 | 7 |
| 10 | Dharadevi Ma V | 173 | 146 | 141 | 122 | 108 |
| 11 | Divya Jyoti Ma VI | 997 | 984 | 1003 | 958 | 964 |
| 12 | Gramodaya secondry school | 276 | 261 | 246 | 189 | 180 |
| 13 | Gyanodaya Basic School | 15 | 102 | 89 | 163 | 178 |
| 14 | Hattilung Madhyamik Vidyalaya | 234 | 245 | 238 | 202 | 191 |
| 15 | Jalpa Devi Pra V | 20 | 26 | 24 | 22 | 30 |
| 16 | Jan Uddhar Pra V | 12 | 12 | 12 | 10 | 13 |
| 17 | Janapriya Basic School | 56 | 59 | 53 | 47 | 31 |
| 18 | Jau Pokhara Adharbhut Vidyalaya | 100 | 107 | 77 | 75 | 78 |
| 19 | Jhadewa Valley Ebs | 81 | 97 | 93 | 68 | 44 |
| 20 | Karnadhar Basic School | 28 | 27 | 28 | 24 | 21 |
| 21 | Karnadhar Ma V | 100 | 79 | 92 | 85 | 78 |
| 22 | Kaude Pra V | 80 | 72 | 65 | 58 | 52 |
| 23 | Kisan Ma V | 403 | 379 | 372 | 357 | 328 |
| 24 | Laxmi Basic School | 30 | 44 | 19 | 18 | 20 |
| 25 | Mahendra Naresh Pra V | 85 | 76 | 66 | 58 | 47 |
| 26 | Mahendra Naresh Secondary School | 157 | 177 | 170 | 169 | 168 |
| 27 | Mount Malika English Boarding School | 130 | 113 | 104 | 86 | 81 |
| 28 | Mount Valley English School | 530 | 470 | 499 | 456 | 445 |
| 29 | Navajagrit Pra V | 54 | 55 | 43 | 39 | 43 |
| 30 | Ratna Basic School | 40 | 36 | 36 | 30 | 23 |
| 31 | Ratna Ma V | 242 | 249 | 229 | 211 | 207 |
| 32 | Sahara Devi Model Basic School | 156 | 178 | 204 | 211 | 202 |
| 33 | Sapangdi Basic School | 6 | 6 | 7 | 10 | 9 |
| 34 | Sarada Basic School | 33 | 30 | 26 | 21 | 15 |
| 35 | Saraswoti Pra V | 17 | 16 | 16 | 12 | 20 |
| 36 | Satpokhari Secondary School | 385 | 377 | 352 | 307 | 257 |
| 37 | Saubhagya Ma V | 473 | 473 | 505 | 444 | 345 |
| 38 | Shivawani Basic School | 21 | 30 | 27 | 21 | 21 |
| 39 | Shivdeep Pra V | 13 | 14 | 13 | 10 | |
| 40 | Shree Srijana Basic School | 52 | 62 | 91 | 54 | 47 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 41 | Siddha Basic School | 47 | 43 | 34 | 30 | 26 |
| 42 | Siddhababa Basic School | 41 | 49 | 30 | 31 | 35 |
| 43 | Siddhartha Secondary School | 385 | 389 | 339 | 284 | 227 |
| 44 | Sun Rise Public Ebs | 430 | 372 | 335 | 396 | 281 |
| 45 | Yogheswor Basic School | 36 | 29 | 33 | 28 | 19 |
| | | 6624 | 6544 | 6240 | 5781 | 5247 |

अनुसूची- ०५ गाउँ शिक्षा समितिको नामावली

| क्र.स | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| 1 | यम वहादुर चिदी | संयोजक | ९८५७०६०२३१ |
| 2 | सुन्दर प्रसाद श्रेष्ठ | सदस्य | ९८५७०६८५६८ |
| 3 | राज कुमार पन्थी | सदस्य | ९८५७०६२३८५ |
| 4 | मंगलि कुमाल | सदस्य | ९८६६०९६२९५ |
| 5 | पुर्ण वहादुर सुनार | सदस्य | ९८४७०७८४९७ |
| 6 | कृष्ण प्रसाद खनाल | सदस्य | ९८४७०२८२०४ |
| 7 | नारायण बहादुर मसराङ्गी | सदस्य | ९८४४७६०७८४ |
| 8 | जेत्तर बहादुर राना | सदस्य | ९८४७२२५०६९ |
| 9 | टेक बहादुर रेश्मी | सदस्य | ९८४७५५४९३४ |
| 10 | विर वहादुर राना | सदस्य | ९८४७३९९७७५ |
| 11 | पूर्ण बहादुर थापा | सदस्य | ९८४७११६५१८ |
| 12 | नारायण प्रसाद अधिकारी | सदस्य | ९८५७०६२३०६ |
| 13 | प्रकाश पाठक | सदस्य-सचिव | ९८४३१६३०७१ |